# विद्यालयमा अभिभावक: अवधारणा र अभ्यास

नेपालमा सामुदायिक विद्यालय व्यवस्थापन : हिजो, आज र भोलि

राष्ट्रिय सेमिनारका कार्यविधि र कार्यपत्रहरू

# विद्यालयमा अभिभावक: अवधारणा र अभ्यास

नेपालमा सामुदायिक विद्यालय व्यवस्थापनः हिजो, आज र भोलि
विषयक राष्ट्रिय सेमिनारका कार्यविधि र कार्यपत्रहरू


**सम्पादन**

**टीका भट्टराई, विजया सुब्बा**

शिक्षा नीति तथा अभ्यास केन्द्र

**डा. बालचन्द्र लुईंटेल**

काठमाडौं विश्वविद्यालय, शिक्षा सङ्काय



शिक्षा नीति तथा अभ्यास केन्द्र

ग्लोबल एक्सन नेपाल

**विद्यालयमा अभिभावकः अवधारणा र अभ्यास**

नेपालमा सामुदायिक विद्यालय व्यवस्थापनः हिजो, आज र भोलि विषयक राष्ट्रिय सेमिनारको कार्यविधि र कार्यपत्रहरू

**Bidhyalayama Abhibhak: Awadharana ra Abhyas (Parents in School Management: Practices and Principles)**

Proceedings of the Seminar School Management (in Nepal): Yesterday, Today and Tomorrow.


पत्राचारका लागि : **शिक्षा नीति तथा अभ्यास केन्द्र**
**Center for Educational Policies and Practices (CEPP)**
पो.ब.नं. ४५५५, काठमाडौं, नेपाल
फोन : +९७७-०१-४११२३२०
इमेल : info@schoolingnepal.org
वेब : www.schoolingnepal.org

सम्पादन : **टीका भट्टराई, विजया सुब्बा र डा. बालचन्द्र लुईंटेल**

प्रकाशन प्रति : **५००** (**पाँच सय**)

मूल्य : **रु.२५०.००**

प्रकाशन मिति : **चैत २०७३ (March 2017)**
(तथ्याङ्क मितिः वैशाख २०७३, May 2016)

लेआउट : **कामसिंह चेपाङ**

मुद्रण : **सिटी अफसेट प्रेस**



🄯 यो प्रकाशनको उद्देश्यपूर्तिका लागि यसको प्रतिलिपि बनाउन सकिन्छ । स्रोत उल्लेख गर्नु प्रयोगकर्ताको दायित्व हो । स्रोत निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

शिनीअके र अरू (सं.). २०७३. विद्यालयमा अभिभावकः अवधारणा र अभ्यास नेपालमा सामुदायिक विद्यालय व्यवस्थापनः हिजो, आज र भोलि विषयक राष्ट्रिय सेमिनारको कार्यविधि र कार्यपत्रहरू शिक्षा नीति तथा अभ्यास केन्द्र (शिनीअके), ग्लोबल एक्सन नेपाल, २० वैशाख, २०७३, काठमाडौं ।

CEPP and others (eds). 2016. Bidhyalayama Abhibhak: Awadharana ra Abhyas (Parents Involvement in Schools: Practices and Principles), Proceedings of the Seminar School Management (in Nepal): Yesterday, Today and Tomorrow. Centre for Educational Policies and Practices and Global Action Nepal, 2 May, 2016, Kathmandu.

यसमा प्रस्तुत विचार लेखकहरूका निजी हुन् । यसमा सम्बन्धित संस्थाहरूको सहमति हुनु जरूरी छैन ।

# यो सङ्कलन र सेमिनारबारे

विद्यालय व्यवस्थापन समिति विद्यालय सञ्चालन प्रक्रियाको एक अभिन्न अङ्गको रूपमा स्थापित भएर पनि यसको भूमिका स्पष्ट छैन। आयोजकहरूले विव्यसलाई अभिभावकको प्रतिनिधि संस्थाका रूपमा हेरी उनीहरूलाई अभिभावकको हित संरक्षण गर्ने एकाइको रूपमा प्रवर्द्धन गर्न सहकार्य गरिरहेका थिए। यस बारेमा हुने विभिन्न चर्चा परिचर्चामा आमन्त्रण गर्दा धेरै विद्वान्, प्रबुद्ध वर्ग एवम् अभियानकर्ताहरूले यसबारेमा जानकारी कम रहेको बताए। अभ्यासको दृष्टिले भने विद्यालयको सञ्चालनमा अभिभावकको संलग्नता नयाँ विषय होइन। अभिभावकको संलग्नतालाई कानूनी हैसियतमै राखिएको पनि झण्डै ५ दशक पुग्न लागिसक्यो। यस विषयमा देशमा पर्याप्त अनुसन्धान र एकीकृत रूपमा ज्ञान निर्माण भएको देखिएन। यही अवस्थालाई ध्यानमा राखी यो विषयमा भएका जानकारी र अभ्यासलाई एकीकृत अभिलेखीकरण गर्न यो प्रयास गरिएको हो ता कि यसमा लाग्ने सबै तह तप्का र भूमिकामा रहेका व्यक्तिहरूलाई सुसूचित निर्णय गर्न सघाउ पुगोस्।

लेखन मात्र गर्नुभन्दा अन्तर्क्रिया गरी त्यसमा प्रस्तुत विषयलाई दस्तावेजीकरण गर्दा त्यसको गहिराइ र प्रामाणिकता अझ बढ्न जाने ठानी काठमाडौं विश्वविद्यालयको शिक्षा सङ्काय, सूर्योदय शैक्षिक प्रतिष्ठान, ग्लोबल एक्सन नेपाल र शिनीअकेले सहकार्य गरिराखेका विव्यसका २ वटा सङ्घहरू (सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ, नेपाल र नेपाल सामुदायिक विद्यालय व्यवस्थापन समिति संघ) साथ एक दिने सेमिनारको आयोजना गरियो। यो सङ्कलनमा पहिलो भागमा प्रस्तुतिका लिखित रूपहरू

छन् । दोस्रो भागमा सेमिनारको कार्यविवरण प्रस्तुत गरिएको छ । मूल सम्बोधनबाहेक जम्मा १२ प्रस्तुतिमध्ये ११ वटा लिखित रूपमा प्रस्तुत छन् । मोटामोटी दृष्टिले यसमा एउटा विव्यसका पूर्व अध्यक्षको अनुभव, २ वटा सङ्घ/महासङ्घ अथवा विव्यसका केन्द्रीय सङ्गठनहरूका, २ वटा बहालवाला र २ वटा सेवा निवृत्त गरी ४ जना कर्मचारी तथा शिक्षकका, ३ प्राज्ञ र २ नागरिक समाज/(अ)गैसस कार्यकर्ताका लेखहरू छन् । झण्डै सबैजसो कार्यपत्रहरूले विद्यालय व्यवस्थापनका विषयमा व्यापक अस्पष्टता रहेको औँल्याएका छन् । सबै लेखनले अभिभावकको सहभागिता विव्यसको संरचनामा, विव्यसको भौतिक संरचनामा सीमित रहेको तर गुणस्तरका लागि विव्यसको भूमिका महत्त्वपूर्ण मात्र होइन अपरिहार्य पनि देखाएको छ ।

शुरूमा नै विद्यालय व्यवस्थापनलाई विद्यालय सुशासनका रूपमा हेरेर आफ्नो मूल सम्बोधनमा प्राध्यापक डा. मनप्रसाद वाग्लेले यस वरिपरि आएका प्रश्नहरूको खोजी गरेका छन् । विव्यसको अधिकारमा अस्पष्टता र उनीहरूको दलगत राजनीतिक संलग्नता उनले औंल्याएका मुख्य समस्या छन् । विद्यालय व्यवस्थापनमा अभिभावकको सहभागिता शैक्षणिक र शासकीय दुवै प्रयोजनले नहेरिएको चर्चा गर्दै टीका भट्टराईले अभिभावक सहभागिताका व्यवधानको बयान गरेका छन् । अभिभावक शिक्षा र सङ्गठन उनको सुझाव हो तर उनको विव्यस सङ्गठित गर्ने सुझावले अरू प्रस्तुतिहरूमा थुप्रै आलोचना खेपेको छ ।

समग्रमा ठाडो भनाइका स्वामी कोइरालाको लेखमा प्रश्नहरूको ओइरो छ । प्रश्नहरूले आवश्यक जिम्मेवारी दिइए पनि विव्यस अगुवा कार्यकर्ता नभएको तर्फ निर्देशित गर्छन् । अन्तर्राष्ट्रिय सन्दर्भहरूको सन्दर्भसहित उनको सल्लाह स्थानीय स्तरका तहको विव्यस बनाउने र विद्यालय तहमा उपभोक्ता समितिको प्रकृतिको समिति बनाउने छ ।

वर्तमान बिग्रँदो सार्वजनिक विद्यालयको अवस्थाप्रति उदारवादको परिणाम देख्ने खतिवडाले विद्यमान विद्यालय व्यवस्थापनका अस्पष्टताहरू उजागर गर्दै त्यसमा केही सैद्धान्तिक र व्यावहारिक र सम्भावना प्रस्तुत गरेका छन् । उनी सम्बद्ध विव्यसको छोटो चुनौती र सफलताको उल्लेख गरेका छन् । स्वभावतः सङ्घ, महासङ्घ र त्यसका पक्षधरहरूको भन्दा यसका आलोचकहरूको स्वर प्रखर छ । महासङ्घको लिखित अवस्थिति झीनो नै रहेको छ । प्रस्तुतिहरू विव्यसका पक्षधर र प्रश्नकर्ताहरूबीच भएको मौखिक वादविवाद जस्तो

घनीभूत रूपमा उत्रन भने पाएन । विव्यसका पूर्वअध्यक्ष रहेका ढकालले आफू अध्यक्ष हुनु अघि र पछि विद्यालय सुध्रन प्रयत्नको निरन्तरता र प्राथमिक तहको सुधार त्यसको महत्त्वपूर्ण पक्षका रूपमा उल्लेख गरेका छन् ।

अर्का प्राज्ञ र सरकारी अधिकारीको जोडी लुईँटेल र खनालले व्यवस्थापन समितिको र प्रधानाध्यापकको द्वैध भूमिकालाई सैदान्तिक रूपमा बुझ्न प्रयत्न गरेका छन् । प्रधानाध्यापकको स्वस्फूर्त अर्थात् पहल कदमी लिनुपर्ने र विव्यसको पहलकदमीमा माग भए अनुसारको अर्थात प्रतिक्रियात्मक भूमिका हो कि भन्ने धूमिल चित्र छ ।

अभिभावकको पक्षमा शिक्षकको दृष्टिकोण राख्ने निवृत्त प्रधानाध्यापक धनञ्जय शर्माका भनाइ अनुभवले खारिएका छन् । उनको स्पष्ट धारणा छ अभिभावकविना सामुदायिक विद्यालय सुध्रन्न । उनले त्यहाँ आफूले अभिभावकको संलग्नता बढाउन के गरियो भन्ने विभिन्न घटना परिघटना बयान गर्दै अभिभावकहरू प्रधानाध्यापक र शिक्षकको ओझेलमा परेको ठहर गर्छन् । मूलतः नीतिभन्दा नियत महत्त्वपूर्ण ठानेका शर्मा अभिभावक संलग्नताको संरचनाभित्र भने पस्न चाहेका छैनन् ।

लक्ष्मण शर्माले शिक्षकका दृष्टिकोण खरो र यथार्थपरक रूपमा राखेका छन् । सामुदायिकीकरणका कमजोरी र अब जानुपर्ने स्थानीय सरकारहरू मार्फत् विद्यालय शिक्षकीय नेतृत्वमा जानुपर्ने कुरा औंल्याएका छन् । उनले एक किसिमले विद्यालय समुदायको र समुदायले नै चलाएको कुराको विनिर्माण गरेका छन् ।

केन्द्रीय तहमा रहेर शिक्षा व्यवस्थापन बेहोरेका महाश्रम शर्माले विद्यालय व्यवस्थापनको ऐतिहासिक क्रमलाई केन्द्रीय तहबाट नै हेर्ने कोशिश गरेका छन् । उनको लेखनबाट विगतदेखि नै सरकारबाट अभिभावकको संलग्नतामा पानीको टुटी जस्तो खोल्ने र बन्द गर्ने अभ्यास भएको देखाउँछः २०२८ अघि खुल्ला, २०२८-२०४६ बन्द, २०४६ देखि हालसम्म घटीबढी गर्दै । उनको नीतिगत पदको व्यवस्थापकीय संलग्नताको छनक यहाँ भेटिन्छ । आर्थिक पक्षलाई डा. लम्सालले पनि विद्यालयको तहमा भन्दा बृहत् नीतिगत दृष्टिले हेरेका छन् । उनको लेख एउटा तहको वित्तीय पक्षभित्र नपसे पनि उनका विवेचना एउटा विद्यालयको दृष्टिकोणले पनि त्यतिकै महत्त्वपूर्ण छन् । (एउटा विद्यालयमा गरिने वित्तीय व्यवस्थाको छनक शर्माद्वयका लेखनमा पनि पाइन्छ ।) उनको शिक्षा निजी वा सार्वजनिक

वस्तु कुन हो भन्ने र सरकारको लक्षित लगानी लक्षित वर्गमा नपुग्ने कुराले थप छलफलको माग गर्छ र उनका यी भनाइ विद्यालय व्यवस्थापनका विभिन्न प्रसङ्गमा सान्दर्भिक पनि छन् ।

प्रयत्न गर्दागदै पनि आयोजक/सम्पादक एवम् प्रस्तोता/लेखक दुवैको कारणले धेरै लेखनहरू चुरोमा पुऱ्याउन सकिएन । कतिपयको आशा यो छलफल सङ्घीय पुनःसंरचनाको सन्दर्भमा होस् भन्ने थियो तर आयोजकहरूको भने विषयवस्तुमा बढी सीमित रहने अपेक्षा थियो । (डा. लम्सालको लेखमा वित्तीय दृष्टिले यसको केही पक्ष आउन खोजेको छ ।) जुन तहमा गरिए पनि विद्यालयमा अभिभावकको सहभागिताको विधि र संरचना, प्रधानाध्यापकसँग शक्ति पृथकीकरण र नेतृत्व मुख्य सवाल हुन् जो हरेक तहमा स्पष्ट हुनु नै पर्दछ । आफ्नो लेखमा डा. कोइरालाले यसका आधारभूत पक्षमा केही अन्तर्राष्ट्रिय अनुभवहरू पनि प्रस्तुत गरेका छन् । विद्यालय व्यवस्थापनमा श्रेष्ठ र क्षेत्रीले भने दक्षिण एसियाको तुलनात्मक स्थिति प्रस्तुत गरेका छन् । यी देशहरूमा थुप्रै समानताहरू देखिन्छन्– विव्यसका संरचनामा पनि अनि त्यसका अप्रभावकारितामा पनि । माल्दिभ्स, भूटान र श्रीलङ्काका संरचना अलि फरक देखिन्छन् ।

यो सङ्कलन र सेमिनार दुवैमा समावेशीकरणको पाटो त्यति बलियो रहन पाएन । अवश्य पनि यो अभ्यास पूर्ण वा आखिरी होइन । यसले सम्बन्धित व्यक्ति र संस्थाहरूलाई थप चिन्तनमनन, अध्ययन-अनुसन्धान गर्न र गरिरहेको काममा प्रवर्तन गर्न सघाउ पुऱ्याउने छ भन्ने आयोजकहरूको आशा छ ।

**–सम्पादकहरू**

# विषयसूची


भाग १: कार्यपत्रहरू

**विषय प्रवेश सम्बोधन**

**विद्यालय सुशासन र अभिभावक** ..... ३

*-डा. मनप्रसाद वाग्ले*

**विद्यालयमा अभिभावकको सहभागिता : आवश्यकता, व्यवधान र निकास** ..... ८

*-टीका भट्टराई*

**व्यवस्थापन समिति : पाल्ने कि बदल्ने ?** ..... ३२

*-प्रा.डा. विद्यानाथ कोइराला*

**नेपालमा विद्यालय व्यवस्थापनको ऐतिहासिक विवेचना र त्यसको सार** ..... ४३

*-महाश्रम शर्मा*

**शैक्षणिक प्रक्रिया र नेतृत्वमा विद्यालय व्यवस्थापन समितिको सहजीकरण भूमिका** ..... ६२

*-डा. बालचन्द्र लुईंटेल, कुलप्रसाद खनाल*

**शिक्षा वित्त, वास्तविकता र यसका विविध आयामहरू** ..... ७७

*-डा. हरिप्रसाद लम्साल*

**वर्तमान विद्यालय व्यवस्थापनका चुनौती र निकासहरू** ..... १००

*-लक्ष्मण शर्मा*

**अभिभावक परिचालनमा शिक्षक : दृष्टिकोण, केही अनुभव** ........ १०६
*-धनञ्जय शर्मा*

**मेरो अध्यक्षता र विद्यालयको उकाली ओराली** ........ १२६
*-वेदनिधि ढकाल*

**सामुदायिक विद्यालय सुधारमा विद्यालय व्यवस्थापन समिति महासंघ** ........ १३६
*-कृष्ण थापा*

**सामुदायिक विद्यालय व्यवस्थापन समितिः आवश्यकता र चुनौतीहरू** ........ १४८
*-मोहन खतिवडा*

**दक्षिण एसियामा विद्यालय तहको व्यवस्थापन पद्धति** ........ १६१
*-बाबुकाजी श्रेष्ठ, मनबहादुर खत्री*

## भाग २: सेमिनार कार्यविधि

**स्वागत तथा सेमिनारको उद्देश्य** ........ १८९

**पूर्णसभा १** ........ १९१

**समानान्तर सत्र १** ........ १९५

**समानान्तर सत्र २** ........ १९८

**पूर्णसभा २** ........ २०१

**समापन सत्र** ........ २०३

## अनुसूचीहरू

**अनुसूची १** ........ २०५

**अनुसूची २** ........ २०८

# भाग १
# कार्यपत्रहरू

## विषय प्रवेश सम्बोधन

# विद्यालय सुशासन र अभिभावक

**डा. मनप्रसाद वाग्ले***

कुनै पनि संस्था चाहे ठूलो होस् वा सानो यदि त्यसले आफूभन्दा माथिल्लो निकायमा कम मात्र भर परी आफ्ना समस्याको समाधान आफ्नै बलबुतामा गर्ने प्रयत्न गर्दछ र आफ्नो दैनन्दिन प्रशासन चुस्त राख्न सक्दछ भने त्यो नै सफलताको संकेत हो । कर्मचारीतन्त्रका अनेकन संस्था, सङ्गठन वा झन्झटिलो प्रक्रियाले समयको नास अवश्यम्भावी छ भने अर्कोतिर जसका लागि जसले निर्णय गर्नु पर्ने हो त्यो हुन नपाएर आफ्नो भाग्य अरूकै निर्णयमा भर पर्ने परम्पराबाट सबै खाले संस्थाहरू मुक्त हुनु जरूरी छ। त्यसैले एउटा bureaucratic state बाट hollow state को अवधारणामा सबै खाले संस्था रहन पाउनु पर्छ भन्ने कुरामा विज्ञहरू विश्वास गर्छन् । कुनै पनि संस्थाको विकास, top-down relationship भन्दा lateral relationship मा बढी फस्टाउँछ र त्यसको प्रशासन अन्तरसंस्था सम्बन्धबाट सुदृढ पार्न सकिन्छ भन्ने अवधारणा नै गभर्नेन्सको मूल मर्म हो। अझ अगाडि भन्नु पर्दा आफ्नो काम गर्ने स्वायत्तताको उपभोग र त्यससँग गाँसिएको उत्तरदायित्वको पालनाको अक्षरसः पालना गर्ने पद्धतिले मात्र संस्थाप्रतिको अपनत्व (ownership)को

---

* पूर्व डीन, काठमाडौं विश्वविद्यालय, शिक्षा सङ्काय

विकास हुन्छ र त्यसै आफ्नोपनबाट लक्षित उपलब्धि हासिल गर्नमा मद्दत पुऱ्याउँछ ।

यसै कुरालाई मनन गरी बीसौं शताब्दीको अन्त्यतिर आइपुग्दा विश्व बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषले "सुशासन" अर्थात् Good Governance भनी शब्द चयन गरेको पाइन्छ । जतिखेर पश्चिमा मुलुकहरूले तत्कालीन सोभियत संघका मुलुकहरू र अन्य विकासोन्मुख मुलुकहरूलाई राजनीतिक, आर्थिक र प्रशासनिक सुधार गर्दै अगाडि बढ्न दबाब दिइरहेका थिएर अझ विश्व बैङ्कले त विकासोन्मुख मुलुकका समस्या भनेको गभर्नेन्सकै हो जहाँ पारदर्शिता, उत्तरदायित्व र कानूनी पक्षमा सुधारको आवश्यकता छ भन्ने कुरा ठम्यायो । यही कुरालाई आत्मसात गरी युएनडिपीले पनि सन् १९९७मा आफ्नो नीति यस्तो बनायो "राजनीतिक, आर्थिक र प्रशासनिक अधिकारको उपभोगबाट मात्र कुनै पनि संस्था मार्फत नागरिकले आफ्ना आवश्यकता र चाहनाहरू प्रष्ट रूपमा अगाडि सार्न सक्छन्, आफ्ना कानूनी अधिकारको लडाइ लड्न सक्छन्, आफ्ना कर्तव्यप्रति सचेत हुन्छन् र आपसी भिन्नता कम गर्न सक्छन् ।" यसै फ्रेमभित्र रहेर आज पनि संसारका मुलुकहरू र ती मुलुकका संस्थाहरू सुशासन तर्फ अघि बढ्दै गरेको पाइन्छ । त्यसैमध्येको एउटा संस्था हो विद्यालय ।

विद्यालय सुशासनको कुरा गर्दा हामीले त्यसभित्र खोज्ने कुरा के हुन् भनेर अध्ययन गर्ने हो भने अहिले विद्यालय विद्यालयबीच प्रतिस्पर्धा गराएर कुन मुलुकको शिक्षा कुन मुलुकको भन्दा राम्रो वा कुन विद्यालयको शिक्षा अर्को विद्यालयभन्दा राम्रो भनी पिसा (PISA) मार्फत कुस्ती खेलिरहेका ओइसिडि (OECD) मुलुकहरूबाट पनि केही सिक्न सकिने रहेछ । भलै स्तरीकृत परीक्षा विद्यार्थीको क्षमता मापन गर्न कत्तिको सक्षम हुन्छ भन्ने कुरामा हाम्रो आ-आफ्नै तर्क रहला । यस हिसाबले हेर्दा विद्यालय सुशासनभित्र हामीले ५ वटा मूल कुरा खोज्नुपर्ने देखिन्छ । विद्यालय स्वायत्तता, विद्यालय छनौटमा अभिभावकलाई अवसर, विद्यालयभित्र निजी र सार्वजनिक सरोकारवालाको पहुँच, प्रधानाध्यापकको व्यवस्थापन र नेतृत्व, र अभिभावकहरूको संलग्नता । सायद यस्तै कुरालाई केन्द्रबिन्दु बनाएर विश्व बैङ्कको योजनामा सन् २००२मा (CSSP amounting US$ 20 Million) नेपाल सरकारले शिक्षा सातौँ संशोधन ऐनमार्फत समुदायलाई विद्यालय व्यवस्थापन दिने नीति बनाएको थियो र त्यसलाई समर्थन गर्ने काम त्यतिखेरै गठित उच्चस्तरीय शिक्षा समितिको प्रतिवेदनले गरेको थियो । किन त्यो योजना अलपत्र बन्यो वा

व्यवस्थापन हस्तान्तरण भइसकेका विद्यालयहरू पनि किन प्रगतिमा कमजोर देखिए भन्ने कुराको विश्लेषण धेरै कोणबाट गर्न सकिन्छ । तर सामुदायिक वनको र सार्वजनिक विद्यालयको प्रकृति फरक हो भनेर बुझ्न नसक्नु त्यतिखेरका विज्ञहरूको दोष मान्न सकिन्छ । भलै व्यवस्थापन हस्तान्तरण भएका विद्यालयहरूले अरू विद्यालयको तुलनामा स्वायत्तता प्राप्त गरेका होलान् । तर तिनको गति, त्यसैलाई मुदा बनाएर व्यवस्थापन समिति चुनावमा हुने चलखेल र त्यसैका कारण अस्तव्यस्त विद्यालय हेर्दा गभर्नेन्स भन्ने कुरा विद्यालयमा छ ? भनेर प्रश्न उठाउन सकिन्छ ।

विद्यालय व्यवस्थापन संघ र महासंघ जस्ता अन्तस्करणमा राजनीतिक विचारले गठित संस्थाहरूबाट विद्यालयको भलो सम्भव छैन । शिक्षा ऐन नियमावली विपरीत गठन भएका यस्ता संस्थाहरू प्रति शिक्षा मन्त्रालयले आँखा चिम्लेर बस्न मिल्दैन । राजनीतिक क्रियाकलापबाट ध्वस्त हाम्रा विद्यालयहरू यस्ता सङ्गठन मार्फत अझ ध्वस्त हुँदै जानेछन् । प्रधानाध्यापक र व्यवस्थापन समितिबीच बढ्दो दूरीले अब प्रत्येक विद्यालयभित्र प्रमुख अङ्गको रूपमा रहेको व्यवस्थापन समितिलाई पालिराख्नु उचित हो ? भन्ने प्रश्न गम्भीर रूपमा उब्जिएको छ । आफ्नो विद्यालयको बजेट बनाउने समेत अधिकार नभएका हाम्रा विद्यालयका शिक्षक र प्रधानाध्यापकहरूले कसरी स्वायत्तताको उपभोग गर्लान् ? के उनीहरूसित सरकारले तोकिदिएको पाठ्यक्रमअनुसार पाठ्य पुस्तक छान्न पाउने अधिकार छ ? अथवा आफ्ना विद्यार्थीलाई के पढाउने भन्ने अधिकार उनीहरूसँग छ ? के उनीहरूसित आफूलाई आवश्यक परेको विषयमा शिक्षक भर्ना गर्न पाउने अधिकार छ ? के उनीहरू अभिभावकको चाहनाअनुसार विद्यालय कार्यक्रम परिवर्तन गर्न पाउँछन ? के अभिभावकहरू आफ्ना सन्तानलाई राम्रो शिक्षा दिलाउन विद्यालय छनौट गर्न सक्षम छन् वा त्यस्तो प्रावधान उपलब्ध छ ? जस्ता प्रश्नहरू आज प्रत्येक सार्वजनिक विद्यालयका गभर्नेन्सका मूल मुद्दा हुन् । अभिभावकको संलग्नता विद्यालय सुशासनको प्रमुख अङ्ग भए पनि अभिभावकको भेला विद्यालयको आर्थिक जोहोको मात्र कारण बन्न थालेपछि अभिभावकहरू विद्यालय नै नछिर्ने निर्णयमा पुग्नु असफल गभर्नेन्स कै परिचायक हो । केन्द्रीय शिक्षक, केन्द्रीय बजेट, केन्द्रीय पाठ्यसामग्री, केन्द्रीय अनुगमन जस्ता केन्द्रीय नियन्त्रण मै अल्झिएको हाम्रो विद्यालयभित्र सुशासनको त कुरै छोडौँ शासनकै पनि गन्ध भेट्न मुश्किल छ । कतैकतै कुनै अपवाद होलान् तर नगण्य ।

शिक्षाका 'ठूला गभर्नर' आफ्ना अधिकार कटौती गर्न चाहन्नन् । तिनैलाई सघाउने निहुँमा प्रवेश गरेका दाताहरू सबै पैसो यौटै भाँडोमा राखेर केन्द्रीय नियन्त्रणमै आफ्नो सुरक्षा खोजिरहेछन् । यस्तो अवस्थामा हामी विद्यालय सुशासनको मुद्दा लिएर आज बहसमा छौं । अझ अगाडि भन्नु पर्दा जम्मा शिक्षा बजेटको १३ प्रतिशत बोकेर आउने दाताको पछाडि कुदेर आफ्नो ८७ प्रतिशत लगानीको वास्ता नगर्ने रोग शिक्षा मन्त्रालयभित्र पलाएको छ । विद्यालयको आधिकारिक एकाइ मानिने विद्यालय व्यवस्थापन समिति र तिनलाई साथ दिन गठन गरिएका अभिभावक शिक्षक संघ नै खास अर्थमा विद्यालय सुशासनका खम्बा हुन् तर उनीहरूको हालत कस्तो छ त भन्ने कुरा सेरिड (CERID) ले करिब ७ वर्षअघि गरेको नेपालमा विद्यालय सुशासन विषयक अनुसन्धानले निकालेको निष्कर्ष आज पनि परिवर्तन भएको आभास हुन सकेको छैन । प्रतिवेदनले आफ्नो अध्ययनको नतिजामा लेखेको छ, १. विद्यालयहरूमा समाजका उपल्लो तहको समूहले व्यवस्थापन र नियन्त्रण गरेको छ। २. विद्यालयका शासकीय एकाइ विव्यस, शिअसं (शिक्षक अभिभावक संघ) मा गैरअभिभावक र राजनीतिक कार्यकर्ता सहभागी हुन्छन्। ३. पद्धतिले शिक्षक नियुक्तिको काम विव्यसलाई दिए पनि जिल्ला शिक्षा कार्यालय यसमा हावी छ। ४. विव्यस खासगरी भौतिक सरसुविधा, शिक्षक र त्यसका लागि आवश्यक स्रोत जुटाउने काममा नै संलग्न हुनाले उनीहरू विद्यालयका आधिकारिक एकाइभन्दा सहयोगी कार्यकर्ताका रूपमा देखिन्छन् । ५. विद्यालयले शिअसंबाट खासै मद्दत नपाएकोले शिअसं मूलतः आलङ्कारिक नै देखिन्छ (सेरिड २००८) । नीतिगत दोहोरोपनले पनि विद्यालयविद्यालय सुशासन अगाडि बढ्न सकेको छैन । विद्यालयको जिम्मेवारी कसको भन्ने विषयमा स्थानीय स्वायत्त शासन ऐन र शिक्षा ऐन एक आपसमा बाझिन्छन् । हामीले खोजेको के हो ? २०३० सालताकाको जिल्ला पञ्चायत सचिवालयअन्तर्गत रहने जिल्ला शिक्षा कार्यालय वा अहिलेको जस्तो व्यवस्था ? स्थानीय निकायले नहेरे शिक्षा बिग्रन्छ भन्ने तर २०२८ अघिको अवस्था र हालको अवस्था बीचको दुरी घटाउने कसरी ? सबै कुरा सरकारले गरिहाल्छ, हामी किन चाहियो भन्ने स्थानीय कथन र अहिलेको भद्रगोल अवस्था सुधार्ने कसरी ? आजको विद्यालयविद्यालय सुशासनको मूल मुद्दा यही हो ।

विद्यालय कसको ? सरकारको, शिक्षा मन्त्रालयको, जनताको, प्रधानाध्यापकको वा व्यवस्थापन समितिको ? अहिले नीतिगत अन्योल

एकातर्फ छ भने कार्यान्वयनको ढङ्ग पनि फरक फरक छ । विद्यालयको अपनत्व स्थानीय तहमा नपुगेसम्म विद्यालय सुशासन अधुरो रहन्छ ।

विद्यालय गभर्नेन्सकै कमजोरीका कारण आज विद्यालय शिक्षामा खर्च खेर गइरहेको छ अर्थात् सिकाइ उपलब्धिमा कमी, विद्यालय छाड्ने र दोहोऱ्याउने दर डरलाग्दो अवस्थामा पुगेका छन् । शिक्षा विभागले प्रकाशन गरेको अन्तिम फ्लास रिपोर्टअनुसार प्राथमिक तहमा ४१ प्रतिशत, निम्न-माध्यमिक तहमा ४६ प्रतिशत र माध्यमिक तहमा ७८ प्रतिशत खर्च खेर गइरहेको देखिन्छ ।

विद्यालय गभर्नेन्सभन्दा केन्द्रीय गभर्नेन्समा शिक्षा मन्त्रालय अड्किरहेको छ जबकी संविधानको अनुसूची ७ मा केन्द्रीय सरकाको भूमिका उच्च शिक्षामा मात्र सीमित गरिएको छ । प्रति विद्यार्थी प्रति वर्ष प्राथमिकमा रू ७,००० देखि माध्यमिकमा रू ९,००० सम्म खर्च धान्ने क्षमतामा रहेको मुलुकमा प्रति विद्यार्थी प्रति वर्ष रू २५ लाखदेखि ५० लाखसम्म खर्च गर्ने मुलुकका शिक्षा योजना एसएसडिपी मार्फत उतार गर्ने धृष्टता शिक्षा मन्त्रालयले गरिरहेको छ । कागजमा धेरै कुरा तर काममा कम देखिने त्यस्ता अभ्यासले हाम्रो विद्यालय सुशासनलाई पटक्कै सहयोग नगर्ने कुरा उपस्थित सबैमा अनुरोध गर्न चाहन्छु ।

आज दिनभर यसै विषयमा विज्ञहरूबाट प्रस्तुत गरिने कार्यपत्र र त्यसमा हुने छलफलले संघीय गणतन्त्र नेपालको शिक्षामा संघीय, प्रादेशिक र स्थानीय गभर्नेन्स कस्तो हुनुपर्ने भनी निक्र्यौल गर्ने नै छ । मैले केवल विषय उठानको प्रयत्न मात्र गरेको हुँ ।

धन्यवाद !

# विद्यालयमा अभिभावकको सहभागिता : आवश्यकता, व्यवधान र निकास

**टीका भट्टराई***

## १. परिचय

### १.१. प्रवेश

विद्यालयमा अभिभावकको सहभागिता धेरै उठान नभइराखेको विषय हो । विगतमा यो कुरा जनश्रमदानमा सीमित रहन गयो विशेषगरी विद्यालयको जिम्मा सरकारले लिए पछि । किन सहभागिता आवश्यक वा वाञ्छित छ भन्ने विषयमा पनि पर्याप्त बहस भएको छैन । हाम्रो देशमा अहिले यसबारे फेरि थप चर्चा हुन थालेको छ । विश्वभरि नै अभिभावकको सहभागिता चुनौतीपूर्ण भने देखिएको छ । हाम्रो जस्तो देशमा अभिभावक जान्दैनन् त्यसैले उनीहरूको विद्यालय सञ्चालनमा निर्णायक सहभागिता हुन सक्दैन भन्ने आम धारणा छ भन्ने औद्योगिक देशहरूमा अभिभावकको संलग्नताले शिक्षकको व्यावसायिक स्वतन्त्रतामा हस्तक्षेप हुने शिक्षकहरूको जिकिर देखिन्छ । कसैले पनि यसको आवश्यकतालाई भने पूरा रूपमा नकारेका देखिँदैनन् । यो लेखमा विद्यालयमा अभिभावकको सहभागिताको विषयमा एउटा खेस्रा चित्र प्रस्तुत गर्ने कोशिश गरिएको छ ।

---

* शिक्षाकर्मी, शिक्षा नीति तथा अभ्यास केन्द्र

## १.२. **समुदाय कि अभिभावक ?**

हाम्रो देशमा अभिभावकले आफ्नो परिचय त्यति अगाडि सार्न पाएका छैनन् । उनीहरू समुदायका रूपमा चिनिन्छन् । समुदाय एउटा अस्पष्ट अभिव्यक्ति हो जसको अर्थ भिन्न भिन्न लाग्न सक्छ - अभिभावक मात्र लाग्दैन । शिक्षाको हक सामुदायिक होइन, व्यक्तिगत हो आफ्ना केटाकेटीको । तसर्थ, विद्यालयमा समुदायको सहभागिताको कुरा गर्दा अभिभावक भन्नु बढी स्पष्ट र निर्दिष्ट हुन जान्छ र यस लेखनमा सामान्यतः अभिभावक शब्द नै प्रयोग गरिएको छ । सामान्यतः औद्योगिक देशहरूमा समुदाय र विकासोन्मुख देशहरूमा अभिभावक शब्द प्रयोग गरिएको देखिन्छ यद्यपि सहभागिताका दृष्टिले उनीहरू औद्योगिक देशहरूमा बढी शैक्षणिक र विकासोन्मुख देशहरूमा गैरशैक्षणिक प्रयोजनमा सहभागी भएको देखिन्छ । हाम्रा विद्यालय व्यवस्थापन समितिहरू गठन हुने प्रक्रियाले अभिभावकको व्याख्या स्पष्टसँग गरेको छ - विद्यालय व्यवस्थापन समिति अभिभावकहरूको प्रतिनिधि संस्था हो । सामान्यतः साझा संस्कृति, धर्म, जाति, वर्ण, चाख र स्वार्थ एउटै भएका कुनै एकै भूभागमा बसोबास गर्ने परिवारहरूको समूह हो, समुदाय । विद्यालयको सन्दर्भमा समान चाख र स्वार्थ उस्तै हुनु आवश्यक देखिन्छ । संस्कृति, धर्म, जाति, वर्ण जस्ता मापकहरू यस सर्न्दभमा त्यति उपयुक्त छैनन् । समान संस्कृति, धर्म या जाति भएका ठाउँको कारणले भन्दा पनि अरू कारणले विद्यालय राम्ररी चलेका देखिन्छन् । शिक्षाका सन्दर्भमा कुरा गर्दा अहिले समुदाय सबैभन्दा बढी वर्गीय दृष्टिले विभाजित भएको देखिन्छ । हुनेखानेहरू आफ्ना केटाकेटी एक किसिमका र नहुनेहरू अर्को किसिमका याने सामुदायिक विद्यालयमा भर्ना गर्छन् । सगोलमा 'समुदाय' भन्दा कुन किसिमका विद्यालयमा आफ्ना केटाकेटी पढाउने अभिभावक भन्ने नछुट्टिने भएकाले पनि 'सामुदायिक' भन्दा अभिभावकको सहभागिताको कुरा गरिएको हो ।

## १.३. **सहभागिता**

अभिभावकको सहभागिताका विषयमा कुरा गर्दा सहभागिता भनेको के हो र किन भन्ने प्रष्टता हुनु जरूरी हुन्छ । विद्यालयमा अभिभावकको सहभागिता किन भन्ने विषयमा अर्को खण्ड नै रहेकाले यस खण्डमा के हो भन्ने विषयमा मात्र छोटो चर्चा गरिएको छ । मुख्य के कुरा थाहा पाउनु जरूरी छ भने

सहभगिता भनेको संलग्नता मात्र होइन । सहभगिताले जस र अपजस अनि लाभ र हानीको बाँडफाँडको कुरा गर्छ । यस कारणले नै शिक्षकहरूको अधिकार क्षेत्रभित्र यसले अतिक्रमण गर्न सक्छ र यस प्रति स्पष्टता जरूरी छ । यी दुईको कार्यक्षेत्रमा रौंचिरा सीमाना कायम गर्न नसकिए पनि दुईका स्थूल सीमाहरू निर्धारण गर्न सकिन्छ, गरिनु पर्दछ । सामान्यतः अभिभावकको सहभागिताको क्षेत्र गैर-प्राज्ञिक हो यद्यपि कतिपय अवस्थामा स्थानीय तहका पाठ्यक्रम निर्धारण गर्ने जस्ता काममा समेत अभिभावकहरूको निर्णायक संलग्नता रहन सक्छ । शिक्षकको सहमतिविना पाठ्यक्रमको कार्यान्वयन हुन सक्दैन तर त्यसअनुसारको शिक्षक प्राप्त गर्ने निर्णय पनि अभिभावकहरूले गर्न सक्छन् । अभिभावकको सहभागिता एक हदसम्म शिक्षक र अभिभावकको राष्ट्रिय ढाँचाअनुसार पनि फरक पर्न सक्छ ।

कति अवस्थामा अभिभावकहरूले शिक्षामा कति भौतिक योगदान गर्न सक्छन् भन्ने कुराले पनि उनीहरूको निर्णयको घेरा र प्रभाव ठूलो र सानो हुने गर्दछ । हामीलाई थाहा छ, जमिन्दार र प्रधानपञ्चका केटाकेटीभन्दा सर्वसाधारण अझ दलित र विपन्नका केटाकेटीले एउटै बिगारमा पनि फरक मात्राको सजाय पाउँथे । अझै कतै पाउँदै होलान् । जे भए पनि शिक्षाको राष्ट्रियकरण नहुञ्ज्याल गाउँका ठूलाठालुका चाखका कारण विद्यालय राम्ररी चल्थे र त्यसको फाइदा अरूले पनि लिन पाउँथे । हिजोआज घर-गाउँका प्रभावशाली व्यक्ति र सर्वसाधारण एउटै ठाउँमा बसे पनि उनीहरूका घरका केटाकेटी एउटै विद्यालयमा पढ्दैनन् । त्यसैले माथि 'समुदाय' भन्दा अभिभावक शब्द प्रयोग गर्न जिकिर गरिएको हो । यस परिप्रेक्ष्यमा समुदायका नाममा सामुदायिक विद्यालयमा आफ्ना केटाकेटी नपढाउने अभिभावकको सहभागिता प्रतिनिधिमूलक होइन । सामुदायिक विद्यालयहरूको दुरवस्थाको कारण तिनीहरू 'सामुदायिक' भनिए पनि समुदाय त्यहाँका प्रभावशाली व्यक्तिका चाख विनाको समुदाय भएका कारणले हो । यस लेखमा सहभागिताको प्रयोजनको कुरा गर्दा वर्गीयता नछुट्टिए पनि समग्रतामा सामुदायिक विद्यालयमा आफ्ना केटाकेटी पढाउने अभिभावक र सामुदायिक विद्यालयहरूका सहभागिता हेर्ने दृष्टिकोण 'अर्थ-राजनीतिक' राखिएको छ ।

अभिभावकहरू 'मालिक' भनिए पनि विद्यालयमा लाग्ने प्रत्यक्ष शुल्क राज्य मार्फत बेहोरिने भएकाले समग्र सहभागिता नै मूलतः स्वयंसेवी अर्थमा लिइएको छ । अन्यथा उनीहरूको 'निर्णायक शक्ति' अझ धेरै हुन जान्छ

र शिक्षक र/वा लगानीकर्ताका व्यावसायिक स्वार्थ र नैतिक अधिकारसँग जुध्न जान्छ । अभिभावक 'सेवग्राही'बाट 'ग्राहक'मा परिणत हुन जान्छन् । अभिभावकले त्यस्ता सेवा प्रदायकसँग 'उपभोक्ता'को हैसियतमा व्यवहार गर्नुपर्ने हुन्छ जुन यस लेखनको मूल क्षेत्र होइन । शिक्षाको हक राज्यले प्रदान गर्दा त्यसको दायरा कति हुने अर्को छलफलको विषय हो ।

## २. **अभिभावकको सहभागिता किन** ?

अभिभावक सहभागिताको प्रयोजनलाई स्थूल रूपमा २ भागमा राख्न सकिन्छ : एउटा शैक्षणिक र अर्को राजनीतिक ।

दुवै प्रयोजनहरूको बारेमा देशमा पर्याप्त छलफल भएको छैन । कानूनी रूपमा अधिकारहरूको किटान बढी गरिए पनि साविकको 'विद्यालय सञ्चालक समिति'बाट 'विद्यालय व्यवस्थापन समिति' (विव्यस)मा आइपुग्दा आशयगत रूपमा अभिभावहरूको राजनीतिक सहभागिताको मर्म क्षीण भएको देखिन्छ । (स्थानीय तहमा स्वास्थ्य सेवाको एकाइ व्यवस्थापन गर्न गरिएको प्रावधान अझ झीनो छ : यसलाई स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति' मानिन्छ र त्यसमा 'उपभोक्ता' को प्रतिनिधित्व अझ कम छ । कृषि या पशु सेवा क्षेत्रमा ती एकाइहरू स्थानीय सेवाग्राहीहरू प्रति जवाफदेही हुनुपर्ने प्रावधान नै छैन ।) हाम्रो वर्तमान प्रावधानमा अभिभावकको शैक्षणिक प्रयोजनको सहभागिता शिक्षक-अभिभावक संघ (शिअसं) बाट गर्न खोजिएको देखिन्छ जसको कार्य प्रदर्शन विव्यसहरूको भन्दा निकै कमजोर छ। किन यस्तो भएको छ भन्ने विषयमा 'सहभागिता' का व्यवधानहरूको चर्चा गरिएका खण्डमा गरिने छ। यहाँ यस विषयमा केही सर्वव्यापी प्रयोजनहरूको चर्चा गरिएको छ जुन कुनै बेला शिअसं र कुनै बेला विव्यसभन्दा पर जान्छ त कति बेला त्यस भित्र पस्छ।

### २.१. **शैक्षणिक प्रयोजन**

केटाकेटीको सिकाइमा गुणात्मकता अभिभावक सहभागिताको मुख्य प्रयोजन हो । कतिपय अवस्थामा त शिक्षक र अभिभावकका भूमिकाहरू पनि एक अर्को जस्तै हुन्छन् विशेषगरी सानो उमेरका केटाकेटीको शिक्षाका सन्दर्भमा । यसलाई सामान्यतः अभिभावकीयता अर्थात् प्यारेन्टिङ्ग भनेर बुझ्ने

गरिन्छ । यहाँ यसका विविध प्रयोजनहरूलाई अलि विस्तारमा हेर्ने प्रयास गरिएको छः

क. सबभन्दा मुख्य कुरा, केटाकेटीका बारेमा अभिभावकले जानकारी दिन सक्छन् - उनीहरूको स्वभाव, आचरण, विशेषता समस्या आदि । यसले शिक्षकलाई केटाकेटीसँग उपयुक्त व्यवहार गरेर उपयुक्त गरिका अपनाउन मद्दत गर्छ । हाम्रा बहुसङ्ख्यक विद्यालयका सन्दर्भमा यो पक्ष निकै गौण छ । हाम्रा शिक्षकले केटाकेटीमाथि थप दबाब दिन र उनीहरूका सरसफाइ, किताब, कापी जस्ता भौतिक आवश्यकता पूरा गराउन मात्र अभिभावकको सहयोग अपेक्षा गर्ने गर्छन् ।

    हाम्रो समाज निकै बहुल छ । कति अवस्थामा केटाकेटीका निश्चित व्यवहारहरू, सांस्कृतिक विशिष्टताका आधारमा बनेका हुन्छन् । यस्ता विशिष्ट बानीहरू थाहा पाउन पनि अभिभावकको सहभागिता जरूरी छ । उदाहरणका लागि सुङ्गुर छुनै नहुने समदायका केटाकेटीसँग सुङ्गुरको बारेमा उनीहरूको सुङ्गुर प्रतिको दृष्टिकोण थाहा नपाई कुनै पशुको बारेमा अध्ययन गर्ने प्रक्रियाले त्यस्तो समूहका केटाकेटीलाई सिकाइ सजिलो पार्दैन । अहिले सामान्यतः आर्य-समूहका पुरुष शिक्षक बढी हुने र विद्यार्थीहरू सामान्यतः जनजाति र दलित विपन्न समुदायका बलिकाहरू रहने हुँदा यो दृष्टिकोण अझ महत्त्वपूर्ण छ । उच्च जात र वर्गका विशेषगरी केटाहरू निजी विद्यालय र केटीहरू सामुदायिक विद्यालय जाने गरेको देखिन्छ ।

ख. शिक्षाशास्त्रीहरू केटाकेटीको सिकाइ उच्च हुने एउटा पूर्वशर्त शिक्षकबाट उनीहरूमाथि गरिने अपेक्षा हो अर्थात् कुनै शिक्षकले कुनै विद्यार्थीबाट उच्च प्रदर्शनको अपेक्षा राखे उपलब्धि पनि उच्च हुन्छ । यदि शिक्षक र अभिभावक दुवैका अपेक्षा उच्च रहे भने उसको सिकाइ उपलब्धि प्रतिको अपेक्षा अझ सुदृढ हुन्छ । यसका लागि अभिभावकको सहभागिता स्पष्टतः अपरिहार्य छ । शिक्षक र अभिभावक मिलेर विद्यार्थीका अपेक्षा परस्पर प्रमाणित गर्नुपर्दछ । उच्च प्रदर्शनको अपेक्षा केटाकेटीमा दबाबको हदसम्म पनि पुग्न सक्छ । यस्तो हुन नदिन पनि शिक्षक र अभिभावकबीच परामर्श जरूरी छ । तर कम अपेक्षाले उच्च प्रतिफल भने विरलै दिलाउँछ ।

ग. केटाकेटी विद्यालयको परिवेशमा विभिन्न कारणले मनोवैज्ञानिक रूपमा असुरक्षित हुन सक्छन् । अझ प्रसंशा वा प्रोत्साहनभन्दा दण्डले शिक्षामा प्रेरित गर्ने संस्कार रहिआएको सन्दर्भमा मनोवैज्ञानिक सुरक्षाका लागि पनि अभिभावक सहभागिता जरूरी छ । केटाकेटीले आफ्ना बाउ-आमाले परेका खण्डमा शिक्षकसँग कुरा गर्न सक्छन् भन्ने थाहा पाए भने उनीहरू मनोवैज्ञानिक रूपमा सुरक्षित हुन्छन् । कति अवस्थामा शिक्षकहरूले आतङ्कित गरेर आफ्ना बाउ-आमासँग पनि कुरा गर्न नसक्ने विशेषगरी निजी विद्यालयहरूका केटाकेटीका हकमा अवस्था भने छ । तर उपलब्धिको अपेक्षा जस्तै केटाकेटीको मनोवैज्ञानिक सुरक्षा पनि अभिभावकले सुदृढ गर्न सक्छन् ।

घ. पढ्ने लेख्ने काम सँधै रमाइलो मात्र नहुन सक्छ। कुनै न कुनै अवस्थामा केटाकेटीले सिक्ने काममा मेहनत गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा केटाकेटीमा एक किसिमको विद्वेष उत्पन्न हुन सक्छ। अरू स-साना कारण पनि केटाकेटीहरूमा वितृष्णा उत्पन्न हुन सक्छ । उनीहरूको शिक्षक या विद्यार्थी या समग्रमा विद्यालय प्रति नै नकारात्मक दृष्टि रहन गयो भने सिकाइको समग्र प्रभाव न्यून हुन जान्छ । विशेषगरी शिक्षक प्रति विद्वेष उत्पन्न भए त्यो अझ हानिकारक हुन जान्छ। यस्तो भावना पत्ता लगाउनु र त्यसलाई सम्बोधन गरी विद्यालय र शिक्षक प्रति सकारात्मक धारणा निर्माण गर्नु जरूरी छ । शिक्षकलाई विद्यार्थीले सम्मानपूर्ण दृष्टिमा हेर्न सकेनन् भने शिक्षकले आफ्नो नैतिक अधिकारिकता गुमाउँछन् र शिक्षकले पढाउन दण्डको प्रश्रय लिनुपर्ने हुन्छ । अहिले सामुदायिक विद्यालयका शिक्षकले पढाएनन् भनेर वा अनावश्यक शुल्क उठाए भनेर निजी विद्यालयप्रति गरिने गरेका अभिभावकका अभिव्यक्तिले विद्यालय प्रति केटाकेटीको धारण नकारात्मक बनाइरहेको देखिन्छ ।

ङ. यी माथि उल्लेख गरिएका पक्षहरू असल सिकाइको अवस्था निर्माणप्रति लक्षित छन् । शिक्षकको मनोबल उच्च हुनु यी सबै प्रयोजन पूरा हुने पूर्वशर्त हो । अनुभवले के देखाउँछ भने अभिभावकको सहभागिता उच्च रहेका विद्यालयहरूमा शिक्षकको मनोबल पनि उच्च देखिन्छ । अभिभावकको सहभागिता र शिक्षकको उच्च मनोबलबीच

एक किसिमको 'कारण र असर' को सम्बन्ध रहेको छ। उच्च मनोबलले सहभागिता प्रवर्द्धन गर्छ भने उच्च सहभागिताले पनि उच्च मनोबल प्रोत्साहित गर्छ । अभिभावकले अझै विशेष के मनन गर्नु जरूरी छ भने आफ्ना केटाकेटीले तिनका शिक्षकका आनीबानी र चरित्रको अंश ग्रहण गर्छन्, शिक्षकलाई प्रतिष्ठित र उच्च मनोबलयुक्त बनाउनु आफ्ना केटाकेटीको दीर्घकालीन हितमा छ।

च. माथिका यी बढी अमूर्त पक्षसँगै शैक्षणिक प्रयोजनमा पनि भौतिक रूपमा अभिभावकले भरथेग गर्न सक्छन् । कहींका विद्यालयमा पनि उत्साही शिक्षकले चाहेको जस्तो पर्याप्त स्रोत हुँदैन। कहिले पटके धेरै हात चाहिने कामहरू आइपर्छन्। यसबेला शिक्षकहरूले अभिभावकको सहयोग अपेक्षा गर्न सक्छन्। उदाहारणका लगि विद्यालयमा आवश्यक शैक्षिक सामग्री हुन् । सबै शिक्षक वा विद्यार्थीले बनाउन नभ्याइने अवस्थामा अभिभावकले मद्दत गर्न सक्छन् । उदाहरणकालगि गुणन अभ्यास गर्न सयौं बाँसका छेस्का चाहिन सक्छन् या करेसाबारीका लागि बीउ, मल वा बारबेरको जरुरत पर्न सक्छ। यसले काम भ्याइने मात्र नभएर अभिभावकले आएर अभिभावकले आफ्ना केटाकेटीको सिकाइको स्थिति र सिकाइको अवस्था थाहा पाउँछन् भने केटाकेटीले आफ्ना बाआमा विद्यालयका लागि उपयोग भएकामा गौरव गर्न सक्छन्।

## २.२. **राजनीतिक प्रयोजन**

यहाँ स्थूल रूपमा अभिभावकलाई शक्तिका स्रोत मानेर गरिने प्रयोजनहरू समावेश गरिएका छन् । अभिभावकबाट प्राप्त हुने बाहुबल, सीप एवं बुद्धि एक साथ बुझ्ने प्रयास गरिएको छ।

क. सबभन्दा पहिले त आफ्ना केटाकेटीका नाताले उनीहरूको जीवनमा असर पार्ने वा पार्न सक्ने विषयमा सहभागी हुने अभिभावकको अधिकार छ। यो हक मानिस भएकै कारणले मात्र पनि उपलब्ध हुन्छ र यो प्राकृतिक न्यायको विषय हो। शासन व्यवस्था अनुसार यस्तो हक विभिन्न हिसाबले कानूनले पनि स्थापित गरेको हुन्छ। सार्वजनिक कोषबाट चल्ने हुनाले नागरिकका रूपमा पनि विद्यालयको बारेमा चासो राख्ने हक छ। आधारभूत शिक्षा पाउने हरेक बालबालिकाको अधिकार हो। संविधानले यसलाई सुनिश्चित

गरेको छ। बाआमाहरू आफ्ना केटाकेटीको शैक्षिक अधिकारका संरक्षक हुनाले केटाकेटीको तर्फबाट त्यस्तो हक उनीहरूमा छ।

ऐनले अभिभावकका प्रतिनिधिका रूपमा विद्यालय व्यवस्थापन समिति तर्जुमा गरी सहभागिताको ढाँचा र प्रक्रिया पनि दिएको छ। उनीहरू एक हिसाबले राज्यले दिने आधारभूत शैक्षिक सेवा उपभोक्ताहरूका रखवालाहरू हुन्। प्रतिनिधिमूलक रूपमा सङ्गठित नभएका कारणले आफ्नो यस्तो हकको प्रर्याप्त रूपमा उपभोग गर्न पाइरहेका छन्। यस बारेमा आगामी खण्डमा चर्चा गरिने छ। राज्यले दिएको एउटा ढाँचाभित्र उनीहरू विद्यालयका मालिक पनि हुन्। यस दृष्टिले आफ्ना केटाकेटीको बृहत्तर शैक्षिक हितमा गरिने विद्यालयको व्यवस्थापनमा पनि उनीहरूको हक हुनु स्वभाविक हो।

कति अवस्थामा विद्यालय विशेषलाई अभिभावकको संलग्नता बिना नै विद्यालय प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ भन्ने लाग्ला तर अभिभावकहरू आफ्ना केटाकेटीहरूको विद्यालयमा सघाउपघाउ गरेर आफ्ना केटाकेटीबारे बुझ्न र नजिक हुन पनि चाहन्छन्। विद्यालयले यस्ता उत्साह पनि कदर गर्नुपर्ने हुन्छ।

ख. अभिभावकहरू विविध गुण र विशेषतायुक्त हुन्छन्। कति अवस्थामा उनीहरूको काम मात्र पनि ठूलो मद्दत हुन्छ। आर्थिक अभाव भेलिरहेका हाम्रा विद्यालयका लागि यो पनि महत्त्वपूर्ण पक्ष हो। यथार्थमा उहिलेदेखि एक हदसम्म अहिले पनि अभिभावकको 'श्रमदान'लाई अभिभावकको संलग्नता भनेर बुझ्ने गरिएको छ। यो यथार्थमा जरूरी तर सहभागिताको एउटा पक्ष मात्र हो। कति प्रधानपञ्च र अध्यक्षहरूले सहभागिताका नाममा जनता कजाउने उपायका रूपमा पनि नलिएका होइनन्।

ग. श्रम पनि दक्षता विहीन हुँदैन। अभिभावकले श्रमसँगै विविध किसिमका सीप पनि प्रदान गर्छन्। उनीहरू स्थानीय नै भएका कारणले स्थान अनुसारको स्रोतका बारेमा उनीहरूलाई जानकारी रहन्छ जुन पढेलेखेका शिक्षकहरूमा नहुन सक्छ। (शिक्षाले हरेक व्यक्तिलाई कसरी थलो र स्थानीय सीपबाट हटाउँछ अर्को आलोचनाको विषय हो।)

घ. अभिभावकहरूको बाहुबल र सीप मात्र होइन दृष्टिकोण पनि हुन्छ। यसबाट विद्यालयले प्रशस्त फाइदा लिन सक्छ। औपचारिक

शिक्षा नभएका र कति अवस्थामा तल्लो मानिने जात र वर्गका भएका कारण उनीहरूको कुरा सुनिदैन तर उनीहरूको विचार मौलिक, ठोस र सिर्जनात्मक हुन्छन् । अभिभावकका कुरा सुनिएका भए मन्दिर र खेतका गरामा सौन्दर्य अनुभूति भएको हाम्रा देशमा सौन्दर्य विहीन स्थानीय अवस्थासँग नमिल्ने विद्यालय भवनहरू बन्ने थिएनन् ।

ङ. अभिभावक विद्यालयका दह्रा समर्थक हुन् । समुदाय र विद्यालयको चाख सधैं एउटै नभएको अवस्थामा उनीहरू विद्यालयका पक्षमा उभिन सक्छन् । समुदाय र विद्यालयलको पुलको काम पनि गर्न सक्छन् । अनि वकालत गर्ने काम समुदायमा मात्र सीमित हुँदैन । विद्यालयका लागि स्रोत वा शिक्षक जोहो गर्न पनि उनीहरू वकालत गर्न सक्छन्, माथिल्ला निकायहरूसँग ।

च. आजकल सामुदायिक विद्यालय फितला हुनुमा सरकारबाट शिक्षकको निगरानी हुन नसक्नु एक कारण बताइन्छ । विद्यालय व्यवस्थापन समितिलाई प्राप्त अधिकारहरू पनि स्थानीय तहमा यस्तो काम गरिनुपर्ने आवश्यकताबाट प्रेरित देखिन्छन् । विद्यालयका कामकारवाही र अझ विशेषगरी शिक्षकको उपस्थितिप्रति समुदायले मात्र निगरानी राख्नसक्ने कुरा स्वीकार गरिँदै आएको छ जसले गर्दा शिक्षक र अभिभावक प्रति एक किसिमको वैमनश्य पनि जन्मिएको छ ।

छ. यथार्थमा स्थानीय तहमा शक्ति प्रक्षेपण गर्ने अवधारणाबाट पनि अभिभावकको शासकीय सहभागिता विचार गरिएको छ । यसलाई पूरकको सिद्धान्त (प्रिन्सिपल अफ सब्सिडियरी) भनिन्छ जसले अर्को एकाइलाई असर नपर्नेसम्मका निर्णयहरू त्यही तहमा नै गर्ने विषयमा जोड दिन्छ । यो सिद्धान्तमा दक्षतावादी/बजारवादी र सहभागिमूलक लोकतन्त्रवादी दुवैको फरक दृष्टिले सहमति रहेको देखिन्छ। यस दृष्टिले एउटा विद्यालयका तहमा गरिने निर्णय त्यो विद्यालय उपयोग गर्नेलाई नै दिनु वाञ्छनीय नै हो ।

## ३. अभिभावक सहभागिताका व्यवधानहरू

### ३.१. शिक्षकको अनिच्छा/प्रतिरोध

विभिन्न देशमा गरिएका अध्ययन र हाम्रै देशको अनुभवले पनि शिक्षकको अनिच्छा मूलरूपमा अभिभावक सहभागिताको व्यवधानका रूपमा देखिन्छ । यसका कारणहरू विभिन्न रहेकाले किन यस्तो हुन्छ भनेर छुट्ट्याउन भने अप्ठयारो छ। विद्यालयको सञ्चालन गर्ने विषय प्राविधिक रूपमा लिइने गरेकोले विद्यालय शासनमा अभिभावकको प्रवेश सैद्धान्तिक रूपमा स्वीकार्य छैन । त्यसमा पनि हाम्रो देशमा थप अर्थ-राजनीतिक कारणहरू छन् । माथि भनि सकियो कि सामान्यतः सामुदायिक विद्यालयका अभिभावकहरू शिक्षकहरूभन्दा आर्थिक-सामाजिक रूपमा उपेक्षित छन् । लोकतन्त्रको सिद्धान्तले मात्र शिक्षकहरूको रवैया बदलिँदैन । नेपालमा विद्यालय व्यवस्थापन समितिलाई कानूनले व्यापक अधिकारहरू दिँदा नेपालका सबैजसो शिक्षक सङ्गठनहरूबाट प्रतिरोध भयो, भइरहेको छ। लेखपढ नगरेका अभिभावक हामीलाई परिचालन गर्ने भए भन्ने शिक्षकहरूको व्यक्त विचार हो। हाम्रो जस्तो देशमा अभिभावक लेखपढ गर्न जान्दैनन् भनिन्छ भने औद्योगिक देशहरूमा जहाँ अभिभावकको शैक्षिक स्तर उच्च छ त्यहाँ पनि उनीहरू शिक्षणको बारेमा पर्याप्त जानकारी नराखी हाम्रो काममा हस्तक्षेप भयो भनेर शिक्षक प्रतिरोध नै गर्छन् ।

अभिभावकबाट आफ्नो अपेक्षाअनुसारको स्वयं सेवा प्राप्त गर्नमा शिक्षक इच्छुक नै हुन्छन् तर उनीहरूको विद्यालय शासन प्रणालीको संलग्नताले आफ्नो शक्ति गुम्ने शिक्षकहरूको डर अभिभावक सहभागिताको मुख्य बाधा हो। आफू नेतृत्वमा रहेर खास गरी व्यवस्थापकीय जिम्मेवारीमा सहकार्य गर्न शिक्षक पनि सक्षम र कूटनैतिक हुन जरूरी छ। हाम्रो जस्तो देशमा अभिभावक विद्यालय शासनको निर्णायक जिम्मेवारीमा रहने भए पछि शिक्षकका गैर-शैक्षणिक स्वार्थमा धक्का लाग्ने डर पनि हुन्छ। सामुदायिक विद्यालयहरूमा शिक्षकको अनियमितता एउटा पेचिलो सवाल हो । विशेष गरी दूरदराजका विद्यालयमा शिक्षक पालो गरेर बस्ने, बिदामा गएपछि समयमा विद्यालयमा उपस्थित नहुने समस्याहरू छन् । सरकारले यस्ता पेचिला समस्यासँग विद्यालयभन्दा टाढा रहेका निकायले जुध्न नसक्ने ठानेर नै विव्यसहरूलाई शिक्षकको नियमितता कायम गर्ने अधिकार दिएकोले पनि हाम्रो देशमा शिक्षक र विव्यसबीच हुने कटाक्षको एउटा कारण हो ।

शासकीय जिम्मेवारीसँग स्रोत परिचालन पनि आउँछ । त्यसमा पनि शिक्षक र विव्यस खासगरी प्रधान-अध्यापक र अध्यक्ष बीच तानातानी हुने गर्छ । विव्यस एउटा कानूनी यथार्थ भइसकेको सन्दर्भमा र विव्यसहरू अभ्यासमा अध्यक्षमा सीमित रहेको सन्दर्भमा अध्यक्ष र शिक्षक अनुचित लाभको दामासाही गरेर परस्पर अस्तित्व कायम राख्छन् भन्ने धेरै खबर आउने गर्छन् । अर्को कुरा, सरकारी कर्मचारीको अझै राज्य नियन्त्रक र शासकको रूपमा बुझी आफूलाई त्यसको एकाइ सम्झने बानी रहेको छ । हामी राज्य ढुकुटीबाट आफ्नो कामको क्षतिपूर्ति पाउँछौ र समग्रमा जनता त्यसका मालिक हुन् भन्ने दृष्टि आत्मसात भएको छैन । शिक्षकले आफूलाई पनि त्यसै श्रेणीको सम्झनु नौलो कुरा होइन । शिक्षकहरू आफूलाई अप्ठेरो पर्दा जनतासँग सरकारले गरेन भन्छन् जनताका लागि आफू नै सरकार भएको कुरा बिर्सन्छन् अनि हामीलाई जिल्ला शिक्षक कार्यालयको पिउनले पनि टेरेन भन्छन् । विद्यालयको परिचरले अभिभावक नटेरेको देख्नैनन् । शिक्षकले शिक्षा अधिकार हो अभिभावक आफ्ना केटाकेटीका अधिकार दाबी गर्छन् र विव्यस अभिभावकका प्रतिनिधि हो भनेर ग्रहण गर्न बाँकी नै छ ।

### ३.२. अभिभावकको हैसियत

शिक्षकहरूले अभिभावकको योग्यतामाथि नै पहिलो प्रश्न गर्ने भएकाले अरू अभिभावक सहभागिताका सीमाहरूसम्म छलफल पुग्न पाउँदैन । यथार्थमा अधिकांश अभिभावक आफ्नो रोजगारीमा यति व्यस्त हुन्छन् कि विव्यसमा रहेर या प्रत्यक्ष रूपमा पनि विद्यालयको लागि समय छुट्ट्याउन सक्दैनन् । कति अवस्थामा विद्यालय र अभिभावकको घरबीच भौगोलिक दूरी पनि धेरै हुन्छ । अभिभावकसँग आत्महीनता नभएको भन्ने होइन । उनीहरू शिक्षकसँग दोहोरो कुरा गर्न सक्दैनन् । विपन्नतामा चेपिएका अभिभावकहरू आफ्ना केटाकेटीका अभावहरू पूर्ति गर्न नसकेर लज्जित पनि हुन्छन् । शिक्षकहरूबाट उनीहरूले खाने खप्की डाक्टरबाट बिरामीले खाने खप्की भन्दा धेरै फरक हुँदैन : अहिलेसम्म के हेरेर बसेको ? बिरामी तुरुन्त किन नल्याएको आदि । जस्तै तिम्रो नानी कहिल्यै ड्रेस लाएर आउँदैन्, सधै कापी पनि हुँदैन, खाजा पनि ल्याउँदैन, सधैँ फोहोरी, के हो ? बच्चा पाएपछि हेर्नु पर्दैन आदि । याद राखौँ विद्यालय सार्वजनिक

ठाँउ हो -सदाबहार सभा। अनि शास्त्रले भन्छ “विषं सभा दरिद्रस्य.......” अर्थात् विपन्नका लागि भेला विषजस्तै हो।

लोकतन्त्र शिक्षकलाई मात्र होइन अभिभावकलाई पनि आत्मसात भएको छैन। शिक्षालाई उनीहरूले पनि अधिकारका रूपमा बुझेका छैनन्। उनीहरूको बुझाइ राज्य उदार साहू हो र उसले शिक्षा दिइरहेछ। अधिकांश अभिभावक जो आफ्ना केटाकेटी सामुदायिक विद्यालयमा पढाउँछन् प्रत्यक्ष कर तिर्नेमा पर्दैनन्। अप्रत्यक्ष कर र आफूलाई राज्यले प्रदान गर्ने सेवा बीचको सम्बन्ध पनि उनीहरूलाई 'अमूर्त' हुन्छ। अनि विद्यालयमा पढाइको शुल्क लाग्दैन, किताब पनि सित्तै पाइन्छ, शिक्षकले तलब आफैँ खान्छन्। कहिलेकाहीँ काम गर्न बोलाउँछन् उ बेला साहूले पनि कजाएकै हुन्। अभिभावकले विद्यालयमा शिक्षकले आमन्त्रण गरे बाहेक हक जताउने ठाउँ देख्दैनन्।

### ३.३. दलहरूको दलदल

शिक्षक र अभिभावक आफैँबाहेक अभिभावक सहभागिताका अन्य कारणहरू पनि छन्। शिक्षाका सबैजसो सरोकारवालाहरू भौतिक वस्तुलाई प्राथमिकता दिइन्छ मानिसहरू भन्दा। विद्यालयको शिक्षा प्रणालीलाई शिक्षक, विद्यार्थी, अभिभावक एवं नियामकहरूको सम्बन्धका दृष्टिले हेरिन सकेको छैन। त्यस कारण कम आवाज भएका सरोकारवालाहरूको आवाज कम आँकिन्छ। कानूनी रूपमा जे जस्ता प्रावधान छन् ती जटिल र अस्पष्ट छन्, अभिभावकमैत्री छैनन्। अनि गएका एकाध दशकदेखि दलका दलदलमा भासिएका छन्। दलगत संलग्नताका आधारमा शिक्षक शिक्षक एवं विव्यस र प्रधानअध्यापक बीच लेनदेन हुने गर्छ। सर्वसाधारण त्यसमा धेरैजसो मिसाइँदैन। यसले पनि अभिभावकको सहभागितामा ठूलो असर परेको छ।

**नेपालका सामुदायिक विद्यालयको स्खलनः एक परिकल्पनात्मक सिद्धान्त**

*अहिले भएको सामुदायिक विद्यालयको स्खलनमा समुदाय र विद्यालय बीचको सम्बन्ध विच्छेद गरिने प्रक्रिया जिम्मेवार देखिन्छ । २०२८ सालमा नयाँ शिक्षा चरणबद्ध रूपमा लागू भयो । त्यसको मुख्य जोड राष्ट्रिय प्रणालीको स्थापनामा थियो । देशभरि एकै किसिमको पाठ्यक्रम लागू गर्ने; शिक्षकको एउटै योग्यता तोक्ने आदि । यसअघि समुदायले राज्यको सहयोग लिएर वा नलिइकन, आ-आफ्नो तजवीजमा शिक्षक खोजी विद्यालयहरू चलाइराखेका थिए । नयाँ शिक्षा योजनाअनुसार सबै किसिमका विद्यालयहरू एकरूपीकरण र राष्ट्रियकरण गरियो । कति विद्यालयका सञ्चालकहरू असम्मानजनक तरीकाले छुटाइए । त्यसभन्दा पहिले सामान्यतः समुदायका नेता, टाढा-बाठा जिम्मुवाल, जमिन्दार वा मुखियाहरूले चन्दा उठाएर र/वा आफैँले शिक्षकको तलब बेहोर्थे । विद्यालय भवनहरूका लागि कति अवस्थामा अभिभावक कजाएर पनि जनश्रमदान लिई काम पूरा गर्थे । यी कति अर्थमा सामन्ती र शोषक भए पनि सामान्यतः विद्यालयमा सर्वसाधारणका छोराछोरीको पनि पहुँच हुन्थ्यो । आफ्ना केटाकेटीहरू पनि त्यहाँ रहने हुनाले उनीहरू पढाइको रेखदेख गर्थे । समुदायको तजवीजबाट तलब खाने र अझ उनीहरूले नै नियुक्त गरेका कारण शिक्षकहरू पनि उनीहरू प्रति जिम्मेदार रहन्थे । शिक्षकको गुणस्तरअनुसार पढाइको गुणस्तर ठीकै थियो यद्यपि 'मास्टर पाल्न सक्ने' ठालुका छोराछोरीहरू थप मद्दत पाउँथे ।*

*राष्ट्रियकरण भएपछि समुदायले श्रमदान दिने बाहेक अरू जिमेवारी लिनु परेन । शिक्षकको नियुक्ति सरकारले गर्ने भयो । निर्धारित योग्यता नपुगेका शिक्षकलाई स्तर अभिवृद्धि गरियो, कतिले अवकास पाए । विद्यालय घर बनाउने सर-सामग्री पनि सरकारले दिने भयो । विद्यालय चलाउने सङ्घर्ष खेपिरहेका समुदाय र तिनका अगुवाले राहतको सास पनि फेरे ।*


*२०३१ सालमा आइपुग्दा ३ कक्षासम्म निःशुल्क गरियो । यो क्रम पछि बढ्दै गएर पाठ्यपुस्तक पनि निःशुल्क दिने हुँदै दलीय युगमा आइपुग्दा दलबीच कसले कति कक्षासम्म निःशुल्क घोषणा गर्ने प्रतिस्पर्धा जस्तै भयो । समग्रमा देशले एउटा केन्द्रीकृत, एकरूपी शिक्षा प्रणाली पायो । विद्यालयहरू पनि हजारौँको सङ्ख्यामा थपिए । राजाले भाषण गरे "भोका, रोग र अशिक्षाले ग्रस्त जनताप्रति मेरो जिम्मेवारी छ । "*

*यो उत्साह र फैलावट लामो समय रहनसक्ने अवस्था भएन । सरकारले शिक्षक नियुक्ति गरेर तलब खुवाए पनि उसले सुपरिवेक्षण गर्न सकेन । विद्यालयहरू समुदायबाट अलग भइसकेका थिए । शिक्षकको जवाफदेही गाउँबाट जिल्लाका सदारमुकाममा सरिसकेको थियो । शिक्षकको विवेक नै गुणस्तरीयताको आधार रह्यो । शिक्षा मागमा आधारित नभएर अब आपूर्तिमा आधारित हुन थाल्यो । अभिभावकको चाख र निगरानीको अभावमा विद्यालयको स्तर खस्कँदै गयो । अभिभावकले भन्न वा गर्न सक्ने ठाउँ पनि देखेनन् । अभिभावकको निगरानी र स्याहारको अभावमा विद्यालयको भौतिक अवस्था पनि लथालिङ्ग हुँदै गयो । समुदायले बरु झ्याल-ढोकाका खापा र छानाका टिन पनि घरतिर कुदाउन थाल्यो ।*

*नयाँ शिक्षा योजनाको अर्को किसिमको राजनीतिक पाटो पनि थियो । यसलाई पञ्चायतइतर विचारधारा राख्नेहरूले सरकारको शिक्षामा पकड जमाउने नियतका रूपमा लिए । त्यो एक किसिमले तत्कालीन व्यवस्थाको उत्कर्षमा 'एउटै भाषा, एउटै वेश, हाम्रो राजा, हाम्रो देश' सँगै आएको थियो । व्यापक रूपमा विद्यालयको सङ्ख्या बढेको थियो । ठूलो मात्रामा शिक्षकहरूको आवश्यकता पऱ्यो । शिक्षित जमात ठूलो थिएन र भएको त्यो सानो जमातका मानिसहरू पनि संस्थाापनपक्ष प्रति आकर्षित थिएनन् । उनीहरू नै शिक्षकका रूपमा गएर पञ्चायत प्रतिरोधी राजनीतिक गतिविधि चलाउन थाले । यद्यपि उनीहरू राजनीति गर्दा अहिले जस्तो गैर-जिम्मेवार अनुत्तरदायी भने देखिएका थिएनन् तर अहिले शिक्षामा भएको राजनीतिकरणको बीउ यति बेलै छरिएको हो । उनीहरू दिउँसो पढाउने र राती राजनीतिक प्रशिक्षण दिने गर्थे-पञ्चायतका विरुद्ध । कालान्तरमा उनीहरूको प्रयत्नले मूर्तरूप लियो र देशमा बहुदल पुनर्स्थापित भयो (यद्यपि देशमा आएको राजनीतिक परिर्वतनमा ग्रामीणभन्दा शहरी गतिविधिहरू जिम्मेवार देखिन्छन् । बहुदल कालमा भएका नेताहरू शिक्षक पृष्ठभूमिका धेरै भएकाले त्यसमा उनीहरूको योगदान नकार्नु भने नपर्ला ।)*

*जेहोस् जब दलीय व्यवस्था पुनर्स्थापित भयो हरेक ठूला (संसदमा बहुसङ्ख्यक सदस्य भएका) राजनीतिक दलका सम्बद्ध सङ्गठनका रूपमा शिक्षकका सङ्गठनहरू पनि स्थापित भए । हिजोसम्म सँगै लडेका नेताहरू र शिक्षक नेताहरूको गठबन्धन त्यति अस्वभाविक थिएन । दलहरूले शिक्षकको उपयोग जारी राखे । शिक्षकहरू आफ्नो जिम्मेवारीप्रति भन्दा*

# सामुदायिक विद्यालयहरूको अधोगतिः एक रेखाङ्कन



सम्बद्ध दलप्रति वफादार भए । आफ्नो स्वार्थमा ती दलहरूले शिक्षकका अकर्मण्यताको पनि संरक्षण जारी राखे मानौ त्यसमा दलहरूबीच नै प्रतिस्पर्धा छ । फलस्वरूप, सामुदायिक विद्यालयहरूको स्तर झन् खस्कियो यद्यपि शिक्षकहरूका सङ्गठनहरूको नेतृत्व पङ्क्ति शिक्षक नेतृत्व रहेका विद्यालयहरू स्तरयुक्त रहेको र सरकारी नीति उपयुक्त नरहेको दाबी गर्दछ । उनीहरूको दाबी कदाचित् सत्य प्रभाणित भए पनि बहुसङ्ख्यक शिक्षकमा नपढाएर पनि तलब खान पाइने कुरा हक जस्तै स्थापित भयो । यसले सामुदायिक विद्यालयहरूको स्तर अझ खस्किने कुरा त स्पष्ट नै भयो ।

यस बीचमा नेपालको जनसङ्ख्या वितरणमा पनि केही बदलाव आयो । एकातिर केन्द्रीकृत शासन संयन्त्र फराकिलो हुँदै गयो । त्यसले प्रतिभावान् युवाहरूलाई रोजगारी र रवाफ दियो । घर गाउँका आफन्तलाई शहरमा अडिने आधार पनि दियो । अनि गाउँका मानिस शहरतिर पस्न थाले । घरगाउँमा गाउँ फर्क जस्ता संयन्त्रले राजनीतिक धरपकड बढ्दै गयो अनि गाउँका एकथरी ठालुहरू विशेषगरी जो विद्यालयप्रति चासो राख्थे, राजनीतिक रूपमा सचेत थिए, उनीहरू पनि शहर पस्न थाले । उपत्यकामा नेवारहरूको प्रतिपक्षी जातीय किल्ला बलियै थियो । पञ्चायतलाई उनीहरू सम्हाल्न नसकिने गरी भड्किएलान भन्ने डर थियो । काठमाडौंमा अन्तर्राष्ट्रिय समुदायलाई देखाउन समेत संस्थापन राजनीतिको धरपकड कमै हुन्थ्यो । गाउँमा पञ्चायतले दोस्रो दर्जाका ठालुहरूलाई स्थापित गरेको थियो जो रैथाने ठालुका अधीनमा या विपक्षमा थिए । यसले शिक्षामा २ किसिमको असर पार्‍योः एउटा त समुदायबाट शिक्षामा चासो रहेका प्रभावशाली व्यक्तित्व विस्थापित गर्‍यो; अर्को त शहरमा शिक्षाको माग ह्वातै बढायो ।

देशमा अमेरिकी सहयोग सकिइसकेको थियो । समुदायले गरिरहेको अमौद्रिक योगदान पनि राष्ट्रियकरण भएपछि मौद्रिकमा परिणत भएर सरकारलाई व्ययभार बढिरहेको थियो । शहरमा माग बढे पनि गाउँमा शिक्षाको माग व्ययभार घट्ने गरी घटेको थिएन । जनसङ्ख्या उच्चदरमा बढिरहेको थियो । सरकार शिक्षा निजी तहबाट पनि दिने व्यवस्था गर्न बाध्य भयो । राजनीतिक नाराबाजीमा उदारीकरणकै एक प्रक्रियामा विद्यालयहरूको निजीकरणलाई लिइए पनि विद्यालयको निजीकरणको शुरूवात निर्देशितभन्दा आवश्यकताजन्य कदमका रूपमा आएको भने देखिन्छ यद्यपि सरकारले विद्यालयहरू समुदायबाट 'खोसेर' निजी क्षेत्रलाई सुम्पन बाध्य भएको कुरा भने स्वीकार्नु पर्ने हुन्छ ।

*शहरमा पहिलेदेखि निजी तवरमा चलेका विद्यालयहरू छँदै थिए । तिनीहरूले पनि फेरि सरकारी पञ्जाबाट बाहिर स्वतन्त्र भएर विद्यालय चलाउन पाउने भए । अनि इतर राजनीतिक विचार विशेषगरी बामपन्थी धारबाट अभिप्रेरित व्यक्तिहरूले पनि रणनैतिक रूपमा 'फरक' किसिमका विद्यालय खोले । (पछि यिनीहरू इतर विचारधारभन्दा पूँजीधारतिर लम्के त्यो अर्को विषय हो ।) उनीहरू सरकारी विद्यालयमा परिर्वतन ल्याउन असफल सङ्घर्ष गरिरहेका थिए । शहर पस्नेहरूले सरकारीभन्दा निजी विद्यालय नै रोजे । विस्तारै राजनीतिक रूपमा सचेत र हुनेखानेहरूका छोराछोरीहरू निजी विद्यालयमा पढ्ने भए । नसक्नेले पनि अलि तन्किने प्रयत्न गरे । निजी विद्यालय खोल्नेहरूको पृष्ठभूमि शिक्षण नै थियो । उनीहरूले आफ्ना र आफन्तका छोराछोरीहरू सरकारी विद्यालयमा हाल्ने त कुरै भएन । २०५५ सालसम्म आइपुग्दा झण्डै अत्यधिकांश सांसद र उच्च तहका कर्मचारीका केटाकेटी निजी स्कूलमा भर्ना भइसकेका थिए । सामुदायिक विद्यालय प्रति सबैको भरोसा उड्यो ।*

*विक्रमको २०५० को दशक आइपुग्दासम्म सञ्चार क्षेत्रले निकै फड्को मारिसकेको थियो । अंग्रेजीको प्रभाव र माग बढिरहेको थियो । निजी विद्यालयहरूले यसको माग सम्बोधन गरे । सामुदायिक विद्यालयका शिक्षक निजी विद्यालयहरूलाई आफ्ना विद्यार्थी गुमाएको टुलुटुलु हेरेर बसे । आफ्नो बेतन र ससाना कुरामा अलमलिँदै दलको झोला बोकिरहे . . .. बोकिरहे । अहिले सामुदायिक विद्यालय बन्द भइरहेछन् र निजी विद्यालयहरू मौलाइ रहेछन् । अब जागिर खान बाहेक सामुदायिक विद्यालयको पक्षमा बोल्ने कोही देखिएन । भएका विद्यालयहरू आवाज विहीन विपन्न समूहका विद्यार्थीका नाममा केही शिक्षकहरूका रोजगार केन्द्रमा सीमित भएका छन् । सरकारले बाहिरी सहयोग समेत लिएर सामुदायिक विद्यालय नामको बालुवाको थुप्रोमा पानी हालिरहेछ; अभिभावकहरू यी विद्यालयबाट आस मारेर निजी विद्यालयमा आफ्ना केटाकेटी भर्ना गर्न गरहना र खेतबारी बेचिरहेछन् ।*

*समुदाय र विद्यालयबीच सम्बन्ध धराशायी भए भनेर विद्यालय व्यवस्थापन समितिहरूलाई अधिकार दिएर त्यसको भूल सच्याउने प्रयत्न त भयो तर सँगै निजी क्षेत्रले उद्योगका रूपमा विद्यालय चलाउन पाउने व्यवस्थापन पनि एक साथ आयो । अहिले समर्थक विहीन भएर इतिहासको भग्नावशेषमा सामुदायिक विद्यालय साख जोगाउने बाध्यतामा छ भने निजी शिक्षा सबैको वाहवाहीका साथ नयाँ दरबारमा आतिसबाजी गर्दै अगाडि बढिरहेछ !*

## ५. लिनुपर्ने बाटो

विद्यालयमा अभिभावकको सहभागिता बढाउन के गर्ने भन्ने प्रश्नको जवाफ खोज्नु अघि सामुदायिक विद्यालय प्रति आस्था कसरी फर्काउने या सामुदायिक विद्यालयमा भइरहेको अपार श्रोतको अदक्ष उपयोगलाई कसरी सम्बोधन गर्ने सवाल अझ महत्त्वपूर्ण छन् । यसर्थ यसको निकास तीन तहमा खोजिनु पर्दछ :

पहिलो बृहत् राजनीतिक तहमा,
दोस्रो शिक्षा नीतिका तहमा,
र तेस्रो शैक्षणिक विधिका तहमा,

क. पहिलो बृहत् राजनीतिक तहमा मुख्यतः निम्न तीनवटा निर्णय गर्नु आवश्यक छ :

अ. निजी विद्यालयको नीतिमा स्पष्टता खासगरी कसरी सार्वजनिक स्रोतको अदक्ष उपयोग घटाउने भन्ने बारे सर्वपक्षीय गोलमेच नै जरूरी छ । कि देशले निजी तवरबाट प्राप्त हुने शिक्षालाई नियमित गरी सरकारी तबरबाट दिइआएको शिक्षा प्रणालीलाई विस्थापित गर्नु पऱ्यो कि निजी र सामुदायिक विद्यालयबीच अहिले भइरहेको नकारात्मक प्रतिस्पर्धा हुने वातावरण बन्द गर्नुपऱ्यो । पछिल्लो विकल्प त्यति बेला प्रभावकारी हुन सक्छ जति बेला शिक्षा राजनीतिक बहसको विषय बन्न पुग्छ । उदाहरणका लागि सार्वजनिक शिक्षाको दुर्दशा प्रति सङ्घीयताका विषयमा जस्तै चर्चा हुन सके एउटा उपाय निस्कने नै छ । राजनीतिक दलले चाहे र सार्वजनिक लाभका पदमा रहने व्यक्तिका छोराछोरी सामुदायिक विद्यालयमा नै दाखिल गर्नुपर्ने व्यवस्था गरिए सामुदायिक विद्यालयहरूको स्थिति रातारात त नभनौं केही महिना भित्रै परिर्वतन हुन थाल्छ । त्यसैगरी लाभका पदमा रहने व्यक्ति वा उनका आफन्तले र विशेषगरी सामुदायिक विद्यालयका शिक्षक वा उनका आफन्तले नीजी विद्यालयमा लगानी गर्न प्रतिबन्धित गर्नु पऱ्यो या परिणाम ल्याउन नसक्ने सामुदायिक विद्यालय निजी विद्यालयमा रूपान्तरित गर्नुपऱ्यो ।

आ. राजनीतिक तहमा गर्नुपर्ने अर्को प्रमुख काम भनेको राजनीतिक दलहरूले गम्भीर रूपमा शिक्षकलाई आफ्ना झोले र विद्यालयलाई दलको मैदान बनाउने खेल बन्द गर्नु पऱ्यो । व्यक्तिगत स्वार्थभन्दा

अलि पर हेर्न सक्ने शिक्षकहरूले पनि यो काम स्वस्फूर्तरूपमा गर्न सक्छन् तर उनीहरूलाई पनि निजीको नीति स्पस्ट पारेर दलहरूले आश्वस्त गर्न सक्छन् । शिक्षामा सहमतीय निर्णय देशको कायापलट गर्ने सबैभन्दा प्रभावकारी माध्यम हो ।

इ. अर्को उच्च राजनीतिक तहमा निःशुल्क शिक्षा जस्तो अफवाह फैलाउन बन्द गर्नुपर्‍यो । सबैका लागि शिक्षाको प्रत्याभूति दिन सकिन्छ तर सबैलाई शिक्षा निःशुल्क चाहिएको छैन, कसैलाई निःशुल्क मात्र गरेर पुग्दैन । विपन्न लक्षित शिक्षाको लगानीको सानो अंश मात्र विपन्नसम्म पुगेको अनुभव र अध्ययन दुवैले प्रमाणित गरेका छन् । अहिले देशको अर्थतन्त्रले स्तरीय शिक्षा निःशुल्क थाम्न सक्दैन, जरूरी पनि छैन । सबै अभिभावक तिर्न नसक्ने छैनन् । दलहरू क्षणिक तुष्टीकरणको राजनीति भन्दा पर जानु पर्‍यो । विदेशी सहयोगमा भरपरेको निःशुल्क शिक्षाको लोभ शायद वैदेशिक सहयोगले स्थानीय पद्धति ध्वस्त गर्ने कुराको ज्वलन्त नमूना हो ।

ख. दोस्रो, नीतिगत तहमा खोज्नु पर्ने निकास निम्न छन् :

अ. शिक्षा नीति स्थानीय विविधता अटाउने किसिमको बनाउनु पर्‍यो । निर्णय विद्यालय तहमै गर्नु छाडिदिनु पर्‍यो तर प्रदर्शन गर्न नसक्ने शिक्षकहरू पालि राखेर भएन । निःशुल्क गर्नुपर्ने समूहका सहयोग अभिभावकमार्फत जाने प्रणाली शुरू गरियो भने अभिभावक आफ्नो हक जताउन पनि सक्छन् र शिक्षकहरूमा कार्यप्रदर्शनको दवाब पनि पर्छ । विव्यस र अभिभावक सम्बन्ध पनि अझ क्रियाशील हुन्छ ।

आ. अहिले अभिभावकहरू छरिएका छन् र शिक्षक र कर्मचारीको समूहले उनीहरूका कुरा सुनेका छैनन् । उनीहरूको स्थानीयदेखि राष्ट्रियतहसम्मको सङ्गठन चाहियो ताकि उनीहरू आफ्ना हकहितको सुरक्षा गर्न सकून् । अहिले शिक्षा अधिकार भनिए पनि न त्यसको कानूनी उपचार छ न त अधिकार दाबी गर्नसक्ने एकाइ नै छ । विव्यसहरू विभिन्न तहमा एकीकृत गर्ने सजिलो र स्थापित अवसर छ । कति प्रयास शुरू भएका पनि छन् । सामुदायिक

विद्यालयका अभिभावकहरू अवैतनिक र आमदानी कम हुने वर्ग भएकाले सङ्गठनका आधारभूत खर्च थाम्न राज्यले अनुदान दिने व्यवस्था गरिनुपर्छ र नीति निर्माणका एकाइमा उनीहरूको प्रतिनिधित्व पनि हुनु पर्दछ। समयमा नै नियमित गरिएमा यस्तो सङ्गठन दलगत आधारमा विभाजित हुन रोक्न सकिन्छ यद्यपि राजनीतिक दलहरूले आफ्ना स्वार्थले यस्ता सङ्गठन दुषित नगर्ने कसम खानु पर्दछ।

ग. तेस्रो तहमा बल्ल अभिभावक सहभागिताको प्राविधिक प्रकृतिको कार्यदिशा आउँछ । माथिका गतिविधिहरू कार्यान्वयन भइसक्दा अभिभावक सहभागिताले एउटा गति र दिशा लिइसकेको हुन्छ। मुख्यतः अभिभावक संलग्नताका लागि सरकारले लगानी बढाउनु पर्दछ। अहिले भइरहेको प्रयत्न निकै अपर्याप्त र अप्रभावकारी छ । विव्यसहरूको सङ्गठनको सहयोगमा वा उनीहरू मार्फत गरियो भने यो थप प्रभावकारी हुन सक्छ। उनीहरूलाई विव्यसका वर्तमान अधिकार र त्यसले अपेक्षा गरेका कर्तव्यप्रति सन्तुलित अभ्यास गर्न विव्यसहरू अभिमुख गरिनु पर्दछ । विद्यालय सञ्चालनका बारेमा भएका कानूनी प्रावधानहरू सरलीकृत रूपमा प्रस्तुत गर्नु पर्दछ।

अभिभावक शिक्षा अभिभावकहरूलाई मात्र दिएर पुग्दैन। शिक्षकलाई विशेषगरी अभिभावकको सहभागितालाई शिक्षण सहजीकरणमा अभिभावकको भूमिका (प्यारेन्टिङ) भन्दा पर गएर उनीहरूका अधिकार र विविधता सहित उनीहरूका सहभागिताको शैक्षणिक प्रयोजन आत्मसात गराइनु पर्दछ। यस्तो लेखन त्यस्तो तालिमको एक सहायक सामग्री हुन सक्छ। लेखक अहिले आएर पनि प्रौढहरूका लागि साक्षरता चलाउनु पर्छ भन्ने पक्षमा त छैन तर प्रौढ शिक्षा जरूरी रहेको र अभिभावकीयता प्रौढ शिक्षाको एउटा अभिन्न भाग रहनु पर्दछ। नेपालमा अभिभावकको सहभागिताका विषयमा कमै छलफल भएको छ। यस बारे थप अध्ययन-अनुसन्धान अनि बहस र चर्चा जरूरी छ।

## ६. निष्कर्ष

हाम्रो देशमा अभिभावकका बारेमा पर्याप्त चिन्तन र चर्चा भएको छैन। शैक्षणिक र गैरशैक्षणिक दुवै दृष्टिले अभिभावकको सहभागिता महत्त्वपूर्ण छ। नेपालमा सामुदायिक विद्यालय खस्कँदै जानुमा शिक्षकको दलीय संलग्नता र राजनीतिक संरक्षण अनि विद्यालय र समुदायको सम्बन्ध विच्छेद हुने परिस्थिति जिम्मेवार छन् जुन २०२८ मा शिक्षाको राष्ट्रियकरणबाट शुरू भयो। शिक्षकको प्रतिरोध र अभिभावककै आत्मलघुता अभिभावक सहभागिताका मुख्य व्यवधान हुन्। यसको सम्बोधन हुन त्यति कठिन छैन जति अहिले सामुदायिक विद्यालय प्रति जनविश्वास फर्काउन । यसका लागि गम्भीर राजनीतिक सहमतिको खाँचो छ। अहिले अभिभावक सङ्गठित नभएका कारण उनीहरूका आवाज सुनिएको छैन । विद्यमान विद्यालय व्यवस्थापन समितिहरू अभिभावकका प्रतिधिनिधिका रूपमा सङ्गठित भएमा आफ्ना अधिकार र कर्तव्य प्रति स्वयं जिम्मेवार हुन सक्छन्। सामुदायिक विद्यालय सुधार गर्ने राजनीतिक सहमतिका लागि दबाब दिन पनि सक्छन् । उनीहरू सङ्गठित हुन मद्दत गर्नु अहिलेको प्राथमिक कार्यदिशा देखिन्छ तर उनीहरू चाहिँ दलका दलदलमा फस्नबाट कसरी बच्न सक्छन् त्यो प्रमुख चासोको विषय छ।

(यो लेखको एउटा रूप यसअघि पनि अन्यत्र प्रस्तुत गरिएको छ ।)

❀❀❀

## सन्दर्भ सूची

Addi-Raccah, Audrey and R Ainhoren. 2009. School governance and teachers' attitudes to parents' involvement in schools: Teachers Perspective. *Teaching and Teacher Education*, Volume 25, Issue 6, Pages 805-813. Elesvier.

Bhatt, Sahadev, 2007. Education in Nepal. Himalayan Book Stall, Kathmandu.

Buchmann, Claudia and E Hannum. 2001. 2001. Education and Stratification in Developing Countries: A Review of Theories and Research. *Annual Review of Sociology*Vol. 27, (2001), pp. 77-102. http://www.jstor.org/stable/2678615

Dieltiens, Veerle. 2014. Democracy in education or education for democracy? The limits of participation in South Africa school governance. Dessertation – University of the Wit waters and, Johanesburg. http://wiredspace.wits.ac.za/handle/10539/104

DoE. 2011. A study of Effectiveness of Community Managed Schools; Final Report. By Fulbright Consultancy Pvt Ltd for Department of Education (DoE), Ministry of Education. Kathmandu. http://nepalpolicynet.com/images/documents/education/research/2011_%20A%20Study%20on%20Effectiveness%20of%20Community%20Managed%20School. pdf

Gamage, D T. 1993. A review of community participation in school governance: An emerging culture in Australian education. British Journal of Educational Studies, Volume 41, Issue 2, pages 134-149. Published online: 21 Jun 2010.

Howley, Aimee and Stan Maynard. 2007. Parent and Community Involvement in Rural Schools. Educational Resource Information Center (U. S. Department of Education) Updated on Jul 26, 2007. http://www.education.com/reference/article/Ref_Parent_Community/

http://www. jstor. org/stable/1002167

Jaynes, William. 2012. A Meta-Analysis of the Efficacy of Different Types of Parental Involvement Programs for Urban Stu-

dents. Urban Education July 2012 vol. 47 no. 4 706-742. http://uex.sagepub.com/content/47/4/706.short

Jimenez. Emmanuel and Y Sawada. 1999. Do Community-Managed Schools Work? An Evaluation of El Salvador's EDUCO Program. World Bank Economic Review, Volume 13 Issue 3, Pp. 415-441.

Kassam, Yusuf. 1997. Julius Kamburge Nyerere in Thinkers on Education, Vol 3 (Ibn KHALDUN to READ). UNESCO Publishing/ Oxford and IBH Publishing.

Khaniya, Tirtha R. 2007. New Horizons in Education in Nepal. Published by Kishor Khaniya, Kathmandu, Nepal.

Lloyed B, Cynthia and A K Blanc. 1996. Children's Schooling in Sub-Saharan Africa: The Role of Fathers, Mothers and Others. Population and Development Review, Vol. 22, No. 2, Jun. , 1996. Pp 265-298. http://www.jstor.org/discover/10.2307/2137435?sid=21105491312233&uid=2&uid=4

Marphatia, Akanksha A, K Edge, E, Legault, D Archer. 2010. Politics of participation: parental support for children's learning and school governance in Burundi, Malawi, Senegal and Uganda: Research report on parental participation, The Improving Learning Outcomes in Primary Schools (ILOPS) Project. Action Aid and Institution of Education, University of London. http://www.actionaid.org/sites/files/actionaid/ilops_parents_final. pdf

Murray, Kantahyanee W, N Finigan-Carr, V Jones3, N Copeland-Linder, D L Haynie, and T L Cheng. 2014. Barriers and Facilitators to School-Based Parent Involvement for Parents of Urban Public Middle School Students. SAGE Open. http://classic.sgo.sagepub. com/content/4/4/2158244014558030. full. pdf+html

Olender, Rosemary A, J & R Elias. 2014. The School Home Connection: Forging Positive Relations with Parents. SAGE/AdvantEDGE, New Delhi. India.

Olsen, M. L. Fuller. 2010. The Benefits of Parent Involvement: What Research Has to Say. Pearson Allyn Bacon Prentice Hall. Updated on Jul 20, 2010. http://www.education.com/reference/article/benefits-parent-involvement-research/?addcollection

Pandey, Priyanka, S Goyal & V Sundararaman. 2010. Community Participation in Public Schools: Impact of Information Campaigns in three Indian States. South Asia Human Development, World Bank.

Paudel, Radha. 2011. Quality Educaiton: the Missing Links. The New Spotlight News Magazine. Vol 4, No. 23. May 2011. Kathmandu.

Sanders, Mavis G. 2001. The Role of "Community" in Comprehensive School, Family, and Community Partnership Programs. *The Elementary School Journal,* Vol. 102, No. 1 (Sep. , 2001), pp. 19-34. : The University of Chicago Press.

Sharma, Tanka N. 2008. Structures and Mechanisms of community participation in school Management. Journal of Education and Reserch. Vol 1, No 1. School of Education, Kathmandu University.

*शिक्षक* मासिक । २०७० । अभिभावक गए विद्यालय सप्रन्छ, *शिक्षक* मासिक, भदौ २०७० ।

# व्यवस्थापन समिति :
# पाल्ने कि बदल्ने ?

**प्रा.डा. विद्यानाथ कोइराला***

## १. केको व्यवस्थापन गर्ने ?

अस्पतालले तीनवटा कुराको व्यवस्थापन गर्छ। प्रशासन, अर्थ र औषधी गर्ने प्रक्रिया। शास्त्रीय चिन्तकले चाहि आर्थिक व्यवस्थापन खोज्छन्। भौतिक व्यवस्थापन चाहन्छन्। सामाजिक आवश्यकताको व्यवस्थापन माग्छन् र अन्तमा सन्तुष्टीको व्यवस्थापन रोज्छन्। स्कूल व्यवस्थापकले मानवीय स्रोतको व्यवस्थापन खोज्छन्। सामुदायिक स्कूल बनाउन चाहनेले भने समुदायलाई कसरी क्रियाशील बनाउने भन्ने कुरामा ध्यान दिन्छन्। जे छ समुदायमा त्यसैको व्यवस्थापन। त्यसको एउटै लक्ष्य हुन्छ- विद्यार्थी र अभिभावकको सफलता।

श्रीलंकाले शैलीमा परिर्वतन (Change in the State of Art) खोज्छ। अहिले के छ, त्यही शैलीमा परिर्वतन। अहिले कस्तो व्यवस्थापन छ, त्यसैमा परिर्वतन। उसको सन्तुष्टी खोज्ने ठाउँ हो- अपेक्षित सुधार। चीनको विश्वास हो- सबै चीज राजनीति हो। यस अर्थमा सैद्धान्तिक परिष्कार। सबै

* शिक्षा अभियन्ता, निवृत्त प्राध्यापक शिक्षा संकाय, त्रिभुवन विश्वविद्यालय

चीज व्यक्तिगत हो । यस अर्थमा जिम्मेवारीमा सुधार । सबै चीजमा सामूहिक जिम्मेवारी (Social Corporate Responsibility) । यस अर्थमा समाजको चाहना अनुसारको सुधार । उसको प्रक्रिया हो- जिम्मेवारीहीन व्यक्तिलाई नै जिम्मेवारी दिने । यस क्रममा शिक्षकले सोच्छ- अहिलेको अवस्था के छ ? मैले के गर्नुपर्छ ? केमा सुधार गर्नुपर्छ ? केमा लचिलो बन्नुपर्छ ? केमा गति बढाउनु पर्छ ? कसरी पठनपाठनलाई स्थानीयकरण गर्नुपर्छ ? कसरी स्थानीय आवश्यकतासँग जोडिनुपर्छ ? कसरी प्रत्येक गराइमा प्रत्याभूति (Reflect) गर्नुपर्छ ? शिक्षणमा प्रत्याभूति । अभिभावकसँगको प्रत्याभूति ।

जापानले अर्को चिन्तन ल्यायो- सम्पूर्ण गुणस्तरको व्यवस्थापन (Total Quality Management) । यसको अर्थ हो- जो जहाँ छ, त्यसैले गर्ने व्यवस्थापकीय फेरबदल । देखेभोगेको आधारमा तत्स्थानैमा गरिने व्यवथापन (On the Spot TQM) अर्थात त्यस स्थानमै त्यही व्यक्तिबाट सुधार । बिग्रेकै बेलामा सुधार (Just in Time) । बिग्रेकै ठाउँको जिम्मेवार व्यक्तिबाट सुधार । तत्कालै सुधार । यो चिन्तनले विज्ञताको रहस्योद्घाटन (Demystify) गऱ्यो । भन्यो हामी सबै विज्ञ हौँ । विज्ञ छौँ । विज्ञाको दायरा भने सीमित छ ।

माथिको छलफलले अनेकन प्रश्नहरू दियो- केको व्यवस्थापन गर्ने ? भौतिक वस्तुको ? आर्थिक स्रोतको ? मानवीय स्रोतको ? तीनै थरीको ? अर्को प्रश्न दियो- व्यवस्थापन कसले गर्ने ? पढ्नेले ? पढाउनेले ? अरूले । कति तरीकाबाट व्यवस्थापन गर्ने ? तत्स्थानमै ? अलि परबाट ? अझ परबाट ? सँगसँगै उत्तर पनि दियो- त्यहीँ काम गर्नेले । शिक्षण- सिकाइ बिग्रिए शिक्षक र विद्यार्थीले । बाहिरी वातावरण बिग्रिए बाहिरी व्यवस्थापकले । नीतिगत व्यवस्थापन बिग्रिए नीति निर्माताले । निचोड रह्यो व्यवस्थापन गर्ने मानव स्रोत हो ।

## २. असली व्यवस्थापक को हो ?

विद्यालय व्यवस्थापनको लागि तरेली समूह क्रियाशील छ। विद्यार्थी व्यवस्थापन गर्ने शिक्षकहरू छौँ । शिक्षक व्यवस्थापन गर्न प्रधानाध्यापक र शिक्षक व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघहरू छौँ । ती चारैवटा संरचनालाई व्यवस्थापन गर्ने स्रोतहरू छन् । जिल्ला शिक्षा कार्यालय छ । यसरी विद्यालयसँग सम्बद्ध व्यवस्थापकहरूको संवाद भने झिनो

छ किनकि शिक्षक र विद्यार्थीको संवाद औपचारिक स्वरूपको छ । पाठसँग सम्बन्धित । सातामा एक पटक विद्यार्थीका व्यक्तिगत, सामूहिक, शैक्षिक र अन्य समस्याहरू सोध्न शिक्षकलाई रहर छैन । संस्कार छैन । संस्कार बनाउने चिन्तन छैन । एकाध स्कूलले गरे पनि तिनलाई प्रणालीले अपनाएको छैन । त्यही हालत शिक्षक र प्रधानाध्यापकको छ । तिनका बीचको संवादले विद्यालय सुधार्ने कुरा गरेको छैन । एकाध अपवाद हुन्छ । स्रोत केन्द्र र विद्यालयबीचको संवादले पनि उल्लेख्य काम गरेको देखिँदैन । यस स्थितिमा हेर्दा विद्यालयको असली व्यवस्थापक को हो ? प्रधानाध्यापकको लहड ? शिक्षकहरूको निर्णय ? दलीय नेताहरूको एजेण्डा ? विद्यार्थीको मर्जी ? कर्मचारीको टुङ्गो ? अभिभावकको चाहना ? वा अर्को कोही ? केही ?

पश्चिमी देशका अभिभावकले स्वरूपको व्यवस्थापन (Structural Management) गरे । डेनमार्क र स्केण्डेनेभियन शिक्षकले स्वविवेकको; खाका (Format) सरकारको; यस अर्थमा खाका अस्थिपञ्जर । मांसपेशी चाहिँ शिक्षकको व्यक्तिगत जिम्मेवारी । उही जान्दछ- के बन्छन् विद्यार्थी । के बनाउनु पर्छ विद्यार्थीलाई । न्यूजिलैण्डको पनि त्यही अवस्था हो । हाम्रो चाहिँ शिक्षकलाई त्यो जिम्मेवारी छैन; उ त अह्राएको काम मात्र गर्छ । यहीँनेर सोच्नुपर्ने विषय आउँछ- व्यवस्थापक को हुने ? व्यवस्थापन समितिको खटनपटन ? शिक्षक अभिभावक संघको खटनपटन ? स्रोत केन्द्रको खटनपटन ? जिल्ला शिक्षा कार्यालयको खटनपटन ? प्रधानाध्यापकको खटनपटन ? गर्ने के हो ? लोकतन्त्र खोज्नेले व्यक्तिलाई सार्वभौम मान्छ । विकासवादी पनि त्यसै भन्छन् । आत्मवादी पनि त्यही हुन् । यस स्थितिमा टुङ्गो लगाउनु पर्ने विषय यही हो । अहिले भद्रगोल छ । सबै संलग्न छन् । जिम्मेवार कोही छैन । सबै क्रियाशील छन् । असली व्यवस्थापक छुट्टिनन् ।

जापानी शब्दमा भन्ने हो भने कार्यक्षेत्रका व्यक्ति (Frontline Employee) नै जिम्मेवार व्यवस्थापक हुन् । परिवर्तनका वाहक हुन् (Change Manager) । नयाँ सोचका निर्माता हुन् (Hamel, 2006) । व्यवस्थापनका आठवटै कार्य (Planning, Organizing, Staffing, Directing, Coordinating, Reporting, Budgeting) जानेकाहरू । Prosci को किताबले भनेका कुरालाई कार्यान्वयन गर्नेहरू अर्थात् व्यक्तिले बदल्छ भन्ने विश्वास भएकाहरू । त्यस्तो व्यवस्थापकलाई

प्रविधिले सघाउनेहरू । प्रक्रियामा क्रियाशील हुनेहरू । अर्को अर्थमा भन्दा व्यक्तिको लगाव (Engagement) बदल्न चाहनेहरू । संस्थामा सामूहिकता ल्याउन उद्यत हुनेहरू । सामूहिक नतिजा खोज्नेहरू । यस्तो अर्थ हो- असली व्यवस्थापक त कार्यक्षेत्रका व्यक्ति हुन् । भोग्नेहरू । अर्को शब्दमा भन्दा शिक्षकहरू । प्रश्न यही उठ्छ - शिक्षक स्वयं व्यवस्थापक किन बनेनन् ? किन बनाइएन ? किन उसलाई पाठ्यक्रम दिइयो ? पाठ्यपुस्तक दिइयो ? नीति दिइयो ? निर्देशिका दिइयो ?

## ३. बदल्ने के हो ?

व्यवस्थापनको नवीन सोच हो- बदलाव । व्यवस्थापनको बदलाव (Change Management) । त्यसमा पनि प्रवर्तक (Innovator) को हो ? हामी केन्द्र देखाउन पल्कियौँ । सरकार देखाउन पल्कियौँ । त्यही अमूर्ततामा हामीले व्यवस्थापनमा परिवर्तन खोजेनौँ । परिवर्तनका लागि प्रवर्तन (Innovation for Change) तर्फ ध्यानै दिएनौँ । त्यसैले हाम्रा प्रवर्तनहरू अग्रमोर्चाका (Frontline Worker) व्यक्तिहरूले ल्याएनन् । फलतः विदेशी वा स्वदेशी विज्ञहरूका कुरा पत्याउन थाल्यौँ । यस अर्थमा TQM सिद्धान्त खोज्यौँ । आफ्ना अनुभवलाई बेवास्ता गर्न थाल्यौँ । वास्ता गरेको भए हाम्रा अग्रमोर्चाका व्यक्तिले हामीलाई अनुभव दिन्थे । त्यही अनुभवले प्रणाली सुधार्न सघाउथ्यो । तर हामीले त्यसो गरेनौँ । तिनीहरूमध्ये पनि परिवर्तनकारी व्यक्ति थिए । हामीले तिनलाई छायामा राख्यौँ । त्यसैले हामीले बदल्ने कुरा नै पहिल्याएनौँ । अनि त अन्धाधुन्ध परिवर्तन गर्न थाल्यौँ । कहिले व्यवस्थापनमा । कहिले पाठ्यक्रममा । कहिले पाठ्यपुस्तकमा ।

जापानी सोचले भन्छ- बदल्ने त व्यक्तिलाई हो । बदलिएको व्यक्तिले स्वतः संरचना बदल्छ । प्रक्रिया बदल्छ । अन्य कुराहरू पनि बदल्छ । त्यसैले हामी र हाम्रा दाताहरूले अनौठो नतिजा पाइरहेका छन् । जस्तोः अभिभावकको मोहले स्कूल सुध्रन्छ । मान्यता यही बन्यो । परिणामतः खाटी अभिभावक भित्र्यायौँ व्यवस्थापनमा । नतिजा निस्कियो- स्कूल खोल्न र त्यसको निरन्तरता दिन उद्यत भइरहनेहरू बाहिरिए । भित्रिएकाहरू निष्कृय बने । विद्यालय व्यवस्थापन समितिले नै शिक्षक नियुक्ति गर्ने विकेन्द्रित नीति लागू गऱ्यौ । त्यसरी नियुक्त भएका शिक्षक स्कूलका बनेनन् । दलका बने । बन्नेले पनि गर्व गरेनन् । बनाउने

पनि गर्व गरेनन् । त्यसैले स्थायी शिक्षा सेवा आयोग खोज्यौँ । रहर विकेन्द्रीकरणको । व्यवहार केन्द्रीकरणको ।

शिक्षकले खोजेकै तालिम दिँदा त राम्रो होला । त्यही विश्वासमा शिक्षकको पेशागत उन्नतिको तालिम शुरू गर्‍यौँ । नासा र फ्ल्यासको नतिजाले भन्छ- हाम्रो तालिमले माखो मारेन । अर्थात् हामीले जे रहर गर्‍यौँ, त्यो पूरा भएन । पाठ्यक्रम र पाठ्यपुस्तक सुधारेर शिक्षकलाई जनमुखी बनाउने उपक्रम गर्‍यौँ । तर शिक्षकले त्यसलाई लत्यायौँ । आफैले शिक्षा बदल्ने प्रयास गरेनौँ । बरु भनिरह्यौँ शिक्षा नीति भएन; पाठ्यक्रम भएन । यही गीतमै हाम्रो समय बित्यो । हामीले अग्रिम मोर्चाको कार्य नै गरेनौँ । परिवर्तनकारी व्यक्ति को हुन्छ भनी चिनेनौँ । त्यसैले किताब बदल्न खोज्यौँ । सामग्री बदल्न खोज्यौँ । नीति बदल्न खोज्यौँ । नियत बदलिने मान्छे खोजेको भए समाधान हुन्थ्यो । अर्थात् मान्छेको नियत बदल्नु पर्थ्यो । स्कूले शब्दावलीमा शिक्षक 'उदाहरण' हुन्थ्यो । बदल्न खोज्नेहरू शिक्षक हुन्थे । बदलिनै नचाहनेहरू बिदा लिन्थे । अन्यत्रै जान्थे । यस अर्थमा बदल्ने त मान्छे पो रहेछ भन्ने मान्यता स्थापित हुन्थ्यो ।

## ४. व्यवस्थापन समितिले बदल्छ त ?

नेपालले सञ्चालक समिति बनायो । सञ्चालन गर्न । सहयोग समिति बनायो सघाउन । अहिले व्यवस्थापन समिति छ । जोरजाम गर्न । तीनवटै शब्दावलीको एकल अर्थ छ- तिनीहरू बदल्नेहरू हैनन् । जापानी शब्दावलीमा अग्रमोर्चाका व्यक्तित्व होइनन् । फुटबलको शब्दावलीमा ब्याककीपरवाला हुन् । सघाउनेहरू । सघाउनेहरूलाई नियन्त्रक बन्ने बनाउने सोच नै घातक छ । त्यो सोच बोकेकाहरू नै व्यवस्थापकीय अप्ठेरोमा छन् । त्यहाँ त शिक्षकलाई हाबी हुन दिनुपर्थ्यो । यसो गर्दा व्यवस्थापन समिति कि त जुटाउने समूह बन्थ्यो कि सोच दिने समूह । अहिले कार्यान्वयनको समूह बन्न बनाउन उद्यत छ । व्यवस्थापन समितिका सञ्चालकको पनि त्यही बुद्धि छ । तिनको जिल्ला स्तरीय अभिमुखीकरण त्यही सोचको निरन्तरता हो । हालसम्म तिनले न तिनका लागि गरे, गराएका क्रियाकलापहरू सोही कुराका कार्वनकपी हुन् । यहीँ प्रश्न उठ्छ- कसरी व्यवस्थापन समितिका सदस्यको तागत खोज्ने ? कसरी त्यो तागतलाई स्कूलको हितमा प्रयोग गर्ने ? अहिलेको स्थितिले तीन कुरा देखाउँछः पहिलो, विद्यालयमा शिक्षकको नियन्त्रण बढाउने । दोस्रो, व्यवस्थापन समिति शिक्षक वा प्रधानाध्यापकको

मतियार बन्ने । तेस्रो, नपढाउने शिक्षकलाई उपदेश दिने वा थर्काउने । यस अर्थमा अग्रमोर्चाका व्यक्ति नै चिनिएन । तिनलाई चलाउने उपायै जानिएन । यो स्थितिमा व्यवस्थापन समिति बदल्नै नसक्ने छुट्टै संस्था बन्न पुग्यो । शिक्षक र प्रधानाध्यापक छुटै संस्था बन्ने स्थिति रह्यो ।

## ५. संवाद छ त शिक्षक तथा व्यवस्थापन समितिमा ?

अहिलेको प्रक्रियाले भन्छ यदाकदा संवाद छ । औपचारिक संवाद । हुनुपर्ने अनौपचारिक संवाद थियो । बन्यो औपचारिक । व्यवस्थापन समितिको लिखतले त्यही भन्छ । शिक्षकहरूको लिखतले त्यसै भन्छ । निर्वाचित व्यवस्थापन समितिको रवैयाले त झनै सरकार र रैतीको सम्बन्ध पो बनाउन भ्याएको छ । शिक्षकको दोषारोपणले त्यही कुरा प्रमाणित गर्छ । छुट्टाछुट्टै समूहको छलफल त ज्याक्स डेरिडाको गुन्गुनाहट सम्झाउँछ (Differance) । यो समितिमा संवाद सिर्जिने कि मोर्चाबन्दी गर्ने ? अहिले मोर्चाबन्दी छ । संवादमा नलगे केही पनि हुनेवाला छैन । किनभने आजका बदल्नेहरू संवादी पक्षहरू हुन् । जहाँ व्यवस्थापन समितिले केही बदलेको देखिन्छ त्यहाँ संवाद कारक छ । जहाँ दबाब छ, त्यहाँ छलछाम छ । जहाँ दबाब र छलछाम दुवै अवस्था छैन त्यहाँ मात्र यथास्थिति छ; व्यवस्थापन समिति गठन भए पनि । नभएकोमा किन चाहियो र भन्ने मनस्थिति बनेको छ ।

## ६. स्कूलैपिच्छे व्यवस्थापन समिति चाहिन्छ त ?

हिजोका दिनमा व्यवस्थापकले नै स्कूल खोले । शिक्षकले नै खोले । शिक्षक र व्यवस्थापककै मिलेमतोमा स्कूल खोलिए । आज स्कूल खोल्ने दिनहरू छैनन् । बन्द गर्ने दिनहरू छन् । मिलान (Merger) गर्ने दिनहरू छन् । त्यसमा पनि नेपालको संविधान २०७२ र प्रस्तावित शिक्षा ऐन आठौं संशोधनले त स्कूलपिच्छे व्यवस्थापन समिति किन र भन्ने चिन्तन जन्माइ दिएको छ । पहिलोले भन्यो- आधारभूत, माध्यमिक र अनौपचारिक शिक्षा स्थानीय सरकारको जिम्मामा चल्छ; गाउँपालिकाको, नगरपालिकाको । दोस्रोले भन्यो- ठूला स्कूलहरू खोलिनु पर्छ । एशियाली विकास बैङ्क जस्ता दयालु साहूले भनिदिए ठूला स्कूललाई सघाउन तयार छौं । यो स्थितिमा प्रश्न उठछ- विद्यालय सञ्चालनको जिम्मेवारी गाउँपालिका तथा नगरपालिकाको होइन र ? अनि

व्यवस्थापन समिति चाहिँ शिक्षा मन्त्रालयले किन बनाउने । के यो युक्तिसङ्गत हो र ? न्यायिक हो ? गाउँपालिका तथा नगरपालिकालाई न्याय भयो र ? यस दृष्टिकोणबाट सोच्दा अर्को निकास निस्किन्छ- गाउँपालिका तथा नगरपालिका तहको व्यवस्थापन समिति गठन गर्ने । उसैले आवश्यक ठानेको स्कूलमा सहयोग समिति बनाउने । अन्यथा गाउँपालिका वा नगरपालिकालाई नै स्कूल सञ्चालनको जिम्मेवार बनाउने । दोस्रो निकास हुन्छ- गाउँपालिका वा नगरपालिका भरिका व्यवस्थापन समितिहरूलाई उनीहरूकै छातामुनि सञ्चालित गर्ने । यो सोच त्यति व्यावहारिक देखिन्न । नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष बाबुराम थापाको शब्दमा 'बतासे' संस्थाहरू छौं, हुन्छौं; फूल नपार्नेहरू, चल्ला कोरल्न नजान्नेहरू । दलीय आग्रह बोकेका घोडे समितिहरूको सञ्जालले दलहरूलाई सघाउँछ । स्कूललाई सघाउँछ भन्ने कुरामा ग्यारेण्टी छैन । शिक्षक संघ सङ्गठनहरू त्यसका ज्वलन्त उदाहरणहरू हुन् । तिनीहरूले आ-आफ्ना राजनीतिक दललाई सघाएकै छन् । दलहरूले बोकेअनुसारका शिक्षा बनाउन चाहिँ पहल नै गरेका छैनन् । त्यही हाल व्यवस्थापन समितिमा पनि देखिन्छ । यसको अर्थ हो- हाम्रा 'बतासे' सञ्जालहरू माउकै काम गर्छन् । स्कूलको काम गौण हो उनका लागि । यस स्थितिमा गाउँपालिका वा नगरपालिकामा सञ्चालित व्यवस्थापन समितिहरूलाई समालोचक व्यवस्थापक (Critical Manager) बनाउने को ? बनाउने कसरी ? अर्थात् एकदलीय परपरामा हुर्केकाहरूलाई विश्लेषक बनाउने को ?

गाउँपालिका र नगरपालिकामा पनि दलीय गन्ध हुन्न र ? विगतको अनुभवले भन्छ- व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारी जहाँसुकै पनि आफ्नै दलका व्यक्तिहरू भर्ना गर्ने मनोवृति बोकेका बबुरा राजनीतिक दलमा समालोचक व्यक्ति पचाउने क्षमता छ र ? हुन्छ र ? त्यस्तै आफ्नाहरू भर्ना गर्ने अनि आफ्नो शिक्षा नीति लागू नगर्ने विचार भएका राजनीतिक दलबाट थप आशा गर्ने ठाउँ छ र ? मेरो अनुभवले भन्छ- छैन । यस स्थितिमा दोस्रो निकास अव्यावहारिक हुन्छ- पुर्ख्यौली शब्दमा मान्छेको बिस्कुन हुन्छ । घाँडो; न चलाउन सकिने, न स्वतः चल्ने । यस स्थितिमा मेरा दुईवटा चिन्तनहरू हुन्छन् । पहिलो चिन्तन हो- गाउँपालिका वा नगरपालिकाको नेतृत्वमा विद्यालयहरूको सिङ्गो व्यवस्थापन समिति बनाउने । दोस्रो, अहिलेका जस्ता प्रचलित व्यवस्थापन समितिहरूलाई कार्यकारी अधिकार सहितको प्रतियोगी संस्था बनाउने । दुवै चिन्तनमा गतिला व्यवस्थापकहरूको खोजी गर्ने । अभिभावकहरूसँग आवधिक सम्पर्क सुनिश्चित

गर्ने व्यवस्थापक। विद्यार्थीसँग त्यसै गर्ने व्यवस्थापक। यसो गर्नाले दुवै बाटो खुल्छ। स्कूलैपिच्छे व्यस्थापन समिति चाहिन्छ भन्नेहरूको पनि उद्देश्य पूरा हुन्छ। स्थानीय सरकारको तहमा एउटै समिति भए पुग्छ भन्नेहरूको लक्ष्य पनि पूरा हुन्छ। यसो गर्दा स्कूलको तहमा चाहिँ उपभोक्ता समितिको अवधारण लागू गर्नुपर्छ। काम परे उपभोक्ताहरूको समिति बनाउने। काम सकिए भङ्ग हुने।

## ७. दलीय आग्रहबाट माथि उठाउन सकिएला त ?

सैद्धान्तिक गोलबन्दी हिजोको आवश्यकता हो। राणाशाहीमा राणाविरुद्ध भिड्न। राजशाहीमा राजाविरुद्ध लड्न। अब सिद्धाततः लड्ने ठाउँहरू नै छैनन्। यस अर्थमा राजनीतिक लडाइँ छैन्। स्वतन्त्रता खोज्ने सबै शासक भइसक्यौँ। वर्ग नियन्त्रित राजनीति गर्नेहरू प्रतिनिधित्वको राजनीतिमा पुगिसक्यौँ। केन्द्र निर्देशित अर्थतन्त्रका वकालतकर्ताहरू खुल्ला अर्थतन्त्रका हिमायती भइसक्यौँ। जातजातीय र धार्मिक कट्टरता बोकेकाहरू अन्तरघुलित हुन थाल्यौँ। आफैमा लचिला बन्न थाल्यौँ। शास्त्रहरूलाई पुनर्व्याख्या गरेर; बेवास्ता गरेर; सान्दर्भिक बनाएर। त्यस्तै समाजिक क्रान्तिका लागि सबै दलहरू एउटै बिन्दुमा उभिन पुगिसक्यौँ। अबको दलीय आग्रह र पूर्वाग्रह रुढीवाद मात्र हो। हिङ बाँधेको टालो हल्लाउने अभ्यास। यो सैद्धान्तिक धुमिलताले अर्को समभावना खोज्यो। त्यो हो- साँच्चैका नागरिक समाज बन्ने अभ्यास। यो अभ्यासले ढिक्किने हरू (Bulkanized) थिग्रिन पुग्छन्। अब्राहम लिङ्कनले खोजेका जस्तै शिक्षक नै बन्छन्। नराम्राहरूमा राम्रा कुरा र दागमा रश्मि खोज्ने खोजाउने हाम्रो संस्कार अगाडि बढ्छ।

शिक्षाको फाँटमा पनि एकीकृत वैचारिक अभ्यास देखा परिसक्यो। अनिवार्य शिक्षा। शिक्षामा उत्पादन मिसाउने रहर। रोजगारी र शिक्षा जोड्ने रहर। व्यवहारबाट सिद्धान्तमा डोहोऱ्याउने अभ्यास। कारण र असर खोज्ने खोजाउने प्रयास। यी र यस्ता दिमागी अभ्यासले भन्छ दलीय आग्रह र पूर्वाग्रहका कुरा ऐतिहासिक भइसके। वर्तमानले त मिलन बिन्दु खोजिरहेछ। यस स्थितिमा स्कूलैपिच्छे दलीय मिलन बिन्दु खोज्न र खोजाउने तागत व्यवस्थापन समितिको सञ्जालमा छ त ? भर्न सकिन्छ त ? उनीहरूमा नै माथि उठ्न खोज्ने रहर छ त ? तागत छ त ? तागत भरिदिने सरकारी र गैरसरकारी संस्थाहरू छौँ त ? समस्याको गेडो यहीँ छ। मिलाउन सक्ने अनेकन

सम्भावनाहरू छन् । कहाँबाट शुरू गर्ने भन्ने प्रश्न हुन सक्छ । जहाँ तयार छौँ, त्यहीँ शुरू गरौँ । मेरो उत्तर त्यही हुन्छ । यस अर्थमा दलीय आग्रह र पूर्वाग्रह अब बाहना हुन् । टार्नेहरूको । टार्न खोज्नेहरूको । त्यसैले बाहनाबाट उठने कि ?

## ८. निर्क्योल के त ?

शिक्षकको विकल्प शिक्षक नै हो । व्यवस्थापन समिति त नभए पनि हुन्छ । निजी स्कूलमा शिक्षकले पनि चलाएकै छन् । लगानीकर्ताले पनि । यस अर्थमा दुवै व्यवस्थापक हुन् । दुवै होइनन् । सरकारी अधिकारको भाषामा हेर्दा त्यही हो । तर चलेकै छ । सरकारी स्कूलमा व्यवस्थापन समिति छ । छैन । हुनुपर्छ । यही लडाइँ हो । नभए पनि भएकै छ । क्रियाशील नहुँदा पनि केही फरक परेको छैन । त्यसो भए लडाइँ त्यो हो र ? व्यवस्थापकीय सीप नभएकाले के को व्यवस्थापन गर्ला र ? यस अर्थमा यो ऐँजेरु संस्था हो । पाले पालिन्छ । फाले पनि मूल रूखलाई फरक पर्दैन । त्यसका लागि शिक्षकको दिमागी संरचना चाहिँ बदल्नै पर्छ । राजनीतिक दलहरूले गर्नुपर्ने काम त्यही हो ।

दोस्रो निर्क्योल हो- स्कूलैपिच्छे व्यवस्थापन समिति पाल्ने परम्परा बेकार हुन्छ । सरकारको तहमा एकल व्यवस्थापन समिति बनाए हुन्छ । गाउँपालिका स्तरीय; नगरपालिका स्तरीय । यस अर्थमा शक्ति विकेन्द्रीकरणको सिद्धान्त लागू हुन्छ । यसो गर्दा निर्वाचन खर्च घट्छ । शिक्षकको टाउको दुखाइ हट्छ । विद्यालय तहमा उपभोक्ता समिति बनाए काफी हुन्छ । तेस्रो निर्क्योल हो- विद्यमान व्यवस्थापन समितिका व्यक्तिका तागतहरूको आधारमा स्रोत व्यक्तिहरूको रोष्टर तयार पार्नु । त्यसको प्रयोगका लागि आफू तयार हुनु । स्थानीय तहकै स्रोत व्यक्ति जिल्लाका स्रोत व्यक्ति हुन् । स्कूलले प्रयोग गर्न मिल्ने । सक्ने । यस अर्थमा उनीहरू स्रोत व्यवस्थापक सदस्य बन्न जाने । चौथो निर्क्योल हो- व्यवस्थापन समिति राख्नै पर्ने भए शिक्षक, विद्यार्थी र अभिभावकसँग एकल वा बहुपक्षीय संवादलाई संस्थागत गर्नु । पाँचौ निर्क्योल हो- स्कूलपिच्छे व्यवस्थापन समिति राख्नु परे कर्तव्योन्मुख समिति मात्रै राख्नु । अधिकारको कुरै नगर्ने । जिम्मेवारीको कुरा गर्ने । शिक्षकलाई सघाउने जिम्मेवारी । किनकि भर्ना गर्ने अर्कै । तलब दिने अर्कै । खटनपटन गर्ने अर्कै । किन टेर्छन् शिक्षकले व्यवस्थापन समितिलाई ? केको रहरमा अधिकार चाहियो र ?

❀❀❀

## अध्ययन गरिएका सामग्रीहरू


Buchmann, Claudia and E Hannum. 2001. 2001. Education and Stratification in Developing Countries: A Review of Theories and Research. *Annual Review of Sociology*Vol. 27, (2001), pp. 77-102. http://www.jstor.org/stable/2678615

Danielson, Charlotte. 2014. Talk About Teaching! Leading Professional Conversations. SAGE/AdvantEDGE, New Delhi. India.

*EI Newsletter16 Sept 291`5; 25 June 2915; 12 and 30 March 2015; and 4 Feb 2015*. Education International.

Gang, Ira N, K F Zimmermann. 1999. Is Child like Parent? Educational Attainment and Ethnic Origin, IZA Discussion paper series, No. 57. http://hdl. handle. net/10419/20892

Howley, Aimee and Stan Maynard. 2007. Parent and Community Involvement in Rural Schools. Educational Resource Information Center (U. S. Department of Education) Updated on Jul 26, 2007. http://www.education.com/reference/article/Ref_Parent_Community/

International Center for Public PolicyWorking Paper 14-12. January 2014Educational Infrastructure, School Construction, & Decentralization in Developing Countries.

Kassam, Yusuf. 1997. Julius Kamburge Nyerere in Thinkers on Education, Vol 3 (Ibn KHALDUN to READ). UNESCO Publishing/ Oxford and IBH Publishing.

Lloyed B, Cynthia and A K Blanc. 1996. Children's Schooling in Sub-Saharan Africa: The Role of Fathers, Mothers and Others. Population and Development Review, Vol. 22, No. 2, Jun. , 1996. Pp 265-298. http://www.jstor.org/discover/10.2307/2137435?sid=21105491312233&uid=2&uid=4

Marphatia, Akanksha A, K Edge, E, Legault, D Archer. 2010. Politics of participation: parental support for children's learning and school governance in Burundi, Malawi, Senegal and Uganda: Research report on parental participation, The Improving Learning Outcomes in Primary Schools (ILOPS) Project. Action Aid and Institution of Education, University of

London. http://www.actionaid. org/sites/files/actionaid/ilops_parents_final. pdfOlender, Rosemary A, J & R Elias. 2014. The School Home Connection: Forging Positive Relations with Parents. SAGE/Advant-EDGE, New Delhi. India.

Olsen, M. L. Fuller. 2010. The Benefits of Parent Involvement: What Research Has to Say. Pearson Allyn Bacon Prentice Hall. Updated on Jul 20, 2010. http://www.education.com/reference/article/benefits-parent-involvement-research/?addcollection

UNICEF (2000). *Developing quality in education: A paper presented by UNICEF at the Meeting of the international working group on education*. Florence, Italy.

UNESCO vender 480051.

World Applied Sciences Journal 15 (3): 392-399, 2011ISSN 1818-4952. IDOSI Publications.

# नेपालमा विद्यालय व्यवस्थापनको ऐतिहासिक विवेचना र त्यसको सार

**महाश्रम शर्मा***

## सारांश

प्राचीन कालमा अनौपचारिक रूपबाट शुरू भएको विद्यालय व्यवस्थापन राणाकालमा राणाशासकहरूकै नियन्त्रणमा रही राणाशासनपछि जनताको नियन्त्रणमा आएको देखिन्छ । शिक्षाको राष्ट्रियकरणसँगै वि.सं. २०२८ पछि विद्यालयको व्यवस्थापनलाई तत्कालीन सरकारले अधिकतम केन्द्रीकरण गर्ने प्रयास गरेको देखिन्छ । बहुदलीय व्यवस्थाको पुनःस्थापनासँगै विद्यालय व्यवस्थापनमा स्थानीय समुदायको अधिकार पुनःस्थापित भई विद्यालय व्यवस्थापन समितिलाई अधिकार सम्पन्न बनाउन खोजियो । यो परिस्थितिसम्म आइपुग्न दुई कुराले प्रभाव पारेको देखिन्छ । पहिलो- देशमा बहुदलीय लोकतन्त्रको पुनःस्थापनापछि आमनागरिकको चाहनालाई सम्बोधन गर्न विकेन्द्रीकरणलाई प्राथमिकता दिने र दोस्रो- अन्तर्राष्ट्रिय मञ्चमा प्रतिबद्धता जनाएको र देशलाई आवश्यक ठानिएको सबैका लागि शिक्षाको उद्देश्य पूरा गर्ने । त्यसका लागि राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय विकास साझेदारसँगको सम्बन्धलाई समेत

* पूर्व सचिव नेपाल सरकार, पूर्व प्रवक्ता, शिक्षा मन्त्रालय

सुमधुर बनाउँदै शिक्षाको राष्ट्रिय उद्देश्य पूरा गर्ने हेतुले स्थानीय अभिभावकलाई अधिकार सम्पन्न बनाउन वि.सं. २०५८ को शिक्षा ऐनको सातौँ संशोधनले बाटो खुला गऱ्यो। शिक्षा ऐनको सातौँ संशोधनपश्चात हालको अवस्थासम्म आइपुग्दा २०६२ सालपछिको परिवर्तनको जगमा नेपालले अपनाएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई संविधानतः विन्यास त गरिएको छ तर संविधानले सुनिश्चित गरेका विषयहरूमध्ये विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय सरकारको हुने भएबाट शिक्षा ऐनको आठौँ संशोधन (२०७२)ले निर्दिष्ट गरेको विषयहरूलाई संविधानले सुनिश्चित गरेका विषयहरूसँग तादात्म्यता मिलाई व्यवस्थापनमा स्थानीय सरकार मार्फत सरोकारवालाको सहभागितालाई सुनिश्चित बनाउँदै जानुपर्ने चुनौती थपिएको छ। हाम्रा अगाडि रहेका यी चुनौती र सम्भावनाहरूबीच सामञ्जस्य राख्दै स्थानीय सरकारले विद्यालयको शासकीय व्यवस्थापनको कार्यान्वयनमा विद्यालय व्यवस्थापन समितिलाई नै अधिकार सम्पन्न बनाउने र विद्यार्थीको गुणस्तरीय सिकाइका लागि विद्यालयलाई नै पूर्ण जिम्मेवार बनाए मात्र विद्यालय शिक्षामा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ भन्ने प्रस्तुत लेखको निचोड रहेको छ।

नेपालको प्राचीन शिक्षालाई नियाल्ने हो भने परम्परागत रूपमा चल्दै आएका सामाजिक मूल्य र मान्यताहरू एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुँदै जाने परम्परा रहेको पाइन्छ। धार्मिक गुरुहरूद्वारा लोकको उपकारका निमित्त आफ्ना आश्रमहरूमा समुदायको सहयोगमा चलाइएको पठनपाठनबाट नै शिक्षाको जग बसेको देखिन्छ। शिक्षा निरन्तर चलिरहने प्रक्रिया भएकाले यसबाट मानवको बहुआयामिक व्यक्तित्वको विकास भएको देखिन्छ। त्यसैले सृष्टिको शुरूदेखि नै अनौपचारिक रूपबाट शिक्षा व्यवस्थाको सञ्चालन भई विद्यालय वा महाविद्यालयहरू नभए पनि शिक्षा प्राप्त गर्ने अनेकन् व्यवस्था र उपाय क्रमशः विकास भएका थिए।

समयको परिवर्तनसँगै शिक्षा आर्जन गर्ने तौरतरीकामा पनि परिवर्तन आएको देखिन्छ। यसरी हेर्ने हो भने पहिले गुरुकुल पद्धति, लिच्छवि कालमा संस्थागत पद्धति, मल्ल कालमा शिक्षापीठ पद्धतिका साथै पृथ्वीनारायण शाहका पालामा समेत दिगो व्यवस्था कायम गर्ने र व्यवसाय एवम् औद्योगिक शिक्षाको संरक्षणमा जोड दिएको पाइन्छ। राणाकालमा शिक्षाले जनचेतना बढाउँछ भन्ने डरले शिक्षाप्रति कठोर नीति लिए पनि त्यस समयमा पनि केही महत्त्वपूर्ण व्यवस्थापकीय कार्यहरूबाट आधुनिक शिक्षाको विकास

भएको देखिन्छ । संविधानले निर्धारण गरेको निर्देशक सिद्धान्तलाई नै मूलतः वर्तमान शिक्षाको केन्द्रबिन्दु मान्नुपर्छ। देश, काल, परिस्थितिअनुसार मुलुकले के-कस्तो शिक्षालाई ग्रहण गऱ्यो र गर्नुपर्छ, त्यसको व्यवस्थापकीय ढाँचा कस्तो थियो र हुनुपर्छ भन्ने विषयहरूलाई तत्‌तत्‌ बेलाको संवैधानिक व्यवस्थाले नै आधार दिएको हुन्छ। नेपालमा शिक्षा विकासको अनौपचारिक शुरूवात धेरै अगाडि भए तापनि २००७ सालमा प्रजातन्त्र आएपश्चात्‌ मात्र शिक्षा विकासका लागि योजनाबद्ध प्रयासहरू थालनी हुन गई शिक्षाका योजनालाई कार्यान्वयन तहसम्म पुऱ्याउन विभिन्न व्यवस्थापकीय संरचनाको निर्माण गरिएको थियो । त्यसैले यस लेखमा मूलतः राणाकालभन्दा अघिको, राणकालीन, २००७ सालदेखि २०२८ सालसम्मको, २०२८ देखि २०४६साल र हालसम्मको शैक्षिक व्यवस्थापनको विश्लेषण गरी विद्यालय व्यवस्थापनका सन्दर्भमा हालका चुनौतीहरू र त्यसलाई सम्बोधन गर्न अबको बाटो के हुने भन्ने विषयमा समसामयिक दृष्टिकोण प्रस्तुत गर्ने प्रयास गरिएको छ।

## १. राणाकाल अघिको विद्यालय व्यवस्थापन

नेपालको इतिहासलाई नियालेर हेर्ने गर्ने हो भने यसको गौरवमय सांस्कृतिक तथा शैक्षिक परम्परा रही आएको देखिन्छ। प्राचीन कालदेखि नै नेपाल ऋषिमुनिहरूले ध्यान गरी ज्ञान प्राप्त गर्ने थलोको रूपमा प्रख्यात रहिआएको तथ्य सर्वविदितै छ । शिक्षा लिन गुरुको आश्रममा जाने र निश्चित समयावधिमा कुनै विषयमा विद्या आर्जन गर्ने चलन थियो। यसरी गुरुकुल शिक्षा पद्धति आधुनिक विद्यालय प्रणालीको प्रचलन शुरू नहुँदासम्म पनि चलनचल्तीमा रह्यो। त्यसैले नेपाली समाजमा गुरुकुल शिक्षा प्रणालीको गहिरो छाप परेको छ।

पछि आएर गुरुकुल पद्धतिलाई लिच्छविकालमा संस्थागत स्वरूप दिइएको देखिन्छ। शिक्षाको राम्रो व्यवस्थाले गर्दा यस समयमा प्रशस्त काम हुन गई लिच्छविकाल इतिहासमा सुनौलो समयको रूपमा प्रख्यात छ। त्यो समय मूलतः धर्मप्रधान थियो। त्यसो हुनाले धार्मिक बौद्ध विहार, गुम्बा, मन्दिरजस्ता संस्थाहरूबाट शिक्षा दिने परिपाटीले गर्दा यस समयमा नैतिक, धार्मिक, व्यावसायिक र कला शिक्षाको विकास उल्लेख्य रूपमा

भएको देखिन्छ। त्यति बेला राजा र जनताबाट प्रदान गरिएका श्रद्धापूर्वक दानका आधारमा आवास र भोजनको व्यवस्था हुन्थ्यो। त्यसैले अध्यापन निःशुल्क हुन्थ्यो। कतिपय मन्दिरहरू पनि विद्या केन्द्रका रूपमा रहने गरेका थिए। अर्कोतर्फ संस्कृत शिक्षा परम्पराका साथै त्यसबेला बौद्ध शिक्षा पनि उत्तिकै प्रचलित थियो। त्यहाँ प्राकृत तथा पाली भाषा, बौद्ध दर्शन तथा साहित्य, त्रिपिटक, जातक आदि विषयहरू पढाइन्थे। बौद्ध शिक्षा गुरुका रूपमा भिक्षुद्वारा दिइन्थ्यो। विहार र गुम्बामा प्रदान गरिने शिक्षा गुरुकुल परम्पराको संस्कृत शिक्षाभन्दा बढी सङ्गठित थियो। भिक्षुहरूले नै विहार, मठ, गुम्बाहरूको व्यवस्थापन गर्दथे।

लिच्छवि कालमा संस्कृत शिक्षा तथा बौद्ध शिक्षा धार्मिक संस्थाहरूमा नै दिएको पाइन्छ। लिच्छवि कालको प्रशासनमा शैक्षिक क्षेत्र हेर्ने प्रशासनिक अंग अग्रहार थियो। अग्रहारलाई शिक्षाको केन्द्रको रूपमा लिएको पाइन्छ (पौडेल र अधिकारी, २०११)। त्यस बेलाका शिक्षाप्रेमी दाताहरूको दानदातव्यबाट शिक्षा केन्द्रहरू चल्ने गरेका थिए। शिक्षा केन्द्रमा राखिएका विभिन्न गुठीहरू सरकारी, सामूहिक, पारिवारिक र व्यक्तिगत पनि हुने गर्दथे। वास्तवमा शिक्षा सञ्चालनको मुख्य आधार नै गुठी मानिन्थ्यो।

मल्ल कालीन समयमा पनि सर्वसाधारणका लागि शिक्षा आदानप्रदानका लागि औपचारिक बन्दोबस्त भएको पाइँदैन तापनि मल्ल राजाहरूले शिक्षा विकासमा सहयोग चाहिँ पुऱ्याएका थिए। जयस्थिति मल्लले शिक्षा केन्द्र मन्दिर र मठहरूमा हेरविचार गर्न गुठीको व्यवस्था गरी शिक्षा विकासमा जोड दिएका थिए। पाटनका राजा सिद्धिनरसिंह मल्लले धर्मबाट शिक्षालाई छुट्ट्याइदिएका थिए। यसअघिसम्म शिक्षा धार्मिक संस्था वा यिनका प्रमुखबाट दिने कार्य बन्द गरी छुट्टाछुट्टै बहालहरू बनाई त्यहाँबाटै शिक्षा दिने व्यवस्था गरी शिक्षा धर्म निरपेक्ष बनाउने प्रयास गरेका थिए। मल्लकालमा विशेषगरी राजप्रासाद सेवकहरू शिक्षित नभएसम्म काम चल्दैन भन्ने भएकाले त्यस्ता सेवकहरूले दरबारभित्रको लेखापढी वा बहिखाता दुरुस्त पार्नेदेखि राजाहरूका प्रशस्ति लेख्नेसम्मका काम पनि गर्दथे।

मल्ल कालमा पीठ पद्धति थियो जसअनुसार त्यति बेला साहित्य, कला, मूर्ति, भवन, मन्दिरहरूको निर्माण एवम् विकास भएको थियो। उच्च कोटीका विद्वान्हरूको आउने-जाने केन्द्र वा थलोको रूपमा विकास भएकाले यस कालमा नेपाल ठूलो शिक्षापीठ हुन पुगेको थियो। नालन्दा विक्रमशिला

विहारका विद्वान्, सिकारुहरू समेत नेपालमा आई शिक्षा पीठ पद्धतिबाट गरिएका शैक्षिक कार्यहरू हेर्ने-सिक्ने गर्दथे ।

नेपालको एकीकरण हुनु पूर्व कतिपय ठाउँ जस्तै- डोटी, जुम्ला, कास्की, पाल्पा आदि ठाउँमा संस्कृत भाषाकै माध्यमबाट शिक्षा दिइन्थ्यो भने गोरखाका शाहवंशीय राजाहरूले आफ्ना राजकुमारहरूको पठनपाठन गुरूपुरोहितबाट गराउँदथे । गुठीको आयस्ताबाट विद्यालय सञ्चालन गर्ने गरिन्थ्यो । वनारसमा अध्ययन गरेर फर्केका पण्डितहरू राजाहरूका दरबारमा राज्य सञ्चालनका सल्लाहकार बन्दथे र शिक्षाका लागि पनि उनीहरू नै सल्लाहकार हुन्थे ।

पृथ्वीनारायण शाहको उदयसँगै नेपालमा कुटिल राजनीति शुरू भइसकेको थियो । औपचारिक रूपमा नभए पनि पाठ्यक्रम शास्त्रीय शिक्षामा आधारित थियो । त्यस बेला दुनोट, रामायण, महाभारत, चण्डी, व्याकरण, अमरकोश, कौमुदी आदि घोकेर श्लोक भट्टयाउन र भरपाई, तमसुक लेख्न जान्ने भए विद्वानूमै कहलिन्थ्यो । शिक्षाका लागि राज्यद्वारा गुठी ठेकिन्थ्यो र त्यसको आयस्ताबाट गुरुहरूको जीविकोपार्जन हुने भएकाले शिक्षा निःशुल्क रहन्थ्यो । छात्रहरू गुरुकै निवासमा गई शिक्षा आर्जन गर्नुपर्ने भएकाले गुरुहरूले नै छात्रावास आदिको व्यवस्था मिलाउँथे । गुरुका आश्रमबाहेक मठ, मन्दिर, घर वरपर, गोठ, चौर, सत्तल आदि ठाउँमा गुरुले छात्र भेला गरेर शिक्षित पार्ने काम गर्दथे । शिक्षकहरू प्रायः ब्राह्मण हुन्थे र उनीहरूले वेद पढाउने, यज्ञ गराउने गर्दा दान लिने दिने गर्न पाउने (मनुस्मृति, अध्याय १०, श्लोक ७५, अधिकारी, प्रकृति २०७२) परम्परादेखि चल्दै आएको व्यवस्था नै कायम रहेको थियो ।

## २. राणाकालीन विद्यालय व्यवस्थापन

पृथ्वीनारायण शाह र बहादुर शाहको अवसानपछि नेपाल अस्तव्यस्त एवम् कमजोर हालतबाट गुज्रिरहेको थियो । जसको कारणले नेपालमा १०४ वर्षसम्म राणाहरूको प्रभुत्व कायम थियो । उक्त समयमा शिक्षाको व्यवस्थापन एवम् विस्तारमा केही संकुचन भए तापनि केही उल्लेख्य काम पनि भएको पाइन्छ ।

वि.सं. १९०६ मा जंगबहादुरले युरोप भ्रमणका बखत बेलायतमा भएको शिक्षाको विकासदेखि धेरै प्रभावित भएर आफ्ना भाइभारदारहरूका

छोराछोरीलाई अंग्रेजी शिक्षा दिलाउनका लागि र अंग्रेजसँग सम्पर्क बढाई आफ्नो शासन बलियो राख्न उनले वि.सं. १९१० साल असोज २७ गते अंग्रेजी प्रारम्भिक स्कूल स्थापना गरे। थापाथली दरबारमा स्थापना गरिएकाले त्यसलाई 'दरबार स्कूल' भनियो। यो नेपालको पहिलो आधुनिक शिक्षालय थियो। यसरी नेपालमा आधुनिक शिक्षाको शुरूवात भए तापनि सामान्य मान्छेका छोराछोरीलाई उक्त विद्यालयमा पढ्ने अनुमति थिएन। पछि रणोदीप शाहले दरबार स्कूललाई दरबारबाट बाहिर स्थापित गरी हजुरियाका छोराछोरीले समेत पढ्न पाउने गरी व्यवस्था मिलाएका थिए भने वीरशमशेरले संस्कृत पाठशालामा १३० विद्याथीलाई गाँस, बास, आवासको व्यवस्था गर्न आर्थिक सहायता गरेका थिए। देवशमशेरले काठमाडौंमा ५० र बाहिर १०० भाषा पाठशाला स्थापना गरे। जुद्धशमशेरले व्यावहारिक शिक्षा दिने योजना बनाई पहाडमा ३०, तराईमा ४० ओटा आधार स्कूल स्थापना गरेर जनतामा आएको शिक्षाप्रतिको चेतनालाई विचार गरी उनले कसैले विद्यालय खोल्ने मन गरे डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनको व्यवस्था गरी त्यस संस्थासँग अनुमति लिई स्कूल खोल्न सकिने व्यवस्था गरी आर्थिक सहायताको समेत प्रबन्ध गरिदिएका थिए। शिक्षाका विभिन्न पक्षमा सल्लाह दिन गठित यो शिक्षा बोर्ड नेपालको शिक्षासम्बन्धी पहिलो बोर्ड मान्नुपर्ने देखिन्छ।

त्यसपछि सर्वसाधारणले स्कूल खोल्दा गर्नुपर्ने कार्यसमेतको जानकारी दिन वि.सं. १९९६ माघ ८ गते शिक्षासम्बन्धी पहिलो इस्तिहार अर्थात् विज्ञापन घोषणा भएको थियो। नेपालको शैक्षिक विकासको क्रममा विद्यालय निरीक्षण व्यवस्थापन, पाठ्यक्रम, जनसहभागिता, सञ्चालक समितिजस्ता विषयमा आमसरोकारवालालाई सरिक गराउने आधार बन्यो र र यसै अन्तर्गत स्वीकृति लिएर खोलिएका विद्यालयलाई सरकारी आर्थिक सहायता दिन थालियो। वि.सं. २००४ मा पद्मशमशेरबाट संवैधानिक कानूनको घोषणा भएपछि मौलिक हक संवैधानिक कानूनमा व्याख्या भयो र धमाधम विद्यालय खोलिन थाले। शैक्षिक प्रशासनका दृष्टिले नेपाललाई ३ क्षेत्र जनकपुर, काठमाडौं र पाल्पामा बाँडेर जनकपुर र पाल्पामा डेपुटी इन्स्पेक्टर अफ स्कूल स्थापना गरियो। तर समग्रमा यो बेला शिक्षाको व्यवस्थापकीय नियन्त्रण राणा शासकहरूको हातमा नै थियो। केन्द्रीय रूपमा वि.सं. १९१५मा स्थापना भएको शिक्षा विभाग जुन हरेक शैक्षिक संस्थाको नियमन गर्ने एक मात्र संस्था थियो। त्यसमा राणाशासन अन्त्य नहुन्जेल राणाका आर्मी जनरल

मात्र विभागका प्रमुख र निर्देशक थिए । विद्यालय कुनै पनि नीति-नियम नभई निर्देशकको प्रशासकीय र व्यवस्थापकीय निर्देशनमा मात्र चले । वि.सं. १९९६मा शिक्षा इस्तिहार पास भएपछि मात्र शैक्षिक संस्थाको प्रशासन र वित्तमाथि विभागको अख्तियारीलाई कानूनी रूप दिइएको कारणले विद्यालय खोल्न केही खुकुलो अवस्था सिर्जना भएको थियो ।

## ३. वि.सं. २००७ देखि २०२८ सालसम्मको विद्यालय व्यवस्थापन

२००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव भएपश्चात् शिक्षाप्रति जनतामा अभूतपूर्व लहर, उत्साह आयो । मुलुकभरि द्रुत गतिमा विद्यालय खोल्न थालियो र विद्यालयको संख्या ह्वात्तै बढेर गयो । विद्यालय व्यवस्थापनका विविध समस्यालाई राष्ट्रिय रूपमा सम्बोधन गर्न २०११ सालमा राष्ट्रिय शिक्षा आयोग गठन भई पहिलो पल्ट शिक्षाको व्यवस्थापनको स्वरूपलाई राष्ट्रिय आकार दिई शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, पाठ्यक्रम, शिक्षण विधि, शिक्षक तालिम, परीक्षा र विद्यालय सञ्चालन एवम् समग्र शिक्षा प्रणालीकै व्यवस्थापनका लागि सुझाव प्रस्तुत गरिएको थियो । वास्तवमा आयोगले व्यावसायिक शिक्षामा प्राथमिकता दिनुपर्ने, प्रौढ शिक्षामा जोड दिनुपर्ने, महाविद्यालय थोरै र साक्षरता कार्यक्रम सबैका निम्ति सञ्चालन गर्नेजस्ता विषयमा सिफारिस गरी शिक्षाको व्यवस्थापनमा जोड दिएकाले शिक्षाको अस्तव्यस्ततालाई हटाउन आयोगको सिफारिस मार्गदर्शक सावित भयो ।

प्रजातन्त्रको आगमनसँगै देशको धेरै भागमा स्थानीय पहलमा खोलिएका विद्यालयहरूको पूर्ण व्यवस्थापन गर्न तत्कालीन अवस्थामा केही सङ्गठनात्मक संरचनाको परिवर्तन गरिएको थियो । जस्तै, शिक्षा मन्त्रालयको स्थापना र क्रमशः अन्य प्रशासनिक सङ्गठनको विस्तार गरिएको थियो । राष्ट्रिय शिक्षा आयोगको सिफारिसमा विद्यालय प्रशासन र व्यवस्थापनका लागि शिक्षा मन्त्रालयले नयाँ नीतिहरूको अवलम्बन गर्दै शैक्षिक विकेन्द्रीकरण गर्ने उद्देश्यले देशको भौगोलिक भू-भागलाई ७ क्षेत्रमा बाँडेर २०१०मा डिभिजिनल इन्स्पेक्टरको व्यवस्था गरेको थियो । निरीक्षण र प्रशासनका लागि २०१३ मा राष्ट्रिय प्राइमरी स्कूल डिभिजन र २०१४ मा राष्ट्रिय माध्यमिक डिभिजन खडा भयो । वि.सं. २०१५ मा शैक्षिक प्रशासनलाई २८ जिल्लामा विभाजन गरियो ।

वि.सं. २०१८को आयोगले दिएको सिफारिस बमोजिम प्राथमिक शिक्षा र माध्यमिक शिक्षाको पाठ्यक्रमको व्यवस्था भयो । शिक्षालाई अझ व्यवस्थित गर्न त्यसपछि क्रमशः १४ अञ्चल र ७५ जिल्ला शिक्षा कार्यालय स्थापना भए । शिक्षक बन्न चाहनेहरूका लागि २०२३मा शिक्षक अधिकार पत्रको व्यवस्था (शिक्षक लाइसेन्स), २०२५मा शिक्षा ऐनको व्यवस्था र २०२७मा शिक्षा नियमावलीको व्यवस्था गरी विद्यालय सञ्चालक समितिबाट शिक्षक नियुक्ति गर्ने व्यवस्था गरिएको थियो । त्यस्तै, अनुमति प्राप्त विद्यालयहरूलाई सरकारबाट केही आर्थिक सहायता दिई अन्य व्यवस्थापन स्थानीय तहबाटै गर्ने व्यवस्था मिलाइएको थियो । विशेषगरी २००७ पछि २०२८को बीचमा एउटा महत्त्वपूर्ण कुरा के भयो भने विद्यालय व्यवस्थापन समितिलाई स्कूल स्थापना गर्ने, शिक्षक चयन, पाठ्यक्रम अनुमोदन, चन्दा सङ्कलन गर्ने र विद्यालय व्यवस्थापन गर्ने अधिकार दिइयो । यसबाट सामुदायिक विकासमा भूमिका र समुदायले शिक्षाको जिम्मेवारी लिनुपर्दछ भन्ने कुराको बोध बढ्दै गयो । यसले गर्दा व्यवहारमा त्यस बेला सरकारी विद्यालयमा सरकारको कम नियन्त्रण रह्यो । हेडमास्टर र समुदायका नेता (विद्यालय सञ्चालक समिति)-को नियन्त्रणमा नै विद्यालयहरू सञ्चालनमा रहे ।

## ४. वि.सं. २०२८ देखि २०४६ सालसम्मको विद्यालय व्यवस्थापन

राष्ट्रिय जीवनमा प्रत्यक्ष प्रभाव पार्ने शिक्षालाई वैज्ञानिक ढङ्गले सञ्चालन गर्न अबेर भइसकेको भनी २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू गरी शिक्षामा महत्त्वाकांक्षी परिवर्तन गरियो । जसअनुसार शिक्षाको राष्ट्रिय उद्देश्य, सङ्गठन, पाठ्यक्रम, शैक्षणिक पद्धति, शिक्षण सामग्री, परीक्षा पद्धति, शिक्षक तालिम, शिक्षण पेसामा सुधार, शिक्षा प्रशासन र निरीक्षण आदिको राष्ट्रिय रूपमा व्यवस्था गरियो । यस पद्धतिको उद्देश्यलाई पूरा गर्न शिक्षा ऐन, २०२८ ले जिल्ला शिक्षा समितिको व्यवस्था गरी जिल्लाभरिका शिक्षाको प्रशासन र विद्यालय व्यवस्थापन गर्ने जिम्मेवारी जिल्ला शिक्षा समितिलाई दियो ।

सबैका लागि शिक्षाको अवसरप्रदान गर्न प्राथमिक शिक्षा निःशुल्क गर्ने घोषणा गरी शिक्षकहरूको शतप्रतिशत तलब बेहोर्ने र विद्यालय सञ्चालन खर्चसमेत दिने व्यवस्था गरिएको थियो । राष्ट्रिय शिक्षा पद्धतिको योजनाले शिक्षालाई राष्ट्रियकरण गरी विद्यालयलाई केन्द्रीय व्यवस्थापनअन्तर्गत

ल्यायो । पछि शिक्षा ऐनको तेस्रो संशोधनले विद्यालय सहयोग समितिको सट्टा विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरी केही अधिकारमा हेरफेर गर्‍यो । शिक्षालाई समयअनुकूल बनाउनका लागि पाठ्यक्रमको मूल्याङ्कन र सुधार गर्न पाठ्यक्रम कार्यान्वयन योजना (२०३८) को नयाँ व्यवस्थाले स्थानीय समुदायको रुचि र विविधता समेतलाई आधार बनाएर विषयको चयन गरी शिक्षण सिकाइ गराउने प्रयास गरेको थियो । देशभर विद्यालय शिक्षाको संस्थागत पूर्वाधार र व्यावसायिक जग बलियो बनाउन राष्ट्रिय शिक्षा पद्धतिको योजनाले गरेको योगदान अस्वीकार गर्न नसके पनि यसलाई विद्यालय विकासमा समुदायको भूमिकालाई बेवास्ता गरेको हो भन्न सकिने प्रशस्त ठाउँ छन् ।

नयाँ शिक्षा योजनाले मुलुकवासीलाई शिक्षा दिने जिम्मेवारी राज्यको हो भन्ने वास्तविकतालाई त बुझ्यो तर नेपाली शिक्षाको अभ्युत्थानको परम्परा र निरन्तरतामा जनसहभागिताको मर्मलाई चाहिँ बिर्स्यो । शिक्षामा सरकारको आर्थिक र प्राविधिक संलग्नता बढ्नु स्वाभाविकै र अपेक्षित हुँदाहुँदै पनि सम्पूर्ण व्यवस्थापकीय पक्षमा सरकारले हस्तक्षेप बढायो । स्थानीय जनसमुदायले ठान्यो- अब हाम्रो त्याग र तपस्या पूरा भयो । सरकारले ठान्यो- स्कूल चलाउन पैसा दिए पुग्छ । कर्मचारीतन्त्रले ठान्यो- शिक्षाको बागडोर सम्हाल्न हामी भए पुग्छ । सरकारले एक सिक्काका दुई पाटाजस्तै स्थानीय समुदाय र विद्यालयबीचको अन्तरसम्बन्धलाई जानी नजानी नजरअन्दाज गर्‍यो । समुदाय शैक्षिक जिम्मेवारीबाट बिस्तारै अलग्गिँदै र पन्छिँदै गएपछि विद्यालयको संख्यात्मक विकास भए पनि गुणस्तरमा प्रश्नचिह्न खडा हुँदै गयो । दूरदराजबाट तयार पारिएका योजना र कार्यक्रमले स्थानीय समुदायका आवश्यकता र वास्तविकतालाई सही ढङ्गले ठम्याउन सकेन, उपलब्ध स्रोत र साधनको ठीक परिचालन हुन सकेन । अर्कोतर्फ राज्यको दायित्व बढेर गयो । सबै ठाउँमा राज्यको उपस्थिति हुन सकेन । आवश्यकता र परिवेशले निजी क्षेत्रको पहुँचभित्र शिक्षा पर्‍यो । निजी क्षेत्रको प्रवेशले सरकारलेआशालाग्दो सहयात्री त पायो तर सार्वजनिक शिक्षाको क्षेत्रमा अझै पनि अपेक्षित सुधारको विकल्प देखिएन ।

## ५. वि.सं. २०४७ देखि हालसम्मको विद्यालय व्यवस्थापन

२०४६ सालको परिवर्तनपछि सम्बोधन गर्नुपर्ने दुई कुरा पञ्चायत प्रणालीको राजनीतिक दुराभ्यासको उपचार खोज्ने र दोस्रो सबैका लागि शिक्षाको उद्देश्य पूरा गर्न नयाँ योजना बनाउनुपर्ने थियो । यसका लागि २०४७ मा राष्ट्रिय शिक्षा आयोग गठन भई व्यवस्थापकीय सुधारका लागि विभिन्न सिफारिस गरिएको थियो । शिक्षाको संरचनाका लागि कक्षा १ देखि ५ सम्म प्राथमिक तह, ६ देखि ८ निम्न माध्यमिक तह, ९ र १० माध्यमिक तह एवम् ११ र १२ उच्चमाध्यमिक तह गरी १२ वर्षको विद्यालय शिक्षा हुने गरी सिफारिस गरी त्यहीअनुसार तहगत संरचनाको व्यवस्थापन गरिएको थियो ।

नवौँ योजना (२०५४-२०५९) ले विकेन्द्रीकरणलाई सबल बनाउन स्थानीय समुदाय, अविभावक, स्थानीय निकाय मिलेर योजना बनाउने र अनुगमन गर्ने कार्यलाई पनि जोड दिइएको थियो । सबै नगरपालिका रगाउँ विकास समितिलाई प्राथमिक विद्यालयको व्यवस्थापन गर्ने अधिकार दिने कुरा यसै योजनाको नीतिगत व्यवस्थाभित्र परेको थियो ।

स्थानीय स्वायत्त शासन ऐन, २०५६ ले स्थानीय तहमा शिक्षा व्यवस्थापन गर्ने अधिकार गाविस, नगरपालिका र जिविसलाई दियो । बहुदलीय व्यवस्थाको पुनर्वहालीपछि तयार भएको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४७ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५का सुझावसमेत र तत्कालीन शिक्षाका नीतिगत निर्देशहरूलाई आधार बनाई तयार भएको २०५८को उच्चस्तरीय कार्यसमितिको प्रतिवेदनले सिफारिस गरेअनुसार विद्यालयहरूलाई सामुदायिक र संस्थागत विद्यालय भनी दुई प्रकारमा विभाजन गर्ने, शुल्क निर्धारण मापदण्ड तोक्ने, प्रधानाध्यापकलाई अधिकार सम्पन्न गराउने, शिक्षण लाइसेन्स अनिवार्य गर्ने जस्ता महत्त्वपूर्ण सिफारिसहरू सुझायो ।

यसअनुसार शिक्षा ऐन, २०२८मा सातौँ संशोधन (२०५८) हुन गई विद्यालय शिक्षा व्यवस्थापनको सुधारका लागि महत्त्वपूर्ण परिवर्तन गरियो । यस सन्दर्भमा शैक्षिक पहुँच र समता, सान्दर्भिकता, गुणस्तरीयतामा सुधार गर्न सामुदायिक विद्यालय व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिलाई पूर्ण जिम्मेवार बनाइयो । जसले गर्दा जिल्ला शिक्षा कार्यालयले नियुक्ति गर्दै आएको विव्यसका पदाधिकारीहरूलाई अभिभावकको समूह

भेलाले छनोट गर्न सक्ने भयो । यस्तो विव्यसले शिक्षकहरूलाई समेत आवश्यक प्रक्रिया अपनाई नियुक्ति दिन सक्ने व्यवस्था गऱ्यो । यसै कारणले गर्दा सार्वजनिक विद्यालयलाई सामुदायिक विद्यालय भन्न थालियो । यस्तो सुधारले सामुदायिक उत्तरदायित्वलाई बढाइदियो भने शिक्षक व्यवस्थापन र विकासका लागि शिक्षक लाइसेन्स, वृत्ति विकास, विद्यालय प्रअको नियुक्तिको नयाँ प्रावधान, समावेशिताको आधार सम्बोधनका कार्यक्रम, महिला शिक्षक नियुक्तिको प्रावधान राखी सिकाइ उपलब्धि सुनिश्चित गर्न सक्षमताको अवस्था सुनिश्चित गर्ने जस्ता प्रावधानको व्यवस्था गरियो । यो प्रक्रियालाई अझ सशक्तीकरण गर्न विश्व बैंकको सहयोगमा सामुदायिक विद्यालय सहयोग कार्यक्रम थप कार्यक्रमको रूपमा सरकारले शुरू गऱ्यो । समुदायद्वारा व्यवस्थापन गर्न विद्यालयलाई सरकारले दिइराखेको अनुदान बाहेक थप एकमुष्ट अनुदान दिई स्थानीय तहको अपनत्व वृद्धि गर्ने र विद्यालय हाम्रो र हामीले विद्यालयको व्यवस्थापन गर्नु पर्दछ भन्ने भावनाको विकास गराउन खोजियो ।

शिक्षा नियमावलीमा समुदायद्वारा सञ्चालित विद्यालय व्यवस्थापन-सम्बन्धी व्यवस्था गरी शिक्षक नियुक्ति, बढुवा तथा व्यवस्थापन सम्बन्धी अन्य कामका लागि विद्यालय व्यवस्थापन समितिलाई अधिकार सम्पन्न बनाउन खोजे पनि विद्यालय व्यवस्थापन समितिले यस व्यवस्थाको पूर्ण उपयोग गर्न पाउने वातावरण बनेन । व्यक्तिगत रूपमा विद्यालयमा सहयोग गरे तापनि शिक्षकका पेशागत संघ सस्थाहरूबाट संस्थागत रूपमा विद्यालय व्यवस्थापन समितिलाई अधिकार सम्पन्न बनाउने कुरामा सहयोग रहेन नत सरकारले पूरै अधिकार विव्यसलाई नै सुम्पन सक्यो । राजनीतिक परिवर्तनको जगसँगै विद्यालय शिक्षा राज्यको दायित्व भित्र हुने बहस चलिरहेको अवस्थामा विव्यसले व्यवस्थापन गर्ने र अपनत्व बढाउने भन्ने विषय सरकारले जिम्मेवारी छाड्दै जान लाग्यो भन्ने विषयमा परिवर्तन भई सतहमा आयो । समुदायले प्राप्त गरेको विद्यालय व्यवस्थापनको अधिकारलाई प्रयोग गर्दै तहगत रूपमा करिब १५, ००० विद्यालयको व्यवस्थापकीय जिम्मेवारी विद्यालयले लिए र यसले धेरैजसो विद्यालयहरूले स्थानीय सहभागिता जुटाउँदै आफूलाई नमूना विद्यालयको रूपमा स्थापित गराउन सफल भए तर कतिपय विद्यालय तहगत रूपमा प्राप्त हुने एकमुष्ट अनुदान प्राप्त गर्ने कुरामा मात्र सीमित रहनु पुगे । राजनीतिक दलहरू सरकारमा रहँदा कार्यक्रमको समर्थन गर्ने र बाहिर रहँदा विरोध गर्ने प्रवृत्ति देखा पऱ्यो । यसरी राजनीतिक दलहरूबीच पनि यो विषयले मतैक्यता

प्राप्त गर्न नसक्दा समुदायले व्यवस्थापकीय जिम्मेवारी लिने क्रम घट्दै जाने अवस्था सृजना भयो। यो विषय विद्यालयको व्यवस्थापनमा स्थानीय समुदायको स्वतस्फूर्त संलग्नता बढाउने गरी अभिभावकको रूपमा अगाडि लैजानु पर्नेमा सानो कार्यक्रमको रूपमा औपचारिकतामा नै सीमित हुन पुग्यो ।

## ६. विगतका अनुभवहरूको सार

गुरु आज्ञादेखि शुरू भएको हाम्रो शैक्षिक व्यवस्थापनको सञ्चालन संस्कृत शिक्षा परम्परा, बौद्ध शिक्षा परम्परा हुँदै लिच्छविकालसम्म मूलतः धर्मप्रधान शिक्षाको रूपमा रह्यो । मल्लकालमा आएर शिक्षालाई धर्मबाट छुट्याउने प्रयास भयो। नेपालको इतिहास विभिन्न राजनीतिक उतारचढावबाट गुज्रिएसँगै शैक्षिक नीतिहरूपनि देशको राजनीतिबाट प्रभावित रहे ।

ऐतिहासिक घटनाक्रमले के देखाउँछ भने जति सरकारले एकात्मक शासन प्रणाली अवलम्बन गऱ्यो त्यति नै शैक्षिक अधिकार पनि केन्द्रित गरेको र देशमा लोकतान्त्रिक शासन प्रणाली रहेको बेला भने शैक्षिक व्यवस्थापनमा स्थानीय सरकार र सामुदायिक संस्थाहरूको निर्णयात्मक भूमिका बढेको हुन्छ।

राणाशासन कालमा विद्यालयको व्यवस्थापन राणा शासकहरूको केन्द्रीकृत नियन्त्रणमा रहेको थियो । वि.सं. २००७देखि २०२८सम्मको विद्यालय शिक्षा सरकार निर्देशित संख्यात्मक वृद्धिको रूपमा रह्यो। वि.सं. २००७ साललगत्तै समुदायको बढ्दो सहभागिताले विद्यालयहरू योजनाविना नै अनियन्त्रित रूपमा विकास भए जसमा सरकारको सीमित संलग्नता र विद्यालयको व्यवस्थापन स्थानीय समुदाय/अभिभावकको अपनत्व र नियन्त्रणमा रह्यो।

वि.सं. २०२८मा शिक्षालाई राष्ट्रियकरण गरेपछि विद्यालय व्यवस्थापनमा सरकारको भूमिका बढ्यो र स्थानीय समुदाय विद्यालय व्यवस्थापनको दायित्व र अपनत्वबाट टाढा पुग्यो। शैक्षिक व्यवस्थापनमा अधिकतम केन्द्रीकरण देखियो । यो परिस्थिति २०४६ सम्म रह्यो । २०४६ को जनआन्दोलनपश्चात् जनताको चाहनासँगै राजनीतिक रूपमा आएको परिवर्तनले शिक्षामा पनि प्रभाव पाऱ्यो। आधारभूत तथा प्राथमिक शिक्षा परियोजना र दातृ निकायको सहयोगमा सञ्चालित कार्यक्रमहरूमा पनि स्थानीय समुदायलाई विद्यालयको व्यवस्थापनमा जिम्मेवार बनाउने

प्रावधानको व्यवस्था गरी विद्यालय व्यवस्थापनमा समुदायको सहभागिता र क्षमता बढाउने प्रयास गरियो ।

वि.स. २०५८ मा गरिएको शिक्षा ऐनको सातौँ संशोधनबाट विद्यालयको व्यवस्थापन एवम् निर्णयमा विद्यालय व्यवस्थापन समितिको प्रमुख जिम्मेवारी कानूनी अधिकारको रूपमा स्थापित भयो । विद्यालय व्यवस्थापन समितिको पदाधिकारी अभिभावकबाट चुन्ने व्यवस्था र सरकारी स्वामित्वमा रहेका विद्यालय समुदायलाई हस्तान्तरण गर्ने व्यवस्थासम्मको अधिकार समुदायले प्रयोग गर्न पाउने व्यवस्था भयो । विद्यालयहरू समुदायको व्यवस्थापनमा गएसँगै कतिपय समुदायले अपनत्वको महसूस गर्न थालेको कुरा विभिन्न विद्यालयको अनुभवले देखाएको विषय यहाँ उल्लेख गर्न सान्दर्भिक देखिन्छ (सा.वि.रा.ने. २०६७) विद्यालय व्यवस्थापन समिति र अभिभावकको प्रतिनिधित्व रहेका सामुदायिक विद्यालय राष्ट्रिय नेटवर्क नेपाल सामुदायिक विद्यालय व्यवस्थापन समिति संघ, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपाल जस्ता संस्था तथा अभिभावकहरूका अन्य प्रतिनिधि संस्थाहरूको स्थापना र उनीहरूका क्रियाकलाप पनि यसको उदाहरणहरू हुन् । उत्साहका साथ सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मेवारी लिने कार्य शुरू भए पनि यो क्रम निरन्तर जान सकेन । व्यावहारिक अवरोधहरू आइ नै रहे । दातृ निकायको सहयोगमा सञ्चालन भएका कार्यक्रमहरू विद्यालय शिक्षाको पहुँच बढाउँदै गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने र संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यमा केन्द्रित गरिए पनि बदलिँदो परिस्थितिमा अभिभावकका चाहना र आकांक्षा पूरा गरी बालबालिकालाई गुणस्तरीय शिक्षा दिई शैक्षिक उपलब्धि हासिल गर्ने कार्यको अगाडि अझै कठिन बाटाहरू रहि नै रहे । शिक्षा ऐनको आठौँ संशोधनले शैक्षिक क्षेत्रका आजका मर्महरूलाइ सम्पूर्ण रूपमा पूरा गर्न नसक्ने भए पनि यिनै उत्तरचढावहरूलाई थप स्पष्ट गन्तव्य दिन सफल हुनेछ भन्ने आशा र अपेक्षा गरिएको छ ।

नेपालको संविधान २०७२ले मुलुक संघीय ढाँचामा रुपान्तरित गरी शिक्षालाई मौलिक अधिकारको रूपमा स्थापित गरिसकेको अवस्थामा शिक्षालाई संघीय ढाँचामा अवलम्बन गरी अगाडि बढ्नु नै हाम्रो अहिलेको आवश्यकता हो । हिजोका दिनमा दातृ निकायको सहयोगमा समेत सञ्चालित विभिन्न परियोजना र कार्यक्रमको अनुभवबाट प्राप्त अनुभव र पछिल्लो पटक विद्यालय क्षेत्र सुधार कार्यक्रममार्फत सञ्चालनमा रहेका शैक्षिक

निकायहरू विद्यालयमा समुदायको सक्रिय सहभागिता, प्रभावकारी विद्यालय नेतृत्व, गुणस्तरीय शिक्षक व्यवस्थापन, सुरक्षित विद्यालय वातावरण, बालमैत्री कक्षा व्यवस्थापन आदिको माध्यमबाट विद्यार्थीको सिकाइको अवसर सुनिश्चित गर्दै सिकाइ उपलब्धि बढाउने कुरातर्फ नै केन्द्रित रहेका छन् । तर पनि नेपालले शिक्षामा गरेको लगानीको प्रतिफल अपेक्षा गरे अनुरूप हुन सकेको छैन । अझै पनि विद्यार्थीको विद्यालय छाड्ने दर, कक्षा दोहोऱ्याउने दरमा कमी ल्याउने र कक्षा चढ्ने दर बढाउने चुनौती नै हाम्रो सामु रहेको छ । अहिले हाम्रो साथ रहेको विद्यालयको विभिन्न तहको शैक्षिक क्षतिको लेखाजोखा गऱ्यौं भने त्यो क्षति अत्यन्तै कहालीलाग्दो देखिन्छ । यो अवस्थामा शैक्षिक क्षति कम गर्नु हाम्रो प्रमुख चुनौती रहेको छ। हाल विद्यालय क्षेत्र सुधार कार्यक्रमले व्यवस्था गरेबमोजिम सुशासन, व्यवस्थापन, स्रोत परिचालन र गुणस्तर प्रवर्द्धनका लागि विद्यालयलाई स्वायत्त रूपमा जिम्मेवार बनाउने र सामाजिक लेखापरीक्षणबाट आर्थिक र अन्य कार्य पारदर्शी बनाउने, विद्यालय सञ्चालन र व्यवस्थापनमा सुविधाविहीन वर्गको प्रतिनिधित्व र समान सहभागिता गराउने र उपर्युक्त कार्यहरूबाट शैक्षिक क्षेत्रमा सहभागिता, पारदर्शिता, जवाफदेहिता, कार्यदक्षता विकास, सेवाको गुणस्तर विकास, अधिकार दुरूपयोग र भ्रष्टाचार नियन्त्रण आदिका लागि संस्थागत सुदृढीकरण र सामाजिक परीक्षणजस्ता सुधारका कार्यहरू सञ्चालन गर्ने भनिए पनि यी कार्यहरू सम्पादनमै प्रशस्त चुनौतीहरू देखिएका छन् । यसका साथै अहिलेकै परिवेशमा संविधानले मौलिक अधिकारको रूपमा सुनिश्चित गरेका विषयहरू आधारभूत शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षासम्म निःशुल्क गर्नेजस्ता विषय पनि कार्यान्वयन गर्न थप चुनौतीको सामना गर्नुपर्ने नै छ । यो परिवेशमा शिक्षा ऐन आठौं संशोधनले परिकल्पना गरेबमोजिमको संरचनात्मक परिवर्तन र संविधानले परिकल्पना गरेको संघीय ढाँचाअनुसारको शिक्षाको सङ्गठनात्मक स्वरूपसम्म पुग्न अझै टाढाको विषय रहेको छ । तर हाम्रा अगाडि प्रशस्त सम्भावना पनि नभएका होइनन् ।

विगतमा सरकारले गरेको प्रयासस्वरूप शैक्षिक पूर्वाधारको विकास र विस्तार हुनुको साथै विशेषगरी प्राथमिक तहको खुद भर्ना दर झण्डै शतप्रतिशत पुग्नु, छात्रछात्राको भर्ना अनुपात समदरमा पुग्नु, अभिभावकहरूमा शिक्षाप्रतिको चेतना बढ्नु, शैक्षिक क्षेत्रमा गरिएको लगानी, वैदेशिक सहयोग, शिक्षा र

रोजगारप्रति स्थानीय समुदायको चासो, संविधानले सुविधाविहीन वर्गका लागि विशेष व्यवस्था गर्दै माध्यमिक तहको शिक्षा निःशुल्क र आधारभूत तहसम्मको शिक्षा अनिवार्य गर्ने प्रावधान र विगत ६/७ वर्षदेखि प्रतिक्षारत शिक्षा ऐन आठौँ संशोधनको प्रमाणीकरण र यसको पृष्ठभूमिमा बनेको विद्यालय क्षेत्र विकास कार्यक्रम आदि विषयहरू हाम्रो अगाडि अवसरको रूपमा रहेका छन् । यिनै अवसर र सम्भावनाहरूलाई सम्हाल्दै अगाडिको बाटो पहिल्याउनु नै आजको आवश्यकता हो ।

नेपालले संघीयताका प्रावधानहरूलाई नेपालको संविधान २०७२ मा समेटी त्यसबमोजिम अगाडि बढ्ने बाटो तय गरिसकेकाले संविधानले सुनिश्चित गरेका विषयहरू कार्यान्वयन गर्नु नै आजको प्रमुख आवश्यकता हो । नेपालको संविधान २०७२ ले विद्यालय शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरी स्थानीय सरकारको अधिकार क्षेत्रभित्र राखेको छ । अहिलेका शैक्षिक निकायहरूको संरचना परिवर्तनको खाका बन्न अझै समय लाग्ने देखिए पनि वर्तमान पद्धतिबाट हालसम्म गरिएको काम र अब गरिने काम, काम गर्ने प्रक्रिया तथा कार्य प्रक्रियाबाट प्राप्त हुने प्रतिफललाई प्रभावकारी र विश्वासयोग्य बनाउन हामीले गर्दै आएको कार्यलाई थप प्रभावकारी बनाउनुपर्दछ । विद्यालय व्यवस्थापनको सन्दर्भमा भन्नुपर्दा विद्यालयको व्यवस्थापन आम अभिभावकप्रति उत्तरदायी हुनुपर्दछ भन्ने नै हो । हाम्रा अगाडि देखिएका सवालहरू माथि नै भनिसकिएको छ कि विद्यालय व्यवस्थापन कसरी प्रभावकारी बनाउने ? पाठ्यक्रमलाई कसरी सान्दर्भिक बनाउने ? शिक्षालाई कसरी समावेशी, रोजगारमुखी र गुणस्तरीय बनाउने ? स्रोतको वितरणलाई कसरी न्यायिक बनाउने ? शैक्षिक क्षति कसरी कम गर्ने ? र समग्रमा शैक्षिक उपलब्धि कसरी बढाउने ? भन्ने विषयहरू नै प्रमुख रूपमा सम्बोधन गर्नुपर्ने विषय हुन् ।

विद्यालयको शासकीय व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिले नै प्रमुख भूमिका निर्वाह गरेको इतिहास हाम्रो सामु रहेको छ । नेपालका संविधान २०७२ले सुनिश्चित गरेको विषय आधारभूत शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षा निःशुल्क गर्नुपर्ने सरकारको दायित्व सुनिश्चित गर्ने स्रोत व्यवस्थापनमा स्थानीय सरकार जिम्मेवार हुनु पर्ने व्यवस्था हुन उपयुक्त देखिन्छ । तर विद्यालयको शैक्षिक व्यवस्थापनलाई व्यवस्थित बनाउनु विव्यसलाई अधिकार सम्पन्न बनाई विद्यार्थीको गुणस्तरीय सिकाइका लागि

विद्यालयलाई नै उत्तरदायी बनाउनुपर्ने देखिन्छ। हालको अवस्थामा विद्यालयले धेरै स्रोत प्राप्त गर्नेभन्दा विद्यालयमा भएको स्रोतको सदुपयोग र व्यवस्थापन गर्नुपर्ने आवश्यकता खड्किएको छ।

संविधानको मर्म बमोजिम केन्द्रीय रूपमा पाठ्यक्रम ढाँचा निर्माण गरी स्थानीय तह र विद्यालयले आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गरी शिक्षकको तयारी गर्नुपर्दछ। गुणस्तरीय शिक्षक उत्पादनको जिम्मेवारी विश्वविद्यालयको भएकोले विद्यालयलाई चाहिने शिक्षक कस्तो उत्पादन गर्ने भन्ने गरी कार्यक्रमलाई परिवर्तन गर्नुपर्दछ। अहिलेको परिवेशमा विद्यालय तहमा एसएलसीसम्म पुग्दा करिब ७० प्रतिशत क्षति बेहोर्नुपर्ने देखिएको छ *(वाग्ले, मनप्रसाद २०७३)*। यो कहालिलाग्दो शैक्षिक क्षति घटाउन र विद्यालयबाट एसएलसीसम्म पुग्दा हराउने ७० प्रतिशत विद्यार्थीलाई सम्बोधन गर्नका लागि व्यावसायिक शिक्षामा लगानी बढाउने उपाय निकाल्नै पर्दछ। हाल शिक्षामा स्रोतको न्यायिक वितरण छैन।

सबै ठाउँमा एउटै सूत्रको आधारमा स्रोत वितरणबाट विद्यालय व्यवस्थापन प्रभावकारी हुन सक्दैन। त्यसैले आवश्यकताको आधारमा स्रोतको वितरण गर्नुपर्दछ जसले समतालाई सम्बोधन गर्न सकोस्। विद्यालय व्यवस्थापनको सन्दर्भमा विद्यालय क्रियाकलापहरूमा अभिभावकहरूको सहभागिता पारदर्शिता, छनौटमा अधिकार, सबैको पँहुच र प्रअको प्राज्ञिक नेतृत्व कसरी निश्चित गर्ने भन्ने विषयहरू उठ्ने गर्छन। यसका लागि जनताले व्यवहारबाटै अनुभूति गर्नसक्ने गरी हाम्रो व्यवहारमा परिवर्तन नभएसम्म कुनै पनि संस्थागत, संवैधानिक र कानूनी संरचनाको सार्थकता स्थापित हुन सक्दैन। विगतमा प्रशासन यन्त्रमा अनावश्यक राजनीतिकरण भएको, भ्रष्टाचार र दण्डहीनता मौलाउँदै गएको, सार्वजनिक सेवाको पहुँचबाट बहुसंख्यक जनता टाढिँदै गएका, सामन्ती कार्यशैलीका कारण विभेदको सिर्जना भएको भन्ने आरोप लाग्ने गरेकाले हामीबाट हिजो आरोप लाग्ने गरेकै कार्यशैली दोहोरिएमा शैक्षिक सुशासनको सन्दर्भमा रहेका विद्यालय व्यवस्थापन सम्बद्ध नीतिगत एवम् कार्यक्रमगत प्रक्रियाहरू कमजोर हुनेछन्। स्थानीय तहलाई सबल नबनाएसम्म संविधानको मर्म पूरा हुन सक्दैन। जसरी समग्र विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिइएको छ त्यसरी नै विद्यालयको व्यवस्थापकीय जिम्मेवारीमा पनि स्थानीय तह/समुदायको भूमिकालाई सशक्त बनाउनु पर्ने देखिन्छ। राजनीतिक

आग्रहमा राज्य एवम् विकासका संरचनाहरूलाई सहज पहुँच हुने ठाउँ नबनाई शिक्षाका उत्पादनहरूलाई राज्य र विकासलाई चाहिने लगानीका रूपमा प्रयोग गर्न सके मात्र यस क्षेत्रमा रहेको बेथिति र बाढी, पहिरो, भूकम्प आदि प्राकृतिक विपत्तिबाट क्षत-विक्षत भएको हाम्रो जस्तो देशमा आत्मनिर्भर भएर द्रुत गतिमा विकास गर्न सकिन्छ।

❁❁❁

## सन्दर्भ–सामग्री

Admin, (2014). Understanding the Nepali School System: Past, Present & Future. www.griconsulting.com/wp

Aasman & UNESCO Office, (2014). Education and Federalism in Nepal. UNESCO: Kathmandu, Nepal.

Baniya, N. (2012). Education in Federal Republic of Nepal. In dimension of education in Nepal. Kathmandu: Urmila Baniya and Shreddha Baniya.

Khanal, P. (2012). Centralization and decentralization reform in school education in Nepal: Tracing the swing of the pendulum: International Journal of Research Studies in Management, Volume 2: Canterbury Christ Church University, United Kingdom.

Saidi. Jame, (2008). A review of Characteristic and Experiencesof Decentralization of Education. In International Journal of Education.

Sharma, T. N. (2008). Structures and Mechanism of Community Participation in School Management. In Journal of Education and Research Vol. 1. Kathmandu: School of Education Kathmandu University.

अधिकारी, प्रकृति, (२०७२), जोजोविषामा छ राणाकालीन विद्यालय, शैक्षिक स्मारिका २०७२, शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

पौडेल, आनन्द र अधिकारी, विष्णुप्रसाद सन् (२०११), शिक्षा शास्त्र र नेपालमा शिक्षा, आशिष बुक्स हाउस प्रा.लि., काठमाडौँ ।

राष्ट्रिय शिक्षा आयोग (२०४९), राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, राष्ट्रिय शिक्षा आयोग, केसरमहल, काठमाडौं, नेपाल ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८), राष्ट्रिय शिक्षा पद्धति, २०२८-२०३२ सम्मको योजना, शिक्षा मन्त्रालय, काठमाडौं, नेपाल ।

वाग्ले, मनप्रसाद (२०७२) शिक्षामा लगानी नीति विषयक National Campaign for Education Nepal द्वारा आयोजित छलफल कार्यत्रलममा प्रस्तुत प्रतिवेदन अप्रकाशित ।

विद्यालय क्षेत्र सुधार योजना, (२०६६), विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२, नेपाल सरकार, शिक्षा मन्त्रालय, काठमाडौं ।

शर्मा, महाश्रम, (२०६६), समुदाय र विद्यालयको अन्तरसम्बन्धः एक सिंहावलोकन, शैक्षिक स्मारिका २०६६, शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

शिक्षा ऐन (सातौँ संशोधन) (२०२८), कानून किताब व्यवस्था समिति, काठमाडौं ।

शर्मा, महाश्रम (२०६७), शैक्षिक विकेन्द्रीकरण र सामुदायिक विद्यालय, शैक्षिक स्मारिका २०६७, शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

सा.वि.रा.ने. (२०६७), सामुदायिक विद्यालय राष्ट्रिय नेटवर्क आवाज, सामुदायिक विद्यालय राष्ट्रिय नेटवर्क, काठमाडौँ ।

# शैक्षणिक प्रक्रिया र नेतृत्वमा विद्यालय व्यवस्थापन समितिको सहजीकरण भूमिका

**डा. बालचन्द्र लुईंटेल*, कुलप्रसाद खनाल†**

## १. विषय प्रवेश

कुशल विद्यालय व्यवस्थापनले समुदायमा उपलब्ध मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र भौतिक साधनस्रोतको पहिचान मात्र होइन त्यसको कुशल र दक्षतापूर्ण उपयोगको माग गर्दछ। विश्व ज्ञानको आकाशी सञ्जालले नेपाली समाजलाई ढाकिसकेको छ । ज्ञान विज्ञान र प्रविधि सापटी लिएरै भए पनि विश्वको यस ज्ञान भण्डारलाई स्थानीयकरण गर्नु शैक्षिक क्षेत्रको चुनौती मात्र नभई एक अपरिहार्य आवश्यकता बनेको छ । स्थानीय स्तरमा उपलब्ध ज्ञान, सीप, प्रविधि र विज्ञतालाई विश्व ज्ञानसँग आबद्ध गर्दै मौलिक पहिचान सहितको दिगो विकास नै प्रविधियुक्त एक्काइसौँ शताब्दीको कुशल विद्यालय व्यवस्थापन मानिएको छ। *वालेस फाउन्डेसन*को अनुसन्धानअनुसार विद्यालय व्यवस्थापनका विविध पक्षहरूलाई बेग्लाबेग्लै हेरिएको खण्डमा यसले सिकाइमा कम मात्र प्रभाव

* प्राध्यापक, काठमाडौं विश्वविद्यालय, शिक्षा सङ्काय

† विद्यावारिधि विद्यार्थी, काठमाडौं विश्वविद्यालय, शिक्षा सङ्काय

पारेको पाइएको छ (*द वालेस फाउण्डेसन, २०१३*)। यस अर्थमा विद्यालय व्यवस्थापन समितिलाई औपचारिक सङ्गठनको रूपमा मात्र नबुझी सम्पूर्ण विद्यालयका सेवाग्राही सम्पूर्ण अभिभावक र विद्यालयको सेवा प्रवाहमा संलग्न शिक्षक वर्गको सामूहिक प्रतिनिधित्वको रूपमा बुझ्नुपर्दछ। विद्यालय समुदायको सम्पत्ति भएको हुँदा यसको प्रगति र अधोगतिको फाइदा र बेफाइदा तथा जस र अपजस सबै समुदायमा जानु स्वाभाविकै हो। यस अर्थमा *देसाई (२०१३)* को विचारलाई विद्यालयको सन्दर्भमा अनुवाद गर्दा सेवाग्राहीको रूपमा अभिभावक अनि विद्यार्थी र सेवाप्रदायकको रूपमा व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षक गरी दुई पक्षको अन्तर्क्रियात्मक ढाँचामा विद्यालयको संस्थागत जवाफदेहितालाई बुझ्न सकिन्छ। विद्यालय केका लागि र कोप्रति जवाफदेही हुने भन्ने सवालमा देसाईको विचारलाई सापटी लिएर भन्नु पर्दा सेवाग्राही र सेवाप्रदायक दुवै पक्षहरू विद्यार्थीको सिकाइ उपलब्धिका लागि जवाफदेही हुनुपर्ने कुरा मननीय हुन आउँछ। जवाफदेहिताको यस ढाँचाले विद्यालय व्यवस्थापन समितिको सदस्य सचिव एवम् विद्यालयको प्रमुख व्यवस्थापक भएकोले प्रधानाध्यापकको नेतृत्वदायी भूमिकालाई मुख्य जिम्मेवार मानिएको छ।

विद्यालयको कुशल नेतृत्वको लागि प्रधानाध्यापकमा विद्यार्थीहरूको गुणस्तरयुक्त उपलब्धि सहितको दूरदृष्टि, विद्यालय र कक्षा कोठामा सिकाइ अनुकूल सुमधुर सुरक्षित र सहयोगात्मक वातावरण सिर्जना गर्ने, विद्यालयको शैक्षिक दूरदृष्टिलाई सबै शिक्षकहरूले आत्मसात गर्ने गरी नेतृत्व विकास र हस्तान्तरण गर्न सक्ने, शिक्षण प्रक्रिया सुधारका लागि शिक्षकहरूले अधिकतम लगावका साथ पढाउने र विद्यार्थीले अधिकतम लगावका साथ पढ्न पाउने सहयोगी वातावरण सिर्जना गर्ने, र समग्र शैक्षिक वातावरण सुधार गर्नका लागि विद्यालयको मानव स्रोत सूचना र तथ्याङ्क व्यवस्थित गर्ने जस्ता जिम्मेवारीहरू औंल्याइएको छ। प्रधानाध्यापकमा हुने यस्ता जिम्मेवारी र क्षमताहरूले उसको शैक्षणिक नेतृत्वदायी भूमिकालाई महत्त्व दिएको छ। शैक्षणिक जवाफदेहीका लागि प्रधानाध्यापकलाई केन्द्रबिन्दुमा राखी अभिभावक र व्यवस्थापन समितिको भूमिकालाई सहजकर्ताको रूपमा विकास गर्ने मनसाय विद्यमान शिक्षा ऐन र नियमावली र विद्यालय क्षेत्र सुधार र विकास योजनाहरूको रहेको छ (*नेपाल सरकार २०७३, २०७१, २०६६*)। यसरी स्थानीय स्रोत र साधनको परिचालनबाट शैक्षणिक नेतृत्वकर्ताको रूपमा प्रधानाध्यापक र सहजकर्ताको

रूपमा विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूलाई विद्यालयको समग्र शिक्षण सिकाइ प्रक्रियाप्रति जवाफदेही कसरी बढाउन सकिन्छ ? शैक्षणिक नेतृत्व विकास गर्ने क्रममा स्थानीय ज्ञान र सीपयुक्त स्रोतलाई कसरी व्यवस्थित र परिचालन गर्न सकिन्छ ? भन्ने प्रश्नको सेरोफेरोमा यस लेखमा चर्चा गर्ने प्रयास गरिएको छ । यस लेख तयार गर्ने क्रममा कार्यक्षेत्रको अनुभव र अभ्यास, सान्दर्भिक साहित्य अध्ययन र शैक्षिक पेसाकर्मीहरूसँगको अन्तर्क्रिया र अनुभव आदानप्रदानलाई आधार मानिएको छ ।

## २. **स्वस्फूर्त जवाफदेही**

व्यवस्थापन समितिबाट विद्यालयको शैक्षणिक नेतृत्वमा सहजीकरण पुऱ्याउने कार्यलाई त्यस विद्यालयको जवाफदेही संयन्त्र र विद्यालयका सरोकारवालाहरू (School Actors) बीचको जवाफदेही सम्बन्ध मार्फत बुझ्नुपर्ने हुन्छ । *देसाई (२०१३ )* ले प्रस्तुत गरेबमोजिम जवाफदेहिताका चार आधारहरूमध्ये स्वस्फूर्त (Proactive) जवाफदेहीअन्तर्गत सरोकारवाला-हरूको विद्यालयका क्रियाकलापहरूमा उचित प्रतिनिधित्व (Appropriate Representation) र उनीहरूको सहभागितात्मक व्यवहार (Participative Conduct) र प्रतिक्रियात्मक (Reactive) जवाफदेहीअन्तर्गत सेवाप्रदायक समूह जस्तै विव्यस, प्रधानाध्यापक र शिक्षकहरूको वैधानिक र मान्य व्यवहार (Legitimate Conduct) र उचित दायित्वबोध (Liability Enforcement) लाई प्रधानता दिएका छन् । जवाफदेहिताको यस खाकालाई विद्यालयको शैक्षणिक व्यवस्थापनको सन्दर्भमा हेर्दा विद्यालयमा जवाफदेहितालाई केवल विद्यालयको व्यवस्थापनमा जिम्मेवार व्यक्ति र संस्था प्रधानाध्यापक तथा विव्यसको विगतको कार्यसम्पादनमा केन्द्रित हुने प्रतिक्रियात्मक जवाफदेहितामा मात्र सीमित नभई अन्य सरोकारवालाहरू विशेषगरी अभिभावकहरूबाट विद्यालयको हरेक क्रियाकलापहरूमा अगाडिदेखि नै सहभागी भई योजना तथा कार्यक्रम तर्जुमादेखिको निर्णय प्रक्रियामा योगदान पुऱ्याउने स्वस्फूर्त जवाफदेहिता समेत हुनुपर्छ भनिएको छ । यसरी विद्यालयका विभिन्न कार्यकारी समिति र क्रियाकलापहरूमा अभिभावक र विद्यार्थी लगायत अन्य सरोकारवालाहरूको उचित प्रतिनिधित्व सुनिश्चित गर्नुको साथै उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने

कार्य स्वस्फूर्त जवाफदेहिता अन्तर्गत आउँछ । साथै अभिभावक, विद्यार्थी तथा अन्य सरोकारवालाहरूले पनि विव्यस, प्रधानाध्यापक र शिक्षकहरूले सम्पादन गर्नुपर्ने कार्यको शुरूआती अवस्थामा नै आफ्नो तर्फबाट विद्यालयका समितिहरूमा र क्रियाकलापहरूमा उचित प्रतिनिधित्व हुन पाउने र अर्थपूर्ण सहभागिता जनाउने अवस्थाप्रति सजग र सक्रिय रहनुपर्ने आवश्यक भएबाट विद्यालयमा सेवाप्रदायक र सेवाग्राही दुवै समूहबाट स्वस्फूर्त जवाफदेहिताको अपेक्षा गरिएको हो ।

विद्यालयको शैक्षणिक अवस्था सुधारका लागि समग्र विद्यालय परिवार र सरोकारवालाहरूलाई एकीकृत गरी लैजानको लागि विद्यालयको सेवा प्रदायक पक्ष विशेष गरी विव्यसबाट स्वस्फूर्त र प्रतिक्रियात्मक जवाफदेहिताको प्रभावकारी भूमिकाको आवश्यकता देखिएको छ । जस्तैः व्यवस्थापन समिति, अभिभावक, विद्यालयको एक्लो प्रयासबाट मात्र गर्न नसकिएको कार्य यी पक्षहरूको संयुक्त प्रयासबाट सहजै र सरल ढङ्गबाट सम्पन्न गर्न सम्भव हुन्छ । यसका लागि विद्यालय र अभिभावकहरू, विद्यालय र व्यवस्थापन समिति, व्यवस्थापन समिति र अभिभावकहरू तथा तीनै पक्षहरूबीच सहमति गरी विद्यालयको शैक्षणिक समस्यामा आधारित भई साझा चासोको क्षेत्र (विद्यार्थी उपस्थिति बढाउने, शिक्षकहरूको वास्तविक कार्य समय (Time-on-Task) वृद्धि गर्ने, विद्यार्थीहरूका विशिष्ट सिकाइ समस्या पहिचान समाधान गर्ने, छात्रवृत्ति वितरण गर्ने, निश्चित विषयमा सिकाइ उपलब्धि बढाउने इत्यादि) पहिचान गर्ने र; समस्यामा आधारित भएर विज्ञता र अनुभवको आधारमा अभिभावकहरूको सहयोग र सहजीकरणका लागि अतिरिक्त क्रियाकलाप, स्वास्थ्य र सरसफाइ, शैक्षिक सामग्री व्यवस्थापन, शिक्षण सिकाइ क्रियाकलाप, आर्थिक अभिलेख व्यवस्थापन, अनुशासन तथा आचार संहिता जस्ता समूह गठन गर्न सकिन्छ । त्यस्ता समूहका सदस्यहरूलाई अनुभव आदानप्रदान र क्षमता विकासका विविध क्रियाकलापमा सहभागी हुने अवसरहरू उपलब्ध गराई ती समूहहरूलाई आपसी सहमतिका आधारमा कार्य विभाजन जिम्मेवारी तोक्न सकिन्छ । प्रधानाध्यापक र शिक्षकहरूको तोकिएको कार्य विवरणका आधारमा वस्तुपरक कार्यसम्पादन सूचक तयार गरी तत्तत् समूहबाट नियमित रूपमा सुपरिवेक्षण र सहजीकरण गर्ने व्यवस्था मिलाउन सकिन्छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट तयार गरी प्रयोगमा ल्याइएको विद्यालय कार्यसम्पादन सूचकहरू सहयोगी सिद्ध हुन सक्छन् ।

## ३. बृहत् नेतृत्व

उच्च सिकाइ उपलब्धि प्राप्त गर्ने विद्यालयहरू र शैक्षणिक नेतृत्वबीच सकारात्मक सहसम्बन्ध रहेको अनुसन्धानबाट देखिएको छ *(Basom et al, 1991; The Wallace Foundation, 2013)* । बासोम र साथीहरूकाअनुसार विद्यालयको प्रधानाध्यापकले सुपरिवेक्षण कार्य मार्फत शैक्षणिक नेतृत्व दिन सक्छन् । यसका लागि कुशल प्रधानाध्यापक स्वयं स्रोतपूर्ण हुनुपर्ने, प्रभावकारी सञ्चारकर्ता हुनु पर्ने र *म्यानेजमेन्ट बाइ वाकिङ अराउन्ड* जस्ता व्यवस्थापकीय साधन अपनाई कार्यथलोमा आफ्नो प्रभावकारी उपस्थिति देखाउनु पर्ने कुरा औंल्याएको छ। शैक्षणिक नेतृत्वको यस बुझाइलाई विद्यालय व्यवस्थापनको एक अङ्गको रूपमा बुझ्न सकिन्छ। कुशल शैक्षिक व्यवस्थापन शैक्षिक सुविधामा भएको वृद्धि र विकासमा मात्र सीमित नभई विद्यालयको समग्र शैक्षिक गुणस्तरमा प्रतिबिम्बित भएको हुन्छ । विद्यालय समुदायको सम्पत्ति र सामुदायिक विकास र चेतनाको संवाहक समेत भएको हुँदा हरेक समुदायको अस्तित्व र चेतनाको स्तरलाई सो ठाउँमा रहेको विद्यालयको शैक्षणिक गतिविधि र अवस्थासँग जोडेर हेर्न सकिन्छ। सामुदायिक र शैक्षिक परिवर्तनको यस अभियानलाई सफलता उन्मुख बनाउने कार्यमा प्रधानाध्यापकको शैक्षणिक नेतृत्वको केन्द्रीय भूमिका रहने भए तापनि विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूको माथि चर्चा गरिएको समूहगत र कार्यगत सुपरिवेक्षणीय र सहजीकरणको भूमिकाले विद्यालयको सुशासन तथा जवाफदेहितामा सकारात्मक प्रभाव पारेको हुन्छ।

विव्यसबाट प्रभावकारी शैक्षणिक नेतृत्वका लागि प्रदान गरिने सहजीकरणको प्रक्रिया त्यस विद्यालयमा उपलब्ध स्रोत र साधनको प्रभावकारी र दक्षतापूर्ण परिचालनसँग जोडिएको हुन्छ। नेपालको राजनीतिक संक्रमण कालीन समाजमा विकसित विद्यमान औपचारिक र अनौपचारिक संरचनाहरू, व्यक्ति र समुदायबीच हुने राजनीतिक र आर्थिक प्रक्रियाबीचको अन्तर्क्रिया, शक्ति सम्बन्ध र सन्तुलन, सामाजिक अन्तरसम्बन्ध इत्यादि अर्थ राजनीतिक पक्षहरूले विद्यालयको स्रोत परिचालन र समग्र सुशासनमा प्रभाव पारेको हुन्छ। खस्किँदै गइरहेको सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरले विद्यालयको सुशासन र जवाफदेहितामाथि प्रश्न चिन्ह खडा गरेको छ। यसरी

विद्यालयको शैक्षणिक नेतृत्वसँग जोडिएको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको जवाफदेहिता त्यहाँको अर्थ राजनीतिक अवस्थाको सन्दर्भमा हेर्नुपर्ने देखिन्छ ।

## ४. अर्थ–राजनीतिक पक्ष

*एडम स्मिथ*ले अर्थ-राजनीतिलाई राष्ट्रको सम्पत्ति व्यवस्थापन गर्ने विज्ञान र कार्ल मार्क्सले उत्पादनका साधनहरू माथिको पहुँच र अधिकार नै ऐतिहासिक विकास प्रक्रियाको आधार भनी शास्त्रीय रूपमा बुझेका छन् *(Wittman and Weingast 2006, Caporaso and Levine, 2009)* भने डीएफआइडीले अर्थ-राजनीति भनेको समाजमा विभिन्न समुदाय र व्यक्तिबीच हुने राजनीतिक र आर्थिक प्रक्रियाहरूबीचको अन्तर्क्रियाको रूपमा व्याख्या गरेको छ । अर्थ-राजनीतिक आधारमा विद्यालयको शैक्षणिक प्रक्रिया र नेतृत्वलाई शैक्षिक (विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार), आर्थिक (स्रोत र साधनको दक्षतापूर्ण उपयोग) र राजनीतिक (विद्यालयका गतिविधिमा सरोकारवालाहरूको सहभागिता) गरी तीन पक्षबाट हेर्न सकिने देखियो *(Hirosato and Kitamura, 2009)*। यस सन्दर्भमा *Berdal and Zaum (2013)* को विचारलाई समेत जोड्दा समाजमा विद्यमान विविध समूहरव्यक्तिहरूको औपचारिक र अनौपचारिक रूपमा सिर्जित राजनीतिक र आर्थिक सोच र क्रियाकलापले विद्यालयको शैक्षणिक गतिविधिमा प्रभाव पारेको हुन्छ। यस आधारमा विद्यालयमा उपलब्ध स्रोत साधनको दक्षतापूर्ण उपयोग गरी शैक्षणिक प्रक्रिया सञ्चालन गर्नका लागि त्यहाँको अर्थ-राजनीतिक अवस्थाको सन्दर्भमा विद्यालय व्यवस्थापन समिति, अभिभावक र प्रधानाध्यापकको भूमिका, अन्तर्क्रिया र सम्बन्धका बारेमा विवेचना गरिनु सान्दर्भिक देखिन्छ । World Bank (2009) को अनुसार कुनै समाजमा आर्थिक अनियमिततासम्बन्धी जोखिम (Fiduciary Risk) उच्च रहेको हुन्छ साथै त्यस्ता संस्थाहरूको विकासमा प्राविधिक समस्याले भन्दा शासकीय व्यवस्थासम्बन्धी समस्याले विकास र प्रगतिमा बाधा पुऱ्याएको हुन्छ; त्यस्तो अवस्थामा अर्थ-राजनीतिक विश्लेषण बढी महत्त्वपूर्ण र प्रभावकारी हुन सक्छ । विभिन्न अध्ययन अनुसन्धान प्रतिवेदनहरूले विद्यालय शिक्षामा अनियमितता भएको औंल्याएबाट विश्व

बैङ्कले अनुभव गरेको अवस्था नेपालमा विद्यमान भएको पुष्टि भएको छ (OAG, 2071 BS ; CIAA, 2015; Bhatta and Budhathoki, 2072 BS) । साथै नेपालको सामुदायिक विद्यालयहरू शैक्षिक सुधारका बहस चल्ने ठाउँको रूपमा विकसित हुनुको सट्टा समूहगत राजनीति गर्ने स्थान र अवसरका रूपमा विकसित हुँदै गएको कुरा सर्वत्र स्वीकार गरिएको छ (Pherali, et al, 2011; The Asia Foundation ) । यस्तो अवस्थामा विद्यालयको शैक्षणिक नेतृत्वको सुधारलाई प्राविधिक पक्षबाट मात्र नहेरी अर्थ-राजनीतिक परिवेशमा चिन्तन गर्नु सान्दर्भिक देखिन आउँछ ।

शैक्षणिक प्रक्रियामा शिक्षक र विद्यार्थीको भूमिका नै गहन हुने भए तापनि शैक्षणिक क्रियाकलापमा शिक्षकको सक्रियता र विद्यार्थीको सहभागिता बढाउन प्रधानाध्यापक, अभिभावक र व्यवस्थापन समितिको सहयोगात्मक भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । प्रधानाध्यापकको कार्यको नियमित सुपरिवेक्षण र व्यवस्थापकीय सहजीकरण मार्फत् विद्यालय व्यवस्थापन समिति विद्यालयको गतिविधिका लागि आम समुदाय र शैक्षिक प्रणालीप्रति जवाफदेही हुनुपर्ने हुन्छ भने विद्यार्थीहरूको दैनिक अध्ययन र गतिविधिमा चासो देखाई सहज र सहयोगात्मक सिकाइ वातावरण तयार गरी प्रधानाध्यापक र व्यवस्थापन समितिलाई नियमित पृष्ठपोषण प्रदान गरी अभिभावकहरू विद्यार्थी र विद्यालय प्रणालीप्रति जवाफदेही हुनुपर्ने हुन्छ । यी सम्पूर्ण प्रक्रियाको मिलन बिन्दु विद्यालयको सुधारिएको शैक्षणिक अवस्थाबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा आएको सुधार नै हो ।

'हालको उत्तर आधुनिक संसारमा जोसँग प्रशस्त ज्ञान र सूचनाको भण्डार छ, त्यो नै शक्तिशाली बन्न सक्छ' *(Doshi, 2003, p . 283)* भन्ने Michel Foucault को भनाइ जस्तै शक्ति, ज्ञान र सत्य (Power, Knowledge and Truth) एक अर्कासँग अन्तर सम्बन्धित रहेका हुन्छन् । समाजमा शक्ति एकत्रित नभई छरिएर (Deferred) र गतिशील अवस्थामा रहेको हुन्छ । यी तीन पक्षहरू विद्यालय नेतृत्वको बहस (Discourse) सँग बाँधिएका हुन्छन् (Ibid) । यस विचारअनुसार विद्यालयको शैक्षणिक प्रक्रियाको बहसमा संलग्न व्यक्ति र समूहमा जहाँ, जुनबेला र जोसँग शक्ति र सूचना हुन्छ त्यसले बनाउने ज्ञान नै सत्यताको रूप लिन्छ र प्रभावशाली बनेको हुन्छ ।

## ५. व्यक्ति र संरचना

Anthony Giddens को वैचारिक धरातलबाट हेर्दा प्रधानाध्यापक, व्यवस्थापन समिति र अभिभावकको भूमिकालाई अलगअलग संस्थागत संरचना (Structure) र व्यक्ति (Agency) को द्वैध चरित्रका (Dialectical Relationship) रूपमा लिन सकिन्छ जहाँ संरचनाले बनाएको ढाँचा मूल्य र मान्यताभित्र रहेर व्यक्तिको रूपमा प्रधानाध्यापक, व्यवस्थापन समिति सदस्य र अभिभावकहरूले कार्य गर्नुपर्ने अवस्थाको साथै यी व्यक्तिहरूको क्रियाकलापबाट विद्यालयको शैक्षणिक गतिविधिसँग सम्बन्धित संरचनाहरूको पुनर्उत्पादन (Reproduction of Structure) समेत भएको हुन्छ *(Doshi, 2003; Harington, 2005)* । अर्थात् विद्यालय एक औपचारिक प्रणाली र संरचनाअन्तर्गत सञ्चालित हुन्छ । यस संरचनाको मूल्य, मान्यता र नियमअनुसार विद्यालयका सबै कर्ताहरूले आफ्नो भूमिका प्रस्तुत गर्नुपरेको हुन्छ। अर्कोतर्फ विद्यालयको संरचनाभित्र कार्य गर्ने व्यक्तिको व्यवहार (एजेन्सी) ले पनि स्थापित संरचनागत मूल्य, मान्यता र नियमहरूमा परिवर्तन र परिमार्जन गर्न भूमिका खेलेको हुन्छ। त्यसकारण विद्यालयको शैक्षणिक नेतृत्वको सहजीकरणको कुरा गर्दा यो संरचना र व्यक्तिबीचको अन्तरसम्बन्धलाई समेत ख्याल गर्नुपर्ने हुन्छ । विद्यालयका आर्थिक र सामाजिक अन्तरसम्बन्धहरूमा दुवै पक्षले प्रभाव पारेका हुन्छन्। यो अवस्थामा प्रमुख कार्यकारी र समन्वयात्मक भूमिका निर्वाह गर्ने प्रधानाध्यापकको भूमिकालाई कसरी प्रभावकारी र जवाफदेही बनाउन सकिन्छ हाल विकसित सामाजिक राजनीतिक अवस्थामा यस सन्दर्भलाई विद्यालय अर्थ-राजनीतिक दृष्टिकोणबाट विश्लेषण र चर्चा गर्नु आवश्यक देखिन आउँछ।

## ६. स्थानीय स्रोत परिचालन

शैक्षणिक प्रक्रिया विद्यालयमा नियमित सञ्चालन हुनका लागि यथेष्ट साधन र स्रोतको पहिचान र सोको समुचित र दक्षतापूर्ण उपयोगको आवश्यकता पर्दछ। हाम्रो समुदायमा विद्यमान 'खाली खुट्टे जानकार' वा दक्ष जसलाई बेयर फुट एक्सपर्ट पनि भन्न सकिन्छ, तिनीहरूलाई पहिचान गर्ने र उनीहरूसँग भएको ज्ञान र सीपलाई आधुनिक प्रविधिसँग मेल गराई विकसित हुने अवसर विद्यालयले प्रदान गर्न सकेमा सामान्य शैक्षणिक क्रियाकलापहरू

मार्फत् विद्यालय समाजको लागि सिकाइ थलोको रूपमा विकसित हुने, अभिभावकहरूको विद्यालयप्रतिको विश्वास बढ्ने र अर्कोतर्फ परम्परागत ज्ञान र सीपको जगेर्ना हुँदै गई मौलिक पहिचान सहितको दिगो विकासको आधारशिला तयार हुन सक्दछ । यसै सन्दर्भमा स्थानीय जनजातिहरूको पेसा व्यवसायप्रति चिन्ता व्यक्त गर्दै विश्वकर्मा (२०६३) को भनाइ छ 'दलितहरूको पेसामा आधुनिकीकरण भएको छैन, उनीहरू आफ्नो पेसाबाट विस्थापित हुनु परेको छ (पृ.४४) । हरेक दलित जाति कुनै न कुनै विशिष्ट पेसासँग आबद्ध रहेका हुन्छन् । दलितसँग आफ्नै पुर्ख्यौली पेसा, सीप र कला छ जो नेपाली समाजको मूल्यवान संस्कृति पनि हो' ( । पृ. १०९) । यस भनाइले नेपालका विविध जातजातिहरूमा रहेको परम्परागत ज्ञान र सीपको उत्खनन र जगेर्ना गरी विद्यालय शिक्षण प्रक्रियामा समेत उपयोग गर्न सकिने सम्भावना देखाएको छ ।

यस्तै गरी मुस्ताङको सान्तन समुदायमा गाउँ र परिवारमा जेष्ठ नागरिकबाट गरिने निर्णय प्रक्रियाको अभ्यास; मगर समुदायको भेजा र पञ्च भलादमी (मुखिया, जिम्माल, तहबील, धपुदा, गौरा)बाट निर्णय गर्ने अभ्यास; पश्चिम नेपालका गुरुङहरूको त्थ्यो; तामाङ समुदायमा प्रचलित आपसी झगडा तथा विवाद समाधान गर्ने चोहो प्रक्रिया; जुम्लामा बालीनाली हेर्ने नरौलो अभ्यास; थारु समुदायको बडघर प्रणाली इत्यादि व्यवस्थापकीय अभ्यासहरू *(तामाङ, २०६४; तिवारी, २०६४; बुढामगर, २०६४)* र अन्यको खोजी गरी विद्यालयको शिक्षण प्रक्रिया जस्तै विज्ञबाट कक्षा सञ्चालन, विद्यार्थीहरूको लागि परियोजना कार्य, प्रधानाध्यापकका लागि व्यवस्थापकीय अभ्यास जस्ता कार्यहरू विद्यालयमा भित्राउन सकिन्छ । यस्ता स्थानीय सम्पत्ति विद्यालयमा भित्र्याएर शैक्षणिक अवस्था सबल बनाउन प्रधानाध्यापक सक्षम हुनु आवश्यक छ । यस पक्षमा प्रधानाध्यापकको नेतृत्वदायी क्षमता विकास गराउन विद्यालय व्यवस्थापन समितिको सहजीकरण सुपरिवेक्षण र अभिभावकहरूको स्वस्फूर्त सहयोगको खाँचो देखिन्छ ।

## ७. निकासका विकल्पहरू

भनिएको छ, इतिहास विकल्पहरूको खजाना हो जहाँ समस्या समाधानका उपायहरू भेट्टाउन सकिन्छ । पुर्ख्यौली अनुभवले खारिएको रैथाने ज्ञान र

सीपलाई आधुनिक प्रविधि लेपन गरी सिँगार्न सके दिगो विकास र मौलिक ढाँचा सहितको परिवर्तनको लागि धेरै समय पर्खिनु पर्ने छैन भन्ने कुरा हाम्रै परिवेशका विद्यालयले देखाएका राम्रा र अनुकरणीय अभ्यासहरू प्रमाणित गरिसकेका छन् । गुरुकुल, मदरसा, गुम्बा जस्ता हाम्रा मौलिक परम्पराले शिक्षामा सामुदायिक सोच र अपनत्वको जग बसाएको छ । नेपाली शिक्षाको ऐतिहासिक विकास क्रमले यही सन्देश दिन्छ । विद्यालयमा प्रधानाध्यापकको शैक्षणिक नेतृत्वलाई बल पुऱ्याउन विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूको भूमिकालाई विस्तारित गर्न सकिने प्रचुर सम्भावनाहरू रहेका छन् ।

पहिलो, विज्ञता नै आर्थिक उपार्जनको जग हो । यसै विचारलाई विकसित गरी पश्चिमाहरूले ज्ञान अर्थतन्त्र (Knowledge Economy) भनी फिँजाउन सफल भएका छन् । हाम्रो समाजमा खालीखुट्टे दक्षको रूपमा अस्तित्व जोगाउन संघर्षरत इतिहासका अमूल्य निधिहरू पहिचान गर्ने र यी पम्परागत रैथाने (Indigenous) ज्ञान र सीप भएका विद्वानहरूको विज्ञ समूह (Pool) तयार गरी विद्यालयको शैक्षणिक प्रक्रियामा योगदान पुऱ्याउने स्रोतका रूपमा स्थापित किन नगर्ने ?


दोस्रो, भाषा, कला, संस्कृति, सांस्कृतिक परम्परा, मूल्य र मान्यताहरू नै बदलिँदो परिवेशमा सबै मन मुटुहरूलाई जोड्ने कडी भएका छन् । यिनीहरूलाई विद्यालय शैक्षणिक प्रक्रियाको स्रोत किन नबनाउने ? हरेक राष्ट्रिय पर्वहरूका अवसरमा विद्यार्थी र शिक्षकहरूबीच विविध जातजाति सम्बन्धित भाषा, वेशभूषा, गायनवादन, नृत्य, खेलहरूको अनुभव र खुशी साटासाट गर्न सकिन्छ । जहाँ विद्यार्थीहरूलाई एउटा कक्षाकोठा भित्र सिङ्गो नेपालको अभ्यास र अनुभूति गराउन सकिन्छ ।

तेस्रो, राजनीतिक संक्रमणकालीन अवस्थामा आर्थिक सामाजिक संरचना र सोचमा आएको परिवर्तनलाई समस्याको रूपमा नभई विविध विचारहरूको संगम (Synergy) को रूपमा विकास गरी विद्यालयको शैक्षणिक विकासमा सिर्जनात्मक प्रयोग गर्न सकिने सम्भावना छ । विद्यालयमा प्राप्त स्रोत र सुविधाहरूको समानुपातिक र समतामूलक वितरण, राज्यको नीतिअनुसार निधारित सुविधाहरू लक्षित वर्गमा पुगे नपुगेको सुनिश्चित गर्ने जस्ता क्रियाकलापहरूले नियमित शैक्षणिक गतिविधिहरूको प्रभावकारितामा योगदान पुऱ्याइरहेका हुन्छन् । तसर्थ विद्यालयको सीमित स्रोत साधनहरूको सदुपयोग गरी शिक्षण क्रियाकलापमा सघाउ पुऱ्याउन प्रधानाध्यापकको

स्वस्फूर्त र विद्यालय व्यवस्थापन समिति र अभिभावकहरूको प्रतिक्रियात्मक जवाफदेहिता *(Desai, 2013)* रहन्छ । यसको लागि व्यवस्थापन समिति र अभिभावकको सक्रियतामा जवाफदेहिता संयन्त्र निर्माण गर्न सकिन्छ ।

चौथो, राजनीतिक आस्थाका आधारमा समूहीकृत शिक्षकका पेसागत संस्थाहरूलाई विद्यालयको स्रोत र सुविधाहरूका सेवाग्राहीको पहिचान र समतामूलक वितरण गर्दै विद्यालयको शिक्षण क्रियाकलापमा योगदान पुऱ्याउन सक्ने गरी सामूहिक सुपरिवेक्षण समूह निर्माण गरेको खण्डमा प्रधानाध्यापकको शैक्षणिक नेतृत्वमा सहयोग पुग्न सक्छ ।

पाँचौं, प्रधानाध्यापक र व्यवस्थापन समितिको लागि दैनन्दिन सम्पादन गर्नुपर्ने व्यवस्थापकीय कार्यलाई आवश्यक पर्ने ज्ञान सीपको अतिरिक्त धारणा मूल्यमान्यता र व्यवहारमा असर पार्ने अर्थराजनीतिक अवधारणा, जवाफदेहिता, स्थानीय स्रोत परिचालन, सूचना तथा ज्ञानको सङ्कलन र व्यवस्थापन जस्ता विषयहरू समेटी क्षमता विकासका कार्यक्रमहरू आयोजना गर्नु आवश्यक छ । क्षमता विकासको यस अवधारणालाई देहायको खाकामा प्रस्तुत गरिएको छः




चित्र १. शैक्षणिक नेतृत्वका लागि प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको क्षमता विकास खाका ।

माथिको चित्र १ मा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको क्षमता विकास कार्यक्रम तीन चरणमा पूरा गर्ने गरी खाका प्रस्तुत गरिएको छ । पहिलो चरणमा विद्यालय अर्थात् कार्यथलो मै रहेर प्रधानाध्यापक र व्यवस्थापन समितिले विद्यमान शैक्षणिक अवस्थाको समीक्षा र विश्लेषण

गर्दै संयुक्त रूपमा विद्यालय विकास योजना निर्माण गर्नुपर्दछ । यसको अवधि करीब १५ दिन बरबारको हुन सक्नेछ । दोस्रो चरणमा प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू शैक्षिक तालिम केन्द्रमा रही कार्यशालामा सहभागी हुनेछन् । यस अवधिमा तालिम कार्यशालाको मुख्य विषयवस्तु जस्तै स्थानीय स्रोत परिचालन, जवाफदेहिता र शासकीय प्रबन्ध, शैक्षिक नेर्तत्वको अर्थ-राजनीति तथा सुधारका रणनीतिहरू इत्यादि हुन सक्नेछन् । यो अवधि करीब दुई हप्ता वा १५ दिनसम्म हुन सक्नेछ । दोस्रो चरणको कार्यशाला अवधिमा विद्यालय विकास योजनामा परिमार्जन समेत हुनेछ । अन्तिम तेस्रो चरणमा सहभागीहरू आआफ्नो विद्यालयमा फर्किएर परियोजना कार्यको रूपमा तालिम केन्द्रमा तयार गरिएको विद्यालय विकास प्रस्ताव कार्यान्वयन गर्दछन् । विद्यालय विकास योजना कार्यान्वयन गरी नतिजा प्राप्त गर्नका लागि लामो समय लाग्ने भए तापनि तेस्रो चरणको लागि सहजीकरण र सुपरीवेक्षणको अवधि एक वर्ष मानिनेछ । यस अवधिमा तालिम केन्द्रका प्रशिक्षक, विद्यालय निरीक्षक र स्रोत व्यक्तिहरूबाट विद्यालय विकास प्रस्ताव कार्यान्वयन सम्बन्धमा अभिभावकहरू समेतलाई सहभागी गराई अभिमुखीकरण र सहजीकरण गर्ने कार्य गरिनेछ । विद्यालय तहमा सञ्चालन हुने यस कार्यमा सम्भव भएसम्म माथि चर्चा गरिए जस्तै स्थानीय स्तरमा उपलब्ध हुने दक्ष तथा जानकारहरू र शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूलाई समेत समन्वयात्मक रूपमा परिचालन गर्नु पर्दछ । प्रधानाध्यापकको व्यवस्थापकीय कार्य क्षमता तथा कार्य सम्पादन मूल्याङ्कन गर्दा विद्यालय विकास प्रस्ताव कार्यान्वयनमा स्थानीय स्रोत परिचालनको पक्षलाई प्राथमिकतामा राख्नु पर्दछ । मूल्याङ्कनको यस पक्षलाई शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा प्रयोगमा ल्याइएको विद्यालय स्वमूल्याङ्कनका सूचकहरूमा समेत समावेश गराइनु पर्दछ । यस ढाँचाबाट विव्यस र अभिभावकको क्षमता विकास र सशक्तिकरण हुन गई प्रधानाध्यापकको शैक्षणिक नेतृत्वमा सहयोग र सहजीकरण हुने भई अन्ततोगत्वा विद्यार्थीहरूको सुधारिएको उपलब्धि प्राप्त हुनेछ ।

## ८. उपसंहार

प्रस्तुत लेखमा केही वैचारिक र व्यावहारिक विकल्पहरूको उठान गरियो । विद्यालयको स्रोत साधनको दक्षतापूर्ण उपयोग गर्दै शैक्षणिक प्रक्रियामा केन्द्रीय भूमिका खेल्ने प्रधानाध्यापकको नेतृत्वलाई सबल र सहज बनाउन विद्यालय व्यवस्थापन समिति र अभिभावकको भूमिकालाई समाजमा विद्यमान साधन र स्रोतहरूको वितरण र बाँडफाँड, शक्ति सन्तुलन र निर्माण, विभिन्न औपचारिक र अनौपचारिक संस्था र व्यक्तिबीचको अन्तरसम्बन्ध जस्ता अर्थ-राजनीतिक पक्षबाट समेत हेरिनु पर्ने कुरा अघि सारियो । स्थानीय तहमा पहिचान विहीनको रूपमा रहेका मानव स्रोतलाई विद्यालयको शैक्षणिक प्रक्रियामा समाहित गर्नुपर्ने, साथै समाजले पचाएको परम्परागत मूल्य मान्यता विश्वासलाई विद्यालयको शिक्षण प्रक्रियाको वैचारिक आधारका रूपमा स्थापित गर्न सक्नु पर्दछ भन्ने चिन्तन पनि अघि सारिएको हो ।

## सन्दर्भ सामग्री


Basom, M. ; Basom, M. R. and Andrews, R. L. (1991). Instructional Leadership: Supervision That Makes a Difference. *Theory into Practice. 30 (2) pp. 97-101.* Taylor & Francis Ltd. Retrieved from www.jstor.org

Berdal, M. and Zaum, d, (2013). *Political economy of state building: power and peace*. New York: Routledge.

Bhatta and Budhathoki (2072). School Level Financial Irregularities Found in the Report of CIAA and OAG. *Aajakoshiksa, Fagun, 2072*, p. 50-53.

Budhamagar, B. K. (2064). Magar Jatiko Sanskar ra Ritiriwaj. In B. N. Koirala, A. Khadka & R. Khadka (Eds. ), *Nepalma raithane loktantrik abhyas (Indigneous democratic practices of Nepal), (pp. 102-115).* Kathmandu: Nepal Srijanatmak Adhyan Kendra.

Capraso, G. A. and Levine. D. P. (2009). *The theories of political economy*. New York: Cambridge University Press.

Commission for the Investigation of Abuse of Authority (2015). *Twenty-Fourth annual report 2013/14.* Kathmandu: Author.

Desai, J. P. (2013). *Accountability*. Noida, India: Pearson.

Doshi, S. L. (2003). *Modernity, post-modernity and neo-sociological theories*. New Delhi: Rawat Publication.

Education Review Office (2015). *National assessment of student achievement (NASA): A glimpse of results*. Sanothimi: Author.

Government of Nepal (2071 B. S. ). *The Education Act 2028 (with amendments)*. Kathmandu: Author.

Government of Nepal (2009). *School sector reform plan 2009-2015)*. Kathmandu: Author.

Government of Nepal (2072 B. S. ). *School sector development plan (draft copy)*. Kathmandu: Author.

Harrington, A. (2005). *Modern social theory: and introduction*. New York: Oxford University Press.

Hirosato, Y. and Kitamura, Y. (Eds. ). (2009). *The political economy of educational reforms and capacity development in southeast Asia.* Nagoya: Springer.

Office of Auditor General (2071 B. S. a). *Fifty-second annual report of the Auditor General.* Kathamandu: Author.

Pherali, T. , Smith, A. & Vaux, T. (2011). *A political economy analysis of education in Nepal*. Kathmandu: Delegation of the European Union to Nepal.

Tamang, A. Y. (2064). Rajyako Prunarsamrachanako Sandarvama Tamang Lokparipatiko Prunarawalokan. In B. N. Koirala, A. Khadka & R. Khadka (Eds. ), *Nepalma raithane loktantrik abhyas (Practice of indigenous democracy in Nepal)*(pp. 174-190). Kathmandu: Nepal Srijanatmak Adhyan Kendra.

The Asia Foundation (n.d.). *Political economy analysis of local governance in Nepal: with special reference to education and health sector*. Kathmandu: Author.

The Wallace Foundation (2013). The school principal as leader: guiding schools to better teaching and learning. Retrieved from www.wallacefoundation.org.

Tiwari, D. P. (2064). Janajatiko Sankritima Paine Loktantrik Mulayaharu. In B. N. Koirala, A. Khadka & R. Khadka (Eds. ), *Nepalma raithane loktantrik abhyas* (pp. 144-149). Kathmandu: Nepal Srijanatmak Adhyan Kendra.

Wittman, D. A. and Weingast, B. R. (2006). *The Oxford Handbook of political economy* (Eds. ). New York: Oxford University Press.

World Bank (2009). *Problem-driven governance and economic analysis*. Washington DC: The World Bank.

विश्वकर्मा, मान बहादुर (२०६३)। दलित समुदायका सामाजिक आयाम। काठमाडौँ जनउत्थान प्रतिष्ठान।

# शिक्षा वित्त, वास्तविकता र यसका विविध आयामहरू

**डा. हरिप्रसाद लम्साल***

## १. विषय प्रवेश

शिक्षाका लागि रकम वा यस्तै समकक्षी वस्तुको आवश्यकता पर्दछ। शिक्षामा उपलब्ध भएको वा गराउनु पर्ने यिनै रकम वा यस्तै समकक्षी वस्तुहरूलाई शिक्षा वित्त भनिन्छ भने यसको समग्र व्यवस्थापन (रकम कहाँबाट प्राप्त गर्ने वा कहाँबाट आउँछ ? यसलाई के कसरी विनियोजन गर्ने ? के कस्ता ठाउँमा खर्च गर्ने ? आदि) गर्ने कार्यलाई शिक्षामा वित्त व्यवस्थापन भनिन्छ। शिक्षा लिन-दिनका लागि रकम आवश्यक पर्छ । यो रकम कसले तिर्ने भन्ने विषय शिक्षा निजी वस्तु कि सार्वजनिक वस्तु भन्ने विषयसँग सम्बन्धित छ। विज्ञहरूका अनुसार कतिपय अवस्थामा शिक्षालाई सार्वजनिक वस्तुको रूपमा लिइएको पाइन्छ भने कतिपय अवस्थामा यसलाई निजी वस्तुकै रूपमा लिइएको पनि देखिन्छ। आखिर यो सार्वजनिक र निजी भन्ने विषय के कसरी निरूपण हुन सक्ला त ? यस लेखको उद्देश्य शिक्षा वित्तको बारेमा विद्यमान वास्तविकताहरू र अबका दिनमा के गर्नु पर्ला ? भन्ने बारेमा खोजी

---

* प्रवक्ता, शिक्षा मन्त्रालय, विज्ञ, शिक्षा वित्त

गर्नु रहेको भए तापनि शिक्षा सार्वजनिक कि निजी भन्ने विषयमा लेखको शुरूमा केही सैद्धान्तिक बहसलाई उजागर गर्न खोजिएको छ।

बजारको संयन्त्र निजी वस्तु र सेवाको प्रवाहका लागि स्थापना भएका हुन्छन् जहाँ क्रेता र विक्रेताको बीचमा लेनदेन हुन्छ। यस क्रममा मागले आपूर्ति निर्धारण हुन्छ। तर विकल्प वा छनौट उपलब्ध नभएको अवस्थामा आपूर्तिले मागलाई सीमित गरिदिन पनि सक्छ। बजारमा रहेका वस्तुहरूमध्ये कतिपय वस्तु प्रतिस्पर्धी (Rival) को रूपमा रहन्छन् भने कतिपय वस्तुहरू अप्रतिस्पर्धी (Nonrival) हुन्छन् (Kaul and Mendoza) । उदाहरणका लागि बजारमा रहेको एकजोर जुत्ता कुनै व्यक्तिले किन्दा त्यही जुत्ता अर्कोले प्राप्त गर्न सक्दैन। तर, बजारमा अन्य केही त्यस्ता वस्तु वा सेवा हुन्छन्, जुन एउटाले लिँदा अर्कोले नपाउने अवस्था सृजना हुँदैन । उदाहरणका लागि वातावरणमा एउटाले स्वच्छ हावा लिँदा अर्कोले स्वच्छ हावा लिन नपाउने अवस्था सृजना हुँदैन, सार्वजनिक स्थानको प्रयोग यसको अर्को उदाहरण हुन्छ सक्छ। शिक्षा सार्वजनिक कि निजी भन्ने विषयको अवधारणामा प्रष्ट हुनका लागि बजारमा उपलब्ध हुने यिनै प्रतिस्पर्धी र अप्रतिस्पर्धी वस्तुको अवधारणाका बारेमा स्पष्ट हुन आवश्यक छ।

बजारमा अप्रतिस्पर्धी रूपमा रहेका वस्तुहरूको आदान-प्रदानमा निजी क्षेत्र वा बजारले काम गर्दैन । यसमा बजारले काम गर्न सक्दैन किनकी सबैको लागि उपलब्ध हुने वस्तु वा सेवाको लागि उपभोक्ताले कुनै मूल्य तिर्दैन। तर, एउटा बिर्सन नहुने पक्ष के हो भने अप्रतिस्पर्धी वस्तु वा सेवाको उपभोगमा प्रतिस्पर्धी अवस्था आउने देखियो भने त्यहाँ अपवाद लगाउनु आवश्यक हुन्छ। बजार प्रवेशमा गाडीमा अतिरिक्त कर लगाउनु, बगैँचा वा पार्कमा अतिरिक्त शुल्क लगाउनु यसका उदाहरणहरू हुन।

जुन वस्तु वा सेवा अप्रतिस्पर्धी र छुट्ट्याउन अयोग्य हुन्छन्, तिनीहरूलाई सार्वजनिक वस्तु वा सेवा भनिन्छ। यस्ता वस्तु वा सेवाको मूल्य निर्धारण स्वतन्त्र बजार संयन्त्रले गर्न सक्दैन। तसर्थ यस्ता वस्तु वा सेवाका सन्दर्भमा सरकारले काम गर्नुपर्छ। त्यसैले भन्ने गरिन्छ, निजी वस्तु वा सेवाका लागि बजार र सार्वजनिक वस्तु वा सेवाका लागि सरकार। तर यो पनि सत्य छ कि वस्तु वा सेवाले आफ्नो रूप बदल्न सक्छ निजीबाट सार्वजनिक र सार्वजनिकबाट निजीमा, यस अवस्थामा सरकारको भूमिकामा परिवर्तन आउन सक्छ। कुन वस्तु वा सेवा सार्वजनिक हुन भनेर कसरी किटान गर्ने त ? एउटा पुरानो तरीका अनुसार

सर्वप्रथम वस्तु वा सेवाको अप्रतिस्पर्धी र Non-excludable विशेषता पहिचान गर्ने र सोका आधारमा त्यस्ता वस्तु वा सेवा सार्वजनिक हुन् भनेर छुट्ट्याउने हो। यो विशेषता निरपेक्ष नभएर समाज विशेष पनि हुन सक्छ। सार्वजनिक र निजी वस्तु वा सेवाको पहिचान गर्न Poloni-Staudinger (2013) ले तयार गरेको देहायको तालिका उपयोगी हुने देखिन्छ।

**तालिका १: सार्वजनिक, निजी र साझा वस्तुको वर्गीकरण**

| | **Excludable** | **Non-excludable** |
|---|---|---|
| **प्रतिस्पर्धी** | **निजी वस्तुः**<br>खाना, कपडा, गाडी | **साझा वस्तुः**<br>काठ, माछा |
| **अप्रतिस्पर्धी** | **सार्वजनिक वस्तुः**<br>सिनेमा, गल्फ<br>कोर्स, स्याटलाइट टिभि | **सार्वजनिक वस्तुः**<br>राष्ट्रिय सुरक्षा, लाइट हाउस |

शिक्षा सार्वजनिक वस्तु हो भन्दाभन्दै पनि यसले निजी वस्तुको जस्तै स्वभाव र चरित्र देखाउन थालेको छ। तसर्थ, यसलाई निजी वस्तुको रूपमा लिने प्रचलन बढिरहेको छ। *Poloni-Staudinger (2013)* कै भनाइलाई आधार मान्दा शिक्षालाई निजी वस्तुको रूपमा लिन सकिने आधार देहायको भनाइबाट पाउन सकिन्छ। "शिक्षा पनि निजी वस्तुको रूपमा हेर्न सकिन्छ। लगानीको रूपमा हेर्ने हो भने एउटा व्यक्तिले शिक्षाबाट निजी लाभ प्राप्त गर्न सक्छ। अर्थात उसले पैसा, प्रयत्न र समय लगाए वापत उसले धेरै पैसा कमाउने काम पाउँछ, उसले काम छनौट गर्ने अवसर पाउँछ।"

## २. शिक्षाका लागि स्रोत

शिक्षा सार्वजनिक वा निजी जे भनिए पनि यसको लागि रकम आवश्यक पर्छ। शिक्षा प्रक्रिया बिना शुल्क चल्न सक्दैन। यस क्रममा लाग्ने वा आवश्यक रकम कसले व्यहोर्ने वा कुन, कुन स्रोतबाट व्यवस्था गर्ने भन्ने मात्र हो। शिक्षा लिन-दिनका लागि आवश्यक रकम मोटामोटी रूपमा दुईओटा स्रोतहरू व्यक्ति/घरपरिवार र सरकारबाट उपलब्ध हुने गर्दछ। कम विकसित मुलुकहरूका

हकमा मात्र विदेशी सहयोगलाई तेस्रो स्रोतको रूपमा उल्लेख गर्न सकिन्छ। हुन त शिक्षामा रकम उपलब्ध गराउने यी तीन वटा बाहेक अन्य स्रोतहरू पनि हुन्छन् भनेर उल्लेख गर्ने गरिएको भेटिन्छ। तर सूक्ष्म रूपमा हेर्ने हो भने ती सबै यिनै तीन वटाका सम्मिश्रणको रूपमा मात्र आउने गर्दछन् *(लम्साल, २०१४)*। विकसित मुलुकमा त घरपरिवार र सरकार गरेर जम्मा दुई वटा स्रोत मात्र हुन्छन्।

शिक्षाका लागि रकम उलपब्ध हुने स्रोतका बारेमा नेपालको सन्दर्भमा शिक्षा मन्त्रालय, अन्य मन्त्रालयहरू, स्थानीय निकाय (जिल्ला विकास समिति, महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका, गाँउ विकास समिति), घरपरिवार/अभिभावक, स्थानीय/राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था, विदेशी ऋण, विदेशी अनुदान, प्राविधिक सहयोग र आन्तरिक आम्दानीजस्ता शीर्षकहरूलाई समेत स्रोतको रूपमा उल्लेख गर्ने गरेको पाइन्छ *(लम्साल, पौडेल, आचार्य र कोइराला, २०१२)*। शिक्षा वित्तमा सिद्धान्ततः दुई वा तीन वटा स्रोतहरू भए तापनि नेपालको सन्दर्भमा बहु स्रोत रहेको छ भनेर उल्लेख गरिएको पाइन्छ *(लम्साल, २०१४)*।

## ३. शिक्षा वित्तको अवस्था

शिक्षाका लागि जुन स्रोतबाट रकम उपलब्ध भए तापनि व्यक्ति र सरकारले देहायका तीन वटा अवस्थाको अधीनमा रही शिक्षा वित्तमा साझेदारीता गरेका हुन्छन् *(लम्साल, पौडेल, आचार्य र कोइराला, २०१२)*। शिक्षामा प्राप्त यी स्रोतहरू देहायको अवस्थामा साझेदारीता गर्न आएका हुन्छन्ः

क) शिक्षा लिन-दिनका लागि आवश्यक सम्पूर्ण रकम सरकारले तिर्ने हो भने व्यक्तिले तिर्नु पर्दैन। यस अवस्थामा व्यक्तिले निःशुल्क रूपमा शिक्षा प्राप्त गर्ने अवसर प्राप्त गर्छ।

ख) शिक्षा लिन-दिनका लागि आवश्यक सबै रकम व्यक्तिले तिर्ने हो भने यसमा सरकारले कुनै रकम तिर्नु पर्दैन। यस अवस्थामा सरकारलाई व्ययभार हुन्न। सबै व्ययभार व्यक्तिमा पर्दछ। यो भनेको लागत आपूरणको अवधारणा हो।

ग) शिक्षा लिन-दिनका लागि आवश्यक रकम व्यक्ति र सरकार दुवैले मिलेर व्यहोर्ने हो भने यो साझेदारीको अवधारणा अन्तर्गत पर्दछ। यसमा रकम तिर्ने भार व्यक्ति र सरकार दुवैमा पर्न आउँछ।

सिद्धान्ततः शिक्षामा निःशुल्क वा लागत आपूरणका अवधारणा प्रचलनमा रहेको भए तापनि व्यवहारमा यी दुवै सम्भव छैनन् भन्ने पनि गरिन्छ किनकि निःशुल्क शिक्षामा पनि व्यक्तिको समय र प्रयास प्रयोग भइरहेको हुन्छ भने लागत आपूरणमा पनि राज्यले व्यक्ति वा निकायलाई शिक्षाका लागि कुनै न कुनै प्रकारका छुट दिएको वा सहयोग गरेको हुन्छ। अतः शिक्षा लागत साझेदारीमा सञ्चालन भएको हुन्छ, यो त मुलुक विशेष र तह विशेष रूपमा मात्रामा फरक हुने मात्र हो।

## ४. शिक्षा वित्तका विचारणीय पक्षहरू

शिक्षा वित्तमा प्रभाव पार्ने पक्षहरूमा जनसांख्यिकी पक्ष, मुलुकको समग्र आर्थिक अवस्था, बाह्य सहयोगको अवस्था, शिक्षा विकासको अवस्था, सामाजिक मागको अवस्था, प्रविधिको अवस्था, प्रयोगमा ल्याइएको शैक्षिक संरचना र शैक्षिक प्रणाली आदि प्रमुख रूपमा रहेका हुन्छन् *(पेनरोज, १९९८)*। कुनै पनि मुलुकको शिक्षा वित्तको चर्चा र विश्लेषण गर्दा यिनै पक्षहरूलाई ध्यानमा राख्नु पर्छ।

यसैगरी शिक्षामा वित्तको बारेमा चर्चा गर्दा पर्याप्तता, समता र सक्षमता ध्यान दिनु अति आवश्यक छ *(म्याकग्राथ, १९९३; राव, नाइडु र जामी, २००८; लम्साल, २०१४)*। यसलाई शिक्षा वित्तका मार्गदर्शक सिद्धान्त भन्दा पनि हुन्छ। हेर्दा सरल जस्ता देखिने यी पक्षहरू कार्यान्वयनमा साँच्चै नै चुनौतीपूर्ण छन्। अधिकार प्राप्त व्यक्ति वा निकायले जुन विषय वा क्षेत्रमा रकम विनियोजन गर्न खोजेको हो त्यो काम गर्न पुग्ने गरी रकमको व्यवस्था गर्नुपर्छ। हुन त के कति रकम उपलब्ध गराउँदा पर्याप्त हुन्छ भन्नेमा एकमत छैन। यसैगरी विनियोजन गरिएको रकमले कमजोर वर्ग वा क्षेत्र, आवश्यक भएको विषय वा क्षेत्र आदिलाई सहयोग गरेको हुनुपर्छ। भनाइको मतलब जसलाई बढी आवश्यक छ त्यस स्थानमा पहिला रकम उपलब्ध गराउनु पर्छ। यी दुवै पक्षका साथै रकमको सदुपयोगको विषयमा पनि उत्तिकै मात्रामा सोच्नु पर्छ। अर्थात विनियोजित बजेटबाट के हासिल गर्न खोजिएको हो कमभन्दा कम क्षतिमा सो उपलब्धि हासिल गर्नेतर्फ ध्यान केन्द्रित गर्नु आवश्यक छ।

विद्यालय वित्त व्यवस्थापनमा सरकारले के, कति रकम विनियोजन गरेको छ भन्ने विषयमा धेरै चासो हुन्छ । तर विनियोजन गरिएको रकम के, कस्ता शीर्षकमा के, कस्तो उद्देश्य हासिल गर्नमा केन्द्रित गरिएका छन् ? भन्ने विषयमा कम ध्यान पुगेको देखिन्छ । रकम उपलब्ध हुनु एउटा विषय हो भने यसको खर्च र सदुपयोग अर्को महत्त्वपूर्ण पक्ष हो । शिक्षा क्षेत्रमा वा विद्यालय शिक्षामा कति रकम विनियोजन गरिएको छ भन्दा पनि के, कति रकम खर्च गरिएको छ भन्ने विषय महत्त्वपूर्ण हुन्छ । उक्त खर्च भएको रकम पनि राजश्व स्रोतबाट बेहोरिएको हो कि अन्य स्रोतबाट बेहोरिएको छ भन्ने विषयले स्रोतको दिगोपनलाई इङ्गित गरेको हुन्छ ।

वित्त व्यवस्थापनमा सर्वप्रथम उपलब्ध स्रोतलाई उच्च प्राथमिकता प्राप्त क्षेत्रमा सदुपयोग गर्ने बारेमा ध्यान दिनु पर्छ । रकमको सदुपयोगका साथमा रकम बढाउने कार्य उपयोगी हुन्छ । वृद्धि भएको बजेट उत्पादनमूलक क्षेत्रमा लगाउन नसक्ने हो वा प्राथमिकता प्राप्त क्षेत्रमा प्रयोग गर्न नसक्ने हो भने बजेट वृद्धि हुँदा सन्तोष मान्नु पर्दैन ।

## ५. शिक्षा वित्तमा प्रयोग गरिने मापकहरू

माथि नै उल्लेख गरिसकियो कि शिक्षामा बजेट उपलब्ध गराउने प्रमुख स्रोत भनेको सरकार हो । सरकारले के, कस्ता आधारमा स्रोत उपलब्ध गराउँछ ? भन्ने विषय पनि उत्तिकै महत्त्वपूर्ण छ । सरकारले सार्वजनिक बजेटको के, कति मात्रा कुन क्षेत्रमा लगाउने ? भन्ने बारेमा कुनै नियम वा सूत्र त छैन तर अन्तर्राष्ट्रिय रूपमा केही आधारहरू प्रयोगमा ल्याइएका छन् । *मुस्ग्रेभ र मुस्ग्रेभ (२००४)* ले सार्वजनिक बजेटको वितरणका क्रममा प्रयोग गरेका आधारहरू शिक्षाका क्षेत्रमा पनि उत्तिकै उपयोगी देखिएका छन् । यसैका आधारमा शिक्षाका लागि उपयोगी सूचकहरू तल दिइएका छन् जसले मुलुक विशेषले शिक्षालाई के, कसरी हेरेको छ भन्ने आधार प्रदान गर्दछ ।

माथि नै भनिसकियो कि धेरै मुलुकमा शिक्षामा विनियोजन गरिएको बजेटलाई आधार मानेर चर्चा गर्ने गरेको पाइन्छ तर विनियोजित बजेट सबै खर्च नहुन पनि सक्छ । यसैगरी विनियोजन गरिएको बजेटले नपुगेर बजेट थप गरिएको हुनसक्छ तर एकिन खर्च उपलब्ध हुन नसकेमा विनियोजनलाई पनि आधार मान्न सकिन्छ । जे होस विनियोजन वा खर्च जे भए पनि

तलका सूचकहरूले शिक्षा के कति प्राथमिकतामा छ भन्ने सूचना प्राप्त गर्न सकिन्छ ।

१) कुल गार्हस्थ उत्पादन (स्थिर मूल्यमा)को तुलनामा

२) कुल राष्ट्रिय उत्पादन (स्थिर मूल्यमा)को तुलनामा

३) राष्ट्रिय सार्वजनिक बजेटको तुलनामा

४) प्रति विद्यार्थीका लागि

- कुल राष्ट्रिय बजेटको तुलनामा
- कुल राष्ट्रिय बजेटमध्ये चालु खर्चको तुलनामा
- विद्यालयमा विद्यार्थी हितसम्बन्धी कार्यमा भएको वास्तविक खर्चको आधारमा

५) संघीय संरचना भएका मुलुकमा कुन तहका सरकारले शिक्षाका लागि के, कति रकम खर्च गर्छन् ? भन्ने विषयले पनि महत्त्व राख्ने गर्दछ। तसर्थ खर्च गर्ने सरकारको आधारमा

- केन्द्रीय सरकार
- प्रादेशिक सरकार
- स्थानीय सरकार

६) कतिपय अवस्थामा राष्ट्रिय बजेटको के, कति प्रतिशत रकम शिक्षाका मुख्य मुख्य कार्यहरूमा खर्च गर्ने गरिएको छ भन्ने विषयले पनि ठूलो अर्थ राख्दछ । विद्यालय भवन निर्माण, मर्मत तथा सञ्चालन खर्च र छात्रवृत्ति जस्ता सामाजिक सुरक्षाका विषय क्षेत्रमा खर्च भएको रकम यसमा समावेश गरिएको हुँदैन ।

७) सार्वजनिक वित्तको एउटा उद्देश्य न्यून आय भएकाहरूलाई अवसर उपलब्ध गराउनु वा थप सहयोग उपलब्ध गराउनु पनि हो। शिक्षामा भएको खर्चबाट गरीबी प्रभावित तथा लक्षित समूहमा के, कति मात्रामा लाभ पुग्न सक्यो ? समन्यायिक दृष्टिकोणबाट महिला तथा लक्षित समूहले के, कति लाभ प्राप्त गर्न सके ? भन्ने विषयहरू महत्त्वपूर्ण हुन्छन् ।

८) शिक्षामा उपलब्ध बजेटलाई क्षेत्रगत सन्तुलनको (प्रदेश, जिल्ला, स्थानीय तह वा अन्य कुनै भूगोल) आधारमा पनि हेर्ने गरिएको पाइन्छ ।

संसारका मुलुकहरूमा शैक्षिक प्रणाली, शिक्षाको संरचना, शिक्षक व्यवस्थापन र शिक्षाको समग्र व्यवस्थापन र सञ्चालन भिन्न किसिम वा फरक ढङ्गको हुन सक्ने भएकोले कुन कार्यका लागि के, कस्ता निकाय र शीर्षकबाट बजेट विनियोजन हुन्छ भन्नेमा एकरूपता नहुन सक्छ *(ओइसिडि, २००२; लम्साल २०१४)* । यसले शिक्षाको बजेट एकअर्कासँग तुलना गर्न जटिल बनाउने गर्छ। तसर्थ कुनै दुई मुलुकको बजेटको तुलना गरेर यो मुलुकको बढी र यो मुलुकको कम भन्न त्यति सजिलो छैन। तर यसो भनेर बजेट तुलना गर्न नै सकिँदैन भन्ने पनि होइन। यस किसिमबाट गरिने तुलनाले वास्तविक चित्र दिन सक्दैन मात्र भन्न खोजिएको हो। यस्ता तुलनाले एक किसिमको औसत प्रकृतिको चित्र मात्र प्रकाशमा ल्याउने गर्छन् ।

माथि नै उल्लेख गरिसकियो कि नेपालको शिक्षा वित्त सरकार, वैदेशिक सहयोग, घरपरिवार वा निजी क्षेत्र र विभिन्न संघसंस्थाहरूको योगदानबाट बनेको छ । विभिन्न संघसंस्थाहरूले के- कति सहयोग गरेका छन् भनेर औपचारिक तथ्याङ्क पाउन कठिन रहेको सन्दर्भमा देहायको भागमा शिक्षा वित्तका खासगरी सरकार, वैदेशिक सहयोग र घरपरिवारको योगदानको बारेमा चर्चा गरिएको छ।

### ५.१. शिक्षा वित्तमा सरकारको योगदान

शिक्षामा सरकारको तर्फबाट उपलब्ध हुने रकम सार्वजनिक बजेटको माध्यमबाट आउने गर्दछ। तसर्थ सरकारको तर्फबाट शिक्षामा उपलब्ध हुने रकमलाई सार्वजनिक बजेट पनि भन्ने गरिन्छ। शिक्षाका लागि सरकारले किन आफ्नो बजेट उपलब्ध गराउँछ भन्ने विषय यो सार्वजनिक विषयको क्षेत्र भएकोले हो भन्न सकिन्छ। *मुस्ग्रेभ र मुस्ग्रेभ (२००४, पृ.५)*ले सार्वजनिक बजेटका सन्दर्भमा उल्लेख गरेका औचित्यहरू शिक्षाका सन्दर्भमा पनि उत्तिकै मात्रामा लागू हुने देखिन्छन् जुन देहाय बमोजिम रहेका छन्ः

क) बजारले स्रोत साधनको सदुपयोग बढी सक्षम तरीकाले गर्न सक्छ। सिद्धान्ततः माग र आपूर्तिको अवधारणामा रहेर वस्तुको उत्पादन र आपूर्ति हुने गर्दछ। आर्दश अवस्थाको परिकल्पना बमोजिम सधैँ काम हुन्छ भन्न सकिँदैन। निजी क्षेत्र वा बजारलाई माग र आपूर्तिको सम्बन्धमा काम गराउन पनि सरकारले नियमकको भूमिका निर्वाह गर्न सक्नुपर्छ जो सार्वजनिक बजेटका माध्यमबाट हुन सक्छ।


ख) बजारले नाफामूलक क्षेत्रमा काम गर्दछ । कतिपय क्षेत्रमा सरकारले निजी क्षेत्रलाई आकर्षित गर्न त सक्छ । तर पनि कतिपय अवस्थामा निजी क्षेत्र आकर्षित नहुन सक्छ, यस्तो अवस्थामा सरकार आफैले काम गर्नुपर्ने हुन्छ । निजी क्षेत्रले काम नगर्ने स्थानमा सरकारले नाफा घाटा नहेरी काम गर्नुपर्ने हुन्छ ।

ग) रोजगारी, शान्ति सुरक्षा, मूल्यमा स्थिरता, सामाजिक मूल्यमान्यता, सामाजिक क्षेत्र जस्ता पक्षहरूमा सरकार आफैले काम गर्नुपर्छ ।

शिक्षा सार्वजनिक सरोकारको विषय, मानव अधिकारको विषय भएकोले यसमा सरकारले आवश्यक मात्रामा लगानी गर्नुपर्छ । मानव विकासका लागि शिक्षा र मुलुक विकासका लागि मानव जनशक्तिको ठूलो महत्त्व रहेकोले शिक्षामा आवश्यक स्रोत र साधनको व्यवस्था गर्नुपर्ने राज्यको दायित्व हो । विकसित मुलुकका अनुभवहरूले पनि शिक्षामा गरिएको लगानीको प्रतिफल मुलुक विकासमा देखिएको प्रमाणित गरिसकेका छन् । सरकारले शिक्षामा गरेको लगानीले व्यवहारमा सरकारले शिक्षालाई कुन प्राथमिकतामा राखेको छ भन्ने पुष्टि पनि गर्दछ। दस्तावेजमा प्राथमिकतामा राख्नु एउटा पक्ष हो भने, त्यसको व्यवहारमा कार्यान्वयन भए नभएको हेर्नका लागि सार्वजनिक बजेट के, कसरी विनियोजन गरिएको छ भनेर हेर्दा पुग्छ। नेपालको सन्दर्भमा शिक्षामा सरकारको बजेट विनियोजनको अवस्था ग्राफ १ बमोजिम रहेको छ ।

शिक्षामा सरकारको बजेट कति हुनुपर्छ ? भन्नेमा मानक नै नभए पनि अन्तर्राष्ट्रिय रूपमा केही मापदण्डहरू प्रयोगमा ल्याइएका छन् । माथि भनिए जस्तै कुनै दुई मुलुकको बीचमा शिक्षा बजेट तुलना गर्ने कार्य आफैमा त्यति व्यावहारिक होइन । तर अन्य विकल्प नभएको हुनाले यिनैलाई प्रयोगमा ल्याइएको छ । कुल गार्हस्थ उत्पादनको तुलनामा नेपालको शिक्षा बजेट घटेको नदेखिए पनि सार्वजनिक बजेटको तुलनामा हेर्दा यो अंश घट्दै गएको देखिन्छ । दिगो विकासका लागि लक्ष्य (शिक्षासम्बन्धी लक्ष्य)का सम्बन्धमा दक्षिण कोरियाको इन्चियोनमा मे २०१५मा भएको विश्वव्यापी सम्मेलनका क्रममा कुल गार्हस्थ उत्पादनको तुलनामा न्यूनतम पनि ४-६ प्रतिशत र सार्वजनिक बजेटको तुलनामा १५-२० प्रतिशत बजेट शिक्षा क्षेत्रमा खर्च गर्नुपर्छ भन्ने सहमति गरिएको विश्वव्यापी मान्यता नेपालले पूरा गर्न

## ग्राफ १: कुल गार्हस्थ उत्पादन र कुल राष्ट्रिय बजेटको तुलनामा शिक्षा बजेट





स्रोतः रातो किताब (२००४/०५- २०१६/१७)

सरकारको तर्फबाट ठूलो थप प्रतिवद्धता आवश्यक देखिन्छ। यस सम्मेलनमा सदस्य मुलुकहरूलाई सन् २०३०सम्म दिगो विकासका लक्ष्य (शिक्षा) पूरा गर्न पनि शिक्षामा सार्वजनिक बजेटको मात्रा बढाउनु पर्ने भएकोले त्यसैलाई आधार मानी सबै सदस्य मुलुकलाई सार्वजनिक आह्वान पनि गरिएको छ।

फेरि शिक्षा बजेट भित्र के, कस्ता विषय वा क्षेत्रहरू समेटिएका छन् भन्ने नहेरी यसको मात्राका बारेमा टिप्पणी गर्नु पनि अलि हतारो पनि हुन सक्छ। नेपालको सन्दर्भमा सरकारले विभिन्न वर्षहरूमा विनियोजन गरेको रकमको विश्लेषण गरेर हेर्ने हो भने चित्र देहाय बमोजिम हुन आउँछः

## ग्राफ २: शिक्षा क्षेत्रभित्र बजेटको विनियोजनको अवस्था





स्रोतः रातो किताब (२००४/०५-२०१५/१६)

ग्राफ २ अनुसार प्राथमिक तहमा सबैभन्दा धेरै बजेट विनियोजन भएको देखिन्छ। सन् २००९/१० देखि कक्षा १ देखि ८ सम्मको बजेटलाई प्राथमिक तहको बजेटमा देखाइएको हुनाले यसको मात्रा बढ्न गएको र माध्यमिक तह (यस तहमा अगाडि कक्षा ६ देखि माथिको बजेट समावेश गरिन्थ्यो तर सन् २००९/१० देखि यसमा कक्षा ९ माथिको मात्र समावेश गरिएको छ) घट्न गएको देखिन्छ। तर उच्च माध्यमिक, उच्च शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा लगानी नपुगेको निश्चित हो। मध्यमस्तरीय र उच्च दक्षता भएको शिक्षामा लगानी नपुग्दा पनि मुलुक विकासमा प्रत्यक्ष नकारात्मक प्रभाव परिरहेको छ। प्राथमिक शिक्षा र आधारभूत शिक्षामा भएको लगानीको ठूलो हिस्सा (लगभग ७० प्रतिशत) शिक्षक तलब भत्तामा खर्च भइरहेको छ, यसबाट के देखिन्छ भने गुणस्तरमा आवश्यक मात्रामा रकम खर्च गर्न सकिएको छैन।

## ५.२. शिक्षा वित्तमा वैदेशिक सहयोग

नेपाल जस्तो अल्प विकसित मुलुकको लागि शिक्षा वित्तमा वैदेशिक सहयोगले पनि उल्लेख्य भूमिका खेल्ने विषयलाई नकार्न सकिँदैन । यस किसिमको भूमिका सकारात्मक र नकारात्मक दुवै हुन सक्छ। वैदेशिक सहयोगको मात्रा बढी हुँदा परनिर्भरता देखिने गर्दछ। यो रकमको मात्रा कम हुँदा मात्र राम्रो हो भन्ने पनि होइन । नेपालको सन्दर्भमा वैदेशिक सहयोगको हिस्सा विगतका केही वर्षदेखि क्रमशः घटिरहेको छ । विगत दश वर्षमा शिक्षामा वैदेशिक सहयोगको हिस्सा ग्राफ ३ बमोजिम रहेको छः

**ग्राफ ३: शिक्षा बजेटमा वैदेशिक सहयोगको हिस्सा (प्रतिशतमा)**




स्रोतः रातो किताब (२००४/०५ देखि २०१६/१७)

माथि ग्राफ ३ मा उल्लेख भएको तथ्यले सहयोगको मात्रा घट्दै गइरहेको देखिन्छ । वैदेशिक सहयोग घट्नु नराम्रो होइन यदि घटेको रकमको मात्रा आन्तरिक स्रोतबाट उपलब्ध गराउन सकिन्छ भने यसले मुलुकको आन्तरिक स्रोतको क्षमता बढेको देखाउन सक्छ। तर घटेको वैदेशिक सहयोग आन्तरिक रूपबाट व्यवस्थापन नहुँदा वित्त व्यवस्थापनमा खाडल देखा पर्छ त्यसको सोझो असर सार्वजनिक शिक्षामा पर्ने निश्चित छ। तसर्थ वैदेशिक सहयोग घट्दा सन्तोषै मान्ने अवस्था नआउन पनि सक्छ।

## ५.३. शिक्षा वित्तमा निजी वा घरपरिवारको योगदान

एउटा घरपरिवारले शिक्षाका लागि के, कति रकम तिर्नु पर्छ ? यसैगरी सरकारले कति रकम तिर्नु आवश्यक छ ? हुन त शिक्षाका लागि के, कति रकम भए पर्याप्त हुन्छ भन्नेमा एक मत छैन । यस बारेमा संसारभर बहस छ । कति रकम खर्च गर्नुपर्थ्यो भन्ने बारेमा खासै नभेटिए पनि नेपालले के, कति रकम खर्च गरेको छ भन्ने तथ्याङ्क पाउन सकिन्छ । नेपाल जीवनस्तर मापन सर्वेक्षण (नेपाल जीवनस्तर मापन सर्वेक्षण २००३/०४ र २०१०/११) ले सार्वजनिक गरेका केही तथ्यहरूलाई तालिका २मा प्रस्तुत गरिएको छः

**तालिका २: कुल उपभोग र सोको शिक्षामा हिस्सा**

| उपभोग समूह | सन् २००३/०४ | | सन् २०१०/११ | |
|---|---|---|---|---|
| | कुल उपभोग | कुल उपभोगमध्ये शिक्षामा खर्च | कुल उपभोग | कुल उपभोगमध्ये शिक्षामा खर्च |
| अति गरीब (प्रथम) | ३२०२८ | ४१६ (१.३%) | ८१७१४ | २७७८ (३.४%) |
| द्वितीय | ४४६७९ | ८०४ (१.८%) | १०८१५२ | ४२१८ (३.९%) |
| तृतीय | ५१५२४ | ११८५ (२.३%) | १३१३३७ | ६०४२ (४.६%) |
| चतुर्थ | ७३००५ | २३३६ (३.२%) | १६१५०३ | ९२०६ (५.७%) |
| अति धनी | १८१०६४ | ८६९१ (४.८%) | ३०४६१६ | २३१५१ (७.६%) |
| नेपाल | ८३५९३ | २३४१ (२.८%) | १७०७३५ | ९०४९ (५.३%) |

स्रोतः नेपाल जीवनस्तर मापन सर्वेक्षण (२००३/०४ र २०१०/११)

माथिका तालिका २ बाट के भन्न सकिन्छ भने एउटा घरपरिवारले आफ्नो कुल उपभोगमध्ये शिक्षामा खर्च गरेको रकमको मात्रा बढेको छ । शिक्षामा घरपरिवारको खर्च बढ्नुलाई अभिभावकले आफ्ना छोराछोरीका पढाइप्रति चासो बढाएका छन् भन्न सकिएला, वा उनीहरूले बाध्यताले खर्च बढाएका छन् । तर चिन्ताको विषय के छ भने भिन्नभिन्न उपभोग समूहको शिक्षामा खर्च गर्ने तरीका फरक छ । गरीबले शिक्षामा खर्च बढाएका त छन् तर त्यसको तुलनामा धनी वर्गको शिक्षाको खर्च ठूलो

अङ्कमा रहेको छ। यसबाट अर्को प्रश्न के उठ्न सक्छ भने कतै शिक्षा महगो त बन्दै गइरहेको छैन ?

माथि नै उल्लेख गरिसकियो कि नेपालको शिक्षाका लागि सार्वजनिक र निजी स्रोतबाट रकमको व्यवस्था भइआएको छ। युनेस्को पेरिस र शिक्षा मन्त्रालयले मिलेर गरेको एउटा अध्ययन (जसको अन्तिम प्रतिवेदन आउन बाँकी छ)को प्रारम्भिक नतिजाले नेपालको सन्दर्भमा शिक्षामा खर्च भएको रकमको लगभग ४४ प्रतिशत हिस्सा सरकारी स्रोतबाट व्यहोरिएको देखाएको छ भने बाँकी ५६ प्रतिशत रकम निजी स्रोतबाट उलपब्ध हुँदैआएको छ। सार्वजनिक शिक्षामा अध्ययन गर्ने विद्यार्थीहरूको लागि सरकारले नै रकम उपलब्ध गराउँदै आएको छ। यसबाहेक अन्य स्रोतबाट पनि केही रकम उपलब्ध हुँदै आएको छ। निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि आफ्ना घरपरिवार र अभिभावकबाट रकमको व्यवस्था भइआएको छ। दुई प्रकारका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि भिन्नभिन्न स्थानबाट रकम व्यवस्था हुनु आफैमा त्यति ठूलो विषय नभए पनि यिनीहरूका लागि के, कति रकम व्यवस्था भइआएको छ भन्ने विषय अत्यन्त महत्त्वपूर्ण छ। शिक्षा मन्त्रालय र युनेस्कोको प्रतिवेदनको प्रारम्भिक नतिजाअनुसार नेपालमा प्रति विद्यार्थी खर्चको अवस्था तालिका ३ बमोजिम रहेको छ।

## तालिका ३ : प्रति विद्यार्थी खर्चको अवस्था

| शिक्षाको तह | सार्वजनिक/सामुदायिक संस्था | | | | संस्थागत/निजी संस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | सरकार (%) | घरपरिवार (%) | अन्य (%) | जम्मा | सरकार (%) | घरपरिवार (%) | अन्य (%) |
| पूर्वप्राथमिक | ३, ६०२ | ५२ | ८ | ४० | १७, ३३६ | ०.१ | ९४.६ | ५.३ |
| प्राथमिक | ११, ५३६ | ६६ | २ | ३१ | २०, २५४ | ०.३ | ९२.४ | ७.३ |
| निम्न माध्यमिक | ११, २५१ | ५८ | ६ | ३६ | १९, ९८४ | ०.३ | ९३.२ | ६.५ |
| माध्यमिक | १०, ६८१ | ८५ | १४ | १ | ३१, ६९६ | ०.२ | ९३.२ | ६.७ |
| उच्च माध्यमिक | १६, ५५६ | ४० | ४८ | १२ | ३७, ७५२ | ०.१ | ९३.१ | ६.९ |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १, ७७, ०५३ | ८७ | ८ | ५ | ८९, १५९ | २.१ | ९२.९ | ५.१ |
| उच्च शिक्षा | ५६, ५२५ | ६५ | १६ | १८ | १, ३२, १३६ | १.९ | ८०.६ | १७.५ |

स्रोतः शिक्षा मन्त्रालय र यूनेस्कोको अप्रकाशित प्रतिवेदन, सन् २०१५

तालिका ३ मा दिइएका तथ्यहरू अर्थात नतिजा प्रारम्भिक प्रतिवेदनबाट लिइएको हुनाले अन्तिम प्रतिवेदन आउँदा तथ्याङ्कमा केही फेरबदल होला। तर पनि यसले एउटा तस्वीर प्रस्तुत गरेको छ। सरकारले सार्वजनिक निकायहरूमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि मात्र सार्वजनिक बजेटको व्यवस्था गरेको छ। निजी संस्थामा अध्ययन गर्नेका लागि खासै खर्च गरेको देखिएन। सरकारले एकथरी संस्थामा अध्ययन गर्ने विद्यार्थीहरूका लागि रकमको व्यवस्था गर्ने तर अर्को संस्थामा अध्ययन गर्न जाँदा राज्यको सहयोग नपाउने भन्ने आलोचना आफैमा मननयोग्य छ। त्यसैगरी एउटै तहको शिक्षा लिनका लागि फरक फरक रकम खर्च भइरहेको देखियो, यो फरक रकमले शैक्षिक गुणस्तरमा के, कति प्रभाव पारेको होला थप खोजी विषय हुन सक्छ।

सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउन नसक्दा अभिभावकहरू विकल्पको रूपमा निजी विद्यालयतर्फ लागेका हुन् भन्न सकिन्छ। जतिजति सार्वजनिक विद्यालयको स्तर कमजोर बन्दै जान्छ, त्यतित्यति मात्रामा निजी विद्यालयतर्फ अभिभावकहरूको आर्कषण बढ्दै जाने देखियो। सार्वजनिक क्षेत्रको सेवा प्रवाह गुणस्तर र विश्वसनीय बन्न नसक्दा निजी क्षेत्रको सहभागिता बढ्नु स्वभाविक नै देखिन्छ। तर निजी क्षेत्र पनि व्यवस्थित बन्न सकेको छैन। सरकारको स्रोत निजी क्षेत्रमा प्रवाह हुन सकेको छैन। यसले निजी क्षेत्र जवाफदेहिता बिनाको संयन्त्रको रूपमा विकसित भइरहेको छ। यसबाट दीर्घकालमा शिक्षा वित्तमा नकारात्मक असर पर्ने निश्चित छ। यसैगरी राज्यको तर्फबाट सार्वजनिक शिक्षामा लगानी बढाउन पनि पहल गर्ने, सार्वजनिक निकायमा विद्यार्थी संख्या पनि घट्दै जाने, निरन्तर गरेकाहरूको पनि स्तर स्वीकार योग्य नहुने, निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि राज्यले कुनै सुविधा प्रदान गर्न नसक्ने विषयहरू आफैमा मननीय छन्।

## ६. विद्यमान वित्तव्यवस्थापनबाट सिक्न सकिने पाठहरू

शिक्षामा सरकार र अभिभावक दुवैको लगानी आवश्यक मात्र नभएर अनिवार्य पनि छ। अभिभावकले करको माध्यमबाट सरकारलाई तिरेर उक्त रकम शिक्षामा लैजाने वा अभिभावकले सोझै विद्यालयलाई तिर्ने वा आफ्ना बालबालिकाको शिक्षामा खर्च गर्ने भन्ने विषय महत्त्वपूर्ण भएकोले यस विषयलाई स्पष्ट कानूनी आधारबाट निरुपण गर्नुपर्ने देखिन्छ। शिक्षामा गरिने लगानीबाट प्रतिफल हासिल हुन्छ। निःशुल्क, साझेदारी, आपूरणजस्ता

अवधारणाहरू यिनै दुई स्रोतको साझेदारितामा भर पर्दछ । सरकारले पनि शिक्षामा लगानी गर्न उदार मन बनाउनुपर्ने देखिन्छ । यो सामाजिक क्षेत्र हो र यसमा गरिएको लगानीको सोही अनुपातमा तत्कालमा प्रतिफल नआउन पनि सक्छ । तर सामाजिक क्षेत्रमा गरिने लगानीबाट प्रतिफल प्राप्त हुन समय लाग्छ । यसमा धैर्यता आवश्यक हुन्छ । यो प्रतिफल व्यक्तिको व्यवहारमा सकारात्मक ढङ्गबाट परिवर्तन, बाल मृत्युदरमा सुधार, आमाको स्वास्थ्यमा सुधार, आयआर्जनमा वृद्धिजस्ता सामाजिक सूचकहरूमा देखिन्छ र निश्चित सूचकको माध्यमबाट मापन गर्न सकिन्छ ।

विद्यालय वित्तका सम्बन्धमा अर्को ध्यान दिनुपर्ने पक्ष उपलब्ध बजेटको सदुपयोग नै हो । यसका लागि हालका कार्यहरूमा प्राथमिकीकरण आवश्यक छ । स्रोतको उच्चतम प्रयोग गर्ने नीति आवश्यक छ । कतै बजेट उपलब्ध हुन नसक्ने र कतै दोहोरिने अवस्थाको अन्त्य आवश्यक छ । उदाहरणका लागि प्राथमिक तहका तल्ला कक्षाहरूमा अभ्यास पुस्तिकाको व्यवस्था गरी माथिल्लो तहमा पुस्तकालयको अवधारणा ल्याउन सकिन्छ, विभिन्न निकायबाट प्रदान गरिँदै आएको छात्रवृत्तिलाई एकीकृत गरी घरपरिवारलाई आधार मानेर वितरण गर्न सकिन्छ, विद्यालयहरूको पुनर्वितरण गरेर ठूलो स्रोतको मात्रा बचत गर्न सकिन्छ, ससाना बस्ती भएका स्थानमा एक शिक्षक वा दुई शिक्षकमा आधारित विद्यालय सञ्चालन गर्न सकिन्छ ।

शिक्षामा गरिने लगानी र समयको सम्बन्ध शिक्षाको गुणस्तरसँग रहेको हुन्छ । तर यो सम्बन्ध अनन्तसम्म रहन्छ भन्ने होइन, एउटा बिन्दुसम्म हुने गर्दछ । भनाइको मतलब गुणस्तरका लागि एक हदसम्म लगानी पनि चाहिन्छ र समय पनि आवश्यक हुन्छ । सरकारले आवश्यक मात्रामा पैसा पनि विनियोजन गर्न नसक्ने अनि विद्यालयले विभिन्न शीर्षकमा लिइआएको सहयोग पनि लिन नपाउने हो भने शिक्षाको गुणस्तरमा नकारात्मक असर पर्न सक्छ । यसको सोझो असर गरीबमाथि नै पर्ने देखियो । तसर्थ जुन स्रोत (सरकार वा अभिभावक) बाट भए पनि स्वीकार गर्न सकिने खालको गुणस्तर सुनिश्चित गर्न आवश्यक पर्ने स्रोतको व्यवस्था अनिवार्य शर्तको रूपमा लिइनु पर्दछ ।

विद्यालय शिक्षाको लागि स्थानीय सरकार वा तहलाई पूर्ण रूपमा जिम्मेवार बनाउनु पर्छ । बालबालिकाहरूलाई विद्यालयमा ल्याउने कार्य यही निकायको दायित्वभित्र रहनुपर्छ । विद्यालयलाई विद्यालयका मुख्य शैक्षणिक क्रियाकलापमा केन्द्रित गर्ने र निर्माणलगायत पहुँचका कार्यमा

स्थानीय सरकार केन्द्रित हुन सकेमा जिम्मेवारी र जवाफदेहिता स्पष्ट हुन सक्छ । विद्यालय व्यवस्थापन समिति स्थानीय सरकारको मातहतमा रहने व्यवस्था गर्नु आवश्यक छ ।

## ७. अब के गर्ने त ?

विद्यालय वित्त हालसम्म केन्द्र सरकारबाट निर्देशित एवम् व्यवस्थित रहेको थियो । स्थानीय स्वायत्व शासन ऐन तथा नियमावलीले स्थानीय निकायलाई कर उठाउने अधिकार दिएको भए तापनि विद्यालय वित्तमा स्थानीय तहको कानूनी रूपमा नै हस्तक्षेपकारी भूमिका देखिएन । हालसम्म केन्द्र सरकारले वित्त नीति र रकम उपलब्ध गराउने व्यवस्था रहिआएको थियो । अबको सन्दर्भ फरक छ । मुलुक संघीय संरचनामा प्रवेश गरिसकेको छ । आधार भूत र माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारमा गइसकेको छ । तर पनि केही समय संक्रमण कालको रूपमा रहने निश्चित छ । अबका केही समय यसरी काम गर्नु परेको छ कि जसले भोलिको स्थानीय सरकारलाई पनि सहज बन्न सकोस् । तसर्थ शिक्षा वित्तमा देहायका उपायहरूको अवलम्बन गर्न सके आज मात्र नभएर भोलिका लागि पनि सहज बन्ने निश्चित छ ।

१. आधारभूत तहको शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्ने । संविधानमा तोकिएका अन्य समूहहरूलाई पनि निःशुल्क शिक्षाको व्यवस्था गर्ने । यसको कार्यान्वयनका लागि स्थानीय सरकारको अपनत्व र मातहतमा रहने गरी शिक्षा कोष खडा/स्थापना गर्ने । यसमा केन्द्र सरकार, प्रदेश सरकार, शिक्षा कर आदिबाट उठेको रकम जम्मा गर्ने । स्थानीय तहमा चन्दा सहयोग उठ्न सक्ने भएमा सो समेत यसमा जम्मा गरी चाहेको विद्यालय वा शिक्षण संस्थामा जाने व्यवस्था मिलाउने । शिक्षा कोष, शिक्षाका लागि रकम सुनिश्चित गर्ने माध्यम भएको र यसको सञ्चालन छुट्टै संयन्त्रबाट नगरेर स्थानीय सरकारबाट हुने व्यवस्था उपयुक्त हुन्छ । सरकारी एवम् कुनै पनि गैरसरकारी निकायबाट सञ्चालन गरिने शिक्षासम्बन्धी कार्यक्रमहरू यही कोषको छाताभित्र रही सञ्चालन गर्ने व्यवस्था मिलाएमा कोष आफैमा एक समन्वयकारी संयन्त्रको रूपमा रहन सक्छ ।

२. घना बस्ती भएका शहरी र शहरोन्मुख क्षेत्रमा ठूला विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याउने र पातलो र ससाना बस्ती भएका स्थानमा साना विद्यालय अवधारणा कार्यान्वयनमा ल्याउने ।

३. विशेष प्रकृतिका, अपाङ्गता भएका विद्यार्थीहरूका लागि प्रदेश सरकारको समन्वयमा भिन्नभिन्न प्रकृतिका विद्यालयहरू निश्चित नक्शाङ्कनका आधारमा भिन्नभिन्न स्थानमा सञ्चालन गर्ने व्यवस्था मिलाउने । यसका लागि हालका विद्यालयहरू छनोट गरी स्तरोन्नति गर्ने व्यवस्था मिलाउने ।

४. केन्द्र, प्रदेश र स्थानीय सरकारले विद्यालय शिक्षा, उच्च शिक्षा, प्राविधिक, व्यावसायिक शिक्षाको समग्र व्यवस्थापन र सञ्चालन के, कसरी गर्ने भन्ने सम्बन्धमा खाका वा ढाँचा निर्माण गरी समन्वय र जिम्मेवारी बाँडफाँडलाई स्पष्ट गर्ने । विभिन्न तहका सरकारबीचमा जिम्मेवारी र जवाफदेही स्पष्ट गर्नका साथै सरकारी र निजी एवम् गैरसरकारी क्षेत्रको बीचमा समेत स्पष्ट समन्वय र गैरसरकारी क्षेत्रलाई थप जवाफदेही बनाउन पनि यस किसिमको खाका आवश्यक देखिन्छ । यही खाकाको अधिनमा रहेर निजी क्षेत्रसँग विद्यालय शिक्षा, प्राविधिक र व्यावसायिक शिक्षा एवम् अन्य थप जनचेनामूलक र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्न सकिने छ ।

५. विद्यालयलाई आकार (साइज)का आधारमा वर्गीकरण गर्ने । विद्यालय सञ्चालनका लागि सूत्रमा आधारित भई न्यूनतम आधारभूत अनुदानको मात्रा एकिन गर्ने । राम्रो कार्यसम्पादन प्रदर्शन गराउनका लागि नतिजामा आधारित अनुदान प्रदान गर्ने । आधारभूत अनुदान प्राप्त गर्नका लागि विद्यालय नक्शाङ्कन भित्र परेको हुनुपर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयनमा ल्याउने । पहिलो चरणमा स्थानीय तहमा निश्चित मापदण्डको आधारमा आवश्यक विद्यालयहरू पहिचान गर्ने र अन्य विद्यालयहरूलाई ती विद्यालयहरूमा क्रमशः समायोजन गर्ने ।

६. निजी विद्यालय सञ्चालनका लागि निश्चित मापदण्ड तय गर्ने । उक्त मापदण्ड भित्र नपरेका विद्यालयहरूलाई अन्य विद्यालयमा समायोजन गर्ने । सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत निजी विद्यालय सञ्चालन गर्ने नीति अवलम्बन गर्ने । निजी विद्यालयहरूलाई स्थानीय

सरकार, प्रादेशिक सरकार र केन्द्रीय सरकार कुन अन्तर्गत रहने हो, सोका लागि मापदण्ड बनाई लागू गर्ने । सार्वजनिक निजी साझेदारीको अवधारणाभित्र रही निजी विद्यालयहरूसँग सम्बन्धित तहका सरकारले एक किसिमको समझदारी गर्नुपर्ने हुन्छ जसमा उनीहरूका लागि कार्यविवरण र शर्त उल्लेख भएको हुन्छ ।

७. एक वर्षको पूर्व प्राथमिक शिक्षालाई विद्यालय शिक्षाको संरचनामा राखी सबै सामुदायिक निजी विद्यालयमा एकरुपको शिक्षा प्रणाली कार्यान्वयनमा ल्याउने । चार वर्ष उमेर पुगेका विद्यार्थी मात्र पूर्व प्राथमिक कक्षामा भर्ना गर्ने । हाल सञ्चालनमा रहेका बाल विकास कार्यक्रम, नर्सरी, एलकेजी, यूकेजी जस्ता कार्यक्रमहरूलाई बाल विकास कार्यक्रमको छाता भित्र ल्याई सामुदायिक कार्यक्रमको रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने । विद्यालय शिक्षाका कार्यक्रम र बाल विकासका कार्यक्रम एउटै संस्था (भवन र व्यवस्थापन) सञ्चालन गर्न नपाइने व्यवस्था सुनिश्चित गर्ने ।

८. प्रत्येक पूर्ण सामुदायिक विद्यालयमा प्रधानाध्यापक पदको व्यवस्था गर्ने । यस्ता पदहरू प्रतिस्पर्धात्मक परीक्षाबाट पूर्ति गर्ने । विद्यालय सञ्चालनमा प्रधानाध्यापकलाई पूर्ण जिम्मेवार बनाउने । व्यवस्थापन समितिमा स्थानीय सरकार र अभिभावकहरूको प्रतिनिधित्व हुने व्यवस्था गर्ने ।

९. शैक्षिक संस्थाहरूको भवन निर्माण कार्य शैक्षिक संस्थाहरूबाट नगरी स्थानीय सरकारको उपयुक्त निकायलाई जिम्मेवारी दिने । यसबाट विद्यालयलाई शैक्षिक र शैक्षणिक प्रकृतिका कार्यहरूमा मात्र केन्द्रित गर्न सकिन्छ । विद्यालयमा हुने निर्माण कार्य स्थानीय सरकारको अन्य निकायबाट हुँदा पनि यसको अनुगमनमा विद्यालय व्यवस्थापन समितिको सहभागिता सुनिश्चित गर्नुपर्ने ।

१०. विद्यालयहरूलाई विद्यालय सञ्चालनका कार्यमा मात्र लगाई सोसँग सम्बन्धित बजेट मात्र विद्यालयमा जाने व्यवस्था गर्ने । विद्यालयमा तोकिएको ढाँचामा लेखा व्यवस्थित गर्ने, लेखा परीक्षण गर्ने, सामाजिक परीक्षण गर्ने कार्यमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीलाई व्यक्तिगत र सामूहिक रूपमा जिम्मेवार बनाउने । प्रत्येक पूर्ण सामुदायिक विद्यालय (कक्षा १-८

सम्म चलेका आधारभूत विद्यालय र कक्षा १२सम्म चलेका माध्यमिक विद्यालय)मा लेखा हेर्ने कर्मचारीको व्यवस्था गर्ने । यस्ता कर्मचारीलाई छिमेकमा रहेका अन्य विद्यालयहरूको लेखा व्यवस्थापन गर्ने कार्यमा समेत जिम्मेवार बनाउने । प्रभावकारी विद्यालय वित्त, विद्यालयमा आर्थिक व्यवस्थापन, सामाजिक जवाफदेहीजस्ता विषयहरूमा विद्यालयलाई सहयोग, निरीक्षण र अनुगमन गर्नका लागि स्थानीय सरकारको मातहतमा रहने नियमनकारी निकायलाई बलियो बनाउने ।

११. विद्यालयबाट दरबन्दीमा वा स्थानीय स्रोतमा शिक्षक नियुक्ती गर्ने परिपाटी अन्त्य गर्ने । विद्यालयलाई स्वीकृत प्रावधान भित्र रहेका शिक्षक कर्मचारीको परिचालन, स्वीकृत लगत इस्टीमेटको आधार मात्र सामान्य मर्मत सम्भार गर्ने र विद्यार्थी हितका कार्यक्रम सञ्चालनमा जिम्मेवार बनाउने ।

१२. गरीबी, विशेष आवश्यकता जस्ता विशिष्टीकृत सूचकको आधारमा मात्र विद्यार्थीलाइ छात्रवृत्ति वा अन्य प्रकारका मौद्रिक वा अमौद्रिक सुविधा उपलब्ध गराउन घरपरिवारलाई एकाइ मान्ने । यस किसिमका सुविधाहरू स्थानीय सरकारमार्फत वितरण गर्ने । यसका लागि आवश्यक रकम स्थानीय शिक्षा कोषबाट व्यवस्था गर्ने ।

१३. संविधानमा उल्लेख भएको शिक्षासम्बन्धी कार्य गर्न र माथि उल्लेख गरिएका कार्यहरू सम्पादन गर्न स्थानीय सरकार मातहतमा रहने कार्यालयलाई प्राविधिक र प्रशासनिक कार्य गर्न सक्ने संस्थाको रूपमा विकास गर्ने । स्थानीय सरकार अन्तर्गत रहेको शिक्षा कार्यालयको कार्यात्मक सम्बन्ध (Functional Linkage) प्रदेश सरकार अन्तर्गत रहेको शिक्षा कार्यालयसँग र सोको सम्बन्ध केन्द्र सरकार अन्तर्गतको शिक्षा हेर्ने निकायसँग कायम हुने व्यवस्था मिलाउने ।

१४. प्रत्येक शैक्षिक संस्थाको र स्थानीय, प्रदेश एवम् केन्द्र सरकारको दीर्घकालीन (१५ वर्ष भन्दा माथि अवधिको), मध्यकालीन (५ वर्ष अवधिको) र वार्षिक योजना निर्माण गर्ने पद्धति अवलम्बन गर्ने । यिनैका आधारमा वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने, स्वीकृत गर्ने अनि मात्र कार्यान्वयनमा ल्याउने पद्धति अवलम्बन गर्ने ।

१५. शिक्षक योग्यता र तालिममा विविधीकरण गर्ने । राम्रा र योग्यलाई शिक्षण पेशामा ल्याउन विशेष व्यवस्था गर्ने । विद्यालय शिक्षकलाई सेवामा प्रवेश

गराएर क्षमता विकास गर्ने भन्दा पनि पूर्व सेवा कालीन तालिम कार्यक्रम सक्षम र प्रभावकारी बनाएर सो प्राप्ति पश्चात मात्र सेवामा प्रवेश गर्ने व्यवस्था मिलाउने। छोटो अवधिका क्षमता विकासका कार्यक्रम विद्यालयले स्थानीय र अन्य निकायको समन्वय र सहयोगमा विद्यालय तहमा सञ्चालन गर्ने । स्थानीय सरकारका शिक्षा निकायबाट पनि विद्यालयमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । विद्यार्थीका लागि शिक्षक भन्ने धारणा बमोजिम विद्यार्थी बढी हुँदा शिक्षक थप गर्ने र कम हुँदा शिक्षक अन्यत्र लैजान सक्ने पद्धति अवलम्बन गर्ने ।

१६. विद्यालय शिक्षामा पढाउने विषयहरू एकीकृत ढङ्गबाट निर्माण गर्ने पद्धति अवलम्बन गर्ने । यसबाट हालका विषयहरू समायोजन गर्न सकिने छ ।

१७. प्रत्येक निकायले आफ्ना कार्यक्रम, बजेट, कार्यान्वयन अवस्था, प्रगति आदिजस्ता विषयहरू नियमित रूपमा सार्वजनिक जानकारीमा ल्याउन उपयुक्त प्रविधिको प्रयोग गर्ने व्यवस्था मिलाउने ।

१८. प्रत्येक निकाय र संस्थाले अनुगमन योजना बनाई कार्यान्वयनमा ल्याउने र सोको प्रतिवेदन कार्यान्वयन भएको पद्धति सुनिश्चित गर्ने । यसको नतिजा उपयुक्त माध्यमबाट सार्वजनिका गर्ने ।

१९. केन्द्र, प्रदेश र स्थानीय सरकारबाट के, कसरी खर्चको व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा एकीकृत वित्त प्रणाली विकास गरेर कार्यान्वयनमा ल्याउने ।

❀❀❀

## सन्दर्भ सामग्री


अर्थ मन्त्रालय (२०७२) । आर्थिक सर्वेक्षण २०७१/७२ सिंहदरवारः अर्थमन्त्रालय ।

अर्थ मन्त्रालय (२००४/०५ देखि २०१५/१६) । रातो किताब (२००४/०५ देखि २०१५/१६) । सिंहदरवारः अर्थमन्त्रालय ।

राष्ट्रिय योजना आयोग केन्द्रीय तथ्याङ्क विभाग (२००३/०४ र २०१०/११) । नेपाल जीनवस्तर मापन सर्वेक्षण २००३/०४ र २०१०/११ । काठमाडौंः राष्ट्रिय योजना आयोग केन्द्रीय तथ्याङ्क विभाग ।

Glewwe, P . ; Hanushek, E. A. ; Humpages, S. and Ravina, R. (2014). School resources and educational outcomes in developing countries: A Review of Literature from 1990 to 2010. In Paul Glewwe (Edited), Education Policy in Developing Countries. Chicago and London: The University of Chicago press.

Kaul, I. and Mendoza, R. U. (nd). Advancing the concept of Public Goods.

Lamsal, H. P; Poudel, Ananda; Acharya, Sushan and Koirala, Chapala (2012) [2068BS]. Financing of Education. Kathmandu: Sunlight Publication (Students Books).

Lamsal, H. P. (2014). Financing in Primary Education in Nepal from Equity Perspectives and its Role in Social Change. Thesis submited to Kathmandu University School of Education.

McGrath (1993). Equity and efficiency in educational finance: An operational conundrum. http://www.mun.ca/educ/faculty/mwatch/vol1/mcgrath2. html. Retrieved in 18 September 2010.

Musgrave, R. A. and Musgraves, D. B. (2004). Public finance in theory and practice. New Delhi. Tata Mc Graw-Hils Publishing Company Limited.

OECD (2002). Financing Education- investments and returns. Analysis of the World Education Indicators 2002 edition. UNESCO 2002.

Penrose, P. (1998). Planning and financing sustainable education systems in Sub-Saharan Africa - Education Research Paper No. 07, 1993, 32 p. DFID.

Poloni-Staudinger, L. (2013). Education: A public or private Good. The Museum of Northern Arizona. Northerm Arizona University, College of Arts and Letters. Philosophy in the Public Interest.

Rao, R. R. , Naidu, R. S. and Jami, R. (2008). Equity and efficiency in educational finance: An operational conundrum. International Journal of Business and Management Vol. 3, No. 8. August 2008.

# वर्तमान विद्यालय व्यवस्थापनका चुनौती र निकासहरू

**लक्ष्मण शर्मा***

## १. **विषय प्रवेश**

संस्थाहरूको तोकिएको लक्ष्य पूरा गर्ने गरी योजना निर्माण, स्रोतहरूको सङ्गठन, अगुवाइ, संयोजन आदि गर्नुलाई व्यवस्थापन भनेर बुझिन्छ । उक्त संस्थाको लक्ष्य निर्माण र सो बमोजिमका सबै गतिविधिहरूको व्यवस्थापन समेत गर्नु वा व्यवस्थापकको पनि अगुवाइ गर्नुलाई नेतृत्व भन्ने गरिन्छ अर्थात व्यवस्थापनले विद्यमान परिस्थितिभित्र संस्था सञ्चालन गर्दछ भने नेतृत्वले संस्थाको प्रभावकारी सञ्चालनका लागि उपयुक्त अवस्थाहरू समेत निर्माण गर्दछ । एउटा संस्थाको हैसियतमा विद्यालयले प्राप्त गर्ने सफलता वा असफलताको दायित्व नेतृत्वमा रहन्छ । नेतृत्व नेताले गर्छ, त्यो समाज सापेक्ष त हुनैपर्छ, त्यसैले मोडेलहरू पनि धेरै छन् । मोडेलको निर्धारण विद्यालय र समाजको आवश्यकताले गर्दछ । सारमा देखिएको के छ भने सक्षम नेतृत्व सक्षम विद्यालय, असफल नेतृत्व असफल विद्यालय ।

* महासचिव, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन

नेपाल लगायत संसारभर सन् १९९० भन्दा अघिसम्म अन्य सेवामा जस्तै शिक्षामा पनि प्रशासकीय नेतृत्व कै बाहुल्य थियो । त्यसपछि संसारभर लोकतन्त्रको लहर चलेपछि प्रशासकबाट होइन व्यवस्थापक प्राचार्यको व्यवस्था गरी अधिकतम स्रोतसाधनको परिचालन गर्ने अनि नेतृत्व चाहिँ जनताको प्रतिनिधिहरूबाट गर्ने अभ्यास भयो । त्यो नेपालमा पनि शुरू भयो । अरू कारण जे भए पनि मूलतः विद्यालयको लागि स्थानीय स्रोतसाधन जुटाउने काममा व्यवस्थापन समिति परिचालन गर्ने भनेर अभिभावकहरूको समिति बनाइयो । त्यसको मातहतमा रहने गरी (विषय) शिक्षकहरू मध्येबाट प्रधानाध्यापकलाई व्यवस्थापक बनाइयो । प्राचार्यलाई निर्णयकर्ता भन्दा पनि बढी निर्णयको कार्यान्वयनकर्ता बनाइयो । त्यसमा सर्वत्र समस्या रहे । व्यवस्थापन नतिजामुखी भएन । त्यस प्रकारको त्रुटीबाट सिकेर विकसित देशहरू चाहिँ एक दशकमा नै विद्यालयमा व्यवस्थापकको साटो शैक्षिक नेता खोज्ने बाटोमा अघि बढे, हामी चाहिँ विद्यालयको लागि समुदायमा नेतृत्व खोज्नतिर लागिरह्यौँ । यतै अल्झिएर विद्यालयको नेतृत्व सुधारको उपयुक्त विधितिर अघि बढिसकिएको छैन । बहसको शुरूवात चाहिँ भएको बुझिन्छ । अध्यक्ष लगायतका प्रतिनिधिहरू र व्यवस्थापक बनाइएको प्रधानाध्यापकबीचको सम्बन्ध नै यो बहसको चुरो हो ।

## २. **चुनौतीहरू**

नेपालका अहिलेका सार्वजनिक विद्यालयका विषय शिक्षकबाट भएका प्रधानाध्यापक वा प्राचार्यहरू व्यवस्थापन समितिका सदस्य सचिवको हैसियत राख्छन्, विद्यालय वा विश्वविद्यालयमा शैक्षिक व्यवस्थापन वा नेतृत्व विषय पढ्नु जरूरी छैन । पेशामा प्रवेश भएपछि पनि विकासको चरणमा पाइने अवसरहरू शिक्षण विधि र विषयगत शिक्षकको हैसियतले पाए । सेवा प्रवेश आदिमा आधारित 'सिनियर' प्रायजसो ५० वर्ष नाघेर थाक्ने बेलामा प्राचार्य हुने गरेका छन् । त्यसपछि नेतृत्व विकास तालिम पाए पनि त्यसले परिवर्तन गर्ने उर्जा खासै बढाउँदैन । माविका प्राचार्यले प्रोत्साहनको लागि मासिक थप रु ५०० पाउँछन् । सेवा निवृत्त जीवनको लागि प्रधानअध्यापक र प्राचार्यको विषय शिक्षकले पाउने भन्दा बढी सुविधा पनि केही हुन्न । त्यसैले सार्वजनिक विद्यालयका प्राचार्यहरूको पदअनुसारको पेशागत जीवनमा हुने

छनौट, विकास र प्रोत्साहनहरूबाट आर्जित योग्यताहरू खासै नहुने हुनाले तिनको कार्यसम्पादन जन्मजात विशेषताहरूमा भर पर्ने गरेको छ । यसरी बनाइएका व्यवस्थापन समितिको सदस्य सचिव भएर कार्यसम्पादन गर्नुपर्ने आम प्रधानाध्यापकहरूले दिने नतिजा अपेक्षित तहको हुन सकेको छैन ।

सार्वजनिक शिक्षा सामाजिक र राजनीतिक मुद्दा हो । ९० अगाडिका धेरै प्रशासक प्राचार्यहरूले पञ्चायती सत्ता वा सरकारको साथ पाए । विद्यालयमा आफ्नो निर्णय लागू गरे । बहुदलीय कालका व्यवस्थापकीय प्राचार्यहरू राजनीतिक दलहरूको द्वन्द्वबाट जोगिन सकेनन् । कुनै दलप्रतिको संलग्नता वा असंलग्नताले कमजोर बन्नुपर्ने दिन आयो । व्यवस्थापन समिति मूलतः राजनीतिक नेतृत्वबाट नै बन्ने भएकोले प्रधानाध्यापक र प्राचार्यको जिम्मेवारी बढी 'जोखिमी' रह्यो । विद्यालयको स्रोतसाधनमा, प्रधानअध्यापकको पेशागत र सामाजिक जीवनमा व्यक्तिगत प्रभाव जति कम भयो दलीय हस्तक्षेपको मात्रा त्यति नै बढी रह्यो ।

समुदायलाई विद्यालय हस्तान्तरण गर्ने केही सघन प्रयास पनि भए । नेपालमा विद्यालय हस्तान्तरण गरिएको समुदाय अन्यत्र जस्तो संलग्न (इनभल्भमेण्ट वा इन्गेज्मेण्ट) गरिने समुदाय (कम्युनिटि) होइन रहेछ । समुदायबाट विद्यालयको व्यवस्थापन गराउने भनेर नेतृत्व गर्ने गराउने सरकारी र दलीय रहरलाई त्यहाँ भित्रको एउटा वास्तविक र सशक्त 'शिक्षक समुदाय' ले अस्वीकार गर्‍यो । राज्यको एकाइको कुनै विशेषता नभएको त्यो अस्पष्ट र अस्थायी 'समुदाय'लाई विद्यालय दिने विषय राज्य पक्षकै कुरो थियो, त्यसैले असफल पनि भयो । अब झन् माध्यमिक तहसम्म 'निःशुल्क' शिक्षाको कारणले विद्यालयमा अभिभावक समुदायको दायित्व घटेको छ । स्वयंसेवी भावना र जनसंख्यामा आएको परिवर्तनले पनि विद्यालय र समाजको सम्बन्ध छिटोछिटो परिवर्तन भइरहेको छ । साथै विद्यालय स्थापना र निर्माण कालमा गरिएको जस्तो योगदान अभिभावक समुदायले निरन्तर गरिरहन सक्दैन । फेरि त्यो विद्यालयमा 'समुदाय' भनेर भित्र्याइएको अभिभावक समूह र अन्य शिक्षक विद्यार्थी लगायतको सार्थक समुदायको शक्ति सन्तुलनको बारेमा केही प्रबन्ध गरिएको छैन अर्थात शक्तिशाली बनाइएको समूह शैक्षिक, प्राविधिक रूपमा शक्तियुक्त छैन भने शैक्षिक प्राविधिक समूह शक्तिशाली छैन । विना शक्ति परिवर्तन आउँदैन ।

विश्वविद्यालयहरू, शिक्षा मन्त्रालयअन्तर्गतका एकाइहरू विद्यालय शिक्षाभित्रका तोकिएका विशेष तर आंशिक क्षेत्रमा भूमिका निर्वाह गर्ने हुन् भने

स्थानीय सामाजिक, सामुदायिक संस्थाहरूको भूमिका सहयोगी हुने हो। तीन सहयोगीहरूको प्रभावकारिता उनीहरूको तत्परता, सक्षमता र क्रियाशीलतामा भर गर्छ। यहाँ गैरसरकारी भनिने संस्थाहरू विविध क्षेत्रमा छन्। यिनीहरू अधिकारवादीदेखि धार्मिकसम्म छन् र तिनीहरू मूलतः दातामा आधारित पटके प्रोजेक्ट सञ्चालन गर्ने किसिमका हुने भएकोले विद्यालय कै नेतृत्त्व गर्न सक्दैनन्।

सामूहिक नेतृत्व चाहिँ आफैँमा नेतृत्वको प्रकार भन्दा नेतृत्व शैली हो। विशिष्ट नेतृत्वको अभाव टार्नलाई प्रयोग गरिने यो अल्पकालीन रणनीति हो। व्यवस्थापन समितिमा अध्यक्षबाहेक कति सदस्यलाई आफू समितिमा रहे/नरहेको पनि हेक्का हुन्न। विद्यमान विद्यालय व्यवस्थापन समितिमा लागू गर्न खोजिएको यो नेतृत्व प्रणालीमा भएको समस्या हल गर्न आवश्यक अध्ययन बहस भएको छैन। त्यहाँ निर्वाचित हुन राखिएको कोटाले राजनीतिक सामाजिक भागबण्डा चाहिँ गरायो तर समावेशीकरणलाई सहयोग पुऱ्याएको देखिन्न।

सार्वजनिक विद्यालयहरू सुनियोजित हिसाबले टाट पल्टाइएका छन्। विद्यालयको अभिभावक, अहिलेका सरकारहरू र वैदेशिक दातृ निकायले समेत शिक्षामा लगानी घटाएका छन्। गाउँघरमा वन समूह र आमा समूहसँग पैसा छ विद्यालयसँग छैन। भएको निकासाको ५ भागको ४ भाग तलबमा खर्च हुने देखिन्छ। शिक्षक दरबन्दीको रूपमा प्राप्त हुने रकमको ठूलो हिस्सा शहर, सदरमुकाम र सुविधाजनक क्षेत्रमा जाने गरेकोले दुर्गम र पिछडिएका क्षेत्रमा गरीबहरूको माझमा विद्यालयहरू झन गरीब छन्। शहरका र हुनेखाने वर्गका बालबालिकाहरू निजी विद्यालयहरूमा गए पनि त्यसबाट सरकारी ढुकुटीमा हुनसक्ने बचत अभावग्रस्त क्षेत्रमा पुऱ्याइएको छैन। राम्रो गरेका सार्वजनिक विद्यालयहरूले नियम मिचेर भए पनि पैसाको जोहो गरेको देखिन्छ।

## ३. अबको बाटो

अब विद्यालयलाई आफ्नै लक्ष्य, उद्देश्य, प्राथमिकता र कार्यक्रमहरूमा शैक्षिक नेतृत्वद्वारा स्वशासित ढङ्गले र उल्लेखित सरोकारवालाहरूबीच सामञ्जस्यपूर्ण सम्बन्ध भएको स्थानीय र प्रान्तीय सरकारहरूबाट सञ्चालित सार्वजनिक

संस्था बनाउनुपर्दछ। यी तहका सरकारहरू मार्फत विद्यालयबाट संविधानमा प्रदत्त नागरिक मौलिक अधिकारहरू प्राप्त हुनेछन्। संविधानले विद्यालयीय शिक्षालाई मौलिक हक बनाएपछि यो स्थानीय र प्रान्तीय सरकारको दायित्व बनाइनुले यस्तै बुझाउँछ।

विद्यालयबाट हुने सामाजिक राजनीतिक अपेक्षाहरू स्थानीय सरकारहरू मार्फत व्यवस्थित गरी विद्यालयमा हुने तनावको व्यवस्थापन गरिनुपर्दछ। विगतमा पनि 'समुदाय'लाई हस्तान्तरण गर्नुको साटो कमसे कम राज्यको एकाइ हुनाले गाउँ विकास समिति, नगरपालिकाको भूमिका खोजिनुपर्थ्यो। केही वर्षमा आर्जन गरेको त्यो अनुभवले अहिले अघि बढ्न सजिलो हुनेथियो।

स्थानीय सरकारको शिक्षा हेर्ने सचिवालय र डेस्कले नै विद्यालय तहको शिक्षाको लागि व्यवस्थापकीय कामहरू गर्नु पर्दछ। विद्यालयहरू स्थानीय निकायमार्फत जनताप्रति उत्तरदायी र (विषय) शिक्षकहरू विद्यालय नेतृत्वमार्फत बालबालिकाको सिकाइप्रति जवाफदेही हुनुपर्छ। विद्यालयको सुसञ्चालन र शिक्षण सिकाइको सहयोगको लागि अभिभावक लगायतका समुदायहरूलाई ससम्मान विद्यालयमा सहभागी गराउनुपर्दछ।

अबको विद्यालय नेतृत्वले सोही प्रयोजनको लागि छनौट भई तयार, विकास र प्रोत्साहित गरिएका उमेदवारहरूको सूचीबाट विद्यालयमा उपलब्ध सञ्चालक वा व्यवस्थापन समितिद्वारा छानिएको र तोकिएको कार्यसूचीमा रहेर कार्य सम्पादन गर्ने हुनुपर्दछ। तिनको नियमित पेशागत विकास र सहयोगको लागि सम्बन्धित निकायहरूले प्रतिस्पर्धी क्षमताहरूको प्रबन्ध गर्नुपर्दछ।

अबको विद्यालयका प्रधानाध्यापक र प्राचार्यलाई विद्यालयको आकार र आवश्यकताको आधारमा नेतृत्वको सीपहरूमा सहयोग हुने गरी तयार र विकास गर्नुपर्दछ।

संघीय सरकारले समतामा आधारित सूत्रमा रहेर प्रान्त, स्थानीय सरकार र विशेष क्षेत्रहरूलाई शिक्षामा अनुदान उपलबध गराउने, पाठ्यक्रमको ढाँचा, परीक्षा र समकक्षता, शिक्षा करको प्रबन्ध आदि गर्ने। त्यो भन्दा पहिले विद्यार्थी संख्याको आधारमा उपलक्ध दरबन्दीको समानुपातिक वितरण गरिनु पर्दछ। विद्यालयमा जाने दरबन्दी र अनुदानहरूलाई सामाजिक राजनीतिक दबाबहरूबाट मुक्त प्राविधिक संयन्त्र र ढंगले वितरण गरिनुपर्दछ।

शिक्षकको भयावह अभाव हल गर्न कार्यक्रम ल्याउनुपर्दछ । दुर्गम र पछाडि पारिएका क्षेत्रमा शिक्षक उपलब्ध गराउन विशेष कार्यक्रम चाहिने देखिन्छ । विषय शिक्षकलाई आकर्षक प्रोत्साहन दिएर त्यहाँको अभाव हल गर्न सकिन्छ ।

विद्यालयलाई स्वशासित संस्था बनाउने दिशामा अघि बढ्दा प्रधानाध्यापक र प्राचार्यलाई व्यवस्थापक बनाउन संघसङ्गठनसँग बहस शुरू गरिहाल्नुपर्दछ । दीर्घसेवी अस्थायी शिक्षकको समस्या हल गरी सामाजिक सुरक्षा विहीन नै राख्ने हो भने राहत, उच्चमाध्यमिक विद्यालय, पूर्व प्राथमिक, विद्यालय कर्मचारीहरूलाई करारी तर स्थायीलाई भन्दा बढी तलब दिनुपर्दछ ।

शिक्षक विकासका कार्यक्रमहरू ठूला विद्यालयहरूले आफैँले सञ्चालन गर्ने र साना विद्यालयहरूले समूहमा सञ्चालन गर्ने गरी व्यवस्थित गर्नुपर्दछ । यस्ता तालिमलाई नीतिगत तयारी, प्राविधिक सहयोग र प्रमाणीकरण जस्ता काम संघीय तहको सरकारी निकायले गर्नुपर्छ भने त्यस्तो निकाय विश्वविद्यालयहरूसँग प्राज्ञिक सम्बन्धन सहितको हुनुपर्छ ।

सबै तहका सरकारले शिक्षा कर लगाउन सक्ने प्रबन्ध गर्नुपर्दछ । अन्यत्रबाट विद्यालयमा लगानी घट्दै गइहेको वर्तमान अवस्थामा स्थानीय सरकार शिक्षामा धक फुकाएर खर्च गर्न तत्पर हुनै पर्छ । शिक्षामा छुट्याइएको रकमको महत्त्वपूर्ण हिस्सा कक्षाकोठाको गतिविधिलाई सुधार र विकासमा खर्च गर्नुपर्दछ ।

❀❀❀

# अभिभावक परिचालनमा शिक्षक : केही दृष्टिकोण, केही अनुभव

**धनञ्जय शर्मा***

## १. विषय प्रवेश

बालबालिकालाई जन्म दिने, लालनपालन गर्ने आमा बाबु वा बाजे बज्यैलाई अभिभावक मानिन्छ । दाजुभाउजू, दिदीभिनाजु, मामामाइजू, फुपूफुपाजु, सानाबा सानीमा समेतलाई अभिभावक मान्न सकिन्छ । यसका अतिरिक्त बालबालिकालाई संरक्षण दिने, पालन पोषण र पढाइ लेखाइको दायित्व लिने व्यक्ति वा संस्थाले पनि अभिभावकको मान्यता पाउन सक्छन् । अझ व्यापक अर्थमा भन्ने हो भने, बालबालिकाको हित संरक्षण गर्ने, चरित्र दिने, संस्कार दिने, ज्ञान दिने, सीप सिकाउने जो कोही व्यक्तिले अभिभावकत्व पाउन सक्छ । बालबालिकाले जसलाई आफ्नो आधार मान्छन्, जसको मार्गदर्शनमा उनीहरू जीवन निर्माणको बाटोमा अघि बढिरहेका छन्, ती सबैले अभिभावकीय भूमिका प्राप्त गर्न सक्छन् । बालबालिकालाई ज्ञान दिने, सीप सिकाउने र चरित्र निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने शिक्षकहरू पनि परोक्षरूपमा अभिभावक नै हुन् ।

---

* निवृत्त प्रधानाध्यापक, श्री ज्ञानोदय उमावि, बाफल, काठमाडौं

बालबालिकालाई अनौपचारिक रूपमा शिक्षा दिने, संस्कार दिने, चरित्र दिने र उनीहरूको व्यक्तित्व विकास गर्ने कार्यमा अभिभावककै विशेष भूमिका रहन्छ । वास्तवमा बालबालिका आमाबाबुकै प्रतिरूप हुन् । आमाबाबुको आचरण व्यवहार बोली वचनको गहिरो प्रभाव छोराछोरीमा पर्छ र त्यसका सकारात्मक र नकारात्मक परिणामको भागीदार उनीहरू आजीवन बन्नुपर्छ । अनौपचारिक सिकाइको पाटो अभिभावकको जिम्मेवारी भए पनि औपचारिक सिकाइको दायित्व भने विद्यालयहरूको हो । हाम्रा सामुदायिक विद्यालयहरूमा पढ्ने आफ्ना छोराछोरी, भाइबहिनी र नातिनातिनाले गुणस्तरीय औपचारिक शिक्षा प्राप्त गर्न सकून्, शिक्षा प्राप्त गर्ने उनीहरूको अधिकार सुरक्षित होओस् भन्ने चेतना अभिभावकमा हुनै पर्छ । यसका लागि प्रयत्न गर्नु र उपयुक्त वातावरण निर्माणमा सघाउ पुर्‍याउनु अभिभावकको कर्तव्य नै हो । अभिभावकले यो कर्तव्य पूरा गर्नका लागि उनीहरूको सङ्गठित प्रयास आवश्यक हुन्छ ।

यसै आवश्यकतालाई महसूस गरेर शिक्षा ऐन नियममा समेत समय क्रमसँगै विद्यालय सहयोग समिति, विद्यालय सञ्चालक समिति, विद्यालय व्यवस्थापन समिति गठनको व्यवस्था रहेको पाइन्छ । विद्यालयमा मात्र नभएर राष्ट्रिय स्तरमै अभिभावक संघ गठन भएका छन् । सामुदायिक विद्यालयहरूको विद्यालय व्यवस्थापन समितिहरूको महासंघ समेत विधिवत रूपमा गठन भएको छ । शिक्षा ऐन नियमले अभिभावकलाई भूमिका दिए पनि यसको व्यावहारिकरूपमा कार्यान्वयन पक्ष कस्तो छ ? हिजो कस्तो थियो ? भोलि कस्तो हुनु पर्ला ? यी विषयलाई केन्द्रमा राखेर र बहस चलाउनु आवश्यक छ । विद्यालय व्यवस्थापनमा अभिभावकको महत्त्वपूर्ण भूमिका रहनुपर्छ भन्नेमा प्रायः सबै एकमत छन् । विद्यमान ऐन नियमले पनि भूमिका दिएको छ । तर यसको कार्यान्वयनमा प्रभावकारिता देखिएको छैन । यसो हुनुमा हाम्रो कमजोरी कहाँनेर रह्यो ? नीतिमै कमजोरी छ कि, शिक्षकहरूले अभिभावकको भूमिकालाई छायामा पारेका हुन् कि अथवा अभिभावकहरूकै कमजोरीले उनीहरूको भूमिका ओझेलमा परेको हो भन्ने विषयमा पनि छलफल हुनु आवश्यक छ । यस लेखमा भने, सन्तान जन्माउन, हुर्काउन, पढाउन लेखाउन र उसलाई योग्य र सक्षम नागरिक बनाउन अभिभावकको कति र कस्तो भूमिका हुनुपर्छ भन्नेबारेमा विशेष चर्चा गरिएको छ ।

## २. सन्तानप्रति अभिभावकको दायित्व

'असल सन्तान' अभिभावकको उहिल्यै देखिको आकांक्षा हो । हरेक अभिभावक आफ्ना छोराछोरी योग्य, सक्षम र आत्मनिर्भर भएको देख्न लालायित हुन्छन् । सन्तानको पद प्रतिष्ठा, मान, सम्मान बढेकोमा सन्तुष्ट हुन्छन् । आयआर्जन गरेको, आफ्ना परिवार र परिजनलाई उचित ढङ्गले भरणपोषण गरेको देख्नसुन्न चाहन्छन् । उनीहरूको उन्नति, प्रगति समृद्धि र सुस्वास्थ्यका लागि अथक प्रयास गर्छन् । यस्तो चाहना राख्दाराख्दै पनि कतिपय अभिभावकका सन्तान कुबाटोमा लागेर बिग्रन्छन् । आमाबाबुको पीडाका कारण बन्छन् । सन्तानकै कारण दुःखी हुने अभिभावकको सङ्ख्या निकै छ ।

अहिले आमाबाबु र छोराछोरीबीच दूरी बढ्दै गएको छ । त्यस्तै शिक्षक विद्यार्थीबीच पनि दूरी बढेको छ । वर्तमान सूचना प्रविधिको युगमा जन्मेका हुर्केका छोराछोरी र पुरानो पुस्ताका अभिभावकबीच दूरी बढ्नु स्वाभाविक हो । यो दूरीलाई कसरी कम गर्ने ? त्यसैगरी शिक्षक विद्यार्थीबीच बढेको दूरीलाई कसरी घटाउने ? भन्ने बारेमा पछि चर्चा गरिने नै छ तर पनि अहिलेको वातावरणमा हुर्किरहेका केटाकेटीलाई आफ्नो युगमा फर्काउन चाहने अभिभावक र शिक्षकको मानसिकता भने बेठीक हो । अहिलेको वातावरण अनुरूप अभिभावक र शिक्षकले आफूलाई रुपान्तरण गर्नु आवश्यक छ ।

### क. गर्भावस्थादेखि नै अभिभावकत्व

असल सन्तानका लागि गर्भावस्थादेखि नै गर्भस्थ शिशुको समुचित विकासमा आमा बाबुले विशेष ध्यान पुऱ्याउनु पर्छ । खानपान, रहनसहनको प्रभाव त गर्भस्थ शिशुमा पर्छ नै । सोचविचारको प्रभाव पनि त्यत्तिकै पर्छ । तपाईंको सोच सकारात्मक छ, तपाईं आफ्नो मनमा असल विचार ल्याउनु हुन्छ, तपाईं प्रशन्न चित्त रहनुहुन्छ, तपाईं उदार मनोवृत्ति राख्नुहुन्छ, तपाईंमा उपकारी प्रवृत्ति छ, तपाई मनकारी हुनुहुन्छ, तपाईं असल साहित्य पढ्नु हुन्छ, तपाईँ ठूलालाई आदर र सानालाई माया गर्नु हुन्छ, तपाईं अरूबाट लिन भन्दा अरूलाई दिन अग्रसर हुनु हुन्छ भने तपाईंका यी गुणहरूको सकारात्मक प्रभाव गर्भमा रहेको शिशुमा पनि पर्छ । तपाईं कसैको कुभलो चिताउनु हुन्न, कसै प्रति इर्ष्या र द्वेषको भाव राख्नुहुन्न, तपाईं रिसाउनुहुन्न, सधैँ तनावमुक्त रहनुहुन्छ, तपाईं

**अनुभव १**

## गरीबी चेतनाको बाधक होइन रहेछ !

*मैले २०३७ सालदेखि ज्ञानोदय उच्च माध्यमिक विद्यालय बाफल, काठमाडौँमा अध्यापन गर्न थालेको हुँ । २०५० देखि २०७० सालसम्म प्रधानाध्यापक भएर काम गरेँ । हाम्रा अभिभावक प्रायः गरीब थिए । कति त निरक्षर समेत थिए । डेरामा बस्थे । एउटा सानो कोठामा परिवारै बस्नु पर्ने अवस्थाका थिए । ज्यामी ज्यालादारी काम गर्ने, अर्काको घरमा घरेलु काम गर्नेहरू थिए । कोही ट्याम्पो, ट्याक्सीका ड्राइभर, कोही ठेला गाडा चलाउँथे । कोही फुटपाथमा नाङ्लो पसल थाप्थे । कोही तरकारी पसल गर्थे । सानोतिनो जागिर खानेहरू पनि थिए । आफ्नै घर भएका अभिभावकको सङ्ख्या अत्यन्त न्यून थियो । कति यस्ता विद्यार्थी पनि थिए जो बिहान बेलुका अर्कोको घरमा घरेलु काम गर्ने र घरमालिक कै अभिभावकत्वमा हाम्रो स्कूलमा पढ्थे । विद्यालय चक्रपथभित्र भए पनि चक्रपथबाहिर-स्युचाटार, ढुङ्गा अड्डा, नैकाप, सीतापाइला, छकुडोल, हलचोक जस्ता ग्रामीण क्षेत्रका बालबालिका पनि प्रशस्त थिए । काँठ क्षेत्रको परिवेशमा हुर्किएका कति अभिभावक कुरा गर्न सिपालु काम गर्न भने पछि सर्ने स्वभावका थिए । छोराछोरी जन्माएपछि लालनपालन र शिक्षादिक्षाको दायित्व हाम्रै हो भन्ने चेतना कम भएका तर सन्तान भने दुईभन्दा धेरै बढी जन्माउने दम्पती पनि हाम्रा अभिभावक थिए । कतिपय अभिभावकहरू आफ्ना सन्ततिलाई पेटभरिखाना खुवाउन समेत नसक्ने थिए । आफूले कमाएको पैसाको उचित प्रयोग गर्न नजान्ने, पैसा भएको बेला फजुल खर्च गर्ने र पैसा नभएको बेला छोराछोरीलाई भोकै सुत्न विवश पार्ने खालका अभिभावकहरू पनि थिए । केही अभिभावक यस्ता पनि थिए जो "आजै कमाएँ आजै खाएँ" । भोलिका निम्ति साँच्ने प्रवृति नै थिएन । दिनभरि मरीमरी काम गर्‍यो, ज्याला बुझ्यो बेलुका रक्सी चुरोटमा पैसा सिध्यायो र घर गएर श्रीमतीसँग झगडा गर्‍यो । निरीह छोराछोरी भोकभोकै सुते । यस्ता अभिभावकलाई पनि हामीले बेहोर्‍यौँ । विद्यालयले छात्रा छात्रवृत्ति वितरण गर्‍यो बाबुले रकम बुझे । बेलुका भट्टीमा सकाइदिए । कोही यस्ता बाबु पनि*

*क्रमशः*

*थिए । छ हजार पर्ने मोबाइल बोक्ने तर आफ्नी छोरीको ५०रुपियाँ मासिक शुल्क तिर्न नमान्ने । छोराछोरीको शिक्षामा लगानी गर्नुलाई अनुत्पादक ठान्ने ।*

*अभिभावकमा माथिका प्रवृत्ति देखेपछि हामीले अभिभावक शिक्षामा जोड दियौँ । अभिभावक, शिक्षक र विद्यार्थीबीचको अन्तरसंवादलाई तीव्रता दियौँ । बिना जानकारी शिक्षक अभिभावक बैठकमा अनुपस्थित हुने शिक्षक अभिभावकले सय रुपैयाँ जरिमाना तिर्नुपर्ने निर्णय अभिभावकले नै गरे । काबुभन्दा बाहिरको परिस्थितिबाहेक सबै अभिभावक उपस्थित हुन थाले । उनीहरूसँग खुला छलफल हुन थाल्यो । यस्तो छलफलले अभिभावक र शिक्षक दुवैलाई जिम्मेवार बनाउन मदत गऱ्यो । दुवैमा सकारात्मक सोचको विकास भयो । अभिभावक सचेत भए । जतिसुकै गरीब भए पनि अशिक्षित भए पनि आफ्ना छोराछोरीलाई राम्रो शिक्षा दिनुपर्छ र राम्रो शिक्षा दिन स्कूललाई राम्रो बनाउनु पर्छ भन्ने चेतना अभिभावकमा जागेको पाइयो ।*

*शिक्षक, अभिभावकबीच ५ वर्षसम्म निरन्तर संवाद चलाएपछि हामीले पायौँ हाम्रा अभिभावकको सोचमा मात्र होइन आचरण र व्यवहारमा समेत सकारात्मक परिवर्तन देखिएका छन् । हामी झन् हौसियौँ । निर्धारित बैठकबाहेक पनि विभिन्न पर्व, उत्सव र विद्यालयले आयोजना गर्ने अतिरिक्त क्रियाकलापमा समेत अभिभावकलाई आमन्त्रण गर्न थाल्यौँ । यस्ता अवसरमा अभिभावकलाई सम्मान गर्ने परम्परा नै बसाल्यौँ । यस्तो परम्पराले विद्यालय र अभिभावकबीचको सम्बन्ध सुमधुर हुँदै गयो । विद्यालयका गतिविधिप्रति अभिभावकको चासो बढ्यो । आफ्ना छोराछोरीको पढाइ र अन्य व्यवहारप्रति निगरानी पनि बढ्यो । यस्ता अन्तरसंवादले छोराछोरीप्रति अभिभावकको दायित्व के हुन्छ भन्ने कुरा जान्न बुझ्न अभिभावकलाई सजिलो भयो । विद्यार्थीको नियमतिता, पोशाक, गृहकार्य, व्यवस्थापनमा समेत हामीले सोचे भन्दा बढी सुधार आयो । छोराछोरीसँग अभिभावकले गर्ने व्यवहार, र बोलीवचनमा समेत परिर्वतन चेतना र चासो यसरी बढेर आयो कि- हामीलाई लाग्यो गरीबीले चेतनालाई रोक्न नसक्दो रहेछ । अभिभावकलाई कुरो बुझाउन खोज्यो भने बुझ्ने मात्र नभई व्यवहारमै उतार्न सक्दा रहेछन् । हाम्रा अभिभावक धनले गरीब भए पनि सचेत र मनका धनी देखिए ।*

स्वस्थ, सुन्दर, सुशील, विश्वलाई नै आफ्ना विचार र कामले प्रभावित पार्न सक्ने असाधारण शिशुको कल्पना गर्नु हुन्छ भने तपाईंले कल्पना गरे जस्तै शिशुलाई जन्म दिनु हुन्छ । जन्मजात रुपमै विशेष संस्कार र गुण लिएर आएको शिशुले आमा बाबुको नाम चम्काउने मात्र होइन, समाज परिवर्तनमा समेत महत्त्वपूर्ण योगदान दिन सक्छ । जन्मेपछि पनि ऊ आत्मनिर्भर नभएसम्म आमाबाबुको गुणात्मक परवरिशको आवश्यकता पर्छ । सानो शिशुलाई आवश्यकताअनुसार सन्तुलित आहार उचित स्याहारसुसार, निश्चित समयसम्म स्तनपानको व्यवस्था त गर्नै पर्छ । साथै उसलाई उमेर सुहाउँदो मनोरञ्जनको व्यवस्था समेत हुनै पर्छ । सानासाना शिशुको उचित विकासका निम्ति अभिभावकको माया चाहिन्छ । माया पाउनु उनीहरूको हक हो । यो हक उनीहरूले माग्न सक्दैनन् अभिभावक आफैले बुझेर दिने हो ।

**ख. बाल्यावस्थामा अभिभावकत्व**

हामी आमाबाबु आफ्ना छोराछोरीलाई असल बनाउने भनेर अनुशासनका नाममा उनीहरूको स्वाभाविक विकास र सिकाइमा बढी हस्तक्षेप गर्दा रहेछौँ । यसो गर्न हुँदैन, यस्तो बोल्न हुँदैन, यहाँ खेल्न हुँदैन । यो चीज चलाउन हुँदैन, यहाँ जान हुँदैन, यसरी पढ्न हुँदैन, यस्तो खान हुँदैन । खालि उपदेश दिँदा रहेछौँ । डाँटडपट गर्दा रहेछौँ । उनीहरूको बालसुलभ चञ्चलता खोस्ता रहेछौँ । उनीहरूको जिज्ञासामा बिर्को लगाइदिँदा रहेछौँ, उनीहरूको बालपनमाथि धावा बोल्दा रहेछौँ, उनीहरूको स्वतन्त्रता हरण गर्दा रहेछौँ । अनि सन्तान असल भएन भनेर दुखी हुँदा रहेछौँ । हामी छोराछोरीलाई भनेर सिकाउन खोज्दा रहेछौँ । उनीहरू गरेर सिक्न चाहँदा रहेछन् । हाम्रो बोलीबचन, हाम्रो खानपान, हाम्रो आचरण, हाम्रो व्यवहार, हाम्रो सरसङ्गत र हाम्रो जीवन बाँच्ने शैलीको सोझो प्रभाव उनीहरूमा पर्दो रहेछ । हामी आमाबाबु आफ्ना छोराछोरीका गल्ती कमजोरीतिर ध्यान दिँदा रहेछौँ र सच्याउनका लागि दबाब दिँदा रहेछौँ । आफ्नो छिमेकका वा नातागोताका समान उमेरका केटाकेटीसँग तुलना गर्दा रहेछौँ । आफ्ना छोराछोरीको कमजोर पक्षको मात्र चर्चा गर्दा रहेछौँ । उनीहरूलाई मन नपर्ने काम गर्न कर गर्दा रहेछौँ । यसो गरेको उनीहरूलाई पटक्कै मन नपर्दो रहेछ । प्रतिवाद नगरे पनि हाम्रो यस्तो व्यवहारले उनीहरू हामीबाट विस्तारै टाढिँदै जाँदा रहेछन् ।

छोराछोरीलाई असल बनाउन हामी असल बन्नुपर्ने रहेछ। हाम्रो आचरण व्यवहार वोली वचन, हाम्रो कार्यशैली पनि असल हुनुपर्दो रहेछ। उनीहरूको स्वाभाविक बालसुलभ चञ्चलता र जिज्ञासु प्रवृत्तिको सम्मान गर्नुपर्दो रहेछ। उनीहरूलाई बालापनको पूर्ण उपभोग गर्न दिनुपर्ने रहेछ। उनीहरूको स्वतन्त्रताको कदर गर्दै स्वाभाविक हुर्काइ र स्वाभाविक सिकाइमा सहयोग गर्नु पर्दो रहेछ। उनीहरूका कमजोर पक्षतिर होइन सबल पक्षतिर ध्यान दिनुपर्ने रहेछ। तिमी धेरै राम्रा छौ। तिमी धेरै ज्ञानी र असल छौ। तिमीले बोलेको, पढेको, लेखेको, खेलेको, खाएको, नाचेको, गाएको, हेरेको, दगुरेको मलाई औधि मन पर्छ। तिमी मलाई साह्रै मन पर्छौ भन्नुपर्ने रहेछ। छोराछोरीका स-साना सकारात्मक गतिविधि र क्रियाकलापको प्रशंसा गर्दै स्यावासी दिनुपर्दो रहेछ। उनीहरूलाई प्रेरणा र प्रोत्साहन दिनु पर्ने रहेछ। तिमीले ठीक गऱ्यौ। तिमी गर्न सक्छौ। तिमीसँग त अचम्मको शक्ति रहेछ। तिमी बुद्धिमान छौ। यो कामलाई यसरी गऱ्यौ भने अझ राम्रो हुन्छ। तिमीले जानेनौ भने मलाई भन, म सिकाइ दिउँला। तिमीले कुनै चिन्तै लिनु पर्दैन भन्नुपर्दो रहेछ। उनीहरूका नकारात्मक पक्षलाई हटाउन सधैँ सकारात्मक पक्षलाई अघि सार्नु पर्दो रहेछ। उनीहरू प्रशंसा प्रिय हुन्छन्। प्रशंसाद्वारा नै उनीहरूलाई असल बाटोमा ल्याउन सकिन्छ भनेर बुझ्नु पर्ने रहेछ। हामीलाई मन पर्ने कुनै काम, बोली व्यवहार, आचरण र विचार प्रदर्शन गर्दा वित्तिकै वाह! स्यावास्! क्याबात! भन्नु पर्दो रहेछ। यसो गर्दा उनीहरू सकारात्मक काम गर्न प्रेरित हुँदा रहेछन्।

हरेक आमाबाबुले आफ्ना छोराछोरीका लागि अधिकतम समय छुट्ट्याउनु पर्ने रहेछ। आफ्नो पेशा व्यवसायबाट बचेको समय घर परिवारलाई दिँदा सुखी परिवार निर्माणमा सघाउ पुग्दो रहेछ। टीभी हेर्दा सँगै हेर्ने, खाना खाँदा सँगै खाने, बजार जाँदा सँगै जाने, उनीहरूसँग निकटता बढाउने प्रयास गर्नुपर्ने रहेछ। साँझ विहान उनीहरूसँगै बस्ने, आफू केटाकेटी झैँ बनेर उनीहरूसँग सम्वाद गर्ने, खेल्ने, जिस्कने र रमाइलो गर्ने गर्नुपर्ने रहेछ। उनीहरूको पढाइका बारेमा, उनीहरूले रुचि देखाएको विषयमा कुराकानी गर्नु पर्दो रहेछ। आज स्कूलमा के पढ्यौ, के सिक्यौ, कुन कुन गुरुआमा र गुरुबा मन पर्छ ? उहाँहरू तिमीलाई किन मन पर्छ ? तिमीलाई सबभन्दा बढी माया गर्ने को हुनुहुन्छ ? तिम्रो मन पर्ने साथी को हो ? ऊ किन मन पर्छ ? आज तिम्रो गृहकार्य छ कि छैन ? अहिले गर्छौ कि भोलि गर्छौ जस्ता प्रश्न गर्नु

पर्ने रहेछ । छोराछोरीको उमेर बढ्दै गए पछि वा १०-१२ वर्षका भएपछि उनीहरू धेरै बुझ्ने भइसकेका हुन्छन् । उनीहरूसँग सातामा एक पटक बैठक बस्ने र घरव्यवहार, पेशाव्यवसाय, समाजसंस्कृति, आफ्ना मूल्यमान्यता र परम्पराका बारेमा छलफल चलाउनु राम्रो हुँदो रहेछ। यस्तो छलफलमा आमा बाबुले मित्रभाव राखी छोराछोरीले आफ्ना विचार प्रष्ट रूपमा राखून् भन्नाका खातिर उनीहरूलाई हौस्याउनु पर्दो रहेछ। उनीहरूले व्यक्त गरेका सकारात्मक विचारको तत्काल समर्थन गर्नु पर्दो रहेछ। उनीहरूका विचारको उच्च सम्मान गर्नु पर्दो रहेछ।

**ग. व्यावहारिक र सामाजिक बनाउने प्रयास**

किशोरावस्थाका छोराछोरीलाई सानातिना किनमेलका काममा पठाउने, खर्चको बिल माग्ने, हिसाब बुझाउन लगाउने, जस्ता कामले उनीहरूलाई जिम्मेवार र व्यावहारिक बनाउन सहयोग पुग्दो रहेछ। उनीहरूलाई ससाना घरयसी काममा प्रयोग गर्नुपर्दो रहेछ । आफ्ना कपडा आफैँ धुने, इस्त्री लगाउने, बुट पालिस गर्ने, सरसफाइमा सहयोग गर्ने । भान्सामा सघाउने, दैनिक प्रयोगमा आउने सामानको व्यवस्थापन र राखनधरनमा मद्दत गर्ने । खेतीपाती वा पशुपालनमा पनि बिहान बेलुका अभिभावकलाई सघाउने काममा लगाउनु पर्ने रहेछ। यसबाट उनीहरूमा कामप्रति रुचि जाग्नुका साथै जिम्मेवारीबोध हुँदो रहेछ । यस्ता ससाना काममा उनीहरूलाई लगाउँदैमा उनीहरूको पढाइमा नकारात्मक प्रभाव पर्दैन। समयसमयमा उनीहरूलाई गाउँघर, खेतबारी, वनजङ्गल, शहरबजार घुमाउन लाने, गरीबधनी सबैसँग भेट गराउने, सम्वाद गर्ने अवसर जुटाइदिँदा समाज र संसारलाई बुझ्न बालबालिकालाई सहज हुँदो रहेछ। छोराछोरीका हरेक क्रियाकलाप र गतिविधिबारे गहिरो रुचि राख्नुपर्ने रहेछ। उनीहरूलाई मेरा बाआमा, मेरो पढाइ, मेरो सिकाइ र मेरा कामका बारेमा विशेष चासो राख्नुहुन्छ। मेरो विषयमा उहाँहरू चिन्ता गर्नुहुन्छ भन्ने प्रभाव पर्दो रहेछ। यसले बाबुआमा र छोराछोरी बीचको निकटता बढ्दो रहेछ।

यस उमेरका छोराछोरीहरू कतिपय कुरामा जिद्दी गर्छन् । उनीहरूका अनावश्यक जिद्दी र मागलाई निरुत्साहित गर्नुपर्ने रहेछ। जेब खर्चका निम्ति नगद दिने काममा अनुदार बन्नुपर्ने रहेछ। आवश्यक माग पूरा गर्न तत्परता देखाउने, सम्भव छैन भने पनि आशावादी बनाउने गर्नुपर्ने रहेछ । १०

वर्षको उमेर पार गर्दासम्म हाम्रा छोराछोरीहरूले धेरै कुरा सिकिसकेका हुँदा रहेछन् । सूचना प्रविधिको विकासले उनीहरूको ज्ञान र सूचनाको दायरालाई फराकिलो पारिसकेको हुँदो रहेछ । यो उमेरका छोराछोरीसँग घरायसी काम, अन्य व्यावहारिक कामका बारेमा विचार विनिमय गर्नुपर्दो रहेछ । आफ्ना मूल्यमान्यता, परम्परा, धर्म संस्कृतिका बारेमा सौहार्द्र वातावरणमा छलफल चलाउनु पर्ने रहेछ । सामाजिक परिवर्तन र राजनीतिका बारेमा सम्वाद गर्ने, उनीहरूका विचार सुन्ने, राम्रा विचार र तर्कलाई तत्काल समर्थन गर्ने, उनीहरूका भावनाको सम्मान गर्नुपर्ने रहेछ। यसो गर्दा उनीहरूमा राम्रो विचार र धारणा निर्माण गर्न सहज हुँदो रहेछ। रुढी, अन्धविश्वास र धर्मभिरु प्रवृत्तिलाई निरुत्साहित गरी प्रविधिको प्रयोग र वैज्ञानिक दृष्टिकोण बनाउन प्रेरित गर्नुपर्ने रहेछ । उनीहरूको रुचि अनुकूलको पेशा, व्यवसायमा सफल अनुकरणीय

**अनुभव २**

## अभिभावकलाई चिन्न सकेन छौँ !

*प्रारम्भमा सहकर्मी शिक्षक साथीको अभिभावकप्रतिको सोच नकारात्मक रह्यो। विपन्न र अनपढ अभिभावकबाट विद्यालय विकासमा के पो योगदान होला भन्ने आशंका साथीहरूमा थियो । अभिभावकलाई विद्यालयमा बोलायो खालि शिक्षकका कमजोरी कोट्याउँछन् । शिक्षकलाई मर्यादा दिन जान्दैनन् । शिक्षाको महत्त्व पनि उति बुझेका हुँदैनन् । शिक्षालाई सरकारको दायित्व हो भन्ने उनीहरूको बुझाइ छ । शिक्षक र विद्यालयको समस्या बुझ्न खोज्दैनन् । विद्यालयको भौतिक उन्नतिका लागि आर्थिक सहयोग गर्न सक्दैनन् । आफ्ना छोराछोरीका लागि शैक्षिक सामग्री समेत उपलब्ध गराउन नसक्ने, आफै समस्याग्रस्त रहेका अभिभावकसामु स्कुलका समस्या राखेर के फाइदा ? उनीहरूबाट ठोस योगदान के अपेक्षा राख्नु ? आफ्ना छोराछोरीका लागि कापी कलमको जोहो गर्न समेत धौधौ हुने अभिभावकबाट हामीले के आशा राख्नु । अभिभावकका बारेमा यस्तै निराशावादी र नकारात्मक सोच प्रायः सबैमा थियो । त्यतिबेला हामी शिक्षकहरू आफूलाई पढेलेखेका, जान्नेसुन्ने, समझदार र सभ्य नागरिकको कित्तामा राख्थ्यौँ । अनिअभिभावकलाई अनपढ, गरीब, कुरो नबुझ्ने, गवार*

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूको जीवनी, उनीहरूले गरेको सङ्घर्ष, पुरुषार्थ र सफलताका कथा सुनाउनु पर्ने रहेछ। पुरुषार्थी र उद्यमी बन्न प्रेरित गर्नुपर्ने रहेछ।

आफ्नो देशमा उद्योग व्यवसायका के कस्ता सम्भावना छन् ? देशको प्रकृतिलाई कसरी दोहन गर्न सकिन्छ भन्ने बारेमा छलफल गर्नुपर्ने रहेछ। आफ्नै देशमा विद्यमान अनन्त सम्भावनाका बारेमा यही उमेरदेखि नै जानकार बनाउँदा पलायनवादी प्रवृत्ति कम गर्न सघाउ पुग्दो रहेछ। आफ्नै देशमा उपलब्ध साधन स्रोतको परिचालन गरी उद्यमी व्यवसायी बन्ने आकांक्षा जगाउन सकिने रहेछ। मान्छेसँग असीमित क्षमता हुन्छ। त्यो क्षमताको प्रयोग गरेर उन्नतिका अनन्त सम्भावनाको ढोका उघार्न सकिन्छ भन्ने दह्रो विश्वास उनीहरूमा जगाउनु पर्ने रहेछ। आफ्ना छोराछोरीको दैनिक क्रियाकलापलाई मसिनो तरीकाले निगरानी

*नागरिकको कित्तामा छुट्ट्याउँथ्यौँ। अभिभावकलाई अन्धविश्वासी, भाग्यवादी वर्ग र आफूलाई कर्मशील र आधुनिक विचारका वाहक हौँ भन्ने लाग्थ्यो। तर हाम्रा अभिभावकले हाम्रा यस्ता नकारात्मक सोचमा परिवर्तन ल्याइदिए। हामी गलत रहेछौँ, अभिभावकप्रतिको हाम्रा धारणा गलत रहेछन् भनेर प्रमाणित गरिदिए।*

*हामीले अभिभावकसँगको सम्वाद कायमै राख्यौँ। अभिभावकको उपस्थिति कम होओस् वा बेसी नथाकीकन उहाँहरूलाई डाकी नै रह्यौँ। अभिभावकको उपस्थिति बढ्दै गयो। पछि पछि त ९५% प्रतिशत अभिभावक उपस्थित हुन थाल्नु भयो। हो, हामी अभिभावकलाई डाक्दा उनीहरूको अनुकूल समयलाई ध्यानमा राख्थ्यौँ। विशेष गरी शनिवार बिहान कक्षागत रुपमा अभिभावकहरूलाई डाक्थ्यौँ। खुलेर छलफल गर्थ्यौँ। यस्तो निरन्तरको संवादले अभिभावकमा मात्र होइन हामीमा समेत चमत्कारिक परिवर्तन आयो। विद्यालय र अभिभावकबीच सुमधुर र बलियो सम्बन्ध गाँसियो। हामीले अशिक्षित ठानेका अभिभावकले आफ्नो व्यावहारिक ज्ञान र सीपले हामीलाई चकित पारे। ज्ञानको माध्यम किताब हो, अक्षरका माध्यमबाट मात्रै ज्ञान आर्जन गर्न सकिन्छ भन्ने हाम्रो अपूर्ण सोचलाई पूर्णता दिए। हामीले हाम्रा अभिभावकको भित्री क्षमतालाई चिन्न सकेनछौं। जब चिन्यौं उनीहरूबाट आशा गरेको भन्दा बढी सहयोग पाउन थाल्यौँ।*

गर्ने र उनीहरूका राम्रा पक्षको साथीभाइ, दिदीबहिनी, नातागोता, छरछिमेकी एवम् घर परिवारमा चर्चा गर्नुपर्ने रहेछ । राम्रा पक्षको चर्चाले राम्रो काम गर्न उनीहरू स्वतः प्रेरित हुँदा रहेछन् । छोराछोरीलाई हामी हाम्रो ढाँचामा ढाल्न नखोजौँ उनीहरूलाई आफ्नै किसिमको स्वाभाविक ढाँचा अनुरूप निर्मित र विकसित हुन दिऊँ । राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक पक्षसँग सम्बन्धित हाम्रा विचारलाई उनीहरूबीच छलफलका लागि राख्न सक्छौँ । तर हाम्रा विचारहरूकै अनुसरण गरुन् भनेर बलजफ्ती चाहिँ पटक्क नगरौँ । उनीहरूलाई आफ्नो विचार निर्माण गर्न पूर्ण स्वतन्त्रता दिऊँ ।

**घ. सकारात्मक हस्तक्षेप**

आफ्ना छोराछोरीका विचार र काममा पटकपटकको हस्तक्षेप प्रत्युत्पादक हुँदो रहेछ । हस्तक्षेप गर्नुपर्ने परिस्थिति आइलागेको तपाईंले निश्चित गर्नुभयो भने पनि सकारात्मक हस्तक्षेप गर्नुहोस् । सकारात्मक हस्तक्षेप भन्नाले उनीहरूका विचारको खण्डन होइन । उनीहरूका कामको आलोचना होइन बरु उनीहरूका विचार र काममा रहेका राम्रा पक्षको उद्घाटन हो । उनीहरूका विचारलाई परिष्कृत गर्न सघाउ पुऱ्याउने सुझावहरू हुन् । उनीहरूका काममा सुधार ल्याउने उपायको खोजी हो । आफ्ना छोराछोरीलाई सधैँ आशावादी बनाउनुहोस् । यस पटक सफल भइएन के भो र ! प्रयत्न गरौँ अर्को पटक अवश्य सफल भइन्छ भनौँ । निरन्तर प्रयास गरे मान्छेका लागि कुनै काम असम्भव छैन भन्ने कुरा बुझाऔँ । छोराछोरीको असफलतामा दुःखी नबनौं । गाली र गिल्ला नगरौँ । थप प्रयत्न गर्न हौस्याइ राखौँ । यो उमेरका छोराछोरीसँग गरीबी नबाडौँ, आर्थिक विपन्नताको दुखेसो नपोखौँ । हामी गरीब, हामीसँग पैसा छैन, तिमीलाई यो चीज किनिदिन, ल्याइदिन सक्तैनौँ नभनौँ । बरु अहिले सम्भव भएन, हामी कोशिश गर्दैछौँ । अर्को पटक ल्याइदिउँला भनेर आश जगाइ राखौँ । हाम्रो विवशतालाई छोराछोरीले विस्तारै बुझ्दै जान्छन् । उनीहरू स्वयं जिम्मेवार बन्दै जान्छन् ।

## ३. विद्यालय सञ्चालनमा अभिभावकको भूमिका

सामुदायिक विद्यालयको स्थापना र सञ्चालन २०२८ पूर्व अभिभावकले नै गरेका थिए । विद्यालयको भौतिक र प्राज्ञिक उन्नतिका लागि उनीहरू नै उत्तरदायी बनेका थिए । राम्रा शिक्षकको खोजी उनीहरू नै गर्थे । शिक्षकलाई

बस्नेखाने बन्दोबस्त र पारिश्रमिकको जोहो पनि उनीहरू नै गर्थे । नयाँ स्कूलको स्थापना, विद्यालयको तह वृद्धि जस्ता कुरामा उनीहरूनै निर्णायक हुन्थे । त्यतिबेला अभिभावकहरूले विद्यालयको स्वामित्व लिएका थिए । 'यो हाम्रो विद्यालय हो' भन्ने भावना उनीहरूमा थियो ।

नयाँ शिक्षा योजना लागू भएपछि अभिभावकबाट विद्यालयको स्वामित्व खोसियो । विद्यालयको सम्पूर्ण दायित्व सरकारले लियो । विद्यालयप्रति अभिभावकको चासो घट्यो । अभिभावकले रगत पसिना एक गरेर स्थापना गरेका विद्यालयहरू सरकारी विद्यालयमा दरिए । यसरी सरकारीकरण गर्दा अभिभावकले चासो कम भएका कारणले गर्दा विद्यालयको विकासमा नकारात्मक प्रभाव पऱ्यो । पछि सरकारका आँखा खुले । अनि विद्यालय सञ्चालनमा अभिभावक भूमिका कसरी बढाउन सकिएला भनेर शिक्षा ऐन नियममा पटक पटक संशोधन गरिए । पहिला विद्यालय सहयोग समिति पछि विद्यालय सञ्चालन समिति, त्यस पछि विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरियो । जे गरे पनि विद्यालय व्यवस्थापनमा अभिभावक भूमिका प्रभावकारी भएन । फेरि अर्को प्रयोग गरियो, विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने नीति अख्तियार गरेर । विद्यालय व्यवस्थापन समिति अध्यक्ष वा सदस्य बन्न विद्यार्थीको बाबुआमा वा बाजेबज्यै नै हुनुपर्ने नियम पनि बनाइयो । यस्ता प्रयोगहरू भइरहे तर अझै अभिभावकले पूर्णरूपमा विद्यालयको स्वामित्व ग्रहण गरेको अवस्था भने छैन । उल्टो अभिभावकहरू सामुदायिक विद्यालय छोडेर संस्थागत विद्यालयतिर आकर्षित भइरहेको स्थिति छ । यसो हुनुमा सामुदायिक विद्यालयहरूको खस्कँदो शैक्षिक गुणस्तरलाई कारण मानिएको छ । तर यथार्थ बेग्लै छ । सामुदायिक विद्यालयमा अभिभावकको भूमिका कम हुँदै जानु र विद्यालयको स्वामित्व अभिभावकले ग्रहण गर्ने वातावरण निर्माण नहुनु नै जड कारण हो ।

यदि तपाईं आफ्नो विद्यालयलाई राम्रो बनाउन चाहनुहुन्छ भने अभिभावकको सहयोग लिनै पर्छ । अभिभावकको सहयोग विना कुनै सामुदायिक विद्यालय राम्रो बनेका छैनन् । राम्रो विद्यालय बनाउन शिक्षक विद्यार्थी र अभिभावकबीच राम्रो समन्वय र सुमधुर सम्बन्ध हुनै पर्छ । विशेष गरेर अभिभावकको चासो बढाउनै पर्छ ।

## ४. नीति दोषी कि नियत ?

विद्यालयहरू औपचारिक शिक्षाका केन्द्र हुन् । ८०% भन्दा बढी बालबालिका सामुदायिक विद्यालयमा पढ्छन् । त्यहाँ पढ्ने प्रत्येक नानीबाबुका अभिभावकहरूको विद्यालय सञ्चालन र व्यवस्थापनमा अहम् भूमिका रहन्छ वा रहनुपर्छ भन्ने बारेमा सबै सहमत छन् । अभिभावकको भूमिका अझ बढाउनु पर्छ भन्ने कुरामा पनि कसैको विमति छैन । यति हुँदाहुँदै पनि विद्यालय सञ्चालन र व्यवस्थापनमा अभिभावकको निर्णायक भूमिका कायम हुन सकेको छैन । विद्यालय व्यवस्थापनमा अभिभावकको भूमिका स्थापित गर्न अनेक नीतिगत प्रयासहरू भएका छन् । अभिभावकहरू मध्येबाटै विद्यालय व्यवस्थापन समिति गठन हुनुपर्ने, समय समयमा अभिभावक भेला डाकिनु

**अनुभव ३**

### अभिभावक पैसा तिर्न सक्छन्, तिर्छन् !

*जुन विद्यालयमा म संलग्न थिएँ । वास्तवमा त्यो विद्यालयको अवस्था प्रारम्भमा अत्यन्त दयनीय थियो भन्ने कुराको माथि नै चर्चा भइसकेको छ । शिक्षक अभिभावकको १०-१२ वर्षसम्मको निरन्तर प्रयासको परिणाम स्वरूप त्यो नमुना विद्यालयमा परिणत भएको छ । ७ कोठाको कच्ची भवनबाट ३ वटा पक्की भवनमा अहिले झण्डै ७० ओटा कोठा छन् । ७ जना शिक्षक कर्मचारीका ठाउँमा ९५ जना कार्यरत छन् । १७५ विद्यार्थीका ठाउँमा अहिले २,२०० विद्यार्थी अध्ययनरत छन् । यस्तो चमत्कार कसले गर्‍यो ? यसको सार्थक उत्तर हो हाम्रा अभिभावकले । त्यहाँको भौतिक संरचनामा सरकारी र गैरसरकारी निकायको लगानी 'छैन' बराबर हो । अभिभावकबाटै लिइएको थोरै-थोरै सहयोग सञ्चिति नै विद्यालयका भौतिक संरचना ठडिएका हुन् जुन २०७२ वैशाख १२ गतेको भूकम्पले पनि ढलेनन् ।*

*अभिभावकसँगको अन्तरक्रियाकै क्रममा विद्यालयको यथार्थ अवस्था अभिभावक सामु राखियोः हाम्रो आम्दानी यति छ र हाम्रो खर्च यति छ, विद्यालय सुधारका लागि हाम्रा योजना यस्ता छन् । सुधार गर्नका लागि यति रकम*

पर्ने, विद्यालयको सामाजिक परीक्षण गरिनु पर्ने, विद्यालयले लिने महत्त्वपूर्ण निर्णयहरूमा अभिभावकको सहमति हुनुपर्ने नियमहरू बनाइएको छ । यति हुँदाहुँदै पनि व्यवहारमा अभिभावकहरू उपेक्षित नै छन् । यसो हुनुमा नीति मात्र दोषी नभएर नियत पनि दोषी देखिन्छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघमा पद ओगट्न मात्र हानथाप गर्ने अघि पछि निष्कृय रहने अभिभावकहरूको प्रवृत्ति र अभिभावकको भूमिकालाई सीमित राख्न खोज्ने शिक्षकहरूको मनोवृत्तिले यहाँ काम गरेको छ । विद्यालयको भौतिक र प्राज्ञिक पक्षको विकासमा अभिभावकको सक्रिय सहभागिता बढाउन र उनीहरूलाई हौस्याउन नियामक निकायबाट समेत उल्लेख्य प्रयास नभइरहेको अवस्था छ ।

सामुदायिक विद्यालयलाई सुधार्ने हो भने, त्यहाँ पढ्ने बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने पक्ष सुनिश्चित गर्ने हो भने ती विद्यालयमा

*अपुग हुन्छ । अब के गर्ने ? आवश्यक रकम सरकारले दिनुपर्छ; स्कूलले नै स्रोतको जोहो गर्नुपर्छ; कुनै दानवीर खोज्नु पर्छ । गैरसरकारी संस्थालाई गुहार्नु पर्छ; धेरै अभिभावकबाट यस्ता सुझाव आए । यस्ता सुझावहरूले तत्काल परिणाम दिन सक्दैनथे । केही अभिभावकले 'मासिक रूपमा अभिभावकबाट थोरै थोरै रकम उठाउने कि!' भन्ने सुझाव दिए । तत्कालै परिणाम दिने भएकोले यो सुझावको पक्षमा अभिभावकको मत बढ्दै गयो । कुनै अभिभावकले 'म त एक पैसा पनि दिन सक्दिनँ'भने । यसो भन्ने अभिभावक साँच्चिकै पैसा तिर्न नसक्ने हुन् वाहोइनन् पहिचान गरियो । पैसा तिर्न नसक्नेलाई निःशुल्कका अतिरिक्त विद्यालयको तर्फबाट थप सुविधा समेत उपलब्ध गराइयो । अभिभावकहरूकै सल्लाहमा सक्नेसँग शुल्क लिने र नसक्नेलाई विद्यालयले अवस्था हेरी थप सुविधा समेत दिने नीति अपनाइयो । शुल्क तिर्न सक्नेहरूले तिरिदिनु भयो भने मात्रै विद्यालयले कमजोर अभिभावकका छोरा छोरीलाई थप सुविधा उपलब्ध गराउन सक्छ भनियो ।*

*अभिभावकलाई के विश्वास दिलाइयो भने, "शुल्क तिर्न नसकेको कारण यस विद्यालयमा कसैका पनि छोरा छोरी पढाइबाट वञ्चित हुनु पदैन ।" यसरी अभिभावकसँग लागत साझेदारीको आधारमा विद्यालय सुधारको योजनालाई मूर्त रुप दिइयो ।*

अभिभावकको सहभागिता बढाउनै पर्छ । उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउनै पर्छ । यस सम्बन्धमा हालसम्मका प्रयास त्यति प्रभावकारी देखिएका छैनन् । शिक्षकहरू गुनासो गर्छन्, "अभिभावकलाई बोलाउँदा आउँदै आउँदैनन् । विद्यालयप्रति उनीहरूको चासो छैन । आफ्ना छोराछोरीलाई नियमित स्कूल पठाउँदैनन् ।" अभिभावकहरू शिकायत गर्छन्, "विद्यालयले हाम्रो कुरा सुन्दै सुन्दैन । त्यहाँ हाम्रो कुनै सम्मान छैन । शिक्षकका गाली र उपदेश सुन्न मात्र किन जानु ।" यस्तो सोचाइले शिक्षक अभिभावकबीचको दूरी बढ्दै गएको र अभिभावक विद्यालयका गतिविधि प्रति निरपेक्ष हुँदै गएको अवस्था छ ।

## ५. अभिभावकको चासो बढाऔँ

सामुदायिक विद्यालयप्रति अभिभावक चासो कम हुँदै गएको छ । सरकार भने बढाउन खोजेको दाबी गर्छ । चासो बढोस् भनेर नै विव्यसमा आमाबाबु, बाजेबज्यै नै हुनुपर्छ भनेर प्रावधान राखिएको हो भनेर तर्क गर्छ । तर सरकारी नीतिले विव्यसलाई अधिकार सम्पन्न बनाएको अनुभूति अभिभावकले गरेका छैनन् । विद्यालयमा कार्यकारी अधिकार प्राप्त व्यक्ति प्रधानाध्यापक हुन्छ । सरकारी र गैरसरकारी निकायसँग सोझो सम्बन्ध र सम्पर्क उसैको हुन्छ । विद्यालय भित्रका सम्पूर्ण क्रियाकलापको मुख्य सञ्चालक र समन्वयकर्ता उही नै हुन्छ । दैनिक कार्य सञ्चालन, शैक्षिक र आर्थिक प्रशासन उसैको दायित्वभित्र पर्छन् । विद्यालयका शिक्षक कर्मचारी उसकै खटनपटनमा काम गर्छन् । विद्यार्थीहरू पनि प्रधानाध्यापककै नीति निर्देशन अनुरूप निर्देशित हुन्छन् । यस स्थितिमा विद्यालय व्यवस्थापन समितिको भूमिका साँघुरिएको देखिन्छ । प्रअ र शिक्षकहरूको छायामा विव्यस परेको छ ।

विद्यालय व्यवस्थापन समितिले आफ्नो भूमिका बढाउन खोज्यो भने शिक्षक एकजुट हुने, विद्यालय प्रशासन र विव्यसबीच द्वन्द्व सिर्जना हुने र यसको नकारात्मक प्रभाव विद्यालयमा पर्ने गरेको छ । कतिपय विद्यालयमा विव्यसले आवश्यकता भन्दा बढी भूमिका खोजेको कारणले पनि द्वन्द्व सिर्जना भएको अवस्था छ । धेरैजसो सामुदायिक विद्यालयमा विव्यस रबर स्टाम्पको रूपमा मात्र रहेको, अभिभावकहरू वर्षमा एक पटक पनि विद्यालयमा प्रवेशै नगरेको अवस्था छ । विद्यालयले अभिभावककाई उपेक्षा गरेको हो वा अभिभावकले विद्यालयलाई बेवास्ता गरेका हुन्, एकिन गर्न

गाह्रो छ। विद्यालयका शिक्षकहरू भन्छन् "अभिभावक विद्यालय प्रति चासो नै राख्दैनन् । स्कूलप्रति कुनै लगाव नै छैन ।" अभिभावक भन्छन् "हामी कामकाजी भएको हुनाले हामीलाई फुर्सद पनि कम हुन्छ । विद्यालयले हामीलाई कुनै महत्त्व पनि दिँदैन, न त कुनै सम्मान नै गर्छ।" दुवै पक्षका भनाइ आ-आफ्ना ठाउँमा ठिकै होलान् र पनि विद्यालय र अभिभावकबीच रहेको दूरी त हटाउनै पर्छ। यसका लागि विद्यालयले नै पहल थाल्नु पर्छ।

**अनुभव ४**

## राम्रो स्कूल बनाउन अभिभावकको सहयोग अपरिहार्य छ !

*प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्नु अघि नै म आफ्नो विद्यालयमा सहायक प्रअको रूपमा कार्यरत थिएँ । तत्कालीन प्रअलाई सघाउनु मेरो कर्तव्य नै थियो । त्यतिबेला सानो विद्यालय, थोरै विद्यार्थी, थोरै शिक्षक, कमजोर भौतिक संरचना भएको स्थिति थियो । विद्यालयका गतिविधिमा अभिभावकको कुनै चासो थिएन । विद्यालयले पनि अभिभावकलाई वास्ता नगरेको अवस्था थियो । वार्षिक परीक्षामा आफ्ना छोराछोरी अनुत्तीर्ण भए भने किन अनुर्त्तीण गरियो ? भन्ने प्रश्न बोकेर आक्कलझुक्कल अभिभावकहरू आउँथे । त्यो पनि कक्षा चढाइ दिन दबाब दिने उनीहरूको उद्देश्य हुन्थ्यो । अन्यथा अभिभावकको उपस्थिति नगण्य नै थियो ।*

*स्कूल उपर्युक्त वास्ताविकता महसुस गरेर नै म सहायक प्रअ हुँदा नै अभिभावकसँग निरन्तर सम्वादको थालनी गरेको थिएँ। तर अभिभावकको न्यून उपस्थिति, उपस्थित अभिभावकले पनि आफ्ना व्यक्तिगत समस्या मात्र राख्ने प्रवृत्ति छ, स्कूल र शिक्षकप्रति नकारात्मक धारणाले गर्दा सहकर्मी साथीहरू दिक्क मान्थे । मलाई पनि कहिलेकाहीँ निराशाले घेर्थ्यो । तर हिम्मत नहारिकन अभिभावकसँगको सम्वादलाई निरन्तरता दिइयो। परिणाम अन्ततः सकारात्मक रह्यो ।*

**अनुभव ५**

## कालोमोसो र अभिभावकको दृढ समर्थन

*माओवादी द्वन्द्व चरम उत्कर्षमा पुगेको बेला माओवादी समर्थित विद्यार्थीहरूले विद्यालयमा आएर प्रतिवाद गरे, "शिक्षा राज्यको दायित्व हो । सामुदायिक विद्यालयमा शिक्षा निःशुल्क हुनुपर्छ तर तपाइँले अभिभावकसँग शुल्क उठाइ रहनुभएको छ । यो गलत हो, तपाइँ यसो गर्न पाउनु हुन्न । अभिभावकसँग लिएको पैसा उनीहरूलाई नै फिर्ता गर्नुपर्छ ।" कक्षाकक्षामा गएर विद्यार्थीहरूलाई पनि उनीहरूले यही कुरा भने । उनीहरूलाई मैले विद्यालयको हिसाबकिताब देखाएँ । आर्थिक पारदर्शिता रहेको कुरा बुझाउन खोजेँ । ३६ जना शिक्षक कर्मचारी निजी स्रोतमा कार्यरत रहेकोले अभिभावकबाट पैसा उठाइएन भने विद्यालय सञ्चालन गर्न नसकिने अवस्था रहेको बताएँ । सक्ने अभिभावकसँग मात्र शुल्क लिने गरेको कुरा खुलस्त पारेँ । अभिभावकहरूले नै शुल्क निर्धारण गरेको र उनीहरूकै सम्मतिमा शुल्क लिने गरिएको कुरा पनि बताएँ । तर उनीहरू मानेनन् । उनीहरूले मलाई चेतावनी दिए, "हाम्रो आदेशको अवज्ञा गरेमा तपाइँ कारवाहीमा पर्नुहुन्छ ।" यो विषयलाई लिएर उनीहरू पटक पटक स्कूल आए र शुल्क नलिन र लिएको शुल्क फिर्ता गर्न दबाब दिइरहे ।*

*केही सीप नलागेपछि मैले भने, "अभिभावकको निर्णयअनुसार शुल्क लिने गरिएको हो । उनीहरूले नै फिर्ता गर भन्छन् भने मात्र फिर्ता गर्छु ।" त्यसो भए "अभिभावकको भेला डाकि दिनुहोस् हामी आउँछौ ।" उनीहरूले भने । विद्यालयको पात्रो अनुसार लगत्तैको पहिलो र दोस्रो शनिवार ९ र १० कक्षाका विद्यार्थीका अभिभावक र शिक्षकबीच अन्तर्क्रिया गर्ने कार्यक्रम थियो । क्रान्तिकारी विद्यार्थीकै आग्रहमा पहिलो शनिवार ९ र १० मा पढ्ने विद्यार्थीका अभिभावकलाई एकै पटक डाकियो । २०० जना जति अभिभावक १० जना शिक्षक साथी र १० जना जति क्रान्तिकारी विद्यार्थी भेला भयौँ । अघि पछि जस्तै अभिभावकका कुरा सुन्ने र विद्यालयले आफ्ना कुरा सुनाउने क्रम चलिरहेको बेला क्रान्तिकारी विद्यार्थी समूहका नेताले बीचैमा उठेर भाषण गरे उनको भनाइको सार थियो, "यस्तो बुर्जुवा शिक्षा काम लाग्दैन । सरकारले समेत निःशुल्क शिक्षा भनिरहेको बेला विद्यालयले शुल्क लिएर तपाईंहरूको शोषण गरिरहेको छ । स्कूलले असुल गरेको रकम तपाइँहरूले एकमुष्ट फिर्ता पाउनु पर्छ । हामी फिर्ता गराई छाड्छौँ । विद्यार्थी नेताले बोलिरहेका*

*बेला अभिभावकहरूले आवाज उठाए । "विद्यालयमा राजनीति गरेर विद्यालय बिगार्न पाईदैन । यो विद्यालय राम्रो बन्दै गएको छ । विद्यालयका काम कारवाही र हिसाबकिताब पारदर्शी छन् । विद्यालयबाट हामी सन्तुष्ट छौँ । हामी खुशीसाथ शुल्क तिर्छौं । फिर्ता लिने त कुरै छैन । स्कुलमा पटक पटक आएर विद्यालयको वातावरण नधमिल्याउनुहोस् अन्यथा हामी प्रतिकारमा उत्रिन्छौँ ।" अभिभावकको प्रतिरोधपछि ती विद्यार्थीहरू झन् उत्तेजित भए । मलाई कडा कारवाही गर्ने धम्की दिएर गए ।*

*यस घटनाको करीब १५ दिन पछिको शुक्रबार दिउसो ११ बजेतिर ६० जनाजतिको एउटा जमात एक्कासी स्कूलमा प्रवेश गऱ्यो । टेलिफोन लाइनहरू विच्छेद गरी सिङ्गो स्कुल नै कब्जा गरे झैँ हाम्रो पार्टीको निर्णय हो भन्दै मेरो अनुहारमा कालो मोसो दलेर ९ र १० का कक्षाकोठामा डुलाए । प्राङ्गणमा भेला भई छोटो भाषण गरेर पर्चा छरी उनीहरू अलप भए । कक्षाहरू चलिरहेकै थिए । कति शिक्षक र विद्यार्थीले त यो घटना घटेको चालै पाएनन् । तत्कालीन राजनीतिक परिवेशलाई दृष्टिगत गरी मैले यो घटनालाई स्वाभाविक रूपमा लिएँ । शिक्षक साथीहरूलाई पनि स्वाभाविक रूपमा लिन आग्रह गरे । यो विषयले विद्यार्थी र अभिभावकबीच खासै चर्चा पाएन । किनकि यसलाई हामीले खास महत्त्व दिएनौँ । पूर्ववत अवस्थामा विद्यालय चलिरह्यो । अभिभावकले शुल्क पनि तिरिरहे । विद्यार्थीले पढिरहे । विद्यालयले प्रगति गरिरह्यो । यो विद्यालयमा शुल्क लिने परम्परा अहिलेसम्म कायमै छ ।*

*कतिपय सामुदायिक विद्यालयमा दलीय राजनीतिक आग्रह पूर्वाग्रहले पनि प्रतिकूल प्रभाव पारेको छ । विशेषत : विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले राजनीतिक विचारका आधारमा निर्णय लिदा, पूर्वाग्रह राख्दा वा अनावश्यक विवाद र बहस गर्दा गुटबन्दी निर्माण हुने र त्यसको प्रतिकूल प्रभाव विद्यालयको विकासमा पर्ने हुन्छ । हाम्रो विद्यालयमा पनि विविध विचारका शिक्षक अभिभावक नभएका होइनन् तर भिन्नभिन्न विचार बोक्नेबीच व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले समन्वयकारी भूमिका खेल्दा विद्यालयको विकासमा सकारात्मक प्रभाव पाऱ्यो । भिन्न विचारलाई पनि सुन्ने र सम्मान गर्ने संयम नेतृत्वमा रह्यो भने राजनीतिले विकासका निम्ति उर्जाको काम गर्दो रहेछ भन्ने हाम्रो अनुभव रह्यो ।*

*विद्यालय परिवारले गुणस्तरीय शिक्षालाई पहिलो प्राथमिकतामा राखेर काम गऱ्यो भने राजनीतिले खासै नकारात्मक प्रभाव पार्दो रहेनछ । अभिभावकलाई सन्तुष्ट पार्न सकियो भने यस्ता राजनीतिक हस्तक्षेप स्वतः निष्प्रभावी हुँदा रहेछन् भन्ने मेरो अनुभव रह्यो । अभिभावकको सन्तुष्टीको स्रोत गुणस्तरीय शिक्षा नै हो, मेरो निष्कर्ष हो ।*

हामीले एक पटक अभिभावकलाई डाक्छौँ अभिभावक आएनन् । एकदुई जना मात्र आए । निकै समयपछि फेरि डाक्छौँ आठ-दशप्रतिशत मात्र अभिभावक आए । हामी निराश हुन्छौँ । डाक्नै छोडिदिन्छौँ । एक पटक डाक्दा जति आए, उनीहरूलाई महत्त्व दिऊँ । सम्मान गरौँ । आफ्ना कुरा भनौँ, उनीहरूका कुरा सुनौँ । अर्को पटक फेरि डाकौँ । नथाकीकन डाकि रहौँ । आएका जतिलाई आफ्ना ज्ञिजासा, गुनासा, सुझाव र सिकायत राख्न दिऊँ । उनीहरूका कुरा ध्यान दिएर सुनौँ । विद्यालयको शैक्षिक र आर्थिक अवस्थाबारे खुलस्त कुरा गरौँ । उनीहरूका जायज गुनासा र सुझावलाई स्वीकार गरौँ । सुधारको प्रयत्न गरौँ । हामी हाम्रा कुरा कम सुनाऔँ । उनीहरूका कुरा बढी सुनौँ । उनीहरूका हरेक कुरालाई सकारात्मक रूपमा लिउँ । उनीहरूले दिएका अमुक सुझाव कार्यान्वन गर्न अप्ठ्यारो छ भने त्यो पनि भनौँ । अभिभावकबाट आएका कतिपय सुझाव कार्यान्वयन गर्न थप खर्च नलाग्ने हुन्छन् । खर्च नगरीकन सुधार गर्न सकिने सुझावलाई कार्यान्वयन गर्ने प्रतिबद्धता जनाऔँ । हामीले सुझाव दियौँ; विद्यालयले हाम्रो सुझावअनुसार सुधारको थालनी गर्‍यो भन्ने अभिभावकलाई विश्वास दिलाऔँ । आफ्नो कुरा नसुनिने र आफ्नो सम्मान नहुने ठाउँमा कोही पनि जान चाहँदैन । त्यसैले विद्यालयले डाक्दा अभिभावक नआएका हुन् । यो गाँठी कुरा बुझ्यौँ र त्यहीअनुसार व्यवहार गर्‍यौँ भने अभिभावक आउँछन् । निश्चित रूपमा आउँछन् ।

कहिलेकाहीं विभिन्न पेशा व्यवसायमा लागेका पेशाकर्मी अभिभावकलाई डाकौँ । उनीहरूलाई कक्षा लिन लगाऔँ । उनीहरूले आफ्ना अनुभव विद्यार्थीलाई सुनाऊन् । पेशाकर्मी अभिभावकको विज्ञताबाट विद्यार्थी लाभान्वित होऊन् । यसरी अभिभावकलाई कक्षा लिन लगाउँदा खालि कक्षाको व्यवस्थापन पनि हुने, विद्यार्थीले ज्ञान र सीप पनि सिक्न सक्छन् र अभिभावकले सम्मान पनि पाउँछन् । कक्षामा पढाउन सधैँ पढेलेखेको मान्छे मात्रै चाहिन्छ भन्ने छैन । खेतीपातीका बारेमा व्यावहारिक ज्ञान दिन चाहनुहुन्छ, गाउँको मिहिनेती किसानलाई बोलाउनुहोस् । पशुपालनका बारेमा हो भने पशुपालकलाई डाक्नुहोस् । गाउँमा जेटि, जेटिए छन् भने कहिलेकाहीं उनीहरूलाई पनि कक्षा लिन लगाउनुहोस् । कृषि औजार, सिलाइ बुनाइ, कटाइका बारेमा जान्ने मान्छे गाउँमा छन् भने उनीहरूलाई पनि मौका दिनुहोस् । जातीय परम्परा, मूल्यमान्यता, संस्कृति एवम् भाषाका बारेमा व्यावहारिक ज्ञान र सीप सिकाउन शिक्षक भन्दा गाउँका पेशाकर्मी बढी उपयुक्त हुन्छन् ।

अभिभावकहरूको बैठक बोलाउँदा सबैलाई एकै पटक बोलाउनु भन्दा कक्षागत रूपमा बोलाऔँ । यो शनिबार कक्षा एकका अभिभावक, अर्को शनिबार दुई कक्षाका अभिभावक, यसै गरी पालैपालो डाकौँ । यसरी

अभिभावक बैठक बोलाउँदा हाम्रो समय अनुकूल होइन, अभिभावकको अनुकूलतालाई ध्यानमा राखौँ । कक्षागत अभिभावक बैठकमा उनीहरूका छोराछोरीको पढाइ, सिकाइ र अन्य गतिविधिबारे छलफल चलाऔँ । अभिभावकसँग सुझाव लिऔँ । कुनै समस्या छन् भने उनीहरू सामु छर्लङ्ग राखौँ । घरमा बालबालिकाप्रति कस्तो व्यवहार गर्नुपर्छ । आमाबाबुको भूमिका कस्तो हुनुपर्छ, अभिभावकलाई बताऔँ । अभिभावकसँग विद्यालय निरन्तर सम्पर्क र सम्वादमा रहँदा अभिभावकसँग निकटता बढ्छ । जति धेरै सम्वाद उति धेरै सुमधुर सम्बन्ध हुन्छ र सहभागिता बढ्छ ।

अभिभावकलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पर्ने निर्णय यदि विद्यालयले लिँदैछ भने त्यस्तो निर्णय प्रक्रियामा अभिभावकलाई पहिल्यैदेखि सहभागी गराऔँ । यसो गऱ्यौँ भने विद्यालयले गरेको निर्णयको स्वामित्व अभिभावकले पनि लिन्छन् । त्यस्तै विद्यार्थी एवम् शिक्षकलाई प्रभाव पर्ने निर्णय लिन लागेका छौँ भने निर्णय प्रक्रियामा सरोकारवालाहरूलाई जति धेरै सहभागी गराइन्छ त्यति नै बढी निर्णय कार्यान्वयन गराउन सजिलो हुन्छ । अभिभावकसँगको निरन्तर संवाद, निर्णय प्रक्रियामा उनीहरूको संलग्नता, उनीहरूका विचारको उचित सम्मान र अझ सकिन्छ भने उनीहरूबाट आर्थिक सहयोग लिन सक्यौँ भने अभिभावकको चासो निश्चित रूपमा बढ्छ । सामुदायिक विद्यालयमा अभिभावकले कुनै शुल्क तिर्न नपर्ने, आर्थिक लगानी नहुने भएकोले अभिभावकले चासो कम राखेको, विद्यालयको स्वामित्व नलिएको हो भन्नेहरू पनि छन् । उक्त भनाइमा आंशिक सत्यता छ । आफ्नो आर्थिक लगानी नभएको र आफूलाई आर्थिक लाभ पनि नहुने संस्थामा व्यक्तिको चासो कम हुनु स्वाभाविकै हो । त्यस्ता संस्थाको पारदर्शिता र अन्य गतिविधि खोज खबर नगरिनु अभिभावकको मनोवैज्ञानिक पक्ष हो । हाम्रो ध्यान त्यतातिर नगएको देखिन्छ ।

❀❀❀

# मेरो अध्यक्षता र विद्यालयको उकाली ओराली

**वेदनिधि ढकाल***

## परिचय

मोरङ जिल्लाको उर्लाबारी (पूर्वपश्चिम राजमार्ग)बाट नौ किलोमिटर उत्तरमा मधुमल्ला गाविस छ। चुरेपहाडको काखमा रहेको यस गाविसमा चार हजार घरधुरी छन् भने जनसंख्या २२ हजारभन्दा बढी रहेको छ। क्षेत्री, ब्राह्मण बहुल यस गाविसमा राई, लिम्बू, नेवार, दमाई, कामी आदि जातजातिको बसोबास छ। यहाँका मानिसहरूको मुख्य पेशा कृषि हो। यस गाविसमा १६ वटा सामुदायिक विद्यालय (२ उच्च माध्यमिक, ३ माध्यमिक, ४ निम्न माध्यमिक र ७ प्राथमिक) रहेका छन् भने उतिकै संख्यामा निजी (५ माध्यमिक, ४ निम्न माध्यमिक र ७ प्राथमिक) विद्यालय पनि रहेका छन् । यी ३२ वटा शिक्षालयमा ६ देखि १४ वर्ष उमेरका पाँच हजार विद्यार्थी अध्ययनरत छन् । १६ सार्वजनिक विद्यालयमध्ये वि.स. २०२३ साल मधुमल्लामा स्थापित श्री मनोहर जनता उच्च माविको शैक्षिक अवनति-उन्नतिबारे म (लेखक) अभिभावक र विद्यालय

* पूर्व विव्यस अध्यक्ष, श्री मनोहर जनता उमावि, मधुमल्ला, मोरङ

व्यवस्थापन समितिको अध्यक्ष हुँदाको अवधि वरिपरिको अनुभव र तथ्य यस लेखोटमा प्रस्तुत छ ।

विभिन्न जिल्लामा सामुदायिक विकासकर्मी भएर शिक्षाका सवालमा काम गरेकाले एकहदसम्म विद्यालयका समस्याबारे जानकारी राख्थैँ । हाम्रा २ छोराहरू मनोहरमा पढ्ने भएकाले अभिभावक बैठक लगायत विद्यालयको गतिविधिमा मेरो चासो र सहभागिता रहन्थ्यो । शैक्षिक योजना निर्माण, पठनपाठन सुधार गर्ने, शिक्षक र अभिभावकबीचको समन्वय तथा शिक्षक व्यवस्थापनको छलफलमा अभिभावकका तर्फबाट संलग्न हुने, सुझावहरू दिने गर्थें। २०६२ सालमा विव्यस पदाधिकारीको छनौटमा म अभिभावकहरूमध्येबाट अध्यक्षमा सर्वसम्मतले चुनिएको थिएँ । मैले यो जिम्मेवारी २०६२ देखि २०६६ सालसम्म लिएँ। यो जिम्मेवारी अभिभावकहरूले विद्यालयको हितमा मैले गरेका कामबाट विश्वास गरेर दिएका हुन् भन्ने मलाई लाग्छ। जिम्मेवारी पाएपछि के, कहाँबाट शुरू गर्ने अन्योल केही समय रहे पनि अभिभावकको सल्लाह, सहयोग लिने, शिक्षकहरूको मन जित्ने र दलको सहमति जुटाउँदै एसएलसीको नतिजा वृद्धि गर्ने पहिलो काम बनाएर अघि बढैँ । क्रमशः विद्यालयका अन्य कामहरू गर्दै जाँदाका वृतान्त यहाँ उल्लेख गरेको छु।

## १. स्थापना

स्थानीय शिक्षाप्रेमी टेकबहादुर श्रेष्ठ र पञ्चानन्द रौनियार लगायतका समाजसेवीहरूको पहलमा स्थापना गरिएको यो विद्यालय अभिभावकहरूले काठपात जुटाएर आफै बनाएका थिए । विद्यालय सहयोगी टङ्क ढकाल स्कूलको टहराको टाटी लिप्दा बाँसले हात काटेको अहिले पनि सम्झन्छन् । कक्षा ४ बाट सुरु गरिएको यो विद्यालयमा वि.सं. २०४०मा आएर कक्षा १० र हाल कक्षा १२ सम्म पढाइ हुन्छ।

विद्यालय शुरू गर्दा ताका शिक्षकका लागि रु २,३०० सरकारी अनुदानमा प्राप्त थियो । सो रकमबाट संस्थापक शिक्षकद्वय ध्रुव पराजुली र नरेश शाक्यलाई आधा आधा तलब दिएर तत्कालीन सञ्चालक समितिले नियुक्ति दिएको थियो। नपुग तलब, खर्च अभिभावकहरूले धान, मकै, चामल र हुनेले नगद दिएर पुऱ्याएका थिए । विद्यालय सञ्चालन गर्न तत्कालीन गाउँका अगुवाहरूले विद्यालयको नाममा लगभग १८ बिगाहा जमीनको

गुठी व्यवस्था गरेका थिए । विद्यालय भवन र खेलमैदान बाहेकका खेतीयोग्य जमीन स्थानीयलाई ठेक्का (प्रतिवर्ष प्रतिबिगाहा आठ-दश मन अन्न लिने गरी) मा दिइएको थियो र अहिले पनि ठेक्कामा दिइएको छ। विद्यालयहातामा रहेको अनुमानित ८ बिगाहा मध्ये ५ बिगाहामा भवन र खेलमैदान रहेको छ।


२०३६ अघिसम्म प्रधानपञ्च नै सञ्चालक समितिका अध्यक्ष र वडा अध्यक्षहरू समितिका सदस्यमा रहने गर्दथे । २०३६ सालपछि राजनीतिक माहोलले शिक्षक र समितिबीच वैचारिक टकराव उत्पन्न भएको भूतपूर्व शिक्षक भक्तिप्रसाद लुइँटेल बताउँछन् । त्यसबेला पञ्चायत विरोधी शिक्षकहरूलाई धरपकड गर्ने, झुटा मुद्दा लगाउनेलगायत शिक्षकहरूको सरुवा, जागिर खोसुवासमेत भएको थियो । यस्ता कारवाहीमा धेरै शिक्षकहरू परे जसका कारण (हिरासत र तारिक धाउनुपर्ने) पठनपाठन खस्कँदै गएर अराजक भएको कुरा भुक्तभोगी शिक्षक लुइटेल बताउउँछन् । विद्यालय सञ्चालक समिति (प्रधानपञ्च र उनका सहयोगीहरू) का कारण शिक्षक त्रसित थिए। शिक्षक र समितिबीचको टकरावले विद्यालयको जग्गा ठेक्का लिने किसानहरूलाई समितिकै सदस्यहरूले उचालेर ठेक्का नतिर्न भनेकाले जग्गाबाट आउने ठेक्का पनि अनियमित हुन थालेको थियो ।

## २. सन्तुलन उल्टियो

२०४६ सालपछि क्रमशः विव्यस कमजोर र शिक्षकहरू शक्तिशाली बन्दै गए । प्रधान अध्यापकले पठाएका ३ जना व्यक्ति मध्येबाट सञ्चालक समितिको अध्यक्ष जिशिकाले मनोनित गर्ने प्रावधानले प्रअ झन शक्तिशाली हुन थाले । समिति र शिक्षकबीचको तनाव अब शिक्षक र प्रअमा सर्न थाल्यो। अभिभावकहरूले विद्यालयप्रति चासो देखाउन छाडेका थिए । विद्यालयको नजिक निजी विद्यालयहरू मौलाउन थाले । २०२३ सालमा ६५ जना विद्यार्थीबाट सुरु भएको विद्यालयमा २०६३ मा ८०विद्यार्थी संख्या पुगेको थियो। त्यस समयमा संख्या बढ्नुका मुख्य कारण शिक्षक तथा कर्मचारीहरूका बालबालिका सामुदायिक विद्यालयमा अनिवार्य पढाउनु पर्ने माओवादीहरूको दबाब रहनु थियो तर विस्तारै विद्यार्थीहरू निजी विद्यालयमा बढ्दै मनोहरमा घट्दै गएका थिए। मनोहर उमावि र सो विद्यालयको सेवा

क्षेत्रभित्र रहेका ४ निजी विद्यालयको १० वर्षमा भर्ना भएका विद्यार्थी संख्याको विवरण ग्राफ १ मा हेर्नुहोस् ।

**ग्राफ १: मनोहर उमावि र सेवाक्षेत्र भित्रका निजी विद्यालयका विद्यार्थी संख्या विवरण**




खास गरी प्राथमिक तहका विद्यार्थीहरू निजीमा भर्ना हुन थाले । निजी विद्यालयले बालबालिकाहरूलाई आधा शुल्कमा भर्ना लिने, झोला दिने, तीन जना विद्यार्थी एकैपरिवारको भए एक जना निःशुल्क जस्ता नाराले आकर्षित गर्न थाले । यता सामुदायिक विद्यालयमा शिक्षकको तलबभत्ता सरकारले व्यहोर्ने सञ्चालक समितिको काम केवल रेखदेख मात्र गर्ने भयो । सके भौतिक पूर्वाधारका लागि मात्र स्रोत जुटाउनु पर्ने भयो । विस्तारै विद्यालयप्रति अभिभावकको चासो घट्दै गयो । शिक्षा ऐन सातौँ संशोधनले विद्यालयको व्यवस्थापन समुदायले लिनसक्ने नीति ल्यायो जसमा तहगत रूपमा एकलाख रूपियाँ अनुदान पाउने प्रावधान थियो तर तत्कालीन विद्रोही माओवादी र शिक्षक सङ्घ सङ्गठनहरू यसको विरुद्धमा थिए । शिक्षक सङ्घ सङ्गठनहरूले यो नीतिको विरोध गर्नुको कारण विव्यसको भूमिका र अधिकार पहिलेभन्दा बलियो र स्पष्ट हुनु थियो । शिक्षक तथा प्रअको नियुक्ति, भर्ना र कार्वाहीसम्म

गर्ने अधिकार विव्यसलाई भएकाले शिक्षकहरू साङ्गठनिक रूपमै विपक्षमा लागेका थिए । शिक्षकहरूसँग मासिक लेबी लिने गरेकाले माओवादीले शिक्षकहरूलाई सहयोग गरेका थिए। समुदायले विद्यालय व्यवस्थापन जिम्मा लिने कार्यक्रमलाई बिथोलेमात्र विद्रोही पक्षलाई लेबी तिर्ने शर्त शिक्षकहरूले राखेको कुरा अहिले शिक्षकहरू स्वयं बताउँछन् ।

मनोहरले पनि समुदायलाई विद्यालयसम्म ल्याउने उद्देश्यले विद्यालयको व्यवस्थापन जिम्मा लिने सोच्यो तर एउटा मात्र विद्यालयले जिम्मा लिनलाई अप्ठ्यारो परेकोले गाविसभरिका विद्यालयहरूलाई नै समावेश गर्ने पहल भयो। पहलकर्तालाई सरकारी कार्यक्रमको प्रवक्ताको आरोपमा शिक्षक संघ सङ्गठनको दबाबमा माओवादी कार्यकर्ताले नियन्त्रणमा समेत लिए।

## ३. विद्यालयको व्यवस्थापन हस्तान्तरण

२०५९ सालमा विभिन्न बाधा व्यवधानका बीच विद्यालयको व्यवस्थापनको जिम्मा समुदायले लियो । व्यवस्थापन जिम्मा लिएको विरुद्धमा विद्रोही पक्षले विद्यालयमा २०५९चैतमा बीस दिनसम्म तालाबन्दी गरे । जिल्ला शिक्षा कार्यालयमा कागजातसहित जिम्मा फिर्ता नदिएसम्म ताला नखोल्ने अडान राखे। लामो समयसम्म विद्यालय बन्द भएपछि अभिभावकहरूको चासो र दबाब बढ्न थाल्यो । फलस्वरूप विद्यालय खोल्ने तर सरकारबाट पाएको रु तीन लाखको आधा रकम विद्रोही पक्षले लिने शर्त थियो। विद्यालयले भने रकम नदिने तर तीनै लाख रकम १५ दिन भित्र विद्यालयको विकासको काममा खर्च गरी सक्ने शर्त राख्यो। के काममा लगाउने भन्ने विषयमा समिति र शिक्षकबीच छलफलपश्चात् विद्यालयको कम्पाउण्ड र तीन कोठाको सटर बनाउने निर्णय भयो र बनाइयो पनि। तीन कोठे सटर बनाउन रकम अपुग भएपछि विद्यालयको जग्गाबाट नउठेको १० वर्षको बाँकी बक्यौता रु तीन लाख ठेक्का उठाइयो । २०६१ सालसम्म विद्यालयले जग्गाबाट वार्षिक रु.३५ हजार प्राप्त गर्थ्यो भने २०६२देखि वार्षिक ७५ हजार उठ्दै आएको छ। यस कार्यमा राजनीतिक दलहरूको पनि समर्थन र सहयोग थियो। ठेक्का उठाउन निकै सङ्घर्ष गर्नुपऱ्यो। ठेक्का उठाउन जाने विव्यस पदाधिकारीहरूमाथि ठेक्का नतिर्ने धम्की दिएपछि ठेक्का असुल गर्न प्रहरीको सहयोग पनि लिनु परेको थियो ।


विद्यालयको शैक्षिक स्थिति खराब थियो । २०६१ सालमा एसएलसीको परिणाम ९ प्रतिशत मात्र थियो । २०६२ सालमा सिकाइ उपलब्धि वृद्धि नभए अनुदान नपाउने पक्कापक्की थियो । अलिअलि भएको स्रोत कम्पाउण्ड र सटर बनाउनमा खर्च भएपछि अस्तव्यस्त भएको शैक्षिकस्तर बढाउन आवश्यक स्रोत थिएन । स्रोतको अभावमा शिक्षकहरू थप काम गर्न तयार थिएनन् । शिक्षक, विद्यार्थी र अभिभावकहरूसँगको निरन्तर अन्तर्क्रिया, बैठकपश्चात् कोचिङ्ग कक्षा सञ्चालन गर्ने सहमति भयो । अभिभावकहरूले विद्यालयलाई रकम सहयोग गर्ने र शिक्षकले कम्तिमा एसएलसी परिणाम ५० प्रतिशत पुऱ्याउने प्रतिबद्धता र लक्ष्य सहितको योजना बनाएर कार्यान्वयन शुरू भयो । फलस्वरूप २०६२को एसएलसी परिणाम ६६ प्रतिशत पुग्यो । यो परिणाम आउनुमा शिक्षकको मेहनत, विव्यसको सक्रियता र अभिभावकको चासो नै मुख्य थियो । एसएलसीको परिणाममा सुधार आए पनि प्रावि र निमाविको अवस्था दयनीय नै थियो ।

## ४. तल्ला तहको सुधार प्रयत्न

त्यस बेला प्रावि तहको सिकाइ उपलब्धि ३४ प्रतिशत मात्र थियो । सेवा क्षेत्रका विद्यार्थीहरू भर्ना हुने क्रम घट्दो थियो । अभिभावकहरू पढाइ राम्रो नभएकोले बालबालिकाहरू निजी विद्यालयमा भर्ना गरेको बताउँथे । विद्यालय कसैको चिन्ता र चासोको विषय भएन । अब यसरी नहुने भो भनेर विव्यस शिक्षक मिलेर भर्ना अभियानदेखि घरदैलो कार्यक्रमसम्म गरे तापनि पार लागेन । बालबालिका भर्ना हुने क्रम घटि नै रह्यो । शिक्षक र विव्यसबीच आठ पटक छलफल र अन्तर्क्रियाहरू भए । विद्यार्थी संख्या र पढाइ राम्रो गर्ने उपायमा अभिभावक र विव्यसले 'अंग्रेजी माध्यममा पढाउ' भने, शिक्षकले 'पढाउन सकिँदैन' भने । विव्यस र अभिभावकले 'पढाउन सकिँदैन भने सकिँदैन भनेर लेखेर दिनुहोस्, नसक्नेले जागिर छाडेर जानुहोस्, सक्नेले पढाउँछन्' भने । विद्यालयमा लामो समयसम्म अनिर्णयको अवस्था रह्यो । अन्त्यमा अभिभावकहरूको दबाबले नै शिक्षकहरू अंग्रेजी माध्यममा पढाउन तयार भए । अंग्रेजी माध्यममा पढाइ त शुरू भयो तर सिकाइ, परिणाममा खासै फरक आएन तर निजी विद्यालयमा जाने बालबालिकाको संख्या चाहिँ केही घट्यो । अंग्रेजी माध्यममा पढाउन सबभन्दा बढी कठिनाइ सामाजिक विषयमा भयो ।

अंग्रेजी भाषामा व्याख्या गर्न शिक्षकहरूले नसक्ने भएपछि सामाजिक विषय चाहिँ नेपाली माध्यममै पढाउन थालियो ।

**ग्राफ २: विद्यार्थी उतीर्ण दर २०६१–२०७१**




यसपछिका वर्षहरूमा विद्यालयको शैक्षिक स्थिति फरक आयो । (ग्राफ २मा ८ वर्षको विद्यार्थी उतीर्ण दर हेर्नुहोस्) प्राथमिक तहको उतीर्ण दर कम तर बढ्दो क्रममा देखिन्छ भने निम्नमाध्यमिक तहमा थोरै उतार चढाव देखिन्छ। तर माध्यमिक तहको यो उतारचढावको फरक धेरै छ । एसएलसीको परिणाम २०६२ सालमा ६६, ०६३ मा ७०, ०६४ मा ७९ र ०६५ मा ९० हुँदै अर्को साल एक्कासी ५६ प्रतिशतमा झरेको छ। यो माथिल्लो तह/कक्षामा बढी र तल्ला तह/कक्षाहरूमा कम ध्यान दिएको परिणाम हुन सक्छ। एसएलसीलाई ध्यान दिँदा परिणाम त राम्रो आयो तर तल्ला तहहरू राम्रा भएनन् । ११ र १२ कक्षा बनाउने ध्यानमा एसएलसीको पनि परिणाम ओरालो लाग्यो ।

दसजोड दुईको विद्यार्थी परिणाम पनि स्रोतको अवस्था पनि नाजुक थियो। सरकारी अनुदानले मात्र शिक्षक धान्न सकिने अवस्था रहेन। त्यसबेला विद्यार्थीबाट लिइने मासिक मासिक शुल्क रु.१९० मात्र थियो । यो अवस्था सुधार गर्न विव्यस, शिक्षक र अभिभावकहरूकोबैठक बस्यो । २ जना शिक्षक थप्न अभिभावकले मासिक शुल्कमा थप रु.२५ तिर्ने र विद्यार्थीको उतीर्ण दर

२० प्रतिशत बढाउने योजनामासबैको सहमति भयो । फलस्वरूप ०६२ मा कक्षा १२को परिणाम १४ प्रतिशतबाट ३४ प्रतिशत पुग्यो । क्रमशः २०६७ मा ४३ हुँदै २०७१ मा ५५ प्रतिशत पुगेको छ ।

## ५. सक्रियता अतिरिक्त मिलाप पूर्वशर्त

२०६७ साल देखि ०७२ सम्ममा दुई पटक विव्यसको पुनर्गठन भए पनि विगतको तुलनामा विद्यालयको व्यवस्थापन र शैक्षिक प्रगति कमजोर भएको शिक्षकहरू बताउँछन् । सिकाइ उपलब्धि घटेको छ । प्रअ विव्यस र शिक्षकबीच तालमेल हुन नसकेकोले विद्यालयको प्रदर्शन ओरालो लागेको बताउँछन् । अभिभावक, शिक्षकमा दलीय तनाव रहेको छ । शिक्षक शिक्षक बीच पनि मेल देखिँदैन । यसको असर विद्यालयको प्रदर्शनमा परेको छ । २०७१ सालको विद्यालयको स्थिति हेर्ने हो भने एसएलसीको परिणाम २२ प्रतिशतमा झरेको छ भने विद्यार्थी संख्या (४००) घटेका कारण ४ शिक्षक दरबन्दी कटौती भएका छन् । विद्यालयप्रति अभिभावकहरूको चासो कम देखिन्छ, चासो बढाउने अभिभावकका प्रतिनिधि र नेतृत्व सक्रिय देखिँदैनन् । विद्यालयका समस्यामा बहस, छलफल कसैको चाह देखिँदैन । दलीय सहमतिले भागबण्डामै विव्यस गठन भए तापनि दलीय स्वार्थ छाड्न नसककाले यस्तो भएको अनुमान गर्न सकिन्छ । यस्तो अवस्थाको फाइदा आसपासका निजी विद्यालयहरूलाई भएको छ । विद्यालयको हैसियत सुधार्न सबै पक्ष दलगत स्वार्थदेखि बाहिर निस्कन नसक्नु अहिलेको मुख्य चुनौती हो । अभिभावकको चासो कम हुनु र शिक्षकको परम्परागत पढाउने तरीका मनोहरको समस्या त हो नै सँगै अनियन्त्रित रूपमा निजी विद्यालय खोलिनु अर्को चुनौती भएको छ ।

## ६. मेरो सिकाइ

मनोहरको यस घटनाक्रमले निम्न पाठ सिकाएको छः

- विद्यालय सुधार गर्न समुदायको सक्रियता, विव्यसको लगनशीलता र शिक्षकहरूको प्रतिबद्धता आवश्यक छ ।
- विद्यालयमा शिक्षकहरूको एकता र सहकार्य आवश्यक छ । शिक्षकहरूले शिक्षण क्रियाकलाप, विधिमा अद्यावधिक

हुने, सिक्ने मनोवृत्ति राखे विद्यार्थीको सिकाइ उपलब्धि सहजै बढ्न सक्छ ।

- विद्यालयले अभिभावकको चाहना बुझ्ने योजना बनाउने सोअनुसार अभिभावकको मद्दत, योगदान लिन सके विद्यालय सुधार गर्न सकिन्छ यसको पहल शिक्षकहरूले गर्न सक्छन् ।
- विद्यालयको शैक्षिक स्तरको उतारचढावको स्थिति विद्यालयका सरोकारवालाहरूको संलग्नतासँग जोडिएको हुन्छ । विद्यालयमा व्यवस्थापन समिति, शिक्षक र अभिभावकको सक्रियता बढाउन विद्यालयका सम्पूर्ण गतिविधिहरू पारदर्शी हुनु महत्त्वपूर्ण हुँदो रहेछ । वार्षिक योजना बजेट र पाइपाइ खर्चको लेखाजोखा, शिक्षा नियमावली र ऐनअनुसारका समिति र उपसमितिहरू मार्फत सरोकारवालाहरूबीच सार्वजनिक गर्दा अभिभावकहरूको मन जित्न सकिन्छ । विव्यसले अभिभावकहरूसँग अन्तर्क्रिया, भेला र विद्यालयका गतिविधिहरूको फेहरिस्त जस्ताको तस्तै सार्वजनिक गर्न मात्र सकियो भने अभिभावकहरू विद्यालयलाई सहयोग गर्न पछि पर्दैनन् । जिम्मेवारीअनुसार जवाफदेही हुनुपर्छ । पारदर्शिताले विश्वास बढाउँछ । सामूहिकताले बल प्रदान गर्छ । परिणाम दिए अभिभावक योगदान गर्न तयार हुन्छन् ।
- विद्यालयको अवस्था विश्लेषण गर्न सक्ने, समस्याहरूको प्राथमिकीकरण गरी समाधानका उपायहरू निकाल्न सक्ने विव्यस भए विद्यालयको उन्नति छिटो र सजिलो हुन्छ ।
- एकपटक राम्रो भयो भन्दैमा सधैँ राम्रो हुँदो रहेनछ । सधैँ राम्रो कायम राख्नु महत्त्वपूर्ण रहेछ । एकपटकको राम्रो संयोगले हुन सक्छ तर राम्रो टिकाइ रहन ज्ञान, सीपसँगै रणनैतिक हुन जरूरी रहेछ ।
- संस्था छ, संरचना पनि छ, संरचनाभित्रका पनि मानिसहरू पनि छन् तर यिनलाई चलायमान गर्ने व्यक्ति महत्त्वपूर्ण हुने रहेछ ।

## ७. भावी योजना

विद्यालयको अवस्था सुधार गर्न निम्न योजना छन्ः

- अभिभावक भेला, बैठक नियमिति गर्ने । विषेशगरी कक्षागत आमाहरूको बैठक र अन्तर्क्रिया गर्न जोड दिने ।
- अंग्रेजी भाषा अभिभावकहरूको चाहना भएकोले अंग्रेजीको प्रभावकारी शिक्षणको बन्दोबस्त गर्ने कार्य गर्ने ।
- कक्षा कोठा आकर्षक र बसाइ व्यवस्थापन विद्यार्थी अनुकूल बनाउने तथा कक्षा शिक्षण लागू गरी प्राथमिक तहको विद्यार्थी संख्या वृद्धि गर्ने ।
- शिक्षणमा प्रविधिको उपयोग गर्न शिक्षकहरूको सीप विकास गर्ने । शिक्षकहरूबीच सिकाइ आदानप्रदान गर्न उत्प्रेरित गर्ने ।
- विव्यस पदाधिकारीहरूलाई सुसूचित गराउने र सङ्गठित गर्ने ।

# सामुदायिक विद्यालय सुधारमा विद्यालय व्यवस्थापन समिति महासंघ

**कृष्ण थापा***

## १. पृष्ठभूमि

नेपालमा नयाँ शिक्षा पद्धति लागू भएसँगै शिक्षा ऐन पनि लिपिबद्ध भयो। यस ऐनले नेपालको सार्वजनिक शिक्षाको दीर्घकालीन लक्ष्य र योजना नबनाए पनि शिक्षाको मार्गदर्शनको खाका भने पक्कै दियो। सार्वजनिक शिक्षामा खासगरी सामुदायिक विद्यालयलाई जनशक्ति विकासको मेरुदण्ड मानिएको थियो। विद्यालयीय शिक्षा सामाजिक, नैतिक, व्यावसायिक र सीपमूलक बनाउन खोजिएको थियो जसमा पाठ्यपुस्तकहरू पनि तत्कालीन सामाजिक अवस्थाअनुसारै प्रतिबिम्बित थिए। यो अवस्था २०२८ सालदेखि २०४६ सालसम्म कायम रह्यो जसमा अभिभावक/समुदायले विद्यालय व्यवस्थापन समितिको भरोसा र नेतृत्वमा जनश्रमदान गर्ने, विद्यालयको निगरानी राख्ने, सक्षम शिक्षक नियुक्ति गर्ने, विद्यालय भवन बनाउने जस्ता कामहरू गरेको देखिन्छ।

* केन्द्रीय अध्यक्ष, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ, नेपाल

## २. विद्यालय व्यवस्थापन समितिका सैद्धान्तिक पक्ष

### क. विद्यालय व्यवस्थापन समितिको भूमिका र महत्त्व

विद्यालय स्थापित गर्ने काम सम्बन्धित समुदायका शिक्षक, अभिभावक, अभिभावक शिक्षक संघ, विद्यालय व्यवस्थापन समिति र सहयोगी संघसंस्थाहरूको क्रियाशीलताबाटै भएको छ । यी विद्यालयहरूमा १०/१० जना विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू अहोरात्र स्वयंसेवकको रूपमा विद्यालयका लागि खटिरहेकै छन् । विद्यालयका लागि जग्गा खोज्न, चन्दा सङ्कलन गर्न, विद्यालय भवन बनाउने दाताहरू खोज्न, विद्यालयका लागि आवश्यक जस्तापाता र काठपात खोज्न, विद्यालयका लागि बालबालिका भर्ना गर्न, शिक्षकहरूको खोजी गर्दै नियुक्ति गर्न र विद्यालय बनाउन शिक्षा कार्यालयदेखि मन्त्रालयसम्म धाउने समेतका कार्यमा अगुवाइ गरिरहेका छन् । विद्यालय व्यवस्थापन समितिका यति धेरै भूमिका र महत्त्व रहेको छ जसका कारण आज सामुदायिक विद्यालयहरू नमूना पनि बनेका छन्, उत्कृष्ट उपलब्धिहरू पनि हात पारेका छन् ।

विश्वका विभिन्न मुलुकहरूमा पनि सामुदायिक विद्यालय सञ्चालनको जिम्मेवारी समुदाय र विद्यालय व्यवस्थापन समितिलाई नै दिएको पाइन्छ। नेपालको शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, शिक्षा संशोधन गर्ने ऐनले पनि सामुदायिक विद्यालयहरू सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी समुदायको तर्फबाट विद्यालय व्यवस्थापन समितिलाई नै दिएको छ। सामुदायिक विद्यालय सम्बन्धित समुदायकै छोराछोरी पढ्ने संस्था हो । जहाँ अधिकांश विपन्न तथा मध्यम वर्ग र पछाडि पारिएका समूहका छोराछारी पढ्ने गर्छन्, त्यही समुदायबाट विद्यालयका सञ्चालकहरूको छनौटको विकल्प छैन।

### ख. विद्यालय व्यवस्थापन समितिका प्रमुख चुनौतीहरू

विव्यसको भूमिका नेपालमा बहुदलीय व्यवस्था आएपछि शिक्षामा खुल्ला बहसहरू हुँदै गए जसमा दलहरूले विद्यालयलाई राजनीतिको प्रमुख थलो बनाए । केही शिक्षाविद्हरूले विद्यालय व्यवस्थापन समितिलाई अधिकार दिनै हुँदैन र भएका अधिकारहरू र भूमिकाहरू समेत कटौती गर्दै जानु पर्दछ भन्दै गए । त्यसका अलवा अझ विद्यालय व्यवस्थापन समिति नै राख्नु हुन्न भन्ने विचारहरू सम्प्रेषण गर्ने र सार्वजनिक रूपमा तर्क दिँदै विद्यमान

अधिकार र भूमिका सिंहदरवार तिरै फर्काउन सरकारलाई उस्काउन थाले । यी सबै सिफारिसहरू विद्यालय व्यवस्थापन समितिको अधिकार कटौती गर्ने तर्फ केन्द्रित हुँदै गयो र विव्यसलाई सहयोग समितिमा समेत झारियो र निकम्मा पनि बनाइयो । यसले गर्दा विद्यालय व्यवस्थापन समितिले खासै अब्बल कामकाज गर्न सकेन तसर्थ लाञ्छनाहरू पनि लाग्दै गए ।

विद्यालय स्थापना, सञ्चालनमा विव्यसको अपरिहार्य भूमिका रहँदारहँदै पनि विभिन्न समयमा विभिन्न समूहका उद्देश्य र धारणाले विव्यसका भूमिका सीमित हुँदै जाने क्रम जारी छ । सीमिततामा तोकिएकै र त्यसभन्दा बढी असल कार्य गर्ने विव्यसहरू हुँदाहुँदै पनि विव्यसलाई आफ्ना भूमिका निर्वाह गर्न नसकेको आरोप र भनाइहरू खेपिरहनु परेको छ । विव्यस राजनीतिक दलको प्रतिनिधिको रूपमा काम गर्न थाल्यो र आफ्नो दलको इसारामा नाच्न थाल्यो भन्ने भनाइ धेरै सुन्नुपर्छ । आफ्नो भूमिका बिर्सेर र अधिकार क्षेत्र मिचेर निजी शिक्षक नियुक्तिमा चलखेल गर्न थाल्यो; निजी शिक्षक नियुक्ति गर्दा आफन्तहरू खोजी खोजी जागिरमा लगाउन थाल्यो भन्ने आरोप प्रत्यारोपहरू, भौतिक संरचना निर्माणमा प्रधानाध्यापक र दलको मिलेमतोमा आर्थिक हिनामिना गऱ्यो, विद्यालय व्यवस्थित बनाउने योजना बनाउन सकेन आदि भन्ने भनाइहरू विव्यसले सुन्नु, खेप्नु परिरहेको छ । यस पृष्ठभूमिमा विद्यालय व्यवस्थापन समितिका निम्न चुनौतीहरू छन्ः

- विद्यालयलाई राजनीतिक थलो बनाइनु र विद्यालय व्यवस्थापन समितिको निर्वाचन प्रक्रियामा दलगत हस्तक्षेप हुँदा सक्षम र जिम्मेवार समिति बन्न नसक्नु ।
- विद्यालय व्यवस्थापन समिति दलगत स्वार्थमा रूपलिनु, प्रयोग हुनु र दिएको अवसरको सदुपयोग गर्न नसक्दा सामुदायिक नेतृत्वमा स्थापित हुन नसक्नु ।
- विद्याालय व्यवस्थापन समितिमा बस्नुमा स्वार्थ र लोभ राख्नु ।
- राजनीतिक दाउपेच, व्यक्तिगत स्वार्थका कारण शिक्षक र विद्यालय व्यवस्थापन समितिबीच अनावश्यक द्वन्द्व हुनु ।
- लामो समयसम्म स्थानीय निर्वाचन हुन नसक्दा राजनीतिक दलहरूको नेतृत्व स्थापित गर्ने थलो विद्यालय बन्दै जानु र विव्यस दलका प्रतिनिधिको रूपमा विव्यस पदाधिकारी बन्नुपर्ने अवस्था सिर्जना हुनु ।

- विद्यालय व्यवस्थापन समितिको अध्यक्षलगायत अन्य पदाधिकारीहरूमा आफ्नो काम कर्तव्य र अधिकारबारे आधारभूत जानकारी नहुनु र नेतृत्वदायी भूमिका खेल्न नसक्नु ।
- विद्यालय व्यवस्थापनका पदाधिकारीहरूका योग्यता कमी हुनु र कार्य क्षमतामा कमी रहनु ।
- विद्यालय भित्र सुशासनको अभ्यास र पूर्वाधारहरू तयार गर्दै जान नसक्नु ।
- शिक्षा ऐनले नीतिगत रूपमा निशुल्क शिक्षाको व्यवस्था गर्नु तर विद्यालय सञ्चालन गर्ने विकल्प आयश्रोतहरूको खोजी गर्न नसक्नु।
- विद्यालयको भवनहरू पक्की नहुनु र विद्यालय सञ्चालन गर्न, गराउन कक्षा कोठाहरू, शौचालय तथा खानेपानीको पर्याप्त व्यवस्थापन गर्न नसक्नु ।
- सामुदायिक कलेजहरू त्यही विद्यालयमा सञ्चालन गर्ने व्यवस्थाले विद्यालयलाई आर्थिक भार बढ्नु ।
- स्थायी र घरपायक शिक्षकहरूको सरुवा र कारवाही गर्न नसक्दा लापरवाही बढेकोमा नियन्त्रण गर्न नसक्नु ।
- आफ्नो विद्यालय नमूना विद्यालय बनाउने दीर्घकालीन योजनाहरू बनाउन र कार्यान्वयनमा ल्याउन नसक्नु ।
- विभिन्न प्रकारका प्रकोपहरूको व्यवस्थापन सीप कमी हुनु र विद्यालय पुनर्निर्माण कार्यमा राज्यलाई घच्घचाउन नसक्नु र विद्यालय स्तरको योजना बनाउन नसक्नु आदि ।

### ग. विद्यालय व्यवस्थापन समितिका अवसरहरू

विद्यालय व्यवस्थापन समिति राज्यले बनाएको कार्यान्वयनमा ल्याएको शिक्षा ऐनले व्यवस्था गरेको कानूनी हैसियत प्राप्त विद्यालय स्तरको आधिकारिक एकाइ हो, यो समिति विद्यालय स्तरको सरकार पनि हो । यद्यपि यसका चुनौतीहरूका साथसाथमा देहाय बमोजिमका अवसरहरू पनि छन् जसलाई उपयोग गर्न सक्नु पर्दछ ।

- विद्यालय व्यवस्थापन समितिमा रही असल र प्रभावकारी कामकाज गर्दा क्षमता विकास भई अन्य संघसंस्था र निकायहरूमा कामकाज गर्न सजिलो र सफल हुन सकिन्छ।
- आफ्नो क्षमता र सीप अनुरूप विव्यसमा बसी कामकाज गर्दा आफ्नो विद्यालय नमुना बनाउने अवसरको मिल्छ।
- विद्यालय व्यवस्थापन समितिमा रही समाजको सेवा गर्ने अवसरले र सामाजिक प्रतिष्ठा, मान मर्यादा बढोत्तरी गर्न सकिन्छ। विद्यालय व्यवस्थापन समितिमा रही विद्यालय र समाजको नेतृत्व गर्ने सीप र क्षमता हासिल गर्न सकिन्छ।
- विद्यालय व्यवस्थापन समितिमा रही कामकाज गरिरहँदा शैक्षिक सवालसँग सरोकार राख्ने संघसंस्थाहरू र राज्यका निकायसँग समेत सम्बन्ध स्थापना गर्न सकिन्छ।
- विद्यालय व्यवस्थापन समितिमा रही जिम्मेवारीपूर्ण, असल र प्रभावकारी भूमिका खेल्न सक्दा सार्वजनिक शिक्षाको गुणस्तर वृद्धिमा योगदान गर्न सक्ने व्यक्तित्व विकास गर्ने वातावरण सिर्जना हुँदै जान्छ।

**घ. विद्यालय व्यवस्थापन समिति प्रभावकारी बनाउने शर्तहरू**

सामुदायिक विद्यालय विद्यालय समुदायकै माझमा रहन दिनु पर्दछ जसको रेखदेख पनि समुदायले नै गर्नुपर्छ र विद्यालय व्यवस्थापन समितको अगुवाइमा विद्यालय सञ्चालन गर्न राज्यले पूर्ण रूपमा कानूनी हैसियत दिनु पर्दछ। विद्यालयको सञ्चालन तथा व्यवस्थापनमा समुदायले स्वामित्व लिन सक्ने गरी राज्यले ऐनमा सुनिश्चित गरिदिनु पर्छ।

- विद्यालय व्यवस्थापन समितिलाई नीति तथा योजना बनाउने अङ्गको रूपमा हैसियत प्रदान गर्ने र प्रधानाध्यापकलाई कार्यकारी अधिकार दिई पूर्ण अख्तियार दिनुपर्छ।
- विव्यसलाई जिम्मेवार र सक्षम अभिभावकको प्रतिनिधि संस्था बनाउन अभिभावकलाई जागरुक, सचेत र सङ्गठित गराउनु/हुनुपर्छ।

- विव्यसका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्नुपर्छ ।
- विद्यालय व्यवस्थापन समिति र विद्यालय शिक्षकहरूबाटै वार्षिक क्यालेण्डर तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।
- शिक्षण क्रियाकलाप, सिकाइमा अभिभावक/विव्यस र विद्यार्थीबीच सहयोग र अनुगमन संयन्त्र क्रियाशील बनाउनु पर्छ ।
- हरेक ३/३ महिनामा शिक्षक, अभिभावक र विव्यबीच शैक्षिक अन्तर्क्रियाहरू गर्नुपर्छ ।
- हरेक विद्यालय व्यवस्थापन समितिको अगुवाइमा विद्यालय सुशासनको सूचक मापदण्डहरू तयार गरी अभ्यास गर्नुपर्छ ।
- विद्यालय व्यवस्थापन समितिको अगुवाइमा नियमित अनुगमन गर्ने प्रणाली संस्थागत गर्दै जानुपर्दछ ।

## ३. वर्तमान सन्दर्भमा विव्यस महासंघ

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ, नेपाल नेपालका करिब ३० हजार सामुदायिक विद्यालय व्यवस्थापन समितिका वहालवाला पदाधिकारीहरूको राष्ट्रिय साभा छाता सङ्गठन बन्ने आकांक्षा राखी २०७० सालमा स्थापित भएको हो । यो महासंघले नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालयहरू, जिल्ला शिक्षा समितिहरू, गाउँ शिक्षा समितिहरूदेखि शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक संस्थाहरूसँगको संस्थागत सहकार्यमा विद्यालयमा सुशासन, विद्यालय व्यवस्थापन समिति सबलीकरण अभियान, विद्यालय शान्ति क्षेत्र प्रवर्द्धन अभियान, सुरक्षित विद्यालय प्रवर्द्धन र गुणस्तरीय शिक्षा प्रवर्द्धन अभियान जस्ता प्रमुख ५ वटा सवालहरूमा ५ वर्षे कार्यक्रमिक रणनीति तयार गरी नेपालभर विस्तारित भइरहेको छ ।

### क. महासंघ गठन गर्नुको औचित्य

नेपालमा रहेका करिब ३० हजार सामुदायिक विद्यालयहरूमा ३० हजार विद्यालय व्यवस्थापन समितिहरू वैधानिक एकाइका रूपमा रहेका देखिन्छन् जसमा ३ लाख विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू क्रियाशील

रहँदै आएका छन् । यी ३ लाख विव्यस प्रतिनिधिहरू संगठित भएको अवस्था छैन भने भएका विव्यस एकाइहरू सबै क्रियाशील भएका देखिएनन र क्षमतावान, जिम्मेवार पनि हुन सकेका छैनन् । यसो हुनुमा यी निकायहरूका लागि कुनै सहजीकरण गर्ने भरपर्दो एलाइन्स समेत बन्न सकिरहेको देखिएन जसका परिणाम अहिले २०४६ सालपछि विद्यालय व्यवस्थापन समितिको

## सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपाल

### १. दृष्टिकोण

नेपालका सामुदायिक विद्यालय व्यवस्थापन समितिहरूमा व्यवस्थापकीय सीप तथा क्षमता अभिवृद्धि भई सबै विद्यालयहरू सुरक्षित, शान्ति र सुशासन पद्धतिको संस्थागत विकास हुनेछ ।

### २. ध्येय

सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि शान्ति र सुशासन स्थापित गर्न विद्यालय व्यवस्थापन समितिहरूलाई क्रियाशील, सक्षम र जिम्मेवार बनाउने ।

### ३. लक्ष्य

नेपाल सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघको क्रियाशील भूमिकाबाट सामुदायिक विद्यालयहरूको उन्नतिका लागि देहाय बमोजिमका लक्ष्यहरू निर्धारण गरिएको छः

१. सामुदायिक विद्यालयहरूलाई व्यवस्थित बनाउन व्यवस्थापन समितिका पदाधिकारीहरूमा व्यवस्थापकीय सीप तथा क्षमता विकास भई सामुदायिक विद्यालयहरू व्यवस्थित रूपमा सञ्चालित हुनेछन् ।


२. सामुदायिक विद्यालयमा सुशासन पद्धतिको संस्थागत विकास हुनेछ ।

३. सामुदायिक विद्यालयहरूमा 'विद्यालय शान्ति क्षेत्र साझा अभियानको रूपमा स्थापित हुनेछ ।

४. सामुदायिक विद्यालयहरूमा सुरक्षित विद्यालय प्रवर्द्धन साझा अभियानको रूपमा स्थापित हुनेछ ।

५. सामुदायिक विद्यालयहरूमा गुणस्तरीय शिक्षा प्रवर्द्धन साझा अभियानको रूपमा स्थापित हुनेछ ।

## संगठनात्मक संरचना



भूमिका फितलो बन्दै गएको छ किनकी यस समितिमा दलगत प्रत्येक्ष सहभागिता, विव्यसको भूमिका प्रति राजनीतिक दलको हस्तक्षेप, शिक्षा ऐनमा विव्यसलाई विद्यालय सहयोगी मात्र बनाइनु, विव्यस निर्वाचनलाई अस्वस्थ्य बनाइनु, समितिमा रहेका व्यक्तिहरूमा व्यक्तिगत लोभलालच बढ्दै जानु, आफ्ना काम, कर्तव्य अधिकारप्रति अनभिज्ञ भएको अवस्था देखिनु र अधिकारको नाममा सीमा मिच्दै जाने प्रवृति बढिरहेकोले अहिले सार्वजनिक विद्यालय कसको स्वामित्वमा छ भन्ने पहिचान हुनै मुस्किल देखिएको छ। जसका समग्र परिणाम विद्यालय निर्माण र संरक्षण संवर्द्धनमा समुदायको योगदान घट्दै गएको छ। सरकारको लगानी बढेको देखिए तापनि दातृनिकायहरूको आफ्नो अनुकूल कार्यक्रम लादिनुका कारण विद्यालयहरूको उन्नति खस्कँदो यथार्थता हामी सामु चुनौती बन्दै गएको छ तसर्थ यसलाई संगठित, क्रियाशील र परिचालन गर्न विद्यालय व्यवस्थापन समितिहरूकै आधिकारिक छाता संगठन आजको आवश्यकता रहेका कारण विद्यालय व्यवस्थापन समितिहरूको महासंघ गठन र परिचालित हुनु अपरिहार्य देखियो।

**ख. महासंघका कार्यगत उद्देश्यहरू**

- नेपाल सरकारको शिक्षा मन्त्रालय र शिक्षा विभागबाट जारी गरिएका शैक्षिक राष्ट्रिय निर्देशिका, अन्य नियमावलीहरूको अभ्यास गर्दै, सामुदायिक विद्यालयहरूका अभिभावकहरू, व्यवस्थापन समितिहरूलाई क्रियाशील, सक्षम, उत्तरदायी र जवाफदेही बनाउन सहजीकरण गर्ने।
- सामुदायिक विद्यालयमा सुशासन पद्धतिको संस्थागत विकासका साथै सामुदायिक विद्यालय व्यवस्थापन समितिको नेतृत्वदायी भूमिका स्थापित गर्नका लागि विव्यसहरूको व्यवस्थापकीय क्षमता बढाउन सिकाइमूलक भ्रमण, विषयगत तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने।
- सामुदायिक विद्यालयका विव्यसहरू, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षक अविभावक संघ, लगायत जिल्ला शिक्षा कार्यालय, जिल्ला शिक्षा समिति, गाउँ शिक्षा समिति, नगर शिक्षा समिति, शिक्षा विभाग, शिक्षा मन्त्रालय र शिक्षा क्षेत्रमा सहयोग गर्ने दातृनिकायहरूसँग समन्वय र सहकार्य सुदृढ गर्दै सामुदायिक विद्यालयहरूलाई सुरक्षित र व्यवस्थित बनाउन समय सापेक्ष नीतिनियम निर्माणका लागि पहल पैरवी गर्ने।

- मुलुकभरका करिब ३० हजार सामुदायिक विद्यालयहरूमा सामूहिकता, एकता, सक्षमता, पारदर्शिता तथा सुशासन पद्धतिको संस्थागत विकास गर्ने, गराउन आवश्यक नीतिनियम र कार्यक्रमहरू बनाउने र कार्यान्वयनमा ल्याउन स्थानीय अभिभावकहरू र विव्यसहरूलाई क्रियाशील बनाउन सहजीकरण गर्ने ।
- दिगो विकास लक्ष्य अनुरूप 'सबैका लागि गुणस्तरीय शिक्षा' अन्तर्गत नेपाल सरकारले तय गरेका कार्यक्रमहरू जस्तैः (विद्यालय सुधार योजना, प्रारम्भिक बाल शिक्षा व्यवस्थापन र समुदायमा विद्यालय हस्तान्तरण कार्यक्रमहरूलाई जनमुखी बनाउन समुदाय र सरकारबीच सहजकर्ताको भूमिका गर्ने ।)
- नेपालका सामुदायिक विद्यालयहरूमा शैक्षिक गुणस्तर बढाउन, विद्यालयमा सुशासनको संस्थागत विकास गराउन, विद्यालय शान्ति क्षेत्र स्थापना गराउन र विद्यालयलाई बालमैत्री बनाउनका लागि समान उद्देश्य भएका विभिन्न संघसंस्था, सरकार, दातृनिकाय वा निजी संघसंस्थाहरूसँग साझेदारी विस्तार गर्ने ।

### ग. महासंघका रणनीतिहरू

- सामुदायिक विद्यालयहरूका गुणस्तरीय र व्यवस्थित बनाउन महासंघका केन्द्रीय कार्यसमिति, प्रादेशिक समन्वय समिति, जिल्ला कार्यसमिति, श्रोतकेन्द्र स्तरीय उपसमितिहरूको गठनका अतिरिक्त विषयगत विभागहरू र सल्लाहकार समितिहरूको गठन र परिचालन गर्ने ।
- सार्वजनिक विद्यालयको स्तरउन्नतिका लागि जिम्मेवार राज्यका निकायहरू जस्तैः शिक्षा मन्त्रालय, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयहरूसँगको साझेदारी बढाउने र स्थानीय सामाजिक संस्थाहरूदेखि राष्ट्रिय, अन्तर र्राष्ट्रिय र गैरसरकारी संस्थाहरूका शैक्षिक विकास कार्यक्रमहरूलाई विद्यालय स्तरसम्म पुऱ्याउन सहजीकरण गर्ने ।
- विव्यसका पदाधिकारीहरूमा, स्थानीय अभिभावकहरूमा र अभिभावक शिक्षक संघहरूमा, गाउँ शिक्षा समितिहरूमा महिलाहरूको सहभागिता र नेतृत्व क्षमता बढाउँदै समावेशीकरण गर्दै, विद्यालयलाई अपनत्व बढाउनका लागि सहजीकरण गर्ने ।

**घ. मूल्य र मान्यता**

- विद्यालयमा सक्षम र क्रियाशील नेतृत्व
- विद्यालयमा शान्ति र सुशासन
- सुरक्षित विद्यालय र बालमैत्री विद्यालय

**ङ. लक्षित समूह**

- मुलुकभरका सामुदायिक विद्यालय व्यवस्थापन समितिहरू
- विद्यार्थीहरू तथा शिक्षकहरू
- विद्यालय क्षेत्रका अभिभावक/शिक्षक संघ, संगठनहरू लक्षित समूह
- मुलुकभरका सामुदायिक विद्यालय व्यवस्थापन समितिहरू
- विद्यार्थीहरू तथा शिक्षकहरू
- विद्यालय क्षेत्रका अभिभावक/शिक्षक संघ, संगठनहरू

**च. महासंघका अभियानहरू**

- विद्यालयमा सुशासन प्रवर्द्धन
- विद्यालयमा शान्तिक्षेत्र प्रवर्द्धन
- विव्यस क्षमता विकास
- सुरक्षित विद्यालय प्रवर्द्धन
- विद्यालयमा गुणस्तरीय शिक्षा प्रवर्द्धन

**छ. महासंघका प्रस्तावित प्रमुख कार्यक्रमहरू**

**क्षमता विकास कार्यक्रम**

- सामुदायिक विद्यालयका विव्यस प्रतिनिधिहरूका लागि सुशासन अभियान, विद्यालय शान्ति क्षेत्र प्रवर्द्धन अभियान, सुरक्षित विद्यालय प्रवर्द्धन अभियान, गुणस्तरीय शिक्षा प्रवर्द्धन अभियान जस्ता विषयहरूमा विद्यालय व्यवस्थापन समितिहरूका लागि क्षमता विकास तालिम कार्यक्रम ।

- सामुदायिक विद्यालयका पदाधिकारीहरूका काम, कर्तव्य र अधिकार व्यवस्थापकीय सीप र लेखा व्यवस्थापन तालिम, विद्यालय विपद् व्यवस्थापन कार्यक्रम विशेष अभिमुखीकरण तथा क्षमता अभिवृद्धि तालिम कार्यक्रम ।
- गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक, विद्यार्थीबीच नियमित अन्तर्क्रिया/गोष्ठी/छलफल कार्यक्रम ।

**सवालगत पैरवी कार्यक्रम**

सामुदायिक विद्यालयमा सुशासन प्रवर्द्धन अभियान, सुरक्षित विद्यालय प्रवर्द्धन अभियान र गुणस्तरीय शिक्षा प्रवर्द्धन अभियान, विद्यालय शान्तिक्षेत्र अभियानका अतिरिक्त शिक्षा नियमावली, सामुदायिक विद्यालय हस्तान्तरण योजना, विद्यालय सुधार योजना र विद्यालय र शिक्षा सम्बन्धित विभिन्न प्रलेख तथा डकार सम्मेलन जस्ता राष्ट्रिय निर्देशिका कार्यान्वयन आदि विषयगत नीति तथा नियमावलीहरूको नियमित वकालत कार्यक्रम ।

# सामुदायिक विद्यालय व्यवस्थापन समितिः आवश्यकता र चुनौतीहरू

मोहन खतिवडा*

## १. परिचय

अहिले शैक्षिक वृत्तमा सर्वाधिक चासो र चर्चाको विषय विद्यालय शिक्षा र त्यसको व्यवस्थापनसँग जोडिएको प्रसङ्ग छ । सार्वजनिक शिक्षाको विषय उठानको हिसाबले यसलाई मौसमी बहसमात्र नमान्ने हो भने बदलिँदो परिस्थिति अनुरूप शिक्षालाई सबैको पहुँचभित्र पुग्न सक्ने गरी सर्वसुलभ बनाउन सक्नु पर्दछ। शिक्षाले नै सभ्यताको निर्माण गर्दछ। आधुनिक समाजको निर्माण शास्त्रीय पद्धतिमा आधारित चिन्तनबाट मात्र सम्भव छैन । शिक्षालाई समाजसँग र समाजलाई सभ्यतासँग जोडने शैक्षिक कडी (Link Between Society and Civilization) को विकास अहिलेको आवश्यकता हो ।

राणाकालीन बन्द समाजबाट खुला समाजतर्फ अग्रसर नेपाली समाजले आजसम्म आइपुग्दा साढे छ दशकको अवधिमा तिव्र गतिमा राजनीतिक परिवर्तनहरू भोगेको छ । तर त्यही समयमा राज्य संरक्षित शिक्षा पद्धतिले सामाजिक मनोविज्ञान मात्र होइन आर्थिक र सांस्कृतिक विभाजनहरूलाई

---

* महासचिव, नेपाल सामुदायिक विद्यालय व्यवस्थापन समिति संघ

स्पष्टत सहयोग पुऱ्याएको छ । पछिल्लो समय शिक्षामा उदारीकरणले ल्याएको परिवर्तन र त्यसका सामाजिक तरङ्गहरू जबरजस्त विकास हुँदैछन् । औपचारिक विद्यालय शिक्षाको ८८ प्रतिशत भार बोकेको सामुदायिक विद्यालयको यसरी चिरहरण गरिँदैछ की प्रतिस्पर्धामा सार्वजनिक शिक्षा टिक्न सक्दैन र अब विद्यालय शिक्षा सबै उदारीकरणको दायरामा आउनुपर्छ भन्ने घुमाउरो अपेक्षालाई संविधानमा समेत उल्लेख गर्न भ्याइसकिएको छ । यी तमाम प्रवृत्तिका विरुद्ध आलोचकहरू या त रमिते छन् या त यही प्रवृतिलाई भजाएर पश्चिमाको दक्षिणा कुम्ल्याउने चक्करमा छन् । निःसन्देह, सामुदायिक विद्यालयहरूको उत्पादकत्व कमजोर छ तर सम्भावना र भविष्य नै छैन भनेर जसरी व्याख्या गरिँदैछ यस भित्र राज्यको भूमिका पनि त्यतिकै जिम्मेवार छ । लगभग ३ करोड उन्मुख जनसंख्यामा ७० लाख बालबालिकाहरूको निःशुल्क विद्यालय शिक्षाका लागि नेपाल सरकार तयार नहुनु बरु १२ प्रतिशतको उपस्थितिले सरकारको व्ययभार कम गरेको भनी राहत महसूस गर्नु कर्मचारीतन्त्र र सरकारले गर्वानुभुति वा लज्जाबोध के गरेको छ भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ । अर्को तर्फ विकासशील मुलुकहरूले सन् २०२०सम्म राष्ट्रिय बजेटको २० प्रतिशत शिक्षामा छुट्याउनु पर्ने प्रतिबद्धताका विपरीत गत आर्थिक वर्षको तुलनामा ५ प्रतिशत कम गरी चालु आर्थिक वषमा १२ प्रतिशत (९८.६ अर्ब) मात्र पुऱ्याउनु र आर्थिक वर्ष २०७२/०७३ मा कुल शिक्षा बजेटमध्ये रु ४५.८ अर्ब बजेट (रातो किताब, अर्थमन्त्रालय, २०१५/०१६) मात्र प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक हरूका लागि (शिक्षक कर्मचारी तलब भत्ता समेत) व्यवस्था गर्नुले सरकारको शिक्षा नीतिको आशय सबैले बुझ्केकै हुनु पर्छ ।

सामुदायिक विद्यालयमा विषयगत र तहगत शिक्षकको अभाव हुनु, पाठ्यपुस्तकको अभाव हुनु, चरित्र निर्माण सम्बन्धी क्रियाकलापहरूको अभाव हुनु जस्ता व्यवस्थापकीय कमजोरीका कारणहरूलाई लुकाएर दोष जति अमुक पक्षलाई दिएर सार्वजनिक विद्यालय शिक्षा नै असफल छ भनी आफै भन्ने र अरूलाई पनि भन्न लगाउने प्रपञ्चले त आखिर विद्यालय शिक्षालाई केही दशक भित्रै व्यावसायिक वस्तु बनाएर नै छाड्ने दीर्घकालीन योजना अन्तर्गतको माफिया नीति हो भन्न किन हच्किने ?

मुलुकले संविधानतः अवलम्बन गरेको द्वैध शिक्षा नीति विभेद अन्त्य गर्ने हुन्छ वा विभेद निर्माण गर्ने हुन्छ भन्नेबारे समयमा नै सोच्न सकिएन भने

खाडी मुलुकमा श्रम बेच्ने युवाको उत्पादन गर्न मात्र सीमित हाम्रो शिक्षा पद्धति अरब स्प्रिङ्ग, इबोला भाइरस वा अन्य महामारीले गन्तव्य रोकिएको अवस्थामा त्यति बेलासम्म सञ्चय हुँदै जाने जनसांख्यिक दबाबले शान्ति, समृद्धि र स्थायित्वका लागि चुनौती बन्न सक्छ भन्नेबारे पनि हेक्का राख्न जरूरी छ। मूलतः नेपालले समृद्ध समाजको निर्माणका लागि आन्तरिक तीन खम्बे शिक्षा, पर्यटन र जलविद्युत नीति अख्तियार गर्न आवश्यक छ। विद्यालय शिक्षा सबैको पहुँचका लागि र अनिवार्य बनाउने हो भने त्यसमा कुनै पदावली थपेर संरक्षित वा आरक्षित बनाउन आवश्यक नै पर्दैन, न त सार्वजनिक वा निजी भनेर विभाजित नीति नै आवश्यक छ।

अहिले सुरक्षा कर्मचारीको संख्या लगभग २ लाखबाट तीन लाख पुऱ्याउने योजना सरकारको रहेको देखिन्छ तर सामुदायिक विद्यालयमा शिक्षकको संख्या २ लाख र केही हजारबाट ३ लाख पुऱ्याएमा त सबै विद्यालयमा शिक्षकको पूर्ण व्यवस्था गर्न सकिन्छ। शिक्षकको अभावमा सार्वजनिक विद्यालयबाट कुनै पनि विद्यार्थी बाहिरिनु पर्दैन। अहिले भएकै सार्वजनिक शिक्षाको बजेटको उत्पादकत्व बढाउने र फजूल खर्च घटाउने हो भने अहिले व्यक्त गरेको निराशा जस्तो सबै बालबालिकाका लागि सार्वजनिक विद्यालय शिक्षा दुरूह र दुसाध्य हुन सक्दैन।

## २. अभिभावक सहितको व्यवस्थापन समितिको आवश्यकता

सामुदायिक विद्यालयको अवधारणामा समुदायको व्यवस्थापकीय भूमिका निसृत हुन्छ। विद्यालयबाट समुदायको अभिभावकत्व हटाउने हो भने या त यो सरकारी कार्यालयको भूमिकामा वा निजी व्यावसायिक संरचनामा परिणत हुने सम्भावनामा रहन्छ। नयाँ शिक्षा योजना २०२८ लागू भए पछि झण्डै चार दशक लामो विद्यालय व्यवस्थापन समितिको व्यवस्थाले युगान्तकारी परिवर्तनसँगै आधुनिक समाज निर्माणमा शिक्षाको भूमिका कतिको हदसम्म सफल रह्यो भन्ने विषय मनन योग्य छ।

शिक्षा ऐन र नियमावलीको विद्यमान व्यवस्था अनुसार प्रत्येक विद्यालयमा व्यवस्थापन समिति हुन आवश्यक छ। सार्वजनिक विद्यालयको व्यवस्थापन समितिको जवाफदेहिताको विषय र बनावट संरचनाबारेमा गम्भीर छलफल पछि निर्क्योलमा पुग्न सजिलो हुन्छ। व्यवस्थापनका आफ्नै

सिद्धान्तहरू हुन्छन्, उद्देश्यहरू किटान गरिएका हुन्छन् अनि लक्ष्य र वास्तविक उपलब्धि बीचको स्वाभाविक र अस्वाभाविक अन्तरबारे जवाफदेहिताको माध्यमबाट समाधान खोजिने प्रयत्न गरिएको हुन्छ। सामुदायिक विद्यालयको अधिकतम लक्ष्य के हो ? मुख्य र सहायक उद्देश्यहरू के के हुन् ? जबकी व्यावसायिक लगानीको लक्ष्य सामाजिक कल्याणसँगै अधिकतम मुनाफा र स्थायित्व हो । सार्वजनिक विद्यालय व्यवस्थापनमा अन्तर्निहित समस्या यहीँनिर छ । लक्ष्यको गुणस्तर मात्रा नहेरुञ्जेलसम्म व्यवस्थापन सारभूत रुपले खेतबारीमा चराहरूबाट अन्नबाली जोगाउन राखिएको बुख्याँचा मात्र हुन जान्छ । सामुदायिक विद्यालय व्यवस्थापनको भूमिका न त निर्देशित व्यवस्थापन हो न त स्वायत्त व्यवस्थापन। अझ कथित व्यवस्थापन समितिलाई बहुप्रतिनिधिमूलक बनाउने हो वा प्राविधिक समितिको रूपमा हालको विद्यमान व्यवस्थाको एक तिहाइमा सीमित गरी संक्षिप्त प्राविधिक समिति निर्माण गर्ने हो भन्ने विषय सोचनीय छ।

शिक्षामा जनसहभागिता बढाउन बहुसदस्यीय समितिका बारेमा पश्चिमा तर्कहरू भरपर्दा देखिन्छन् तर गुणस्तर अभिवृद्धिका लागि भने न्यायपालिका निर्णय प्रणाली (ज्युडिसियल भर्डिक्ट सिस्टम अर्थात एक वा केहीबाट हुने निर्णय) प्रभावकारी देखिन्छ। तर निर्णयकर्तासँग व्यावसायिक दक्षता र ज्ञान हुन आवश्यक छ। प्रत्येक विद्यालयमा सञ्चालन र नियन्त्रण साखाहरूलाई पूरक होइन प्रतिस्पर्धी बनाउन सक्नु पर्दछ। अतः व्यवस्थापन समिति सानो आकारको तर बहुसमिति संरचना सहितको अभिभावकीय एवं व्यावसायिक विशेषज्ञता समावेश भएको समिति बन्न उपयुक्त हुने देखिन्छ । यसको विशेषता भनेकै जनसहभागिता सहितको प्राविधिक समितिहरू निर्माण गरी निर्णय प्रक्रियाको केन्द्रीकृत र विकेन्द्रीत अभ्यास एकै थलोबाट गर्ने हो। तर यो व्यवस्था अन्तर्गत अहिले कै प्रावधानहरूलाई विकसित गरी विभागीय व्यवस्थापन समितिको निर्माण गर्ने भन्ने बुझिन्छ। यस अन्तर्गत समितिले पूर्ण सञ्चालन स्वायत्तता प्राप्त गरेको हुन्छ भने वित्तीय र कर्मचारी व्यवस्थापनमा साझेदारीको भूमिका रहने छ।

विद्यालय व्यवस्थापनमा समुदायको सहभागिता र प्रतिनिधित्वको व्यवस्थाले शैक्षिक सुशासन कायम गर्न सहयोग गर्दछ। अझ सन् १९९० पछि त फिनल्याण्ड, अष्ट्रिया, ब्रिटेन, डेनमार्क, ब्राजिल, भारत, स्पेन जस्ता मुलुकहरूमा समुदाय र अभिभावकको समेत सहभागितामा विद्यालय

व्यवस्थापन गर्ने कानूनहरूको निर्माण भई बालबालिकाहरूको शिक्षामा अभिभावक र समुदायको समेत जिम्मेवारी निर्धारण गरिएको छ । अहिले विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन र शैक्षिक सुशासनका समस्या हल गर्ने हो भने विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न कठिनाइ हुने छैन ।

विद्यालय व्यवस्थापन भन्नाले विद्यालयको भौतिक व्यवस्थापन मात्र हो भन्ने सर्वत्र बुझाइ छ । तर विद्यालयको शैक्षिक व्यवस्थापनलाई विद्यालयको व्यवस्थापनबाट अलग गरिएकै कारणले अहिले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर आलोचनाको विषय बन्न पुगेको छ । यतिसम्मकि सार्वजनिक लगानीका विद्यालयहरूलाई सामुदायिक विद्यालय भनिएको छ । सामुदायिक व्यवस्थापनमा सार्वजनिक लगानी निहित हुन्छ भने सार्वजनिक विद्यालय र सार्वजनिक शिक्षाको अवधारणा विकास गर्न आवश्यक छ । समुदायबाट शिक्षालाई अलग गर्ने वा अन्तरसम्बन्धको विकास गर्ने विषय राज्यको शैक्षिक नीति भित्र पर्ने कुरा हो । यद्यपि समुदायले बृहत्तर लोक हितका लागि सार्वजनिक स्वामित्वको विद्यालय शिक्षा निर्माणमा जनमत निर्माण गर्न पहल गर्नु पर्दछ ।

वर्तमान शिक्षा प्रणालीमा समुदाय र शिक्षा विपरीत दिशातर्फ फर्किएका गोरु र गाडा जस्ता भएका छन् । शिक्षामा समुदायको परिचालन कमजोर हुनाका कारण नै सार्वजनिक विद्यालयका बालबालिकाहरू प्रति अभिभावकको चासो कम हुने गरेको छ । अभिभावकहरूमा विद्यालय शिक्षाको महत्त्वबारे पर्याप्त जानकारी नहुनु, विद्यालय समय भन्दा घरायसी कामधन्दा प्राथमिकतामा पर्नु, विद्यालय र समुदायबीच परस्पर सञ्चार सम्वाद कम हुनु, बालबालिकाहरूको ज्ञान र बुझाइको स्तरबारे विद्यालयबारे नै बेखबर हुनु, विद्यालयमा वैज्ञानिक व्यवस्थापनको अभाव हुनु, विद्यालयको शैक्षिक प्रशासनको योजना, मूल्याङ्कन तथा प्रतिवेदनहरू त्रुटिपूर्ण हुनु, शैक्षिक प्रशासनमा दण्ड सजायको व्यवस्था नहुनु वा निष्प्रभावी हुनु, शिक्षण सिकाइ विधि निराशाजनक र पट्यारलाग्दो हुनु जस्ता मुख्य विषयहरू विद्यालय व्यवस्थापन समिति भित्र कमै छलफल हुने गर्दछन् । मुख्यतः विद्यालयको शैक्षिक गतिविधिहरूमा सामुदायिक र सार्वजनिक उदासिनता नै सार्वजनिक विद्यालयको स्तर खस्कँदै गएको परिणाम हो । यसर्थ विद्यालय शिक्षाका लागि सामुदायिक व्यवस्थापनमा सार्वजनिक कोषको उपयोगबाट, बालबालिका, परिवार र समुदायको एकीकृत विकासमा जोड दिने समग्र पद्धतिको निर्माण गर्न पनि विद्यालय व्यवस्थापन तत्पर हुनु पर्दछ ।

## ३. व्यवस्थापनः प्रयोग र उपादेयता

सामुदायिक व्यवस्थापनलाई व्यावसायिक तथा सार्वजनिक व्यवस्थापनका आधारभूत विशेषताहरूको प्रयोगबाट निर्धारित लक्ष प्राप्त गर्न र परिणामहरूको मापन गर्न सजिलो हुन्छ। विद्यालयका विद्यार्थीहरूको तहगत नैतिक, बौद्धिक तथा शारीरिक विकासलाई अधिकतम लक्ष निर्धारण गर्ने हो भने उक्त लक्ष प्राप्त गर्न सबै व्यवस्थापकीय अभ्यासहरू उपयोग गर्न वाञ्छनीय हुन्छ । हेनरी फायोल, एफ डब्ल्यु टेलर, म्याक्स वेबरबाट विकसित तथा पछिल्ला सार्वजनिक व्यवस्थापनका सिद्धान्तहरूको आवश्यकीय प्रयोगबाट लक्ष प्राप्त गर्न सहज हुन्छ। यद्यपि विद्यालय व्यवस्थापन समितिको न्यूनतम स्वायत्तताका कारणले केन्द्र वा प्रदेश वा स्थानीय सरकारको असान्दर्भिक हस्तक्षेपका कारण व्यवस्थापकीय द्वन्दको सृजना हुने जोखिम पनि त्यतिकै रहन जाने कुरा तर्फ सचेत हुन आवश्यक छ।

## ४. विव्यस प्रभावकारी नहुनाका कारण र सुधारका सम्भावनाहरू

### क) गठनको सैद्धान्तिक आधार नहुनु

विव्यस गठन किन र केका लागि भन्ने आधारहरूको पुष्टि कहीँ भएको पाइँदैन । यो आधारभूत शिक्षामा सामुदायिक सहभागिता हो वा शैक्षिक सुशासन हो वा शिक्षामा राज्यको आंशिक अनुदान हो, प्रष्ट छैन । विद्यालय तहमा जनसहभागिता निर्माण गर्न खोजेकै हो भने पनि आजसम्म समुदाय वा विद्यालय व्यवस्थापन समितिको अभिमत कुनै शैक्षिक योजना भित्र परेका छैनन् । अतः विव्यसको अर्थपूर्ण परिभाषा आवश्यक छ। विद्यालयको व्यवस्थापन मात्र भनेर पुग्दैन ।

### ख) त्रुटिपूर्ण विद्यमान संरचना

विद्यालय व्यवस्थापनका लागि अभिभावक-शिक्षक सङ्घ र विव्यस जसरी गठन गरिएको छ, यी दुवै प्रभावकारी हुन सकेका छैनन् । अभिभावक मात्र होइन, सामुदायिक क्षेत्रभित्र रहेका विद्यालयहरूको गैरअभिभावकहरूको अपनत्व सिर्जना गर्न पनि सबैको सरोकार निर्माण गर्न आवश्यक छ। तसर्थ प्रत्येक तीन सदस्यीय आर्थिक, प्रशासनिक, शैक्षिक, सामुदायिक आदि समिति

निर्माण गरी बहुविभागीय समितिबाट एकअर्कामा नियन्त्रण र सन्तुलनको सिद्धान्तबाट सामुदायिक परिचालन आवश्यक छ । यस्ता समितिहरू विद्यालयको विद्यार्थी संख्याको आधारमा सीमा निर्धारण गरी गठन गर्न सकिन्छ। राज्यका अन्य निकायहरूको उपस्थिति हुन नसकेका दुर्गम स्थानमा समेत सार्वजनिक विद्यालयको स्थापना र सञ्चालन सरकारको उपस्थिति पनि हो । बहुविभागीय व्यवस्थापन समितिको गठनसम्बन्धी व्यवस्थाबाट समुदाय/अभिभावकहरूको व्यवस्थापनमा भीड बढ्न गई अनावश्यक हस्तक्षेप र द्वन्दमात्र सिर्जना हुन्छ भन्ने आशङ्का निरूपणका लागि सीमा र स्वतन्त्रताका कार्यविधिहरू तर्जुमा गरी नियन्त्रण गर्न सकिन्छ।

**ग) विव्यसको त्रुटिपूर्ण आवधिक गठन प्रक्रिया**

विव्यसको वर्तमान व्यवस्थाले प्रत्येक तीन वर्षमा नयाँ गठनको व्यवस्था गरेको छ । यसले समुदायका भिन्नभिन्न स्वार्थहरूको टकरावको स्थिति पैदा भएको छ। विव्यसको ध्यान विद्यालय शिक्षा र त्यसको व्यवस्थापन भन्दा बाहिर नै बढी केन्द्रित हुन गई शिक्षाको स्तर खस्कँदै गएको अवस्था छ। अतः एवं प्रत्येक तीन वर्षमा कुनै एक सदस्यको मात्र अवधि सकिने तर तत्काल नदोहोरिने गरी प्रथम पटक छ महीना भित्र विभागीय समितिहरू निर्माण गरिसक्नु पर्दछ। अतः निरन्तर व्यवस्थापन (अविच्छिन्न मात्र होइन) को अवधारणा विकास गर्नु पर्दछ।

**घ) कार्य विशिष्टीकरणको अभाव**

विद्यमान दश सदस्यीय व्यवस्थापन समितिमा प्रत्येक सदस्यको कार्य विशिष्टीकरणको अभावका कारण समिति जवाफदेहिताविहीन हुन पुगेको छ। विषयवस्तुको ज्ञान नहुनु, समस्या र सम्भावनाबारे जानकारी प्राप्त नहुनु, आवधिक योजना र लक्ष्य विहीन कर्मकाण्डीय विव्यसले विद्यालय प्रशासनको सानो इकाइको भूमिका मात्र निर्वाह गर्छ र गरेको छ।

**ङ) समितिमा नियमित व्यवस्थापन तालिमको अभाव**

अधिकांश विद्यालय व्यवस्थापनमा शैक्षिक र सचेत अभिभावकहरूको उपस्थिति कमै हुने गरेको छ। विद्यालय प्रशासनको निर्देशन अनुसार मूल

समिति चल्नु नेपालका सामुदायिक विद्यालयहरूको नियति नै भएको छ। तसर्थ विव्यसहरूको नियमित तालिम गोष्ठी तथा सङ्गठन निर्माणबाट विद्यालयको र विद्यार्थीको शैक्षिक स्तर अभिवृद्धि गर्नु वाञ्छनीय छ।

## ५. विद्यालय व्यवस्थापन समितिका पूर्व शर्तहरू

### क) विद्यालय व्यवस्थापनको एक पूर्ण एकाइ

व्यवस्थापनका कार्यहरू सम्पादन गर्दा एक विद्यालय एक व्यवस्थापनको एकाइको रूपमा सञ्चालन गर्न वाञ्छनीय छ । एउटा व्यवस्थापन भित्र सङ्गठन ढाँचाको निर्माण, आदेश, निर्णय प्रक्रिया, अधिकार र जिम्मेवारीको बाँडफाँड जस्ता व्यवस्थापकीय अवधारणाहरूको प्रयोग विद्यालयका सम्पूर्ण क्रियाकलापहरूको वर्गीकरण र कार्यविभाजनका आधारमा तय गर्न सकिन्छ । विद्यालय पूर्वाधार विकासका योजना, विद्यार्थी नियमित पठनपाठनको सुव्यवस्था, विद्यार्थीको नैतिक, बौद्धिक, शारीरिक विकासका कार्यक्रमहरूको पूर्व योजना, वित्तीय व्यवस्थापन विभागको निर्माण, विद्यालय र समाजको अन्तर्घुलन, निरन्तर मूल्याङ्कन विधि जस्ता कार्यक्रमहरू निश्चित गरी शैक्षिक गुणस्तरको लक्ष्य हासिल गर्न सकिन्छ। विद्यार्थी, शिक्षक, कर्मचारी र व्यवस्थापन समितिको निर्णय प्रक्रिया र निर्णयको सञ्चार र कार्यान्वयनमा सहभागिता असल व्यवस्थापनका आधारहरू हुन् । विद्यमान विद्यालय व्यवस्थापन समितिमा सुधार र सशक्तिकरण मार्फत व्यवस्थापकीय उत्पादकत्व बढाउन सकिन्छ।

### ख) व्यवस्थापन समितिको क्षेत्र

विद्यालयको न्यूनतम मापदण्ड (भौतिक पूर्वाधार व्यवस्थापन, श्रोत व्यवस्थापन, कर्मचारी व्यवस्थापन, शैक्षिक प्रगति विवरण, विद्यालयको सामाजिक अन्तर्घुलन आदिका सम्बन्धमा) निर्धारण गर्ने र उपलब्धि विश्लेषणका आधारमा व्यवस्थापन समितिको समेत मूल्याङ्कन हुन आवश्यक छ। विद्यालय व्यवस्थापनले विद्यालयको सङ्गठन संरचना र अन्तरसम्बन्धित विभागीय क्रियाकलापहरूलाई समेत जनाउने हुँदा प्रत्येक कार्यशाला (Job Centre) रेखा सङ्गठनका आधारमा उत्तरदायी हुन्छन् । अर्थात विद्यालयका सबै विभागहरू उद्देश्यद्वारा शासित (Governed by Objectives) हुन्छन् र

कार्यकारी अधिकार प्राप्त व्यवस्थापन समिति सम्पूर्ण अभिभावक तथा राष्ट्रिय उद्देश्यप्रति जवाफदेही हुन्छन् । यसरी विद्यालय सङ्गठनका हरेक शिक्षक र समितिहरूको अन्तरसम्बन्ध र अन्तर्क्रियाबाट विद्यालयको लक्ष्यलाई राष्ट्रिय लक्ष्यसँग समायोजन गर्न सकिन्छ ।

विद्यार्थीको सर्वाङ्गीण विकासका लागि विद्यालय व्यवस्थापनले योजना, सङ्गठन, मानवीय श्रोतको उपयोग, निर्देशन तथा नियन्त्रणका माध्यमबाट विद्यालय उद्देश्य पूरा गर्न सक्दछ । विद्यालय व्यवस्थापन सम्बन्धी कार्य गर्न विद्यालयको समिति स्वतन्त्र छैन । अर्थात मौजुदा व्यवस्थापन समितिको कार्य सञ्चालन नियन्त्रित व्यवस्थापन (Controlled Management)को अंश हो । किनकी यो राज्यको शैक्षिक प्रशासनबाट निरन्तर निर्देशित रहन्छ । स्वतन्त्र र पूर्ण व्यवस्थापनको अभावमा विद्यालय व्यवस्थापन समिति विद्यालयको विकासमा कम जिम्मेवारी हुन सक्ने जोखिम रहन सक्छ । राज्यको शैक्षिक प्रशासनको हस्तक्षेप, व्यवस्थापनमा कुनै एक विभागर साखा मात्र प्रभावशाली हुनु, कार्यविभाजनको अभाव हुनु, बजेटमा नियन्त्रण नहुनु, जनशक्ति व्यवस्थापनमा आंशिक नियन्त्रण मात्र रहनजानु, स्पष्ट उत्तरदायित्वको अभाव हुनु, शैक्षिक प्रशासन र व्यवस्थापनबीच द्वन्द्व निरूपणको पद्धति विकास हुन नसक्नुका कारणले पनि सार्वजनिक विद्यालयको व्यवस्थापन समिति लक्ष्य, उद्देश्यप्रति उदासिन रहेको देखिन्छ । विद्यमान व्यवस्थापनका समस्याहरूलाई व्यवस्थापन समितिको नियमित व्यवस्थापन तालिम तथा परामर्श सेवा, व्यवस्थापनका न्यूनतम तर सरल विधिहरूका पुस्तिकाहरू उपलब्ध गराएर विद्यालयको जिम्मेवारी प्रति सचेत गराउन सकिन्छ ।

## ग) अधिकारपूर्ण व्यवस्थापन समिति

विद्यालय व्यवस्थापनका लागि बृहत्तर अधिकार सहितको व्यवस्थापन समिति आवश्यक पर्दछ । शिक्षा ऐन तथा नियमावलीले व्यवस्थापन समितिको अधिकारमा लगाएको अंकुशले समितिलाई निराश, उदासीन र जवाफदेहिता विहीन बनाउने हुँदा शैक्षिक बजेटसँगै पूर्वाधार विकास तथा सामाजिक सम्बन्ध विकास अनुदान उपलब्ध गराउने, कर्मचारी व्यवस्थापनमा नियन्त्रणका अधिकारहरू प्रत्यायोजन गर्ने गरी थप अधिकार सम्पन्न गराउनु

पर्दछ । अर्थात विद्यालय व्यवस्थापनमा सरकार र व्यवस्थापन समितिका लागि अधिकारको बराबरी प्रयोगको प्रस्ताव गर्दछ। तर यसो गर्दा व्यवस्थापन समितिबाट अधिकारको प्रयोग पूर्वाग्रहपूर्ण पनि हुनसक्छ भन्ने तर्फ सचेत उपायहरू अवलम्बन गर्न आवश्यक छ।

## ६. संघको आवश्यकता

नेपाल सरकारको अनुदान प्राप्त ३३ हजारभन्दा बढी सामुदायिक विद्यालयहरूको व्यवस्थापन समितिहरूलाई सबलीकरण र सशक्तिकरणका माध्यमबाट सार्वजनिक विद्यालय शिक्षाको पैरवी गर्दै जनसंख्याको लगभग एक चौथाइ भाग ओगटेका बालबालिकाहरूको समृद्ध भविष्य निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले **नेपाल सामुदायिक विद्यालय व्यवस्थापन समिति संघ** (**नेसाविव्यस संघ**)ले विभिन्न जिल्लाहरूमा सङ्गठन निर्माण गर्ने तथा तालिम गोष्ठीहरू सञ्चालन गर्दै आइरहेको छ । समुदायलाई सार्वजनिक विद्यालयको व्यवस्थापन जिम्मेवारी सुम्पदा शिक्षा र समुदायको अन्योन्याश्रित सम्बन्ध स्थापित हुने भएकाले चार दशकभन्दा बढीको यस अभ्यासमा विद्यालय व्यवस्थापन समितिको भूमिका अझ बढेर गएको छ । यद्यपि हालको व्यवस्थापन समितिमा अभिभावकहरूको अधिकतम सहभागिता सहित बहुविभागीय समिति निर्माणमा जान सक्ने गरी विद्यमान व्यवस्थामा पुनरावलोकन गर्न पनि आवश्यक छ। सार्वजनिक विद्यालयको साख खस्कनमा अन्य पक्षहरू जति जिम्मेवार छन् विद्यालय व्यवस्थापन समिति त्यो भन्दा बढी जिम्मेबार छ । अतः अधिकतम जनसहभागिता सहितको वैज्ञानिक व्यवस्थापन मार्फत सार्वजनिक विद्यालय शिक्षाको सम्वर्द्धन गर्न सङ्घले सरकार तथा अन्य सरोकारवालाहरूको ध्यानाकर्षण गर्दै आइरहेको छ। राष्ट्रिय निर्देशन ऐन २०१८ अनुसार गठित गैरनाफामूलक यस सङ्घको उद्देश्य 'सार्वजनिक विद्यालयः हाम्रो सरोकार' भन्ने उद्घोष सहित सामुदायिक अभियानमा सार्वजनिक विद्यालयको साख, प्रतिष्ठा अभिवृद्धि गरी विद्यालयमा वैज्ञानिक व्यवस्थापनको सुनिश्चितता प्रदान गर्न सहयोग गर्नु हो । यसका लागि विद्यालयहरूका साझा तथा विशिष्ट समस्याहरूको पहिचान गरी तिनीहरूको हल खोज्दै शिक्षाको राष्ट्रिय लक्ष्य प्राप्त गर्न सङ्घले विशिष्ट भूमिका निर्वाह गर्दै आइरहेको छ।

खासगरी विद्यमान व्यवस्थामा विद्यालय तहको शैक्षिक नीति तथा योजना निर्माण 'माथिबाट तल' को अवधारणाबाट निर्देशित छ । यसका विपरीत सङ्घले 'तलबाट माथि' को अवधारणामा शिक्षा नीति तय हुनुपर्छ भन्ने आवाजहरूलाई सङ्गठित गर्दैछ । विद्यालय व्यवस्थापन समितिहरूको प्रतिनिधिहरूको सहभागिता बाहिरबाट निर्माण भएका हालसम्मका 'योजना तथा कार्यक्रम' (वि.सं. २०११ मा गठित पहिलो आयोग देखि २०४९ को राष्ट्रिय शिक्षा आयोग तथा पछिल्ला एसएसआरपि, एसएसडिपि कार्यक्रम समेत) हरू कति सफल भए वा हुनेछन् भन्नेबारे प्रश्न गर्ने प्रशस्त ठाउँहरू छन् । शक्ति विकेन्द्रीकरण तथा संघीयताका सन्दर्भमा सार्वजनिक विद्यालयहरूको स्वामित्व, व्यवस्थापन र नियन्त्रण सम्बन्धी स्पष्ट कानूनी व्यवस्था आवश्यक छ । विद्यालय शिक्षा व्यवस्थापन ऐन समेत निर्माण गरी विद्यालय व्यवस्थापन समिति, गाउँ/नगर शिक्षा समिति, जिल्ला शिक्षा समितिको फरक व्यवास्थापनका लागि पृथक ऐनको खाँचोको महसूस भइरहेकोले विद्यालय सञ्चालन र नियन्त्रणलाई पुनर्परिभाषित गर्न आवश्यक देखिन्छ । यस सन्दर्भमा नेसाविव्यस सङ्घ सामुदायिक विद्यालय व्यवस्थापनका लागि देशभरिका विद्यालय व्यवस्थापन समितिहरूको सबलीकरण र सशक्तिकरणका कार्यक्रम परियोजना निर्माण गर्ने, गुणस्तरीय शिक्षाका लागि सुदृढ एवं अनुशासित शैक्षिक प्रशासनको विकास गर्ने, विद्यालय शिक्षामा समुदायको सहभागिता बढाउने, स्थानीय, बाह्य तथा नियमित श्रोत व्यवस्थापनका लागि कार्यक्रम निर्माण गर्ने, समुदायका प्रत्येक बालबालिकाहरूको विद्यालय शिक्षामा अनिवार्य प्रवेशको प्रत्याभूति गराउने तथा बीचैमा विद्यालय छोड्ने वा छोड्न लगाउने विद्यार्थी/अभिभावकहरूका लागि उत्प्रेरणा अन्तर्क्रिया मार्फत विद्यालय छोड्ने दर कम गर्ने भूमिका विस्तारमा समेत सामुदायिक व्यवस्थापन अग्रसर हुने गरी नेपाल सरकार तथा सरोकार संस्थाहरू बीच साझेदारी कार्यक्रम निर्माण गर्न प्रयत्नशील रहनेछ । सङ्गठन निर्माण मूलतः सार्वजनिक विद्यालयको वैज्ञानिक व्यवस्थापन, सार्वजनिक शिक्षाको विश्वसनीयता अभिवृद्धि तथा शिक्षामा जनसहभागिता जस्ता विषयहरूमा केन्द्रित रहनेछ ।

## ७. सङ्घका उपलब्धि तथा चुनौतीहरू

स्थापना पछिका चार वर्षमा सङ्घले स्थिर तर गुणात्मक फड्को मारेको छ । सामुदायिक विद्यालयहरूका समस्याहरूलाई सञ्चालन तहबाट नै उठान गर्ने तथा सरकार सहित सरोकारवालाहरूको ध्यानाकर्षण गर्न सङ्घ सफल छ । सार्वजनिक कार्यक्रमहरूमा विद्यालय शिक्षाका चासोहरूलाई सामूहिक सम्बोधन गर्ने तथा राष्ट्रिय ध्यानाकर्षण गर्न एवं विद्यालय शिक्षा पूर्ण रुपेण निःशुल्क हुनुपर्छ र भेदभाव रहित हुनुपर्छ भन्ने उद्घोष स्थापित गर्न सङ्घ स्थायी रुपले आन्दोलनको अवस्थामा छ । एकतिहाइ जिल्लाहरूमा यस सङ्गठनको जिल्ला समिति निर्माणबाट अन्य जिल्लाहरूमा समेत विव्यसहरूको जिल्ला समिति निर्माण तीव्र गतिमा विकास भइरहेको छ। यस अवधिमा विव्यसहरूमा विद्यालय शिक्षाका लागि नैतिक जिम्मेवारीको विकास गर्दै राष्ट्रिय शिक्षाको उद्देश्य पूरा गर्न बहसको एउटै मञ्च निर्माण हुन जानु सङ्घको सफलता हो भन्ने निष्कर्षमा यो सङ्घ विश्वस्त छ । सङ्घका प्रकाशनहरूले सङ्घका कार्यक्रम तथा योजनाहरूलाई व्यवस्थित पक्षपोषण गरेका छन् । तिनै मार्गनिर्देशनका अधिनमा रही सङ्घले विभिन्न कार्यक्रमहरू निर्माण तथा कार्यान्वयन गर्दै आइरहेको छ ।

यद्यपि आर्थिक श्रोत व्यवस्थापन गर्न नसक्नु, दक्ष जनशक्तिको अभाव हुनु, सङ्घको राष्ट्रिय सञ्जाल निर्माण भइ नसक्नु, प्रचारप्रसारको कमी हुनु, विधानको चरित्र अनुरूप नै विद्यालय स्थायी सदस्य हुनु तर त्यसका प्रतिनिधिहरूको अवधि अल्पकालीन हुनु जस्ता कारणहरू सङ्घका प्रारम्भिक चुनौतीहरू हुन् । तर यी चुनौतीहरू अस्थायी प्रकृतिका भएकाले समाधानका प्रशस्तै सम्भावनाहरू पनि छन् ।

## ८. सङ्घको भावी रणनैतिक योजना

मुलुकको भविष्य बोकेको सार्वजनिक विद्यालय शिक्षाको समस्यालाई जराबाटै समाधान खोजौं । विद्यालयको आधुनिक व्यवस्थापन नै सुधारको पहिलो पाइला हो । सन् २०३०सम्म अनुमानित सबै ८५ लाख बालबालिकाहरूका लागि साधारण, व्यावसायिक र प्राविधिक वर्गीकरणका सार्वजनिक विद्यालयहरू मार्फत कम्तीमा १५ वर्षीय गुरु योजना निर्माण गर्न सङ्घ नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

यो सङ्घ विद्यालयको वैज्ञानिक व्यवस्थापन मार्फत गुणस्तरीय शिक्षाको विकासमा शिक्षा सरोकारका पेशागत तथा सार्वजनिक निकाय वा सङ्गठनहरू मार्फत द्विपक्षीय वा बहुपक्षीय साझेदारीका कार्यक्रमहरू निर्माण गरी 'सार्वजनिक विद्यालयः हाम्रो सरोकार'को अभियानमा समाहित गर्दै सबै बालबालिकाहरूको विद्यालयमा पढन पाउने संविधान प्रदत्त अधिकारका लागि पैरवी गर्नुका साथै विद्यालय उमेरका तर विद्यालय क्षेत्र बाहिर रहेका बालबालिकाहरूलाई समेत भेदभावरहित र निःशुल्क विद्यालय शिक्षाका लागि शिक्षाको मूलप्रवाहमा ल्याउन बृहत एशियाली सञ्जालको निर्माण गर्न प्रयत्नशील हुनेछ।

❀❀❀

# दक्षिण एसियामा विद्यालय तहको व्यवस्थापन पद्धति

**बाबुकाजी श्रेष्ठ, मनबहादुर खत्री***

## विषय प्रवेश

औपचारिक शिक्षाको जगको रूपमा लिइने विद्यालय शिक्षाको कुशल व्यवस्थापनले र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्छ । दक्षिण एशियाका देशहरू (नेपाल, भारत, पाकिस्तान, बंगलादेश, श्रीलङ्का, माल्दिभ्स, अफगानिस्तान, भूटान)का विद्यालय तहको शैक्षिक व्यवस्थापनको स्थिति कतिपय सन्र्दभमा मिल्दोजुल्दो भएको पाइन्छ। सार्क देशहरूले पनि आपसमा सहकार्य र सहयोग गरेर शिक्षामा पहुँच तथा गुणस्तर सुदृढीकरण गर्ने नीति लिएको पाइन्छ। यस विश्लेषणात्मक अध्ययनले सार्क देशहरूका विद्यालय व्यवस्थापनमा अपनाइका नीतिको उजागर गर्ने प्रयास गरेको छ। यी देशहरूका विद्यालय तहको संरचना, शिक्षाको उद्देश्य, व्यवस्थापन समितिको गठन प्रक्रिया तथा काम कर्तव्य र अधिकार आदिको तुलनात्मक प्रस्तुति गरिएको छ। यस पत्रको अध्ययनबाट विभिन्न देशहरूका विद्यालय व्यवस्थापनमा भएका प्रावधानबाट हाम्रो देशमा गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि बहसको

---

* ग्लोबल एक्सन नेपाल

सुरुवात गर्न सहयोग गर्न सक्दछ र विद्यालय व्यवस्थापनमा प्रत्यक्ष परोक्ष रूपमा सरोकार राख्ने संघसंस्था तथा व्यक्तिहरूलाई सूचनाहरू प्रदान गर्ने अपेक्षा गरिएको छ ।

## १. **नेपाल**

### १.१. **शिक्षा संरचना**

नेपालमा औपचारिक शिक्षाको थालनी सन् १८५३ देखि भएको हो । त्यतिबेला स्थापना भएको त्यो नेपालको पहिलो विद्यालय भए पनि यसमा नेपाली जनताले प्रवेश पाउन सक्दैनथे । त्यो विद्यालय राणा परिवारका भाइभारदार र केही धनाढ्य व्यक्तिहरूका लागि थियो । सर्वसाधारणका लागि आधुनिक शिक्षाको पहुँच सन् १९५१ पछि मात्र भयो जब तत्कालीन जनताको आन्दोलनले एकतन्त्रीय राणा शासनको अन्त्य गरी नेपालमा प्रजातान्त्रिक व्यवस्थाको शुरूवात गर्‍यो । त्यसपश्चात् शिक्षाको स्वरूप र संरचनामा पटकपटक परिवर्तन हुँदै आएको छ ।

नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको कायम गरिएको छ । पूर्व प्राथमिकबाहेक विद्यालय शिक्षाको जम्मा अवधि १२ वर्षको रहन्छ । यो संरचनाअनुसार आधारभूत तह कक्षा १ देखि ८ सम्म (१-५ कक्षा प्राथमिक, ६-८ निम्नमाध्यमिक तह) र माध्यमिक तह कक्षा ९ देखि १२ सम्म (९-१० कक्षा माध्यमिक, ११-१२ उच्च माध्यमिक) निर्धारण गरिएको छ । यसपछि उच्च शिक्षाको व्यवस्था छ । संविधानले आधारभूत तहको शिक्षा प्राप्त गर्ने हक प्रत्येक नागरिकलाई दिएको छ । आधारभूत शिक्षा निःशुल्क र अनिवार्य भनिएको छ, तर पनि विद्यालय उमेर समूहका धेरै बालबालिका अझै विद्यालय बाहिर छन् जुन विषय नेपाल सरकारसँगै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको ठूलो चासो र चिन्ताको विषय बनेको छ । तसर्थ, उनीहरू विकेन्द्रीकरण र सामुदायिक सहभागितामार्फत विद्यालय व्यवस्थापन पद्धतिमा परिवर्तन ल्याउन प्रयासरत छन् ।

### १.२. **विद्यालय व्यवस्थापन पद्धति**

नेपालमा विद्यालयको व्यवस्थापन विभिन्न काल खण्डमा विविध किसिमबाट हुँदै आएको छ । वि.सं. २०२८ सालभन्दा अगाडि विद्यालयमा पठनपाठन

तथा भौतिक संरचना एवं आयस्रोतको व्यवस्थापन समुदायको सक्रियतामा गरिन्थ्यो । राष्ट्रिय शिक्षा पद्धति २०२८ लागू भएपछि विद्यालयदेखि विश्वविद्यालयसम्मको शिक्षालाई थप व्यवस्थित र केन्द्रीकृत गर्ने नीति लिइयो । शिक्षामा सरकारी लगानीको स्पष्ट व्यवस्थाको शुरुवात भयो । तर पछि यस पद्धतिबाट पनि नेपालको शिक्षा प्रणालीलाई समयानुकूल परिमार्जन गर्नुपर्ने आवश्यकता ठानी जवाफदेहिता र विद्यालय सञ्चालनमा वास्तविक सेवाग्राहीको भूमिकालाई सक्रिय बनाउने र अभिभावकहरूको बाहुल्यता रहने गरी व्यवस्थापन समिति गठन गर्ने कानूनी व्यवस्था भयो ।

वि.सं. २०४६ को जनआन्दोलनपछि गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको सुझावमा व्यवस्थापन समितिको संरचना परिवर्तन गरिएको थियो । भौगोलिक विविधता, सामाजिक सांस्कृतिक विविधताले गर्दा राज्यबाट मात्र विद्यालयको सञ्चालनमा रेखदेख र निर्माण संवर्द्धन गर्न असम्भव भएकोले स्थानीय समुदायको भूमिकालाई उच्च महत्त्व दिनुपर्छ भन्ने मान्यताको आधारमा विद्यालय व्यवस्थापन समितिलाई विशेष जिम्मेवार र जवाफदेही बनाउने नीति राज्यले लिएको पाइन्छ । विद्यालय व्यवस्थापन समिति गठनमा समावेशी अवधारणालाई मूर्तरूप दिन महिलालाई सहभागी गराउने प्रयास गरेको पाइन्छ । साधनस्रोतको तर्जुमा, पठनपाठनको अनुगमन निरीक्षण लगायतका अधिकारको विकेन्द्रकीकरण गरी विद्यालयप्रति सेवाग्राही एवं सरोकारवालाको सक्रिय सहभागिता सुनिश्चित गर्दै अपनत्वको भावना जोगाउन प्रयास हुँदै आएको पाइन्छ ।

### १.३. **व्यवस्थापन हस्तान्तरण**

नेपालमा प्रजातन्त्रको पुनःस्थापना पश्चात स्थानीय प्रशासनको सशक्तिकरण र क्षमता अभिवृद्धिमा विशेष जोड दिइएको पाइन्छ । विकेन्द्रीकरण प्रक्रियाको प्रादुर्भाव स्थानीय विकासका कार्यक्रम कार्यान्वयन प्रक्रियामा सहभागिता वृद्धि गराउनका लागि भएको पाइन्छ । यसै सन्दर्भमा सरकारले सार्वजनिक विद्यालयहरूको व्यवस्थापनको जिम्मेवारी स्थानीय समुदायहरूलाई नै दिने निर्णय गऱ्यो । यसका लागि विद्यालयमा समुदायस्तरबाट विद्यालय व्यवस्थापन समिति (School Management Committee) को गठन गरी त्यसलाई विद्यालय प्रशासन तथा नीति र कार्यक्रमहरूको अनुगमन गर्ने जिम्मा दिइयो ।

नवौँ योजना (१९९६-२००१)मा नेपाल सरकारले शैक्षिक संस्थाहरूको व्यवस्थापन र सञ्चालन प्रक्रियामा अभिवृद्धि ल्याउन विकेन्द्रीकरण नीति योजनामा राख्यो जसलाई स्थानीय स्वायत्त शासन ऐन (१९९९)ले कार्यान्वयनमा ल्यायो । त्यसैगरी दशौँ योजना (२००२–२००७)ले विकेन्द्रीकरणको अघिल्लो प्रक्रियामा थप सुधार गरी निरन्तरता दियो । माध्यमिक शिक्षा सहयोग परियोजनाले पनि शिक्षामा विकेन्द्रीकरणको अवधारणालाई कार्यक्रमको कार्यान्वयनको महत्त्वपूर्ण रणनीतिको रूपमा अवलम्बन गऱ्यो । स्थानीय समुदायको आफ्नो विद्यालय प्रति अधिक अपनत्व निर्माण गर्न माध्यमिक शिक्षा सहयोग परियोजनाले विद्यालयहरू प्रभावकारी र कुशल व्यवस्थापन स्थानीय स्रोतको प्रयोजन र जनताको स्वामित्व र जवाफदेही बढाउनमा सामुदायिक जनता र संघ संस्थाहरूको सहभागितालाई विशेष जोड दिएको पाइन्छ । त्यसअनुसार दशौँ योजना अवधिमा ८,००० सार्वजनिक विद्यालयहरूको व्यवस्थापनको जिम्मा समुदायलाई हस्तान्तरण गरियो ।

त्रिभुवन विश्वविद्यालय शैक्षिक अन्वेषण तथा विकास अनुसन्धान केन्द्र (CERID)का अनुसार नेपालमा विकेन्द्रीकरणको आवश्यकता नीतिगत सुधार मात्र नभई, स्थानीय र अन्तर्राष्ट्रिय परिस्थितिहरूबीच सृजित आवश्यकताको उपज पनि हो । प्रजातन्त्रको पुनःस्थापनापश्चात जनतामा तुलनात्मक रूपमा अधिक सूचनाको माग बढेको, स्रोतमा पहुँच, स्वामित्वको भावना साथै शासन र विकासको प्रक्रियामा थप नियन्त्रणको माग बढेको छ । सबैका लागि शिक्षा मुख्य दस्तावेजअनुसार शिक्षामा विकेन्द्रीकरण भन्नु योजना निर्माण, व्यवस्थापन क्रियान्वयन, अनुगमन र निर्णय प्रक्रियामा स्थानीय जनता र समुदायको सहभागितालाई थप सक्रिय बनाउने एउटा मुख्य कार्यान्वयन रणनीति हो । यसको मुख्य उद्देश्य आर्थिक स्रोत र प्राविधिक सहयोगका सुनिश्चितता गर्दै शैक्षिक गुणस्तरमा सुधार गर्नु तथा समुदाय, अभिभावक, शिक्षक, विद्यार्थी र गैरसरकारी निकायहरूको सहभागितासँगै शिक्षाको पहुँचमा विस्तार ल्याउनु हो ।

विद्यालय व्यवस्थापन पद्धतिमा विकेन्द्रीकरणको मुख्य औचित्य सम्पूर्ण सामुदायिक साझेदारहरूको विव्यसमा प्रभावकारी सहभागिता मार्फत शिक्षामा गुणात्मक परिवर्तन ल्याउनु हो । CERID को प्रारम्भिक अनुसन्धान परियोजना (२००३ पृ.४) मा केही औचित्य यसरी उल्लेख गरिएको छ :

- स्थानीय समुदायको सशक्तिकरण गरी उनीहरूलाई स्थानीय विद्यालयमा सहभागी हुन सक्रिय बनाउन

- सामुदायिक विद्यालयप्रति समुदायका जनताहरू अपनत्व र स्वामित्वको भावना जागृत गराउन
- गुणस्तरीय शिक्षा बढाउन
- जवाफदेहिता ल्याउन
- पहुँचमा सुधार ल्याउँदै सबैका लागि शिक्षा अभियानको लक्ष्य हासिल गर्न
- स्थानीय शिक्षाका सवालमा समुदाय र सरकारबीचको सहकार्य सहयोगको अवधारणा स्थापना गर्न

## १.४. विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया

सन् २००१मा सरकारले लिएको महत्त्वपूर्ण कदमले शिक्षा नीतिमा परिवर्तन गरी सार्वजनिक वा संस्थागत सबै विद्यालयमा विव्यसको गठनलाई अनिवार्य बनायो । यो परिवर्तनले सार्वजनिक विद्यालयमा विव्यसमा १० जना सदस्य रहने व्यवस्था गर्‍यो जसको कार्यकाल तीन वर्षको हुने भयो । त्यसरी गठन

**सार्वजनिक विद्यालयमा विव्यसको बनावट**

१ जना अभिभावक ........................ अध्यक्ष
३ जना अभिभावक ...................... सदस्य (३ मध्ये १ जना महिला अनिवार्य)
१ जना प्रअ ..................................... सदस्य सचिव
१ जना शिक्षाप्रेमी ........................... सदस्य
१ जना विद्यालय संस्थापक ......... सदस्य
१ जना चन्दादाता ............................ सदस्य
१ जना शिक्षक ................................ सदस्य (शिक्षकहरूबाट मनोनित)
१ जना गाविस, नपा प्रतिनिधि ... सदस्य

**जम्मा १० जना**

| **निर्वाचित ४** | **मनोनित ४ जना** | **सदस्य २ जना** |
|---|---|---|
| ४ अभिभावक र १ शिक्षक | स्थानीय शिक्षाविद, संस्थापक, चन्दादाता | प्रअ, गाविस अध्यक्ष/ नपा प्रतिनिधि |

हुने समितिका सदस्यहरू सम्बन्धित विद्यालयमा अध्ययनरत बालबालिकाका अभिभावकमध्येबाट चुनिएर आउनुपर्ने भयो । अभिभावक र समुदायको समझदारीबाट वा अभिभावक जसका छोराछोरी त्यो विद्यालयमा अध्ययनरत छन् । उनीहरूका सभाले अध्यक्ष चुन्ने लगायत निर्धारित सदस्यहरू मनोनयन गर्ने भयो । यो प्रावधानले गैरअभिभावकलाई विव्यसको पदाधिकारी हुनमा रोक लगायो ।

माध्यमिक स्तरीय प्राविधिक वा व्यावसायिक शिक्षा, विद्यालयको हकमा भने नेपाल उद्योग वाणिज्य महासंघ जिल्ला एकाइ तहका कम्तिमा २ जना सदस्यहरू विव्यसमा हुनुपर्ने प्रावधान छ । विव्यसको बैठकमा सम्बन्धित विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई पर्यवेक्षकका रूपमा आमन्त्रण गर्नुपर्दछ । यसरी गठित विद्यालय व्यवस्थापन समितिले विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न शिक्षक अभिभावक संघ (Parent Teacher Association) को गठन गर्दछ ।

CERID (२००३) का अनुसार सन् २००१ सम्म विव्यसको गठन प्रक्रिया अत्यधिक व्यक्तिवादी र राजनीतिक थियो जहाँ विव्यसका सदस्यहरू या कर्मचारीबाट या राजनीतिक दलबाट सोझै मनोनित हुन्थे । त्यो अवस्थामा समितिमा वास्तविक अभिभावक वा स्थानीय समुदायको प्रतिनिधित्व थोरै वा हुँदै हुँदैनथ्यो ।

## २. भारत

### २.१. शिक्षा संरचना

भारत जातीय र सांस्कृतिक विविधता भएको देश हो । यहाँको शिक्षा प्रणाली १० (५+३+२)+२+३ ढाँचामा रहेको छ । प्रौढ शिक्षादर भने ९०.२% छ (२०१५) । शहरी तथा ग्रामीण भेगको शिक्षा सुधार गर्न भारत सरकारले थुप्रै तरीकाहरू अपनाएको छ । अति गरीब प्रान्तमा प्रान्तीय सरकारले नै शिक्षाको गुणस्तर सुधार गर्न निर्देशन र सुनिश्चित गर्दछ । विगत १० वर्षलाई हेर्ने हो भने शिक्षामा धेरै सुधार भए पनि गर्न धेरै नै बाँकी छ । भारतको साक्षरता दरलाई बढाउन भारतको सरकारले चालेका केही उपायहरू यस प्रकार छन् ।

- ग्रामीण र शहरका गरीब जनताका लागि निःशुल्क शिक्षा
- जिल्ला र प्रान्तमा नयाँ विद्यालय र कलेजहरूको स्थापना

- साक्षरता दर सुधार गर्न छुट्ट्याएको रकमका सदुपयोग र सही प्रयोगका लागि विभिन्न किसिमका समूहहरूको गठन
- "बेटी बचाओ, बेटी पढाओ" भन्ने नाराका साथ भारत सरकारले छोरी पढाउने र बचाउने भन्ने कार्यक्रम मुलुकभर सञ्चालन गरेको छ।

भारतको शिक्षा र यसको निम्ति भारत सरकारद्वारा गरेका प्रयत्नहरूका लागि विद्यालय व्यवस्थापन समितिलाई हेर्न र बुझ्न सकिन्छ।

## २.२. **विद्यालय व्यवस्थापन प्रणाली**

National University of Education Planning and Administration (2006) ले भारतीय शिक्षाको सुशासन चार आधारहरूमा रहेको बताएको छ। शिक्षा नीति, शिक्षा योजना, शिक्षा प्रशासन (कानूनी व्यवस्था, कानून) र शिक्षा व्यवस्थापन। ४२औं संवैधानिक संशोधनले शिक्षामा संघीय र राज्य सरकारको भूमिकालाई साझा गराएको छ। त्यसैले निःशुल्क र अनिवार्य शिक्षा अधिकार ऐन (Right to Education Act) व्यवस्थापिकाबाट अगस्ट २००९ मा पारित गराएको छ। संसदीय सहमती प्राप्त गरेपछि RTE Act अप्रिल २०१० बाट कार्यान्वयन गर्न शुरू भयो। RTE Act ले राम्रो भौतिक संरचना, शिक्षक विद्यार्थी दरको सुधार र विद्यालय व्यवस्थापन समितिको भूमिकालाई बढाउने व्यवस्था गरेको थियो।

भारतमा गरीब ६८.८% जनता ग्रामीण क्षेत्रमा बसोबास गर्छन्। त्यसैले भारत सरकारले, समुदायका सदस्यहरू र संघ संस्थाहरूलाई शिक्षाको समानताका लागि सशक्तीकरण गर्नु आवश्यक ठानेको छ। Nirankarie (2012)का अनुसार अभिभावकहरूले आफैं विव्यस चयन गर्दा केही अधिकार र जिम्मेवारी वहन गराई विद्यालय सुधारका लागि उनीहरूलाई संलग्न गराउन सकिन्छ। विद्यालय व्यवस्थापन समितिका सदस्यहरूका लागि निश्चित किसिमको तालिम र सही निर्देशन दिइ अगुवाई गर्न दिनुपर्छ। उनीहरूलाई RTE ले व्यवस्था गरेअनुसारको जिम्मेवारी, संरचना रविव्यसको निर्माण प्रक्रियाका बारेमा सचेतना दिनु पर्दछ।

### २.३. विद्यालय व्यवस्थापन समितिको निर्माण

RTE Act 2009 को सेक्सन २१अनुसार सम्पूर्ण सरकारी, सरकारसँग आबद्ध र विशेष किसिमका विद्यालयहरूमा विव्यस गठन गर्नुपर्ने व्यवस्था छ । तर निजी विद्यालयहरूमा भने उनीहरूको साझा विश्वासअनुसार नै विव्यस गठन गर्नुपर्ने हुन्छ । भारतको विव्यससम्बन्धी नीतिअनुसार विद्यालयका अभिभावकहरूमा विव्यसका सदस्यहरू चयन गर्ने अधिकार निहित हुन्छ। उक्त चुनिएका विव्यस अभिभावकहरूका साधारण सभा (General Board)प्रति जवाफदेही हुनुपर्छ । वार्षिक रूपमा कमसेकम २ पटक साधारण सभाको बैठक बस्छ सभामा विव्यसले प्रगति विवरण पेश गर्नुपर्छ र त्यस प्रतिवेदनलाई साधारण सभा (General board) ले अनुमोदन गर्नुपर्छ ।

विव्यसका सदस्य संख्याबारे कुनै खास संख्या तोकिएको छैन । यदि राजस्थान र महाराष्ट्रमा हेर्ने हो भने विव्यस सदस्य संख्या क्रमशः १५ र १६ रहेका छन् । तर अध्यक्ष र उपाध्यक्ष अभिभावकहरू मध्येबाट छानिन्छन् भने सचिवमा विद्यालयको हेडमास्टर नियुक्त गरिन्छ । भारतमा विव्यस नीतिसम्बन्धी Nirankarie (2012) लेख्छन्- ७५% विव्यसका सदस्यहरू अभिभावकहरू हुन्छन् । जसमा ५०% महिला हुन्छन् । बाँकी २५% भने स्थानीय अधिकारी, शिक्षक, शिक्षाविद र विद्यार्थीहरू मध्येबाट हुन्छन् । गैरसरकारी संस्था र सामुदायिक संस्थाहरूको प्रतिनिधित्वलाई विव्यसमा अनिवार्य मानिन्छ । भारतीय विद्यालयहरूमा महिलाहरूलाई विव्यसमा नेतृत्व लिन सधैँ हौसला दिने गरिन्छ ।

## ३. पाकिस्तान

### ३.१. शिक्षा संरचना

पाकिस्तानको शैक्षिक प्रणालीलाई ६ चरणमा विभाजित गरिएको छ । पूर्व प्राथमिक शिक्षा (२.५ वर्ष देखि ५ वर्ष) प्राथमिक शिक्षा (कक्षा १-५), निम्न माध्यमिक (कक्षा ६-८), माध्यमिक (कक्षा ९ र १०) मध्यवर्ती (कक्षा ११ र १२) जसले उच्च माध्यमिक तहको प्रमाणपत्र उपलब्ध गराउँछ। विश्व विद्यालय कार्यक्रमले स्नातक तथा स्नातकोत्तर डिग्री उपलब्ध गराउँदछ । पाकिस्तानमा ८७% बालबालिकाहरूले प्राथमिक शिक्षा पूरा गरेको पाइन्छ। (USAID 2010)

### ३.२. विद्यालय व्यवस्थापन प्रणाली

पाकिस्तानमा शिक्षा मन्त्रालय तथा प्रान्तीय सरकारहरूले शिक्षा प्रणालीको रेखदेख गर्दछन् । पाकिस्तानको संविधानअनुसार राज्यका ५-१६ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरूले निःशुल्क शिक्षा पाउँछन् । त्यस्तै गरी पाकिस्तानको सन् १९९२को राष्ट्रिय शिक्षा नियमअनुसार निर्णय लिने अधिकारको विकेन्द्रीकरण गरिएको छ ।

यो नियमले जिल्ला स्तरमा समुदायलाई शिक्षाको उचित व्यवस्थापनका निम्ति स्थानीय नीतिनियम परिचालन गर्न प्रोत्साहन गरिएको छ । शिक्षा क्षेत्रमा शिक्षकहरूको तालिम सम्बन्धमा, कोषको विनियोजन, योजना र पाठ्यपुस्तकको छनौट आदिको निर्णय प्रान्तीय तहबाट हुने गर्दछ भने शिक्षकहरूको विकास, विद्यालयहरूको निरीक्षण तथा सुपरिवेक्षण, नीतिनियमको पालना आदिको रेखदेखको जिम्मा शिक्षा विभागको हुने गर्दछ ।

शिक्षामा प्रगतिमूलक परिवर्तनका निमित्त राष्ट्रिय शिक्षा नीति सन् १९९२-२००२ ले शिक्षक अभिभावक संघको स्थापनालाई अभिप्रेरित गरेको छ । सन् १९९३ मा ग्रामीण शिक्षा परिषदको स्थापना गरियो र आज यसलाई शिक्षक अभिभावक परिषद भनेर चिनिन्छ । सन् २००९ देखि राष्ट्रिय शिक्षा नीति तथा शिक्षा मन्त्रालयद्वारा विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गराइयो । विद्यालय व्यवस्थापन समितिलाई प्राविधिक सहयोग तथा मार्गदर्शन जिल्ला शिक्षाद्वारा गरिन्छ ।

### ३.३. विद्यालय व्यवस्थापन समितिको निर्माण

पाकिस्तानमा विद्यालय व्यवस्थापन समितिमा ७ अथवा ८ जना सदस्यहरू हुने गर्दछन् । जसमा अध्यक्ष, कोषाध्यक्ष, सचिव ३/४ सम्बन्धित सदस्य तथा धार्मिक नेतृत्वदायी व्यक्तिहरू समितिमा रहने गर्दछ । साधारण सदस्यताको निम्ति साक्षरता तथा शैक्षिक योग्यताको हदबन्दी छैन तर यो योग्यता सचिवको हकमा रहन्छ । कुनै कुनै छात्राहरूको विद्यालयमा महिला सदस्य आफ्नो सामाजिक सांस्कृतिक कारण अनिवार्य हुन्छ । छात्रहरूको विद्यालयमा महिला अथवा पुरुषको अनिवार्यता छैन । उनीहरूको कार्यकाल १२ देखि १८ महीनाको हुन्छ । केही अवस्थामा विव्यसमा निष्क्रिय वा बारम्बार अनुपस्थित पुरुष सदस्य छ भने उसको बदलामा महिला सदस्य प्रतिस्थापन गर्न सकिन्छ ।

सबैको सहमतिले तोकिएको मितिमा, विद्यालयको भेला गराई शिक्षक, अभिभावक, सबै पक्ष तथा समुदायका प्रतिनिधिको परिचालनद्वारा विद्यालय व्यवस्थापन समितिको सदस्यहरूको चयन हुन्छ। यो सभा जिल्ला शिक्षामा अधिकारीको उपस्थितिमा गरिन्छ। विव्यस गठनको औपचारिक जानकारी जिल्ला शिक्षा विभागमा पठाएपछि सम्बन्धित जिल्ला शिक्षा विभागले विव्यससदस्यलाई आधिकारिक मान्यता दिने गर्दछ। त्यसपछि विव्यसका सदस्यहरूलाई ३ दिनको अभिमुखीकरण तालिम दिई विद्यालय विकासका निम्ति विव्यसको भूमिका, जिम्मेवारी आदिको ज्ञान दिइन्छ।

तालिमपछि विव्यसका सदस्यहरूले विद्यार्थी, शिक्षक र अभिभावकको सहयोगमा विद्यालय विकास योजना तयार पार्छन्। त्यो योजना जिल्ला शिक्षा अधिकारीको सामु पेश गरी समीक्षा र अनुमोदन गराउनु पर्दछ। विद्यालय विकास योजनाको कार्यान्वयन मूल्याङ्कन गरेपछि मात्र, यसलाई जिल्ला शिक्षा विभागले पुष्टि गरिदिन्छ र त्यस अनुरूप अन्य एजेन्सीहरूसँग सम्पर्कको बढावा, अनुदान दिने आदि कार्य गर्दछ। विद्यालयको सबै बैङ्क खाता विव्यसको नाममा रहन्छ र त्यस खातामा कोष आधा गरी निकासा गरिन्छ। यसले सामुदायिक सहभागिताको दृष्टिकोणले समुदायका मानिसमा आफ्नो विद्यालयप्रति स्वामित्व, पारदर्शिता र जवाफदेहिताको भाव विकास हुनेमा विश्वास राख्दछ।

## ४. श्रीलंका

### ४.१. विद्यालय व्यवस्थापन प्रणाली

श्रीलंकामा सबै तहका शिक्षा निःशुल्क गरिएको छ। राष्ट्रिय शिक्षा प्रणालीले ५ देखि १३ वर्षसम्मका बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाउनु पर्ने नियम बनाएको छ। प्राथमिक, निम्न माध्यमिक, माध्यमिक, कलेज गरी विद्यालयको संरचना बनेको छ जसमा शिक्षा मन्त्रालयबाट अनुमोदित पाठ्यक्रम लागू गरिन्छ। सन् २००६ देखि लागू विद्यालय सुधार कार्यक्रम श्रीलंकाको लागि शिक्षामा निर्णय लिने र नियन्त्रण गर्ने साधन बनेको छ जसले विद्यालय व्यवस्थापनलाई सबल बनाउने लक्ष्य लिएको छ। विद्यालयको सशक्तिकरणका दुई प्रमुख तत्वहरू छन्- विद्यालय आधारित व्यवस्थापन, विद्यालयको कार्यमा अभिभावक र समुदायको संलग्नता।

व्यवस्थापन समितिमा सदस्य रहन्छन् । अभिभावकहरू, शिक्षकहरू, पूर्वविद्यार्थीहरू र जो विद्यालयको भलो चाहने समुदायका मानिस, सगोल निर्णय, समुदाय सहभागिता, विद्यालय स्वतन्त्रता, विद्यालयका गतिविधिहरू, विद्यालय आधारित कर्मचारी विकास आदि कार्यक्रम श्रीलंकाको विद्यालय सुधार प्रणालीका प्रमुख तत्वहरू हुन् ।

विद्यालय आधारित व्यवस्थापन (SBM) र विद्यालय सुधार कार्यक्रम (PST) सरकारी विद्यालयमा स्थापित भए पनि प्रायजसो समितिका सदस्यहरू निर्णय प्रक्रियामा समावेश भने भएका देखिएनन् । सबै निर्णयहरू प्रधान अध्यापकहरूले नै लिने गदर्थे । त्यही भएर शिक्षा मन्त्रालयले विद्यालय विकास समितिको (SDC) र विद्यालय व्यवस्थापन टोलीको गठन गरी सबै निर्णय दिने प्रक्रिया बोर्डबाट बढ्यो । (World Bank Group 2015)

विद्यालय विकास समितिको (SDC) सदस्यले विद्यालयमा प्रमुख निर्णय दिने, नीति तयार गर्ने, विद्यालयको रणनीति तयार पार्ने, उद्देश्यहरूको निर्माण आदि कार्यहरू गर्ने गर्दछ । समुदायका सम्बन्धित व्यक्तिहरूले विद्यालय विकास समितिको नीति नियम तथा परियोजनालाई लागू गर्न जिम्मेवारीहरू पर्दछ । यसको निम्ति नियम तथा परियोजना मन्त्रालयबाट सहयोग तथा निर्देशन उपलब्ध हुन्छ ।

## ४.२. **विद्यालय विकास समितिको गठन**

विद्यालय विकास समितिमा प्रधान अध्यापक अध्यक्ष र सदस्यहरूमा सहायक प्रधानाध्यापक, शिक्षक, पूर्व विद्यार्थीहरू अभिभावकहरू र एक जना शिक्षा अधिकारी रहन्छन् । यसमा एक रूपता भने छैन । विद्यालय व्यवस्थापन टोलीले, विद्यालय विकास समितिले गरेको निर्णयलाई कार्यान्वयन गर्न मद्दत गर्दछ । विद्यालय व्यवस्थापनको अध्यक्ष पनि प्रधानाध्यापक नै हुन्छन् । शिक्षा मन्त्रालय २०१३ अनुसार, झण्डै ९०% विद्यालयहरूमा विद्यालय विकास समितिको गठन भएको छ । विद्यालय विकास समिति (SDC) शिक्षामा मात्र नभएर समुदायप्रति पनि जिम्मेवार रहन्छन् ।

विद्यालय विकास समितिका सदस्यहरू चयन गर्ने प्रक्रिया सहभागीमूलक भए पनि अधिकांश विद्यालयमा लोकतान्त्रिक भने छैन । ७०% विद्यालय विकास समितिहरू श्रीलंकाको विद्यालयमा प्रमुख निर्णय लिने भए तापनि

SDC का सदस्यहरू प्रधान अध्यापकबाट नै छानिएर आएका हुन्छन् । प्रधान अध्यापकले नै सबै चयन प्रणालीलाई आफ्नो नियन्त्रणमा लिएको देखिन्छ ।

## ५. भूटान

### ५.१. विद्यालय व्यवस्थापन

सन् १९१४ को पूर्वार्द्धमा भूटानका प्रथम राजा उगेन वाङ्चुकले २ वटा विद्यालयको स्थापना गरे । भूटानमा शिक्षाको प्रशासनिक जिम्मेवारी विभिन्न संस्थाहरूबीच बाँडिएको हुन्छ । यसरी बाँडिने निकायहरू शिक्षा मन्त्रालय, श्रम तथा मानव संसाधन मन्त्रालय, शाही विश्वविद्यालय, जिल्ला (Dzongkhags) गेवग्स (Gewags) गाउँ स्तरीय प्रशासनिक निकाय हुन्छन् ।

भूटानमा गुम्बा शिक्षा साधारण, व्यावसायिक र अनौपचारिक विशेष शिक्षा गरी तीन किसिमको शिक्षा छन् । संरचनागत रूपमा विद्यालय शिक्षा ११ वर्षको (६ वर्ष प्राथमिक र ४ वर्ष माध्यमिक) हुन्छ । राष्ट्रिय शिक्षा नीति २०१२ मा छ वर्ष र सोभन्दा माथिको प्रत्येक भूटानी विद्यालयमा हुनुपर्छ र न्यूनतम आधारभूत शिक्षा पूरा गर्नुपर्छ भनिए तापनि अनिवार्य विद्यालय प्रवेशको उमेर प्रावधान व्यवहारमा देखिँदैन ।

राष्ट्रिय शिक्षा नीति (NEP) को लक्ष्य हासिल गर्ने एउटा रणनीतिमध्ये भूटानको शिक्षा मन्त्रालयले आफ्नो प्रमुख जिम्मेवारीका रूपमा नेतृत्व क्षमता, निर्देशन र सहयोग मार्फत उच्चतम् उपलब्धि हासिल गर्न जनताको सशक्तिकरणको पाटोलाई लिएको छ ।

विद्यार्थीहरूको सिकाइ उपलब्धि हासिल गर्न वा सबल बनाउन अभिभावकको भूमिका महत्त्वपूर्ण हुने भएकोले शिक्षा मन्त्रालय शिक्षामा अभिभावकको भूमिकालाई स्वीकार्दै विद्यार्थीहरूले आफ्ना अभिभावकहरूलाई बालबालिकाको शिक्षामा भूमिका निर्वाह सहभागी हुने प्रोत्साहन र प्रवर्द्धन गर्नुपर्दछ भन्ने मत राख्दछ । उनीहरूको विश्वास छ कि विद्यालय र शिक्षकहरू अभिभावकको भूमिकालाई प्रतिस्थापन गर्ने नभई पूरकको भूमिका निर्वाह गर्दछन् । साथै भूटानमा निजी विद्यालय सञ्चालन गर्न प्रोत्साहन गरिन्छ तर उनीहरूले सरकारी पाठ्यक्रम र परीक्षा प्रणाली अपनाउनु पर्दछ ।

## ५.२. विद्यालय व्यवस्थापन समिति

समुदायको सहभागिता सम्बन्धमा राष्ट्रिय शिक्षा नीति (NEP) यस्तो छ- वर्तमान नीतिगत मुद्दाहरूमा सार्वजनिक राय, विचार र प्रतिक्रियाहरू संकलन गरी शैक्षिक सेवा प्रवाहका लागि सार्वजनिक बहस, छलफल चलाउने भूमिका शिक्षा मन्त्रालयको हुन्छ । विद्यालय व्यवस्थापनमा अभिभावकको सहभागिताको अर्थ विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक बैठक मार्फत नीति तथा निर्णय प्रक्रियालाई सहजीकरण गर्नु हो ।

शिक्षा मन्त्रालय भूटान २०१२ अनुसार उल्लिखित सदस्यहरू सहित विव्यस गठन हुन्छः

**भूटानी विव्यस संरचना**

जिल्ला शिक्षा अधिकारी ............................ अध्यक्ष
गाउँ प्रमुख ................................................ उपाध्यक्ष
गाउँ प्रतिनिधि ............................................ सदस्य
प्रअ, ......................................................... सदस्य सचिव
गाउँ माङ्ग आप, .......................................... सदस्य
सह प्रधान अध्यापक, ................................. सदस्य
वार्डेन, ....................................................... सदस्य
वरिष्ठ शिक्षक, ........................................... सदस्य
संरक्षक (सुसारे) .................................. ...... सदस्य
विद्यालय संयोजन विमर्शकर्ता .................. ... सदस्य दुई जना

व्यवस्थापन समितिले लिने कुनै पनि निर्णयमा जम्मा सदस्य संख्याको दुई तिहाइ सदस्य बैठकमा उपस्थित हुनुपर्छ । कुनै पनि निर्णयका लागि उपस्थित सदस्य संख्याको सामान्य बहुमत आवश्यक पर्दछ । यदि निर्णयको मत बाभिmएमा अध्यक्षको निर्णय अन्तिम हुन्छ । अप्रिल र डिसेम्बरमा गरी विव्यसको बैठक वर्षमा दुई पटक बस्ने गर्दछ र यो समितिको कार्य अवधि घटीमा १ वर्ष र बढीमा २ वर्षको हुन्छ ।

## ६. अफगानिस्तान

### ६.१. शैक्षिक व्यवस्थापन

तीन दशकदेखिको युद्धले अफगानिस्तानको शिक्षा पद्धति र शैक्षिक संस्थाहरूलाई विनाश गऱ्यो । सन् २००२ सम्म बालिकाहरू शिक्षाको पहुँचबाट वञ्चित थिए । त्यसपछि अन्तर्राष्ट्रिय दातृ निकायहरूको सक्रियतामा २०१३ सम्ममा २५ लाख बालबालिकाहरूलाई विद्यालयमा आउन सफल भए ।

अफगानिस्तानमा दुई भिन्न शिक्षा पद्धति लागू छ । पुरानो धार्मिक पद्धति हो, जहाँ मुल्लाहले गाउँका मस्जिदहरूमा पठनपाठन सञ्चालन गर्दछन् । यसमा कुरानका धार्मिक दृष्टिकोणहरू लेखाइ, पढाइ र गणित पढाइन्छ । अर्को अफगानिस्तानको १९६४को संविधानले गरेको निःशुल्क र अनिवार्य शिक्षाको पद्धति हो ।

सन् २००१ पूर्व तालिवानी शासनभित्र १० लाख भन्दा कम बालबालिका विद्यालय प्रवेश गर्दथे । अहिले ८६ लाख बालबालिका तथा युवा लाभान्वित भएको तथ्याङ्क छ (युनिसेफ २०११) । यसैमा अफगानी शिक्षा मन्त्रालयले शिक्षाको गुणस्तर सुधारका लागि युनिसेफको विश्वव्यापी कार्यक्रम "बालमैत्री विद्यालय" लाई बलियो गरी आत्मसात गरेको छ र समावेशीकरण, बाल केन्द्रित सिकाइ, सुरक्षित र स्वस्थ वातावरणको प्रावधान तथा समुदायसँगको साझेदारी जस्ता विषयहरूमा समष्टिगत दृष्टिकोण राख्दछ । त्यसैगरी विश्व बैङ्कले सन् २००४ देखि बालबालिकाहरूको गुणस्तरीय आधारभूत शिक्षामा पहुँचमा वृद्धि ल्याउनका लागि शैक्षिक गुणस्तर सुधार कार्यक्रमको विकास मार्फत सहयोग गर्दै आएको छ । यसरी हेर्दा सरकार र गैरसरकारी सेवा प्रदायकहरूले अफगानिस्तानमा औपचारिक शिक्षाको प्रवर्धन, चेतना अभिवृद्धि तथा स्थानीय शिक्षा व्यवस्थापन संरचना परिषदको स्थापना गर्नमा विविध अवधारणाहरू मार्फत सहयोग गर्दै आएका छन् । यसलाई सरकारी विद्यालयमा विव्यस पनि भनिन्छ ।

### ६.२. विव्यसको बनोट प्रक्रिया

विव्यसको काम शैक्षिक गुणस्तर सुधारको कार्यमध्ये विद्यालय र सरकारीबीचको दूरी न्यूनीकरण गर्दै स्थानीय स्तरका दैनिक शैक्षिक गतिविधि व्यवस्थापन गर्नु

हो । विव्यसको मुख्य उद्देश्य सार्वजनिक विद्यालयहरूलाई व्यवस्थापन र पर्यवेक्षणमा सहयोग पुऱ्याई सामुदायिक स्वामित्व मार्फत बालबालिकाको भविष्य र बालिका शिक्षा अभियानमा सहयोग प्रदान गर्नु हो । प्रत्येक समितिमा कम्तिमा ३०% महिला सहित १५ जना सदस्य हुन्छन्, जसको महीनावारी बैठक बस्ने गर्दछ । यस्तो समितिमा मुख्य गरी विद्यालयका प्रअ राजनीतिक नेता, अभिभावक, गाउँका बुजुर्ग समुदाय, स्वयंसेवक, समुदाय विकास समितिका सदस्य, शिक्षक तथा विद्यार्थी प्रतिनिधिहरू हुन्छन् ।

प्रत्येक समितिमा ३०% महिला प्रतिनिधिको व्यवस्था गरिएको भए तापनि उनीहरूको उपस्थिति दातृ निकायका लागि मात्र भएको देखिन आउँछ जबकि महिलाको सही सहभागिता निर्णायक भूमिकामा प्रतिबिम्बित हुन्छ । प्रत्येक समितिमा एउटा कार्य समिति र दुई उपसमितिहरू आर्थिक समिति र खरिद समिति हुन्छन् । समितिका सम्पूर्ण सदस्यहरू यिनै तीनवटा उप मितिहरूमा विभक्त हुन्छन् । ती समितिका सदस्यहरूको विभाजन साझा निर्णय प्रक्रियाबाट हुन्छ ।

## ७. माल्दिभ्स

### ७.१. शिक्षा व्यवस्थापन

द्वीपहरूमा दुई किसिमका शिक्षा प्रणालीहरू छन्- परम्परागत र आधुनिक । उनीहरूको शिक्षा ढाँचा ५+५+५ (प्राथमिक, मध्य र माध्यमिक) रहेको छ । माल्दिभ्समा ३ किसिमका विद्यालयहरू सरकारी, सामुदायिक र निजी रहेका छन् । माल्दिभ्स सरकारले विद्यालयको आकार हेरेर सामुदायिक र निजी विद्यालयहरूलाई केही निश्चित शिक्षक सहयोग, आर्थिक र भौतिक सहयोग गर्दछ । यसप्रकारले सामुदायिक र निजी विद्यालयहरू पनि क्रमशः सरकारी विद्यालयमा परिवर्तन हुँदैछन् । २०१३ मा ४३४ विद्यालय मध्ये १३ विद्यालय मात्र निजी क्षेत्रको रहेको पाइयो । (Samad, 2013)

### ७.२. आपतकालीन समितिको निर्माण

अन्य मुलुकले अभ्यास गरेको विव्यसको सट्टा माल्दिभ्सको शिक्षा मन्त्रालयले UNDP द्वारा सहयोग लिएर (School Emergency preparedness and

Response Guide) विद्यालय विपद तयारी निर्देशिका तयार गरेको छ र यसका साथै प्रत्येक विद्यलायलाई (Emergency Operations Plans and Procedure for Eachschool) विपदमा गर्नुपर्ने योजना र तरीका सम्बन्धी निर्देशिका प्रदान गरेको छ। अभिभावकको अगुवाइमा विपदका लागि तयारी गर्न सङ्कटको पहिचान, आवश्यक सामग्रीको तयारी गर्न अनिवार्य बनाएको छ।

विद्यालयमा सुरक्षा समिति, आपत्कालीन समिति र सञ्चालक समिति हुन्छन् जसअन्तर्गत निम्न बमोजिमका सदस्यहरू आपतकालीन समितिमा रहेका हुन्छनूः विद्यालयको प्रमुख अध्यक्ष, शिक्षक अभिभावक संघ उपाध्यक्ष, सबै पर्यवेक्षकहरू प्रधान अध्यापक, विभाग प्रमुख, वरिष्ठ विद्यालय प्रशासक, २-३ जना अभिभावक (वैकल्पिक) विद्यार्थी नेताहरू आदि । उनीहरूका साथसाथै प्राथमिक उपचार अधिकारी, सुरक्षा वार्डेन, विद्यालयका उपप्रमुख, वार्डेनहरूलाई पनि उपयुक्त, अधिकार र जिम्मेवारीका साथ समावेश गरिन्छ। त्यसै गरी राष्ट्रिय नीति निर्माण गर्ने अङ्ग विद्यालय सुरक्षा सल्लाहकार समिति पनि विद्यालयको सुरक्षा नीतिका लागि जिम्मेवारी हुन्छ । उक्त समितिले विद्यालय र समुदायलाई विपत्तिबाट सुरक्षित हुन सजग गर्दै सल्लाह र निर्देशन दिइन्छ । यस समितिमा शिक्षा, स्वास्थ्य र परिवार, अर्थ, आवास, यातयात तथा वातावरण, गृह र राष्ट्रिय रक्षा मन्त्रालयहरू, बाल माल्दिभ्स, मौसम सेवा माल्दिभ्स, राष्ट्रिय विपत्ति व्यवस्थापन केन्द्र र प्रहरी सेवा माल्दिभ्सको प्रतिनिधित्व रहने गर्दछ।

केही विद्यालयहरूमा शिक्षक अभिभावक संघ निकै क्रियाशील रहेका पाएका छन् तर संख्यात्मक रूपमा एउटै नभई विविधता रहेको पाइएको छ।

## ८. बंगलादेश

### ८.१. शिक्षाको संरचना

बंगलादेश सरकार शिक्षालाई गरीबी न्यूनीकरण र बालबालिकाको गुणस्तरीय जीवनमा सुधार ल्याउने एक महत्त्वपूर्ण माध्यमका रूपमा ठान्दछ । त्यसैले बंगलादेशले प्राथमिक तथा माध्यमिक तहका भर्नामा लैङ्गिक समता हासिल गर्न प्रतिबद्धता गरेको छ । बंगलादेशको शैक्षिक संरचना ५ प्राथमिक, ७ माध्यमिक (३ जुनियर, २ माध्यमिक र २ उच्च माध्यमिक) तहमा विभाजित छ। यहाँको सम्पूर्ण शैक्षिक पद्धतिको जिम्मेवारी शिक्षा मन्त्रालय र प्राथमिक

तथा जन शिक्षा मन्त्रालय अन्तर्गत रहेको छ । प्राथमिक शिक्षा पछिका धार्मिक, प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि त्यहाँको शिक्षा मन्त्रालय नै प्रमुख जिम्मेवार रहन्छ । शिक्षा मन्त्रालयले नै शैक्षिक संस्थाहरू सम्बन्धी कानून, नियमहरू तयार पार्दछ । नीति बनाउने र पर्यवेक्षण अनुगमन पनि गर्दछ । त्यसैगरी प्राथमिक तथा जन शिक्षा मन्त्रालय (Ministry of Primary and Mass Education (MoPME) निःशुल्क आधारभूत शिक्षा र अनौपचारिक शिक्षाका लागि जिम्मेवार हुन्छ (बंगलादेश २०१२) । प्राथमिक शिक्षकका शिक्षा, शिक्षक तालिम र प्राथमिक शिक्षा सम्बन्धी गरिने सम्पूर्ण अध्ययन अनुसन्धान लगायतका कार्य प्राथमिक शिक्षाका लागि राष्ट्रिय प्रतिष्ठान (National Academy for Primary Education - NAPE) अन्तर्गत पर्दछ ।

निम्न माध्यमिक तह उत्तीर्ण गर्ने वित्तिकै विद्यार्थीहरूले चाहेमा प्राविधिक शिक्षामा प्रवेश गर्न सक्छन् । नेपालको प्रवेशिका परीक्षा जस्तै बंगलादेशमा पनि दशौं कक्षाको अन्त्यमा माध्यमिक शिक्षा पूरा हुन्छ । बंगलादेशमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा सञ्चालनका लागि ७ वटा समितिहरू रहेका छन् । नेपालमा जस्तै विद्यार्थीहरूले कक्षा ११मा शिक्षा व्यवस्थापन विज्ञान जस्ता विभिन्न विषयहरू छान्न विद्यार्थीहरू स्वतन्त्र हुन्छन् ।

विद्यालय शिक्षा सुधारका लागि विभिन्न परियोजना र कार्यक्रमहरूसँगै आधारभूत शिक्षामा PoPME अन्तर्गत व्यवस्थापन समिति रहने व्यवस्था छ तर यस सम्बन्धमा मुन (२०१४) लेख्छन्- "ग्रामीण क्षेत्रमा विव्यसहरू निष्प्रभावी छन् । साथै, अधिकांश सदस्यहरू बीचैमा विद्यालय छाड्ने प्रवृति रोक्ने र भर्नादर वृद्धि गर्ने कार्यमा केही पनि गर्दैनन् । अधिकांश सदस्यहरू विद्यालयको अनुगमनमा उल्लेख भूमिका खेल्दैनन् ।"

## ८.२. **विद्यालय व्यवस्थापन समितिको गठन**

बंगलादेशमा सरकारी विद्यालयहरू राज्यबाट आर्थिक अनुदान प्राप्त गरी स्थानीय विद्यालय व्यवस्थापन समितिद्वारा व्यवस्थापन गरिएका हुन्छन् । धेरै स्थानीयहरू एवम् शिक्षकहरू विव्यसले शिक्षकहरूको अनुगमनमा शिक्षा अधिकृतहरूसँग सहयोगी भूमिका खेल्न सक्ने विश्वास गदर्छन् । त्यस्तै मानव संसाधन व्यवस्थापन, महिला शिक्षकहरूको रोजगारी तथा स्थानीय आर्थिक

स्रोतको व्यवस्थापन क्षमतामा समेत उल्लेखनीय भूमिका खेल्न सक्छन् र स्थानीय स्तरमा संकलित कोषको साझेदार खाता सञ्चालकको भूमिका पनि निर्वाह गर्न सक्दछन् ।

बंगलादेशको विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन प्रक्रिया धेरै हदसम्म नेपालसँग मिल्दोजुल्दो रहेको छ। विव्यसको प्रमुख समुदायबाट चुनिने, प्रधानअध्यापक सदस्य सचिव रहने र स्थानीय अधिकारी, शिक्षा शास्त्रीहरू र स्थानीय गैरसरकारी संस्थाको सदस्यहरू विव्यसमा रहने व्यवस्था रहेको छ। प्राथमिक तहमा मात्र विव्यस रहने यस्तो समिति रहने व्यवस्था छ।

बंगलादेशमा विव्यस र शिक्षक अभिभावक संघको गठन सम्बन्धी व्यवस्था तेस्रो विकास योजना (१९८५-१९९०) बाट भएको हो । तथापि Mamun (2014) को एक अध्ययनले के देखाउँछ भने यसका सदस्यहरूमा आफ्नो भूमिका र जिम्मेवारीको बारेमा जानकारी नरहेका कारण उनीहरू अत्यन्तै कम मात्रामा विद्यालय पुग्ने र नियमित बैठकहरू सञ्चालन गर्दछन् । तुलनात्मक रूपमा पुरुष प्रधानअध्यापक भन्दा महिला प्रधानअध्यापकले समितिको सदस्य सचिवको रूपमा विव्यसको नियमित बैठक, सदस्यहरूको नियमितता तथा शिक्षक अभिभावक संघ र आमाहरूको सभा सञ्चालनमा उल्लेखनीय भूमिका निर्वाह गरेको पाइन्छ।

## ९. मुख्य भिन्नता र समानताहरू

समयाभावले सबै देशका सबै पक्षहरूको अध्ययन गर्न सम्भव भएन। उपलब्ध गर्न सकिएसम्मका सूचनाहरू संग्रह गरी हेर्दा देखिएका मूल समानता र भिन्नता अनुसूची १ मा उल्लेख गरिएको छ।

दक्षिण एसियाका सबै देशमा विद्यालय व्यवस्थापन समितिहरू रहेका छन् । यीमध्ये भूटानमा चाहिँ जिल्ला शिक्षा अधिकारी नै यसका अध्यक्ष रहेका छन् । श्रीलङ्काबाहेक अरू सबै देशमा जनसमुदायका प्रतिनिधिहरू समितिका अध्यक्षमा रहेको देखिन्छ। श्रीलङ्कामा चाहिँ प्रधान अध्यापक नै समितिको अध्यक्ष रहने व्यवस्था छ। भारतसहित श्रीलङ्कामा पनि विद्यार्थी प्रतिनिधि पनि रहन सक्छन् ।

कार्यकाल सबैजसोमा १-२ वर्ष नै रहेको छ नेपालको अनुभवमा यो कार्यकाल अलि छोटै हो ।

नेपाल, भारत, पाकिस्तान र अफगानिस्तानमा महिलाको प्रतिनिधित्वमा निकै जोड दिइएको देखिन्छ । बंगलादेश गैससहरूको देश हो, विव्यसमा पनि यसको प्रतिनिधित्व रहेको छ ।

सबै देशमध्ये सुरक्षा, आपतकालीन र व्यवस्थापन गरी तीन किसिमका समितिको व्यवस्था माल्दिभ्समा भएको देखिन्छ । बढी विपत् आइपर्न सक्ने सम्भावनाहरूलाई हेर्दा यो व्यवस्था स्वाभाविक नै देखिन्छ ।

यहाँ उल्लेख गरिएका विभिन्न पक्षहरूका फाइदा र बेफाइदाहरूको तुलनात्मक अध्ययन गरी एक आपसबाट सिक्नु महत्त्वपूर्ण देखिन्छ । आशा छ, जिज्ञासु विद्वतवर्ग र सरोकारवालाहरूले यो प्रयत्न सार्थक बनाउनु हुनेछ ।

## अनुसूची १: दक्षिण एशियाली देशमा विद्यालय तहको व्यवस्थापनः तुलनात्मक विवरण

| क्र.सं. | देश | विद्यालय संरचना | तह | विद्यालय व्यवस्थापन | | अध्यक्षता | कार्यकाल | विशेष /नयाँ |
|---|---|---|---|---|---|---|---|---|
| | | | | संरचना प्रतिनिधित्व | सदस्य संख्या | | | |
| १. | नेपाल | आधारभूत तह ०-८ कक्षा<br>माध्यमिक तह९-१२ कक्षा | २ | -अभिभावक<br><br>-मनोनित<br>-पदेन | ४ जना<br>(१ महिला)<br>३ जना<br>२ जना<br>जम्मा ९ जना | अभिभावक मध्येबाट अध्यक्ष | २ वर्ष | -सदस्यहरू मध्येबाट अध्यक्ष चयन |
| २. | भारत | कक्षा १-५<br>कक्षा १-८<br>कक्षा १-१०<br>कक्षा १-१२ | ४ | -अभिभावक<br><br>-स्थानीय अधिकारी, शिक्षाविद्, शिक्षक र विद्यार्थी | ७५%(महिला ५०%)<br>२५%<br>खास संख्या नतोकिएको | अभिभावक मध्येबाट अध्यक्ष | बैठक वर्षमा कम्तिमा २ पटक | -गैरसरकारी तथा सामुदायिक संस्थाको प्रतिनिधित्व रहने |

| क्र.सं. | देश | विद्यालय संरचना | तह | विद्यालय व्यवस्थापन | | अध्यक्षता | कार्यकाल | विशेष ⁄ नयाँ |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **संरचना प्रतिनिधित्व** | **सदस्य संख्या** | | | |
| ३. | पाकिस्तान | प्राथमिक १-५ कक्षा<br>निम्नमाध्यमिक ६-८ कक्षा<br>माध्यमिक ९-१० कक्षा<br>मध्यवर्ती ११-१२ कक्षा | ४ | -धार्मिक नेता<br>-अभिभावक | ३-४ जना<br>जम्मा<br>७-८ | धार्मिक<br>नेताबाट<br>मनोनित | १२-१८<br>महिना | -जिल्ला शिक्षाद्वारा विव्यसलाई प्राविधिक सहयोग र मार्गदर्शन<br>- छात्रा विद्यालयमा महिला सदस्य अनिवार्य अन्यमा अनिवार्य नभएको |
| ४. | श्रीलंका | प्राथमिक तह<br>निम्नमाध्यमिक तह<br>माध्यमिक तह | ३ | प्रधानअध्यापक १<br>सहायक प्रअ १<br><br>शिक्षक,<br>पूर्वविद्यार्थी,<br>अभिभावक,<br>शिक्षा अधिकारी | १<br>१ | प्रधान<br>अध्यापक | | विद्यालय विकास समिति भनिन्छ |
| ५. | भूटान | प्राथमिक १-७ कक्षा<br>माध्यमिक ८-११ कक्षा<br>उच्च माध्यमिक (१ देखि २ वर्षको) | ३ | मनोनित -२<br>पदेन- ९ | जम्मा ११ | जिल्ला शिक्षा<br>अधिकारी | १-२<br>वर्ष बैठक<br>वर्षमा २<br>पटक | |

| क्र.सं. | देश | विद्यालय संरचना | तह | विद्यालय व्यवस्थापन | | अध्यक्षता | कार्यकाल | विशेष /नयाँ |
|---|---|---|---|---|---|---|---|---|
| | | | | संरचना प्रतिनिधित्व | सदस्य संख्या | | | |
| ६. | अफगानिस्तान | | २ | प्रअ, अभिभावक, शिक्षक, विद्यार्थी, बुजुर्ग, समुदाय विकास समितिका सदस्य, राजनीतिक नेता | १५ (३० प्रतिशत महिला) | | बैठक मासिक १ पटक | -उपसमितिको व्यवस्था |
| ७. | माल्दिभ्स | प्राथमिक १-५ कक्षा<br>मध्य<br>माध्यमिक | ३ | | | | | -सुरक्षा, आपतकालीन र सञ्चालक गरी ३ समितिकोव्यवस्था<br>सरकारी, सामुदायिक र निजी ३ किसिमका विद्यालय<br>-शिक्षक अभिभावक संघ भएको |
| ८. | बंगलादेश | प्राथमिक १-५ कक्षा<br>माध्यमिक ६-१२ कक्षा | २ | अभिभावक, प्रअ, स्थानीय अधिकारी, शिक्षाविद्, स्थानीय गैरसरकारी संस्थाका प्रतिनिधि | | अध्यक्ष समुदायबाट चुनिने | | -प्राथमिक तहमा मात्र विव्यस रहने व्यवस्था<br>विव्यसमा गैरसरकारी प्रतिनिधि अनिवार्य सदस्य<br>शिक्षक अभिभावक संघ भएको |

## सन्दर्भ सामग्री


Amiri, S. M. H. (2015). *Creating a school Management committee*. Academia. From: https://sss. academia. edu

Arachchi, C. K. (n. d). *Decentralization and role of school development committee (SDC) in the public schools in Sri Lanka: Case study in the Colombo District*. Department of Social Science Education, Faculty of Education, University of Colombo.

Education in Afghanistan. (n. d). From: www.afgnanistans.com/information/people/education.html

Education. (2010). *History of Education in Nepal*. Retrieved from: http://educatiion-sabita. blogspot.com/2010/08/history-of-education-in-nepal. html

EQuIP, Semi Annual Report (2013). Ministry of Education. Islamic Republic of Afghanistan.

Fulbright. (n. d). From: www.fulbrightsrilanka.comSchool

Gandhi, L. (2014). Report Finds Poor Education Is Holding South Asia Back. Retrieved from: http://www.nbcnews.com/news/asian-america/report-finds-poor-education-holding-south-asia-back-n146756

Guide for School Emergency Operations Plan (SEOP, Maldives- 2009). Ministry of Education. Maldives.

Indians. (2014). from: http://www.everyculture.com/wc/Germany-to-Jamaica/Indians.html

Literacy Rate in India. (2015). From: http://www.indiaonlinepages.com/population/literacy-rate-in-india. html

Mamun, A. A. M. (2014). *Assessing the Effectiveness of School Management Committees (SMCs) in improving Governance of Primary Schools in Bangladesh: A Case study of Selective SMCs at Gouripur Upazila in Mymensingh District*. Dissertation. University of Dhaka.

McLead, J. (2002). *The History of India.* Greenwood Publishing Group. ISBN-978-0-313-31459-9.

Ministry of Education. (2013). *Education First Sri Lanka*. From: www.moe.gov.lk.

Ministry of Education: National Education Policy (2012). *Education for GNH.*

Mustafa & Petrick, S. (2015). *Quality Management System in School (QMSiS): an Indonesian example for improving quality at vocational schools*. In: TVET@Asia, issue 4, 1-16. Online: http://www.tvet-online.asia/issue4/mustafa_petrick_tvet4. pdf.

National University of Educational Planning and Administration. (2006). Deputy Publication Officer, New Delhi. From: www.nece-pa.org/book2.htm/110016

Nepal Nepali. (2015). *About Nepal: Introduction and Information of Nepal*. From: http://www.imnepal.com/nepal-tourist-tourism-places/

Pakistan. (2014). from: www.infoplease.com/country/pakistan.html

Samad, RSBA. (2013). *Parental involvement in school Management: Teachers' view*. Life Science Journal. Vol. 10 (2).

School Management System (SMC). From: https://www.expatads.com

The World Bank Group. (2015). *An improved Sri Lanka school system through an empowered school community*. From: www.worldbank.org.

The World Bank. (2013). Brief Education in South Asia.

The World Bank. (2014). *How to fix poor quality education in south Asia*. Retrieved from: http://www.worldbank.org/en/news/feature/2014/06/30/how-to-fix-poor-quality-education-in-south-asia

Tribhuvan University Research Centre for Educational Innovation and Development. (CERID, 2003). *School Improvement Plan and Its Implementation*. Tripureshwar, Kathmandu, Nepal.

Ugyen & Cokl, U. (2010). *The education system in Bhutan and Austro-Bhutanese Development and research cooperation*.commission for Development Studies.

UNESCO. (2014). *SMC's role*. Crucial in effective delivery of education in Federal Nepal. UNCSCO office in Kathmandu. From: www.unesco.org

UNICEF (2011). Factsheet. Afghanistan Country Office. Education.

UNICEF. (2009). Overcoming barriers to Girls' education in South Asia.

UNICEF. (2011). *Disparities in Education in South Asia*. A resource tool kit

USAID (2015). *Education*. From: https://www.usaid.gov/afghanistan/education

USAID. (2010). *School Management Committee/Parent Teacher Council: Experience in capacity building of local institutions and their contributions to education in earthquake affected Pakistani Committees*. From: www.air.org

Wijesiriwardena, P. (2011). *Sri Lanka government undermines public education*. World Sociologist website. From: http://www.wsws.org

World Bank (2011). *Hidden Crises: Armed conflict and Education*. https://books. google.com.np/books?isbn=9231041916

# भाग २
# सेमिनार कार्यविधि

# सेमिनार कार्यविधि

## क. स्वागत तथा सेमिनारको उद्देश्य

### अ. पृष्ठभूमि

विद्यालय व्यवस्थापन समितिका बारेमा साझा धारणा र दृष्टिकोण बनाउने उद्देश्यका साथ **सामुदायिक विद्यालय व्यवस्थापनः हिजो, आज र भोलि** विषयक राष्ट्रिय सेमिनार २०७३ वैशाख २० गते काठमाडौँमा आयोजना गरिएको थियो। कार्यक्रमको तालिका र कार्यक्रमका सहभागीहरुको विवरण अनुसुचीमा छ।

हाम्रो देशमा अभिभावकको भूमिकाबारे साह्रै कम कुरा गरिने शिक्षाको विषय हो। कुरा गर्ने केहीले यसलाई लालनपालनको भूमिकामा सीमित गर्छन् त कसैले यसलाई विद्यालय भवन बनाउँदा श्रमदान गर्ने रूपमा बुझ्दछन्। सरकारी तथा गैरसरकारी अनुदान प्राप्त हुन थालेपछि श्रमदान गर्ने भन्ने कुरा पनि बिलाउँदै गयो। सचेत 'लालनपालन' को मतलब पनि थप 'ट्यूसन' व्यवस्था गर्ने अभिभावकमा सीमित भएको छ।

मोटामोटी रूपमा शिक्षाको राष्ट्रियकरण हुनु अघिसम्म (वि.सं २०२० को दशकको अन्त्यतिर) विद्यालय तहको शासकीय स्वरूप विविध प्रकृतिको थियो र 'परवरिस' केही 'पढा-लिखा' अभिभावकहरूबाट हुनेगर्थ्यो। आफू सक्षम नभएका अवस्थामा अभिभावकहरूले शैक्षिक 'परवरिस'का लागि आफूभन्दा जान्ने नातेदार, छिमेकी, लामा, पुरोहित, मौला वा स्थानीय जमिन्दार या मुखियाको मद्दत लिन्थे। एक हदसम्म प्रधानाध्यापक सहित

विद्यालय सञ्चालनको जिम्मा मूलतः गाउँठाउँका टाठाबाठाले लिन्थे । राष्ट्रियकरण पछिका दिनहरूमा नेपालको शिक्षा नीतिले 'परवरिस' र शासकीय दुवै भूमिकाको प्रावधानहरू खडा गऱ्यो । सम्बन्धित विद्यालयका केटाकेटी पढाउने अभिभावकका प्रतिनिधिका रूपमा विद्यालय व्यवस्थापन समिति र शैक्षणिक चाँजोपाँजो मिलाउन शिक्षक अभिभावक संघको व्यवस्थापन भएको छ ।

यथार्थमा अभिभावकको प्रतिनिधित्व सीमित प्रयोजनमा लिइएको देखिन्छ । यदि गैरविद्यालयीय प्रयोजनमा चाख रहेनछ भने मानौँ विव्यसका अध्यक्षको भूमिका नै मात्र बैङ्कको चेक र बैठकको निर्णयमा सहि गर्नु हो । बेलाबेलामा शिक्षकहरूले विव्यसलाई लटपट्याइएका आरोपहरू पनि सुन्नमा आउँछन् । कतिपय विव्यसका अध्यक्ष बाहेकका अन्य पदाधिकारीहरूलाई आफू सदस्य रहेको हेक्का समेत हुँदैन । 'सक्रिय' भए भने पनि 'अनपढ' र असचेत भनेर उनीहरूको वास्ता गरिन्न भन्ने कति विव्यसहरूको गुनासो र आक्रोश पनि छ । सङ्गठित नभएका यस्ता विव्यसहरूलाई आफ्ना कानून प्रदत्त अधिकार र प्रभावहरू अभ्यास गर्न सङ्गठित र शक्तिशाली शिक्षक र कर्मचारीतन्त्रका सामु ठूलो चुनौती छ । केही विव्यसहरूले शक्ति र पदको दुरूपयोग गरेको अभियोगमा सबै विव्यस आफ्नो शक्ति गुमाउने क्रममा पनि देखिन्छन् ।

यति हुँदाहुँदै पनि विव्यसहरू स्थानीय स्वशासन र नागरिक समाजका अङ्गका उदाहरणीय अभ्यासका रूपमा रहेका छन् र सर्वत्र सार्वजनिक शिक्षाका आशाका किरणका रूपमा देखिन्छन् । नेपालमा सामुदायिक विद्यालय ओरालो लाग्नुमा तोडिएको विद्यालय र समुदायबीच रहेको सम्बन्ध जिम्मेवार रहेको कुरामा धेरै सहमत छन् । निकै विवादास्पद रहे पनि सरकारले विद्यालय समुदायलाई 'हस्तान्तरण' गरेर सम्बन्ध जोड्ने प्रयत्न गऱ्यो तर एक पटक चुँडिएको विद्यालय र समुदायबीचको लहरो सजिलै जोडिने कुरा थिएन । यस्तो सम्बन्ध पुनर्स्थापना गर्न विव्यसको कानूनी प्रावधान मात्र पर्याप्त थिएन । अहिले पनि कति विव्यसलाई 'घाँडो' मान्दछन् भने कति यसैलाई सार्वजनिक शिक्षाको 'मुक्तिदाता' ठान्छन् । यसबारे वस्तुनिष्ठ अनुसन्धान र अनुभवको अभिलेखीकरण भएको छैन ।

### आ. कार्यशालाको शुरुवात

यसै पृष्ठभूमिमा विभिन्न दृष्टिकोणबाट विचार र अनुभवहरू संश्लेषण गरी सम्बन्धित सरोकारवालाहरूलाई सुसूचित निर्णय गर्न सहयोग गर्ने दृष्टिकोणले यो राष्ट्रिय सेमिनार आयोजना गरिएको हो । यसमा विव्यस आफैँ र त्यो विषयसँग सम्बन्धित विभिन्न दृष्टिकोणबाट विद्यालयको शासकीय स्वरूप, त्यसमा भइरहेको अभ्यासलाई सैद्धान्तिक र व्यावहारिक रूपमा प्रस्तुत गरिएका छन् । सेमिनारमा प्रस्तुत भएपछि कार्यपत्रहरू त्यहाँबाट प्राप्त प्रतिक्रियाहरू समावेश गरी कार्यविवरण समेत प्रकाशनमा ल्याउने आयोजकहरूको अभिप्राय रहेको बताउँदै कार्यक्रमको शुरूवात गरिएको थियो ।

## ख. पूर्ण सभा १

### अ. मुख्य सम्बोधन

## विद्यालय सुशासन र अभिभावक (डा. मनप्रसाद वाग्ले)

वहाँले विद्यालय आफैमा सुशासित संस्था हो । यसभित्र स्कूल स्वायत्तता, स्कूल छनौटमा अभिभावकलाई अवसर, स्कूल भित्र निजी र सार्वजनिक सरोकारवालाको पहुच, प्रधानाध्यापकको व्यवस्थापन र नेतृत्व तथा अभिभावकको संलग्नता रहेको बताउनुभयो । सामुदायिक विद्यालयहरू राजनैतिक विचारले गठित संगठनहरू मार्फत ध्वस्त हुँदै गएको स्थिति चित्रण गर्दै प्रधानाध्यापक र व्यवस्थापन समितिलाई पालिराख्नु उचित हो भन्ने प्रश्न गम्भीर रहेको बताउनुभयो । वहाँले अभिभावकको संलग्नता स्कूल गभर्नेन्सको प्रमुख अङ्ग भए पनि अभिभावकको भेला विद्यालयको आर्थिक जोहोको मात्र कारण बन्न थालेपछि अभिभावकहरू विद्यालय नै नछिर्ने निर्णयमा पुग्नु असफल गभर्नेन्सको परिचय भएको ठहऱ्याउनुभएको थियो ।

नीतिगत दोहोरोपनले पनि स्कूल गभर्नेन्स अगाडि बढ्न नसकेको हो । सबै कुरा सरकारले गरिहाल्छ हामी किन चाहियो भन्ने स्थानीय र अहिलेको भद्रगोल अवस्था कसरी सुध्रने प्रश्न छ। विद्यालय कसको ? सरकारको, शिक्षा मन्त्रालयको, जनताको, प्रधानाध्यापक वा व्यवस्थापन समितिको ? प्रश्न गर्दै विद्यालयको नेतृत्व स्थानीय तहमा नपुगेसम्म स्कूल गभर्नेन्स अधुरो रहने कुरा बताउनुभएको थियो । विद्यालय गभर्नेन्सकै कमजोरीका कारण विद्यालय तहमा लगानी खेर गइरहेको कुरामा पनि सजग गराउनुभएको थियो ।

## आ. कार्यपत्रहरू

### १. विद्यालयमा अभिभावकको सहभागिताः आवश्यकता, व्यवधान र निकास

(**टीका भट्टराई**)

वहाँले हाम्रो देशमा अभिभावकका बारेमा पर्याप्त चिन्तन र चर्चा नभएको तर विद्यालयमा शैक्षणिक र गैरशैक्षणिक (राजनैतिक) दुवै दृष्टिले अभिभावकको सहभागिता महत्वपूर्ण रहेको कुरा बताउनुभयो। विद्यालय सञ्चालन र सुधारमा धेरैभन्दा धेरै ध्यान भौतिक पक्षमा रहेका कारण मानवीय पक्षको महत्व घट्दै गएको तथ्य राख्नुभयो । सामुदायिक विद्यालय खस्कँदै जानुमा शिक्षकको दलीय संलग्नता र राजनैतिक संरक्षण अनि विद्यालय र समुदायको सम्बन्ध विच्छेद हुने परिस्थिति जिम्मेवार रहेको कुरा बताउनु हुँदै विद्यालय सुधारमा शिक्षकको प्रतिरोध र अभिभावककै आत्मलघुता अभिभावक सहभागिताका मुख्य व्यवधान रहेको बताउनुभयो । यसको निकास भनेको सामुदायिक विद्यालयप्रतिको जनविश्वास फर्काउनु हो जसका लागि राजनैतिक सहमतिको खाँचो छ। सङ्गठित रूपमा अभिभावकका आवाज सुनिने बनाउनु आवश्यक छ। विद्यमान विद्यालय व्यवस्थापन समितिहरू अभिभावकका प्रतिधिनिधिका रूपमा सङ्गठित भएमा आफ्ना अधिकार र कर्तव्यप्रति स्वयं जिम्मेवार हुन सक्छन् । सामुदायिक विद्यालय सुधार गर्ने राजनैतिक सहमतिका लागि दबाब दिन पनि सक्छन् । उनीहरू सङ्गठित हुन मद्दत गर्नु अहिलेको प्राथमिक कार्यदिशा देखिन्छ तर उनीहरू चाहिँ दलका दलदलमा फस्नबाट कसरी बँच्न सक्छन् त्यो प्रमुख चासोको विषय रहेको बताउनु भएको थियो ।

### २. व्यवस्थापन समितिः पाल्ने कि बदल्ने ?

(**डा. विद्यानाथ कोइराला**)

शिक्षकको विकल्प शिक्षकनै हो । व्यवस्थापक को हुने ? सबै शिक्षक, अभिभावक, स्रोत केन्द्र, जिल्ला शिक्षा कार्यालय, प्रधानाध्यापक सबै संलग्न छन् तर जिम्मेवार भने कोही छैनन। व्यवस्थापन समिति नभए पनि हुन्छ। तर शिक्षकको दिमागी संरचना चाहिँ बदलिनु पर्छ। शिक्षामा किताब, सामग्री, नीति मात्र बदल्नुभन्दा मानिसको नियत बदल्नु विद्यालय सुधार हो। केही ठाँउमा प्रअ र विव्यसबीच सहकार्य राम्रो भए पनि थुप्रै ठाउँमा विव्यस कर्तव्यमुखी हुन

छाडेका छन् । विद्यार्थीलाई परेको अफ्ठेरो, शिक्षकको समस्या, शिक्षकलाई तालिम पो दिनुपर्ने हो कि यसतर्फ समितिलाई चासो नरहेको कुरा कार्यपत्रमा आएको थियो ।

वहाँले स्कूलैपिच्छे व्यवस्थापन समिति पाल्नु भन्दा सरकारको तहमा एकल व्यवस्थापन समिति बनाउने र विद्यालय तहमा उपभोक्ता समिति बनाए काफी हुने र यस अर्थमा यो शक्ति विकेन्द्रीकरणको सिद्धान्त अभ्यास हुने बताउनुभयो। विद्यमान व्यवस्थापन समितिका व्यक्तिका तागतहरूको आधारमा स्रोत व्यक्तिहरूको रोष्टर तयार पार्नुपर्ने अर्को काम वहाँले बताउनुभयो । विकल्प दिँदै वहाँले व्यवस्थापन समिति राख्नै पर्ने भए शिक्षक, विद्यार्थी र अभिभावकसँग एकल वा बहुपक्षीय संवादलाई संस्थागत गर्नुपर्ने, स्कूलपिच्छे व्यवस्थापन समिति राख्नु परे कर्तव्योन्मुख समिति मात्रै राख्ने जसले शिक्षकलाई सघाउने जिम्मेवारीको कुरा गर्ने हुनुपर्छ किनकि भर्ना गर्ने अर्कै, तलब दिने अर्कै । खटनपटन गर्ने अर्कै । किन टेर्छन् शिक्षकले व्यवस्थापन समितिलाई ? केको रहरमा अधिकार चाहियो र ? वहाँको भनाइ रहेको थियो।

## ३. नेपालमा विद्यालय सञ्चालनः सैद्धान्तिक र व्यावहारिक पक्ष

(**भोलाप्रसाद दाहाल**)

शिक्षाको विकास र विस्तारदेखि शिक्षामा योजनाबद्ध विकासका साथै विव्यसको काम, कर्तव्य, विद्यालय सुधारमा थप संरचनाबारे दाहालले चर्चा गर्नुभएको थियो । राजनीति शिक्षामा भयो जुन शिक्षाका लागि भएन जसका कारण शिक्षाका नीतिनियमहरू ओझेलमा परेको कुरा वहाँले बताउनु भएको थियो । टप डाउनलाई बटम अप गर्न सके केही सम्भावनाहरू रहेको भन्दै अहिले विद्यार्थी विद्यालयसम्म ल्याउने काममा मात्र जोड दिइएकोमा अब विव्यसलाई विद्यार्थी ल्याउने, टिकाउने, सिकाउने र बिकाउने कुरामा जिम्मेवार बनाउन सक्नुपर्नेमा जोड दिनुभयो । विद्यालयका योजनाहरू भए पनि कार्यान्वयन नभएको, प्रअले कर्तव्य निर्वाह गरेका ठाउँमा विद्यालय सप्रेको र नगरेकामा बिग्रेका छन् भन्दै स्रोतव्यक्ति र शिक्षक अभिभावक संघले पनि काम नगरेको कुरा वहाँले उल्लेख गर्नुभयो । (यसको लिखित कार्यपत्र यो सङ्कलनका लागि उपलब्ध हुन सकेन ।)

### इ. कार्यपत्रमाथि टिप्पणी तथा छलफल

पूर्ण सभामा ३ वटा कार्यपत्र प्रस्तुतिपछि सबै कार्यपत्रमा **लवदेव अवस्थीले** टिप्पणी गर्नुभएको थियो। कार्यपत्रमा खरा शब्दहरूको चयनले राम्रा कामहरू ओभेलमा परेको देखियो। राम्रा कामहरूको उल्लेख पर्याप्त उल्लेख नगरी नकारात्मक कुराले प्राथमिकता पायो। विव्यस भनेको समुदायको प्रतिनिधि हो। विव्यसकै कारणले विद्यालय चलेको विगतको अनुभव रहेको र विद्यालयको उठान बिन्दु भनेकै विव्यस रहेको कुरा बताउनु भयो।

खुला छलफलमा सहभागीहरूको निम्न प्रतिक्रियाहरू रहेका थिए :

**दीर्घलाल गिरी**: हाम्रो देशको शिक्षा नीति वैदिक नीति, परम्पराबाट तय भएको पाइँदैन। भएका शिक्षा ऐन कानून, नीति नियमावली आयातित छन्। हाम्रो देश विदेशीहरूको परीक्षण स्थल भएको छ। पहिले शिक्षा दान र स्वयंसेवी रूपमा प्रदान गरिन्थ्यो। स्वयंसेवी भावनाको विकास गराउने कुरा कहीँ कतै उल्लेख नभएकोले अहिले नेपालीहरूमा स्वयंसेवी भावना नै हट्दै गएको छ।

**कृष्ण थापा**: कार्यपत्रमा अलि धेरै बिग्रिएका विव्यसहरूको मात्र उदाहरणले विव्यसलाई अलि निराश पारेको र खराबको मात्र कुरा गरेर निराश नपारि दिए राम्रो हुने सुझाव डा. कोइरालालाई दिनुभएको थियो।

**राजकुमार थापा**: हाम्रो विद्यालयमा विव्यसका ५ जना पदाधिकारी र ४ जना कार्यरत शिक्षकहरूका छोराछोरीहरू पढ्छन् जसले गर्दा हाम्रो विद्यालय राम्रो छ। हामी विद्यालयप्रति जिम्मेवार छौँ। विद्यालयले एसएलसीमा राम्रो नतिजा ल्याएको छ। त्यसैले विव्यस र शिक्षकहरूले आफ्ना छोराछोरीहरू आफ्नै विद्यालयमा पढाउने हो भने पनि विद्यालयमा अवश्य सुधार हुन्छ भन्दै डा. कोइरालाको कार्यपत्रमा अहिलेको विव्यसको प्रावधान र भूमिका प्रभावकारी नभएको र फेर्नु पर्छ भन्ने कुरामा असहमति राख्दै शिक्षा नियमावलीअनुसार ५ वर्षे कार्ययोजना बनाएर प्रधानअध्यापक भएका विद्यालय खोइ ? प्रअहरू राजनैतिक दलबाट राखिएका हुन्छन्। उपत्यकाका ३०० प्रअहरूमध्ये कति जना सक्षम छन् ? देखाउनुहोस् भन्दै आक्रोश व्यक्त गर्नुभयो।

**हरिकला श्रेष्ठ**: विद्यालयका व्यवस्थापनका अनगिन्ति काम छन्। अझ महिला अध्यक्ष हुनुका समस्या अनेक छन्। महिला असक्षम हुन्छन् भन्ने बनाउने बोलीव्यवहार र चालहरूको सामना गर्नुपर्छ। विना तलबभत्ता

अपजस मात्रै पाइने त्यस्तो समितिमा बस्न नपरे पनि हुन्छ भन्छु । लिम्बूवानले सताउँछ । प्रअ, शिक्षकहरू विद्यालय बन्द गर्न तम्सिन्छन् । उनीहरूसँग हामीले नै छलफल गरेर विद्यालय खुलाएका छौँ । प्रअले सरुवा भएर विद्यालय छाड्दा ५२ हजारको चिया खाएको बिल पेश गर्‍यो तर शिक्षकहरूले कसैले चासो राखेनन समितिले नै छानविन गर्नुपर्‍यो । वहाँको अनुभव थियो ।

**खड्कबहादुर शाह**ः सबै लगानी राज्यले गरे विव्यस आवश्यक छैन । सबैले सामुदायिक विद्यालयमा छोराछोरी पढाए विद्यालय आफै सुध्रिन्छ । अहिलेको अवस्थामा सरकारी कर्मचारीहरू र दलका नेताहरूको लगानी निजी विद्यालयमा रहेको छ । शिक्षामा राजनैतिक दलका नेताहरूको हाबी रहेको छ । सबैले जिम्मेवारीका साथ अघि बढे सार्वजनिक शिक्षा सफल हुने बताउनु भयो ।

**धनञ्जय शर्मा**ः विव्यस र शिक्षकको समन्वय भएमा विद्यालय राम्रो हुन्छ । देशमा राम्रो गर्ने सामुदायिक विद्यालयहरू धेरै छन् । विद्यालयमा पढाउने शिक्षकले नै हो, विव्यसले पढाउँदैनन, त्यसैले शिक्षकको विकल्प शिक्षक नै रहेकोले विव्यसको भूमिका सहयोगी हो कि ? विव्यसले अधिकारको भूमिका खोज्ने कि सहयोगीको रूपमा रहने ऐन नियममा स्पष्टता रहनुपर्ने बताउनुभयो । वास्तवमा सामुदायिक विद्यालय भत्किएको वा मासिएको छैन राम्रा सामुदायिक विद्यालयको उदाहरण दिऔं, अरू पनि उत्प्रेरित हुन्छन् ।

## ग. समानान्तर सत्रहरू

### समानान्तर सत्र १

### अ. कार्यपत्र प्रस्तुति

### ४. नेपालमा विद्यालय व्यवस्थापनको ऐतिहासिक विवेचना र त्यसको सार

(**महाश्रम शर्मा**)

वहाँले प्राचीन कालको शिक्षाको व्यवस्थापनदेखि राणाकाल, त्यसपछि शिक्षाको राष्ट्रियकरण र बहुदलीय व्यवस्थाको पुनर्वहालीदेखि हालसम्म विद्यालय व्यवस्थापनको विकासक्रमबारे चर्चा गर्नुभएको थियो । संविधानले सुनिश्चित गरेबमोजिम विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय सरकारको रहेकोले चुनौती र सम्भावनाहरूलाई सम्बोधन गर्दै विद्यालयको शासकीय व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिलाई नै अधिकार सम्पन्न बनाई

विद्यार्थीको गुणस्तरीय सिकाइप्रति विद्यालय पूर्ण जिम्मेवार बनाउन सके मात्र शैक्षिक उपलब्धि प्राप्त गर्न सकिने कार्यपत्रको निचोड रहेको वहाँले बताउनुभयो ।

## ५. सामुदायिक विद्यालय सुधारमा विद्यालय व्यवस्थापन समितिहरू र महासंघ

(**कृष्ण थापा**)

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालका अध्यक्ष कृष्ण थापाले सामुदायिक विद्यालयको सुधारका लागि सङ्गठित रूपमा क्रियाशील स्वयंसेवकको भूमिकामा महासंघ रहेको बताउँदै अभिभावक महासंघको पहिलो श्रोत रहेको प्रष्ट पार्नु भयो । एकातिर विव्यस पदाधिकारीहरूलाई आफ्नो काम कर्तव्य र अधिकारहरूबारे आधारभूत ज्ञान समेत नहुनु अर्कोतिर शिक्षक नियुक्तिमा चलखेल गरी आर्थिक हिनामिना गर्न थालेको दोष आउने वहाँले बताउनुभएको थियो ।

सामुदायिक विद्यालय समुदायकै माझमा रहन दिई विद्यालय व्यवस्थापन समितको अगुवाईमा विद्यालय सञ्चालन गर्न राज्यले पूर्ण रूपमा कानुनी हैसियत दिनु पर्दछ जसका कारण विद्यालयको सञ्चालन तथा व्यवस्थापनमा समुदायले स्वामित्व लिनसक्ने गरी राज्यले ऐनमा सुनिश्चित गर्नुपर्ने भन्दै अबको बाटो विद्यालय व्यवस्थापन समितिलाई नीति तथा योजना बनाउने अङ्गको रूपमा हैसियत प्रदान गर्ने र प्रधानाध्यापकलाई कार्यकारी अधिकार दिई पूर्ण अख्तियार दिएमा विद्यालय व्यवस्थित बन्दै जाने कुरामा वहाँले जोड दिनुभएको थियो ।

## ६. दक्षिण एसियामा विद्यालय व्यवस्थापन पद्धति

(**बाबुकाजी श्रेष्ठ, मनबहादुर खत्री**)

वहाँले सामुदायिक शिक्षा व्यवस्थापनमा दक्षिण एशियाली देशहरूको प्रावधान तथा अभ्यासहरू प्रस्तुत गर्नुभएको थियो । विभिन्न देशहरूका विद्यालयको संरचना, विद्यालय व्यस्थापन समितिको संरचना, अभ्यासबारे चर्चा गर्नुभएको थियो । समग्रमा कानूनी रूपमा व्यवस्थापनमा अभिभावकहरूको प्रतिनिधित्व र भूमिकाको व्यवस्था भए पनि अभ्यासमा अभिभावकभन्दा शिक्षकहरू नै सक्रिय रहेको बताउनु भएको थियो ।

## आ. कार्यपत्रमाथि टिप्पणी र छलफल

समानान्तर सत्रको ३ वटा कार्यपत्र प्रस्तुतिपछि डा. सुशन आचार्य र डा. पेशल खनालले कार्यपत्रमाथि टिप्पणी गर्नुभएको थियो। महाश्रम शर्माको कार्यपत्रको चुनौतीमा चर्चा गरिएको शैक्षिक क्षतिबारे त्यसमा नियतिकै कुरा आएको जस्तो लाग्यो। शिक्षाको इतिहास धर्मबाटै हेर्ने हो भने हामीले सस्कृतिलाई हेर्ने कि नहेर्ने ? हामी राजनीतिको जुन कुरा गर्छौं त्यो पनि संस्कृतिबाट नै प्रभावित भएको हो भन्ने कुरा डा. आचार्यको टिप्पणी थियो । त्यस्तै कृष्ण थापाको कार्यपत्रमा ३/३ महिनामा शिक्षक विद्यार्थी र अभिभावकबीच अन्तर्क्रिया गर्दै जाने काम गर्न केले रोक्यो त ? वहाँको मुख्य प्रश्न थियो।

बाबुकाजी श्रेष्ठको कार्यपत्रमा पेशल खनालले टिप्पणी गर्नु हुँदै कार्यपत्र ज्ञानमा आधारित रहेकोले राम्रो लागेको र यसलाई सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा अझ राम्रो हुने बताउनु भएको थियो । प्रस्तुत देशका प्रावधानहरू तुलनात्मक ढाँचामा आइदिएको भए राम्रो हुने कुरा पनि राख्नु भएको थियो।

खुला छलपलमा सहभागीहरूको निम्न अभिव्यक्ति रहेको थियो :

**लक्ष्मण शर्मा**ः बाबुकाजी श्रेष्ठको कार्यपत्रमा सामुदायिक विद्यालय सम्बन्धी विभिन्न देशहरूको प्रवृत्ति मात्र हेरे पुग्ने प्रत्येकको एकएक गरेर हेर्नु नपर्ने शर्माको कुरा थियो । विद्यालयमा कक्षा छाड्ने दर घटाउने, विद्यार्थी उपस्थिति दर बढाउने, शैक्षिक क्षति घटाउने उपाय के हुन सक्छ ? त्यसको स्वरूप आए राम्रो हुने थियो। स्थानीय, प्रदेश र केन्द्रको अधिकारको स्वरूप ल्याउन पाए बहसको विषय बन्ने सुझाव महाश्रम शर्मालाई दिनुभएको थियो।

**दीर्घलाल गिरी**ः सबैको कार्यपत्रको सारांश मात्र पाएको पूरै आएको भए राम्रो हुने थियो भन्दै नीतिलाई जन्माउनु मात्र ठूलो कुरा नरहेको यसलाई कसरी कार्यान्वयन गर्ने र लामो समयसम्म लाने महत्वपूर्ण रहेको बताउनुभयो।

**मणिराम गिरी**ः सर्वप्रथम विद्यालय व्यवस्थापन समितिको क्षमता र दक्षता वृद्धि गर्नुपर्छ । विव्यसको कार्यक्षेत्र बढाउन जोड दिनुपर्ने र दलीय सोचबाट टाढा रहनुपर्छ। उक्त विषय मुख्य ठाउँमा छलफल हुनु पर्ने र विद्यालय शिक्षा कस्तो हुनुपर्छ त्यसमा बहस हुनुपर्ने बताउनु भएको थियो।

### ७. सामुदायिक विद्यालय व्यवस्थापनसम्बन्धी श्रव्यदृश्य र अन्तर्क्रिया

**(हरि थापा)**

सामुदायिक विद्यालय व्यवस्थापनसँग सम्बन्धित अभिभावकले चाहे गर्न सक्छन् २ वटा वृत्तचित्र देखाउने तयारी भए पनि शिक्षा पत्रकार हरि थापाले केही प्राविधिक गडबढीका कारण एउटा सामग्री प्रदर्शन गर्न सक्नुभएन । सामुदायिक विद्यालय सुधारमा अभिभावकको भूमिका रहेको कारण अभिभावकलाई विश्वास गर्नुपर्ने वहाँको मुख्य सन्देश रहेको थियो । यी सामग्री यसै अभिलेखको आखिरमा राखिएका छन् ।

## समानान्तर सत्र २

### अ. कार्यपत्र प्रस्तुति

### ८. सामुदायिक विद्यालयमा व्यवस्थापन समितिः आवश्यकता र चुनौतीहरू

**(मोहन खतिवडा)**

विद्यालयमा अभिभावक सहितको व्यवस्थापन समिति आवश्यक छ । यदि विद्यालयबाट समुदायको अभिभावकत्व हटाउने हो भने या त यो सरकारी कार्यालयको भूमिकामा वा निजी व्यावसायिक संरचनामा परिणत हुने सम्भावना रहन्छ । शिक्षा ऐन र नियमावलीको विद्यमान व्यवस्थाअनुसार प्रत्येक विद्यालयमा व्यवस्थापन समिति हुन आवश्यक छ । प्रत्येक विद्यालयमा सञ्चालन र नियन्त्रण शाखाहरूलाई पूरक मात्र होइन प्रतिस्पर्धि बनाउन सक्नुपर्छ । त्यसकारण व्यवस्थापन समिति सानो तर बहुसमितिको संरचना सहितको अभिभावकीय एंव व्यावसायिक विशेषज्ञता समावेश भएको समिति बन्न उपयुक्त हुने देखिन्छ । विद्यालय व्यवस्थापन विद्यालयको भौतिक व्यवस्थापन मात्र हो भन्ने आम बुझाइ रहेको छ । विद्यालयको शैक्षिक व्यवस्थापनलाई विद्यालयको व्यवस्थापनवाट अलग गरिएकै कारणले अहिले सार्वजनिक विद्यालयको शैक्षणिक विषय आलोचना बन्न पुगेको छ । अहिलेको शिक्षा प्रणालीमा समुदाय र शिक्षा एक आपसमा अन्तर्निहित नभएकै कारण शिक्षामा समुदायको परिचालन कमजोर हुनाका कारण नै सार्वजनिक

विद्यालयका बालबालिकाहरूप्रति अभिभावकहरूको चासो कम हुने गरेको छ । अभिभावकमा विद्यालय शिक्षाबारे पर्याप्त जानकारी नहुनु, विद्यालय र समुदायबीच परस्पर सञ्चार नहुनु साथै विद्यालयको शैक्षिक गतिविधिहरूमा सामुदायिक र सार्वजनिक उदासिनता नै सार्वजनिक विद्यालयको स्तर खस्कनुको परिणाम हो वहाँले बताउनुभयो ।

## ९. अभिभावक परिचालनमा शिक्षक: केही दृष्टिकोण केही अनुभव

(**धनञ्जय शर्मा**)

पूर्व प्रअ शर्माले आफ्नो अनुभवको आधारमा अभिभावकको महत्व र भूमिकाबारे चर्चा गर्नुभएको थियो । सन्तान जन्माउन, हुर्काउन, पढाउन, लेखाउन र उसलाई योग्य र सक्षम नागरिक बनाउन अभिभावकले बालबालिकालाई अनौपचारिक रूपमा शिक्षा दिने, संस्कार दिने, चरित्र दिने र उनीहरूको व्यक्तित्व विकास गर्ने कार्यमा अभिभावककै भूमिका रहेको हुन्छ । अनौपचारिक सिकाइको पाटोमा अभिभावकको जिम्मेवारी भए पनि औपचारिक सिकाइको दायित्व भने विद्यालयहरूको रहेको कुरा वहाँले बताउनु भएको थियो । सामुदायिक विद्यालय सुधार्ने हो भने ती विद्यालयमा अभिभावकको सहभागिता बढाउनै पर्छ । विद्यालय र अभिभावकबीचको दुरी घटाउनै पर्छ । अभिभावकको सहभागिता र चासो बढाउन लागि विद्यालयले, शिक्षकले प्रयत्न गर्नुपर्छ । अभिभावकको कुरा बढी सुन्ने। हरेक करालाई सकारात्मक रूपमा लिने गर्नुपर्छ ।

## १०. मेरो अध्यक्षता र विद्यालयको उकालीओराली

(**वेदनिधि ढकाल**)

विव्यस, शिक्षक र अभिभावक सक्रिय रूपमा लाग्न सके सामुदायिक विद्यालय फेरिन्छ भन्ने झलक सम्बन्धित विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष वेदनिधि ढकालले आफ्नो अनुभव प्रस्तुत गर्नुभएको थियो । विद्यालयको नतिजा विव्यस, अभिभावक, शिक्षक मिलेर काम गर्दा राम्रो आएको तर कुनै एक तहलाई ध्यान दिँदा अर्को तहको परिणाम खराब हुँदै गएको वहाँको अनुभव थियो । सबैको ध्यान माथिल्ला कक्षा र तहमा हुने प्राथमिक तह

कसैको ध्यान र चासोमा नपरेको यस्तो अवस्थामा निजी विद्यालय मौलाएको कुरा उल्लेख गर्नु भएको थियो । शिक्षकले अभिभावकको चाहना (अंग्रेजी पढाउने) बुझ्ने र परिणामको ग्यारेन्टी गरे अभिभावकले पैसा तिर्न तयार हुन्छन् वहाँको अनुभव थियो ।

### आ. कार्यपत्रमाथि टिप्पणी तथा छलफल

समानान्तर सत्रको ३ वटा कार्यपत्र प्रस्तुतिपछि सबै कार्यपत्रमा डा. कृष्ण पौडेलले टिप्पणी गर्नुभएको थियो । मोहन खतिवडाले विव्यसको आवश्यकता र यसको महत्वमा जोड दिनु भए पनि कार्यपत्र भावनात्मक रहेको कुरा बताउनु हुँदै विघटनकारी सोचलाई कसरी एकीकृत बनाउने सोचाइ हुनुपर्ने वहाँ टिप्पणी थियो । सबै आफ्नो कुरा मात्र नगरी अरूका कुरा पनि सुन्ने सुझावका साथै गुरुयोजना बनाउने कुरामा वहाँको सहमति थियो । धनञ्जय शर्माको कार्यपत्रमा नैतिक शिक्षामा त्रिकोणात्मक सम्बन्धमा जोड दिएको देखियो तर आजको विषयवस्तुले कतिको मेल खायो ? भन्ने वहाँको प्रश्न थियो । नैतिक शिक्षाको भाषण गुरुहरूलाई नै सुनाउन आवश्यक रहेको सुनाउन आग्रह पनि गर्नुभयो । यस प्रस्तुतीले समाजशास्त्रको मर्म उठाएको कुरा वहाँले बताउनु भयो । विद्यालयको उन्नति प्रगतिमा विद्यार्थीको पढाइ र आर्थिक सुशासनमा एउटा व्यक्तिको कारणले पनि फरक पार्न सकिने उदाहरण वेदनिधि ढकालको प्रस्तुती रहेको वहाँले बताउनुभयो ।

खुल्ला छलफलमा सहभागीहरूको मुख्य निम्न अभिव्यक्ति रहेको थियोः

**राजकुमार थापा**ः काठमाडौँका ८० प्रतिशत शिक्षकहरूले निजी विद्यालयमामा लगानी गरेका छन् । स्रोत व्यक्ति, विनिले विद्यालयमा पाइला नै टेकेका छैनन् तर पनि मेरो विद्यालयको एसएलसी नतिजा ९० प्रतिशत घटेको छैन । उच्च शिक्षा, लोकसेवा आयोगमा सफल हुने सामुदायिक विद्यालय पढेकै विद्यार्थीको बर्चस्व रहेको वहाँले बताउनुभयो ।

**गुञ्ज खड्का**ः विव्यस संघ गठन नहुँदा र गठन भएपछि के फरक भयो ? मोहन खतिवडालाई प्रश्न थियो ।

**डा. कृष्ण पौडेल**ः संघ र महासंघ एकभन्दा बढी किन चाहियो ?

## घ. पूर्ण सभा २

### अ. कार्यपत्र प्रस्तुति

### ११. शैक्षणिक प्रक्रिया र नेतृत्वमा विव्यसको भूमिका

(**बालचन्द्र लुईंटेल**)

विद्यालयको पढाइ लेखाइमा विव्यस सँगसँगै अभिभावकहरूको भूमिका महत्वपूर्ण रहेको भन्दै मुख्य २ वटा Reactive र Proactive भूमिकाबारे व्याख्या गर्नुभएको थियो । सामुदायिक र शैक्षणिक परिवर्तनको यस अभियानलाई सफल उन्मुख बनाउने कार्यमा प्रधानाध्यापकको शैक्षणिक नेतृत्वको केन्द्रीय भूमिका रहने भए तापनि विव्यस र अभिभावकको सुपरिवेक्षणीय र सहजीकरणको भूमिकाले विद्यालयको सुशासन तथा जवाफदेहितामा सकारात्मक प्रभाव पर्ने कुरा बताइएको थियो । विद्यालयको शैक्षणिक नेतृत्वमा प्रधानाध्यापकको मुख्य जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्न अभिभावक र विव्यसलाई कसरी व्यवस्थित र परिचालन गर्ने ? यस्ता प्रश्नहरूको सन्दर्भमा यस लेखमा स्थानीय स्रोत र साधनको परिचालन गरी विद्यालयको शैक्षणिक विकास प्रक्रियामा प्रधानाध्यापक अभिभावक र विव्यसको अन्तरसम्बन्धित भूमिकालाई स्थानीय समुदायको परिवेशमा चर्चा गरिएको थियो ।

### १२. विद्यालयको नेतृत्वः शिक्षक कि अभिभावक

(**लक्ष्मण शर्मा**)

तोकिएको लक्ष्य पूरा गर्नुलाई व्यवस्थापन भनिन्छ । व्यवस्थापक र नेतृत्वमा फरक छ । नेतृत्व गर्नेले नीति पनि बनाउँछ र व्यवस्थापन पनि गर्छ र व्यवस्थापनले दिएको अवस्थालाई सञ्चालन पनि गर्दछ । नेतृत्व मुख्य कुरा हो । जहाँ हेड टिचर राम्रा छन् त्यहाँ विद्यालय सफल छन् । सार्वजनिक शिक्षाको समस्या भन्नु नै राजनैतिक समस्या हो । दलप्रतिको संलग्नता र असंलग्नताले पनि जोखिम देखियो । जुन विद्यालय कमजोर छ त्यस्ता विद्यालयले दलीय हस्तक्षेपलाई स्वागत गर्छ । विद्यालयहरू स्थानीय निकायहरूप्रति जवाफदेही हुनुपर्ने र विद्यार्थीको सिकाइ प्रधानाध्यापक मार्फत बालबालिकाप्रति जवाफदेही हुनुपर्ने वहाँको भनाइ रहेको थियो ।

## १३. शिक्षा वित्त, वास्तविकता र यसका विविध आयामहरू

**(हरि लम्साल)**

हरि लम्सालले यस लेखको उद्देश्य शिक्षा वित्तको बारेमा विद्यमान वास्तविकताहरू र अबका दिनमा के गर्नु पर्ला भन्ने बारेमा खोजी गर्नुरहेको बताउनु भएको थियो। प्रस्तुतीको शुरुमा शिक्षा सार्वजनिक कि निजी भन्ने विषयमा केही सैद्धान्तिक बहसलाई उजागर गर्न खोजिएको थियो । शिक्षालाई ल्यल भहअगिमभबदभि र ल्यल चष्खबा को रूपमा लानुपर्ने रहेको बताउनुभयो । शिक्षा लगानीका मुख्य २ वटा स्रोतहरू रहेका हुन्छन कि त व्यक्ति कि त सरकार। सरकारले सबै रकम तिरिदियो भने व्यक्तिलाई निःशुल्क हुन्छ । शिक्षामा कसै न कसैको लगानी हुन्छ भन्ने कुरा बताउनु हुँदै शिक्षा वित्तमा स्थानीय र केन्द्रीय सरकारको के कस्तो भूमिका हुन सक्ला वहाँले प्रस्तुत गर्नुभएको थियो ।

### आ. कार्यपत्रमाथि टिप्पणी तथा छलफल

**दीर्घलाल गिरी:** वर्तमान संविधानले अबको ३ वर्ष भित्रमा विद्यालय शिक्षा निःशुल्क हुने घोषणा गरेको छ। यो कसरी सान्दर्भिक भयो ? सही व्यवस्थापन पाएर यो देशको विकास होला त ? हरि लम्साल लक्षित वहाँको जिज्ञासा थियो ।

**कृष्ण थापा:** लक्ष्मण शर्माको कार्यपत्रमा विद्यालयको चर्चा गर्दा समुदायलाई अलि बिर्सिएको जस्तो लागेको र विद्यालय समुदायलाई जिम्मेवारी दिएर हेर्ने हो कि ? वहाँको सुझाव थियो । त्यस्तै हरि लम्सालको कार्यपत्रअनुसार गुणस्तरीय शिक्षाको लागि अभिभावकले शिक्षाको कर तिर्नुपर्ने कुराको जिम्मा समुदायलाई दिनुपर्ने वहाँको भनाइ थियो ।

**मोहन खतिवडा.:** लक्ष्मण शर्माको कार्यपत्र बायोग्राफी जस्तै रहेको नेतृत्व एउटा कि धेरै स्पष्ट हुनुपर्ने बताउनुभयो । हरि लम्सालको कार्यपत्रमा GDP धेरै भए प्रतिशत कम भए पनि हुन्छ भन्नुभयो । आकारमा आधारित होइन क्रियाकलापमा आधारित हुनुपर्ने त्यो अनुसार बजेट बनाउनु पर्ने वहाँको भनाइ थियो ।

**नेत्रप्रसाद नेपाल:** नयाँ संविधानको नयाँ प्रावधानमा अब विव्यसको भूमिका के हुन्छ ? वहाँको प्रश्न थियो ।

**खडकबहादुर शाह:** उहाँको सबैका छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउन आग्रह थियो ।

**राजकुमार थापा:** सरकारी शिक्षकले विद्यालयमा समय नदिएको भन्दै योग्य शिक्षक सदरमुकाम केन्द्रित भएको र शिक्षक दरबन्दी चाहेको ठाउँमा नभएको कुरा राख्नु भएको थियो ।

**हरि थापा:** अभिभावकको सवालमा पहुँच केन्द्रमा नरहेको विव्यसको स्पष्ट ढाँचा आजको छलफलमा आउनु पर्थ्यो ।

## ङ. समापन सत्र

कार्यक्रमको अन्त्यमा सारांश प्रस्तुत गर्दै टीका भट्टराईले छलफलबाट विद्यालय व्यवस्थापनका बारेमा अस्पष्टताहरू एकदमै धेरै रहेको कुरा देखिएको बताउनुभयो । विशेष गरी प्रधानअध्यापक र विद्यालय व्यवस्थापन समिति बीच उनीहरूको भूमिका स्पष्ट नरहेको र शिक्षक र समुदायबीच यसमा फरक धारणा रहेको देखिए । विव्यसहरू चाहिँदैनन् भन्नेदेखि विव्यसकै सर्वोपरिता राख्नेसम्मका दृष्टिकोण रहे पनि विव्यस फाल्ने भन्दा बदल्नेमा नै छलफल केन्द्रित रहेको बताउनभयो । विद्यालय शिक्षा दलीय राजनीतिमा फसेको कुरा गरिए पनि वर्तमान राजनीतिकृत सामाजिक परिवेशमा दलीय असंलग्नताले विद्यालय बलियो मात्र होइन कमजोर पनि बनाउने यथार्थ छलफलमा बाहिर आएको वहाँले बताउनुभयो । विव्यस सङ्घ महासङ्घहरू गठन भए पनि उनीहरूको काममा प्रशस्त प्रभावकारिता ल्याउनु पर्ने देखिएको तर विव्यसका केही काम उदाहरणीय रहेको कुरा प्रस्तुत गर्नुभयो । छलफलका क्रममा निःशुल्क रहनु पनि विद्यालयको अभिभावक संलग्नता घटाउने र गुणस्तर खस्काउने कारण रहेको कुरा पनि आएको वहाँले उल्लेख गर्नुभयो । सरकारले विषयवस्तुलाई समग्र रुपमा हेनुपर्ने र कति सफलता र असफलताहरू टुक्रे रहेको पनि कुरा आएको उल्लेख गर्ने शिक्षालाई पर्याप्त र एकीकृत रूपमा नहेरिएको आदि छलफलमा उठेका मुख्य विषय रहेको वहाँले बताउनुभयो ।

## समापन सम्बोधन

### माननीय शिक्षा मन्त्री गिरिराजमणी पोखरेल

मन्त्री पोखरेलले परिस्थिति फेरिएको र आफ्ना प्रतिबद्धताहरु पनि असान्दर्भिक हुँदै गएकाले आफ्नो काम कुरा सुन्ने रहेको बताउनुभयो । आफ्नो पुर्ख्यौली सम्झदै विद्यालय सामन्तवाद विरुद्धको बत्ती भएको र पछि त्यो अधिकार राज्यले लिएर प्रशासनिक बनाउँदै पछि आर्थिक दायित्व राज्यले लिएर व्यवस्थापन जनताको जिम्मा लिने प्रयत्न भए पनि समुदाय पहिला जस्तो नभएकोले प्रयत्न सफल नभएको कुरा बताउनुभयो । शिक्षा व्यवस्था नबुझ्नेका बाबु-आमा विद्यालयमा प्रतिनिधि भए तर उनीहरु विद्यालयका अभिभावक हुन सकेनन् वहाँको भनाइ थियो ।

गरेमा हुन्छ भन्ने कुराको उदाहरण ज्ञानोदय स्कूलमा भर्ना नपाएको उदाहरण दिँदै शिक्षाका अरु पक्षहरु अन्तर्सम्बन्धित भएकाले न्यूनतम पूर्वाधार, शिक्षक, शिक्षण विधि, शिक्षक छनौटको तरीका र विद्यार्थी भर्नादेखि नै अभिभावकको भूमिका र सहभागिता जस्ता विषय सम्बोधन गर्न आफूले प्रधानमन्त्री समक्ष शिक्षा प्रणाली सुदृढीकरणको प्रस्ताव राखेको बताउनुभयो ।

शिक्षामा अझै पहुँच, शिक्षाको गुणस्तर, गाउँ र शहर एवं निजी र सरकारी स्कूलहरुको दूरी तथा शिक्षा प्रविधिमैत्री नरहने जस्ता समस्या रहेको बताउँदै सहभागीहरुले यस्तो परिस्थितिलाई सङ्कट भन्नु उपयुक्त रहेको उल्लेख गर्नुभयो । संविधान बनाएर एक तहको राजनैतिक सङ्कट समाधान भए पनि शिक्षामा सङ्कट यथावत् रहेको स्वीकार्नुभयो । वहाँले सङ्कट स्वीकार्नुको मतलब यी समस्यालाई माथिल्लो स्तरबाट सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको भन्दै शिक्षा प्रणाली पुरानो राजनैतिक पद्धतिमा आधारित रहेकोले यो स्वाभाविक रहेको बताउनु भयो ।

शिक्षकको राजनीतिमा संलग्नताको सन्दर्भलाई ऐनमा सम्बोधन गर्न कोशिश गरिएको र शिक्षकको कर्मचारी र ट्रेड युनियनको भन्दा फरक भूमिका हुनुपर्छ भन्दै शिक्षकको राजनीति एक कालखण्डको बिम्ब रहेको बताउनुभयो । विव्यस नै अहिले स्थानीय सत्ता भएको र गोली समेत हानाहान भएको स्मरण गर्दै दल समाजको र विव्यस दलको प्रतिबिम्ब हो भन्नुभयो । सहभागीहरुले अष्पस्टता रहेको कुरा उठाएकाले ती विषयमा फेरि अर्को छलफल गरेर कुरा स्पष्ट पार्न आग्रह गदै सबैका दिल र दिमाग लगाएर निकालेको निचोड मन्त्रालयमा दिन आग्रह गर्दै अहिलेकै संरचना भित्र पनि सुधार गर्न सकिन्छ भनेर कुरा सुन्न आएको उल्लेख गर्नुभयो ।

# अनुसूचीहरू

## अनुसूची १: सहभागी विवरण

| क्र.सं. | नाम | संस्था |
|---|---|---|
| १ | मोहन खतिवडा | नेसाविव्यस समिति सङ्घ |
| २ | हरिकला श्रेष्ठ | " |
| ३ | खड्कबहादुर शाह | " |
| ४ | खड्क तिम्सिना | " |
| ५ | दीर्घलाल गिरी | " |
| ६ | राजकुमार थापा | " |
| ७ | गिरिन्द्रराज अधिकारी | " |
| ८ | मणिराम गिरी | " |
| ९ | कृष्णमाया भट्ट | " |
| १० | शंकर दुलाल | " |
| ११ | लक्ष्मण श्रेष्ठ | |
| १२ | नेत्रप्रसाद नेपाल | साविव्यस महासंघ नेपाल |
| १३ | नारायण गिरी | " |
| १४ | गुञ्ज खड्का | " |
| १५ | विन्दा भण्डारी | " |

| | | |
|---|---|---|
| १६ | टीकाबहादुर खत्री | ” |
| १७ | कृष्ण थापा | ” |
| १८ | देवी खड्का | ” |
| १९ | सुरज तामाङ्ग | ” |
| २० | डा. मनप्रसाद वाग्ले | पूर्व डीन, काठमाडौँ विश्वविद्यालय, शिक्षा सङ्काय |
| २१ | डा. विद्यानाथ कोइराला | पूर्व प्राध्यापक, त्रिभुवन विश्वविद्यालय, शिक्षा सङ्काय |
| २२ | केदारभक्त माथेमा | पूर्व उपकुलपति, त्रिभुवन विश्वविद्यालय |
| २३ | महाश्रम शर्मा | पूर्व सचिव, नेपाल सरकार |
| २४ | डा. लवदेव अवस्थी | सचिव, शिक्षा मन्त्रालय |
| २५ | हरि लम्साल | प्रवक्ता, शिक्षा मन्त्रालय |
| २६ | गिरिराजमणि पोखरेल | शिक्षा मन्त्री, नेपाल सरकार |
| २७ | डा. सुशन आचार्य | त्रिभुवन विश्वविद्यालय |
| २८ | डा. पेशल खनाल | त्रिभुवन विश्वविद्यालय |
| २९ | राजेन्द्रध्वज जोशी | परामर्शदाता शिक्षा विकास |
| ३० | डा. बालचन्द्र लुइटेल | काठमाडौँ विश्वविद्यालय |
| ३१ | कुलप्रसाद खनाल | काठमाडौँ विश्वविद्यालय |
| ३२ | धनञ्जय शर्मा | पूर्व प्रअ, शिक्षाकर्मी, |
| ३३ | लक्ष्मण शर्मा | नेराशि संगठन |
| ३४ | डा. भोलाप्रसाद दाहाल | शिक्षाविद |
| ३५ | रोश्ना सुब्बा | शिक्षक मासिक, शिक्षा पत्रकार समूह |
| ३६ | सुदर्शन घिमिरे | सिकाइ समूह |
| ३७ | युवराज लौडारी | समुन्नत नेपाल |
| ३८ | बाबुकाजी श्रेष्ठ | ग्लोबल एक्सन नेपाल |
| ३९ | राजभक्त डङ्गोल | ग्लोबल एक्सन नेपाल |
| ४० | हरि थापा | सूर्योदय शैक्षिक प्रतिष्ठान |
| ४१ | कृष्णओम थापा | सूर्योदय शैक्षिक प्रतिष्ठान |

| | | |
|---|---|---|
| ४२ | वीरबहादुर राई | श्रमजिवी युवा मञ्च |
| ४३ | डा. कृष्ण पौडेल | शिक्षा नीति तथा अभ्यास केन्द्र |
| ४४ | विष्णु चेपाङ | ” |
| ४५ | केशव दाहाल | ” |
| ४६ | वेदनिधि ढकाल | ” |
| ४७ | साजना थापा | ” |
| ४८ | टीका भट्टराई | ” |
| ४९ | विजया सुब्बा | ” |
| ५० | रामकुमार | ” |
| ५१ | माइकल राई | ” |
| ५२ | सिन्द्रेला देवान | ” |
| ५३ | युवराज चौलागाई | |
| ५४ | अनुप सुवेदी | |

## अनुसूची २: कार्यक्रम तालिका

**सामुदायिक विद्यालय व्यवस्थापन : हिजो, आज र भोलि**
२० वैशाख २०७३, युनियन हाउस[#], अनामनगर काठमाडौँ

| समय | विषय | |
|---|---|---|
| ७:३०-८:०० | विहानीको खाजा/नाम दर्ता | |
| पूर्ण सभा | | |
| ८:००-८:३० | स्वागत, परिचय, उद्देश्य, सूचना आदि | |
| ८:३०-८:४५ | विषय प्रवेश सम्बोधनः प्रा.डा.मनप्रसाद वाग्ले | |
| ८:४५-९:०० | विद्यालयमा अभिभावकको सहभागिताः आवश्यकता, व्यवधान र निकास -टीका भट्टराई | |
| ९:००-९:१५ | नेपालमा विद्यालय सञ्चालन केही व्यावहारिक र सैद्धान्तिक पक्ष - डा.भोलाप्र. दाहाल | सञ्चालन श्री सुदर्शन घिमिरे<br><br>टिपोट शिनीअके |
| ९:१५-९:३० | व्यवस्थापन समितिः पाल्ने कि बदल्ने ? - प्रा.डा.विद्यानाथ कोइराला | |
| ९:३०-९:४५ | कार्यपत्रहरू माथि टिप्पणी - डा.लवदेव अवस्थी | |
| ९:४५-१०:१५ | खुला छलपल | |
| १०:१५-१०:३० | माननीय शिक्षा मन्त्रीज्यूको सम्बोधन | |
| १०:३०-११:०० | चिया | |

<table>
<tr><td colspan="3">समानान्तर सत्रहरू</td></tr>
<tr><td colspan="3">प्रस्तुति (हरेक कार्यपत्र १५ मि समग्र टिप्पणी १५ मि र छलफल ३० मि)</td></tr>
<tr><td>११:००-११:१५</td><td>विद्यालय व्यवस्थापन हिजोदेखि आजसम्म - श्री महाश्रम शर्मा</td><td rowspan="5">सञ्चालन<br>श्री सुदर्शन घिमिरे<br><br>टिपोट<br>शिनीअके</td></tr>
<tr><td>११:१५-११:३०</td><td>सामुदायिक विद्यालय सुधारमा विव्यस महासंघको भूमिका - श्री कृष्ण थापा</td></tr>
<tr><td>११:३०-११:४५</td><td>सामुदायिक विद्यालय व्यवस्थापनमा अन्तर्राष्ट्रिय अनुभव- श्री बाबुकाजी श्रेष्ठ</td></tr>
<tr><td>११:४५-१२:००</td><td>टिप्पणी डा.. सुसन आचार्य र डा. पेशल खनाल</td></tr>
<tr><td>१२:००-१२:३०</td><td>खुला छलफल</td></tr>
<tr><td>११:००-११:१५</td><td>सामुदायिक विव्यस संगठनको आवश्यकता र चुनौतीहरू - श्री मोहन खतिवडा.</td><td rowspan="5">सञ्चालन<br>श्री रोश्ना सुब्बा<br><br>टिपोट<br>शिनीअके</td></tr>
<tr><td>११:१५-११:३०</td><td>विद्यार्थीको प्रगतिमा अभिभावक र अभिभावक परिचालनमा शिक्षकः केही दृष्टिकोण केही अनुभव - श्री धनञ्जय शर्मा</td></tr>
<tr><td>११:३०-११:४५</td><td>श्री मनोहर उमाविको उकालीओराली - श्री वेदनिधि ढकाल</td></tr>
<tr><td>११:४५-१२:००</td><td>टिप्पणी डा.कृष्ण पौडेल</td></tr>
<tr><td>१२:००-१२:३०</td><td>खुला छलफल</td></tr>
<tr><td>१२:३०-१:३०</td><td colspan="2">खाना</td></tr>
<tr><td>१:३०-२:००</td><td colspan="2">सामुदायिक विद्यालय व्यवस्थापनसम्बन्धी श्रव्यदृश्य र अन्तरक्रिया - श्री हरि थापा</td></tr>
</table>

<table>
<tr><td colspan="3">पूर्ण सभा</td></tr>
<tr><td colspan="3">प्रस्तुति (हरेक कार्यपत्र १५ मि समग्र टिप्पणी १५ मि र छलफल ३० मि)</td></tr>
<tr><td>२:००-२:१५</td><td>शैक्षणिक प्रक्रिया र नेतृत्वमा विव्यसको भूमिका - डा. बालचन्द्र लुईंटेल</td><td rowspan="5">सञ्चालन<br>श्री रोश्ना सुब्बा<br><br>टिपोट<br>शिनीअके</td></tr>
<tr><td>२:१५-२:३०</td><td>शिक्षा वित्त, वास्तविकता र यसका विविध आयामहरू - डा. हरिप्रसाद लम्साल</td></tr>
<tr><td>२:३०-२:४५</td><td>विद्यालयको नेतृत्व : शिक्षक कि अभिभावक - श्री लक्ष्मण शर्मा</td></tr>
<tr><td>२:४५-३:००</td><td>टिप्पणी डा. राजेन्द्रध्वज जोशी</td></tr>
<tr><td>३:००-३:३०</td><td>खुला छलफल</td></tr>
<tr><td>३:३०-४:३०</td><td colspan="2">सारांश, समापन र विदाइ चिया</td></tr>
</table>

# सिंहदरबार पूर्वी ढोका सामुन्नेको बाटोबाट ३०० मिटर जति अगाडि ।

**कार्यक्रममा प्रस्तुत श्रव्यदृश्य सामग्रीहरू यी वेबसाइटमा हेर्न सकिन्छः**

श्री सिद्धीगणेश माध्यमिक विद्यालयको कथा https://youtu.be/G6VqxxWAsZA

आमोद उपाध्यायका विचारहरू https://youtu.be/M_T41ZmPX9w

डा. राजेन्द्रध्वज जोशीका विचारहरू https://youtu.be/McLzKWSg4TA

# यो सङ्कलनबारे

काठमाडौं विश्वविद्यालयको शिक्षा सङ्काय, सूर्योदय शैक्षिक प्रतिष्ठान, ग्लोबल एक्सन नेपाल र शिक्षा नीति तथा अभ्यास केन्द्र तथा सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ, नेपाल र नेपाल सामुदायिक विद्यालय व्यवस्थापन समिति संघको सहआयोजनामा एक दिने सेमिनारको आयोजना गरियो। यो सङ्कलनको पहिलो भागमा प्रस्तुतिका लिखित रूपहरू छन्। दोस्रो भागमा सेमिनारको कार्यविवरण प्रस्तुत गरिएको छ। मूल सम्बोधनबाहेक जम्मा १२ प्रस्तुतिमध्ये ११ वटा लिखित रूपमा प्रस्तुत छन् । मोटामोटी दृष्टिले यसमा एउटा विव्यसका पूर्व अध्यक्षको अनुभव, २ वटा सङ्घ/महासङ्घ अथवा विव्यसका केन्द्रीय सङ्गठनहरूका, २ वटा बहालवाला र २ वटा सेवा निवृत्त गरी ४ जना कर्मचारी तथा शिक्षकका, ३ प्राज्ञ र २ नागरिक समाज/(अ)गैसस कार्यकर्ताका लेखहरू छन् । झण्डै सबैजसो कार्यपत्रहरूले विद्यालय व्यवस्थापनका विषयमा व्यापक अस्पष्टता रहेको औंल्याएका छन् । सबै लेखनले अभिभावकको सहभागिता विव्यसको संरचनामा, विव्यसको भौतिक संरचनामा सीमित रहेको तर गुणस्तरका लागि विव्यसको भूमिका महत्त्वपूर्ण मात्र होइन अपरिहार्य पनि देखाएको छ।

9 789937 024754

ग्लोबल एक्सन नेपाल

शिक्षा नीति तथा
अभ्यास केन्द्र